# युगपुरुष

## महाकाव्य

सिर्जना खनाल

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, नीलकण्ठेश्वर
बनेपा – ६, काभ्रे
(प्रकाशनपुष्प : २२०)

मूल्य : १०००।-
संस्करण : पहिलो
सङ्ख्या : १००० प्रति
सर्वाधिकार : कृतिकारमा
सज्जा : गीता अधिकारी, बनेपा
प्रकाशनकाल : १० मङ्सिर २०८०
सन्दर्भ : काव्यनायकको ७७ औँ जन्मदिवस
मुद्रक : नित्या प्रिन्टर्स, बिजुलीबजार, काठमाडौँ
ISBN: 978-9937-653-79-4

# समर्पण

जानेँ बुझेँ सबै लेखेँ व्यक्तित्व झल्किने गरी
जङ्गमका नशा छाम्न कहाँ सक्थेँ कठैबरी ।

हामफाल्नु थियो फालेँ टिपेँ टिप्न सकेजति
व्यक्तित्व दहमा पौडी काव्यभित्र परेँ कति ।

सर्ग-सर्ग खिपेँ भाव क्षेत्र छुट्याउने गरी
रनभुल्ल परेँ पाई गहिराइ थरी-थरी ।

पवित्र मनको जन्म सामान्य तनको जन
समर्पण गरी काव्य अग्लिन्छ कविको मन ।

समाजभित्र जे-जे छन् सबैभित्र छ जङ्गम
अन्यायमा हुने साथ सर्वत्र अझ जङ्गम ।

गरिबी पेटमा कैले पुग्छन् दौडेर जङ्गम
साहित्यमा लिई कालो सूर्यमा पनि जङ्गम ।

न्यायालय यसो हेऱ्यो यिनै भरत जङ्गम
सन्जालमा यसो हेऱ्यो यिनैको देख्छु सङ्गम ।

आङ नाङ्गा भए कोही वस्त्रमा हात छर्दछन्
शीत चुहे कतै माथा ताप भरत भर्दछन् ।

आयामिक बहुमा छन् साँच्चै भरतका मन
सनातनी अझै अग्ला यिनकै देख्छु धड्कन ।

जे सकेँ जसरी आयो आकार काव्यको कला
लगाए बाँसुरी सच्चा भर्न भरतले गला ।

शब्द अक्षर छन् जस्ता जम्मै भरत अर्पित
हल्का भएँ गरी भारी उनैमाथि समर्पित ।

**– सिर्जना खनाल**

ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय
ॐ नमः शिवाय

# फुल्दछन् स्फूर्तिका साथ साहित्यमधुका रस

सिर्जेका छन् सरल कविता छन्द छङ्छङ् खुलेका
रच्दै भाका सुरिल ध्वनिका भाव खुल्दै गएका ।
आहा त्यस्तै मृदुल महिमा शुभ्र शोभा भएका,
शब्दै आफैँ कुसुम सुषमा भित्र गै शोभिएका ॥१॥

गुन्जे कलमका धारा युगनायक हारमा ।
महाकाव्य भनी सङ्ज्ञा दिएरै शब्दपुञ्जमा ॥२॥

विश्लेषण बिसाएको काव्यधारा प्रवाहमा ।
युगनायकको व्यास परिवृत्त छ द्वारमा ॥३॥

नाचेका छन् त्यतै छन्द अलङ्कार अलङ्कृत ।
भित्री हृदय छोएर हुन पुग्छन् समादृत ॥४॥

सूक्ष्ममा सूक्ष्म बिम्बैमा सुसेलिन्छन् अहा कथा
दृष्टिमा कवयित्रीका 'किर्नो' सम्मन् पुग्यो तथा ॥५।

रविसम्मन् जहाँ पुग्न सक्दैनन् पुग्छ है कवि ।
कविकै दृष्टिमा पर्छन् सूक्ष्ममा सूक्ष्म श्री छवि ॥६॥

बिम्ब शृङ्गार उल्लास साहित्यधारिणीबिच ।
फुल्दछन् स्फूर्तिका साथ साहित्यमधुका रस ॥७॥

नरुकी दौडिएका छन् काव्यधारा सरासरी ।
अन्तर्य भावमा बग्दै मानौँ हुन् सरितावली ॥८॥

नवै रस रमेका छन् शृङ्गार परिप्लावित ।
नाचेका छन् तिनैभित्र छन्द छङ्छङ् समादृत ॥९॥

पढ्दा रहर उल्लास उल्लसित हुने नभ ।
शब्दव्यञ्जन हुन् कि ती भोज्यव्यञ्जन हुन् कि त ॥१०॥

लेखनी रस ती भित्रै रसान्वित प्रफुल्ल भै ।
युगनायकका भाव खुल्दछन् त्यसभित्र गै ॥११॥

गृहनीति राजनीति व्याख्याएका खुलस्त भै ।
नीति समाजको व्याख्या गरिएको यथावतै ॥१२॥

भ्रष्टी र भ्रष्ट आचार विरुद्धका कुरा सब ।
चिरफार गरिएका काव्यमा छन् सबैतिर ॥१३॥

लेखनी शौर्यको ऊर्जा त्यो भित्र नै भए स्फुट ।
बुझ्नै भैदिन्छ गाह्रो त्यो शब्दको गुह्य किञ्चित ॥१४॥

युगनायकका त्यस्ता सर्वत्रै छन वर्णन ।
भावप्रसङ्ग आफैँमा प्रसन्न मन नर्तन ॥१५॥

दही मथ्दै गए नौनी परिणाममुखी स्वतः ।
यत्नका पदचिह्नै ती शब्दकै भित्र अन्ततः ॥१६॥

'युगपुरुष' काव्यैका शिरस्थ लोमहर्षक ।
मानौं भरत हुन् आफैं तेजिला खगधावक ॥१७॥

उनकै साथ दौड्दैछन् महाकाव्यहरू स्वतः ।
कविप्रसादले लेखे 'भरतेन्दु' महापथ ॥१८॥

‘भरतांशु’ महाकाव्य लेखे श्री नीलकण्ठले ।
अभियन्ता सुधारैका थाक्दैनन् कर्मधर्मले ॥१९॥

‘भरत’, यो महाकाव्य लेख्नुभो मनिराजले ।
छन्द शृङ्गारमा उन्दै सौन्दर्य सुषुमार्थले ॥२०॥

चौथो हो यो महाकाव्य ‘युगपुरुष’ शीर्षमा ।
कालजयी भएको छ आफैँमा शब्दसिर्जना ॥२१॥

महानायक काव्यैका देखिन्छन् अति कर्मठ ।
भरत काव्यधाराका साधनारत हर्पल ॥२२॥

अभियान चलाएका भ्रष्टाचार निवारण ।
परिणाममुखी धेरै भएका छन हर्दम ॥२३॥

लेखेका छन् कथा, काव्य बेलाबेला घडीपला ।
‘कालो सूर्य’ उपन्यास उत्कृष्ट साधनाकला ॥२४॥

घन्किन्छन् सिद्धहस्त भै लेखनी लेखिका दुवै ।
गति धाराप्रवाहैको अन्यथा हुन्न थ्यो कतै ॥२५॥

शब्द-अक्षर हुन् ब्रह्म नासिन्नन् कहिल्यै तिनी ।
अभिन्न भै त्यसैभित्र पसेका जङ्गमै पनि ॥२६॥

सिर्जनाले महाकाव्य सिर्जिन् गुण उदात्त ली ।
प्रासादादि गुणै युक्त मर्यादित सधैं रही ॥२७॥

मठमन्दिरको ध्यान भित्र गै आत्मभावले ।
पुर्खाका साधना स्तुत्य गरेका शिवभावले ॥२८॥

तिनै सद्‌गुणले युक्त युगपुरुष जङ्गम ।
राखेर केन्द्रमा सिर्जिन् महानायक सङ्गम ॥२९॥

महाकाव्य रचेकी छन् सिर्जनाले यथावत ।
कालजयी बनेको छ साथ ली युगनायक ॥३०॥

जताततै सुन्दर सृष्टि सिर्जन
छ काव्यको अन्तरदृष्टि वर्णन ।
जित्दै गएको जति काल गुम्फन
बन्यो महाकाव्य प्रतीक जङ्गम ॥३१॥

पुर्खा हुन् इतिहास दुर्लभ बुझी लाग्यौँ भने मार्गमा
पुर्खाकै गुरुगौरवै यश स्वयं फुल्नेछ सत् सोचमा ।
पुर्खा पौरखका सबै श्रम जहाँ भै राष्ट्रका विश्वका
ज्ञानैका पथ खुट्‌किला भइ सधैँ खुल्ने कथानीतिका ॥३२॥

॥ शुभमस्तु ॥

**– आर. डी. 'प्रभास' चटौत**
बानेश्वर, काठमाडौँ

# बामे सर्दै गर्दा

कुरा २०७८ साल कार्तिक २४ गतेको हो । मलाई सहिद स्मृति पुस्तकालयका तर्फबाट व्यक्तिगत रूपमा संस्थाका अध्यक्ष तथा साहित्यकार श्रद्धेय दाजु वनमाली निराकारज्यूले २० औं वार्षिकोत्सवको शुभ-अवसरमा आयोजित विशेष कार्यक्रममा उपस्थितिका लागि निमन्त्रणा गर्नुभएको थियो । त्यस बेला मैले कार्यक्रमबारे बुझ्ने इच्छा पनि राखिनँ र राख्नु आवश्यक पनि ठानिनँ । यसरी निमन्त्रणा आउँदा प्रफुल्लित भएर कार्यक्रममा नजाने कुरै भएन । त्यहाँ पुग्दा कार्यक्रम सुरु भइसकेको रहेछ । वक्ताहरूले आ-आफ्ना सारगर्भित मन्तव्य दिँदै हुनुहुन्थ्यो । अचम्म के भयो भने त्यस दिन मेरो ध्यान दायाँबायाँ, अघिपछि, यताउता, छेउछाउ कतै नगएर मात्र वक्तामा केन्द्रित रह्यो । उहाँहरूको आद्योपान्त विचार ध्यानपूर्वक सुनेँ । सबै वक्ताहरू त्यस कार्यक्रमका केन्द्रविन्दु पुरस्कृत व्यक्तित्व भरत जङ्गमज्यूको व्यक्तित्व एवं कृतित्वमाथि नै केन्द्रित हुनुहुन्थ्यो, जुन स्वाभाविकै थियो । स्वभावतः उहाँको सम्मानमा ताली बजे । त्यस समयमा मेरो दृष्टि पुरस्कृत व्यक्तित्व भरत जङ्गमज्यूमा नै एकाग्र थियो । उहाँको अनुहारमा बेग्लै किसिमको चमक देख्न पुगेँ । मलाई उहाँको व्यक्तित्व एउटा सामान्य व्यक्तिको जस्तो नभएर विशेष लाग्यो । त्यसै बेला मेरो मस्तिष्कमा अनेकन् विचारहरूका तरङ्ग छाल बनेर मडारिन पुगे । म के कारणले यसरी प्रभावित हुन पुगेँ, अहिले पनि व्यक्त गर्न सक्षम भएकी छैन । जुनसुकै कार्यक्रममा पनि प्रायः कार्यक्रमको तस्बिर खिच्ने, कार्यक्रमपश्चात् नवागन्तुक अतिथिहरूसँग परिचय गर्ने र सामूहिक तस्बिरमा सामेल हुने मेरो स्वभावले त्यस दिन निरन्तरता पाएन ।

म कार्यक्रम सकिनासाथ सरासर घर फर्किएँ । कार्यक्रममा के सुनेँ, कसकसको उपस्थिति थियो, केही सम्झिन सकिनँ । मुखमा शिवभजन र मस्तिष्कमा शिवालय मात्र आइरह्यो । त्यस कार्यक्रमका विषयमा सम्झिन धेरै कोसिस गरेँ तर पटक्कै सकिनँ । यस्तो योभन्दा

अगाडि कहिल्यै पनि भएको थिएन। त्यो दिन त्यत्तिकै बित्यो। अचम्मित त म केमा भएँ भने भोलिपल्टको नित्यकर्ममा गरिने गायत्री मन्त्र जपको सट्टा 'ॐ नमः शिवाय' पो जप गर्न पुगेछु । मेरा हरेक क्रियाकलाप म आफैँलाई असामान्य लागेर आयो । तथापि मेरो मस्तिष्क भने त्यस कार्यक्रमका बारेमा थप जानकारीको खोजीमै थियो । कार्यक्रम सकिएको भए तापनि त्यसप्रतिको उत्सुकता रहिरह्यो। साहित्यकार विजय सागर दाजुले त्यस कार्यक्रमका बारेमा पक्कै पनि सामाजिक सन्जालमा राख्नुभएको होला भन्ने लाग्यो र खोजे, हेरेँ, पढेँ पनि।

पुरस्कृत व्यक्तित्व भरत जङ्गमका बारेमा विस्तृत जानकारी पाउन उहाँकै फेसबुक प्रोफाइल खोलेर हेर्ने क्रममा धेरै दिनदेखि लगातार 'ॐ नमः शिवाय' मात्र राखिएको फेला पारेँ। मैले 'जय शम्भु' शब्दले अभिवादन गरेको उहाँ पहिलो व्यक्तित्व हुनुहुन्छ । पाँच घण्टापछि 'कहाँबाट ? को ?' भन्ने प्रश्न आयो। परिचयसँगसँगै उहाँको ७५ औँ जन्मदिन (हीरक महोत्सव) मा प्रकाशन गरिने गरी विभिन्न व्यक्तित्वहरूको शुभकामनासहितको पुस्तकको अन्तिम-अन्तिम कार्यमा व्यस्त हुनुहुँदो रहेछ। मलाई पनि छोटोमा केही लेख्ने इच्छा भए लेख्न सक्ने अनुमति आयो। लेखेर पठाएँ र छापियो पनि।

हरेक दिन केही न केही लेख्ने आदत बसिसकेको थियो । त्यसै क्रममा लेख्दालेख्दै २५ श्लोक हुन पुगेछन् । सबै श्लोक भगवान्का बारेमा लेखिएका छन्। ती श्लोक १५ दिनपछि उहाँलाई पठाएँ। उहाँले ती मङ्गलाचरणका ढाँचामा भएको कुरा सम्झाउनुभयो । मजस्तो व्यक्तिका लागि यो के भएको हो भन्ने कुतकुतीले सताइरह्यो। 'बुबा' सम्बोधन गरेर उहाँलाई माथिका सबै कुरा सुनाएँ । उहाँले हरेक कामको पछाडि समय बलवान् हुन्छ, शारदालाई आह्वान गरेर जे आउँछ लेख्दै जान सुझाव दिनुभयो। यसै क्रममा मलाई उहाँका बारेमा लेखिएका पुस्तक पढ्ने इच्छा जाग्यो। चाहनाअनुरूप कुनै माध्यमबाट पुस्तक हात पार्न सफल भएँ पनि । पुस्तकका केही अंशको अध्ययनपश्चात् लेख्ने काम पनि सुरु गरेँ । साँच्चिकै उहाँ पत्रकार,

समाजसेवी, दूरदर्शक, भ्रष्टाचाररहित विश्वसमाजका परिकल्पनाकार, राजनीतिक चिन्तक, आध्यात्मिक व्यक्तित्व, अनुसन्धानकर्ता मात्र नभई विभिन्न क्षेत्रमा आबद्ध बहुप्रतिभाशाली र अद्भुत व्यक्तित्वका धनी भएको पाएँ, जो मेरा लागि साहित्यिक खुराक हुन गए ।

यसरी २०७९ कार्तिक १ गतेका दिन दैनिक १० श्लोकका दरले लेख्ने उद्देश्य राखेर लेख्न सुरु गरेको मेरो नियमित लेखनकार्य २०७९ साल माघ महिनासम्म निरन्तर चलिरह्यो । चार महिनासम्म न निद्रा न भोक न रमाइलो न साथीसँगी जस्ता रमाइला कुरा, कुनै कुराको मतलब रहेन । त्यतिन्जेल बाहिरी कुनै कुराले मेरो ध्यान तान्न सकेन । मेरी आमा बालकुमारी घिमिरेले कार्यसिद्धिका निम्ति प्रार्थना गरेको कुराले मलाई ऊर्जा थप्ने काम गऱ्यो । उहाँ मेरो प्रेरणाको अग्रभाग ग्रहण गर्ने स्रोतको उच्च व्यक्तित्व हुनुहुन्छ । घर-परिवार (श्रीमान् केशव खनाल, छोरी मेनका र स्वस्तिका) ले पनि मेरो लेखनकार्यमा सकेको सहयोग गर्न मलाई घरायसी कामको चापबाट पर राख्नुभयो । लेख्ने क्रममा महाकाव्यकार श्रद्धेय दाजु कलानिधि दाहालज्यूसँग महाकाव्यका बारेमा धेरै कुरा खोतलेँ । उहाँले विनाझर्को आत्मीय सहयोग गर्नुभयो । मेरा हरेक जिज्ञासा मेट्ने कोसिस गर्नुभयो । पुस्तकको पाण्डुलिपि तयार भयो । महाकाव्यको नियममा यो कार्य भए-नभएको, मिले-नमिलेको सल्लाह-सुझाव दिएर मलाई यहाँसम्मको यात्रामा अमूल्य समय दिनुहुने श्रद्धेय मामा नारद गौतमज्यू, श्रद्धेय दाजु हरि मञ्जुश्रीज्यू, हजुरहरू सबैप्रति आभारी छु । यो साथ र सहयोगका निम्ति यहाँहरूप्रति सदा ऋणी नै रहनेछु ।

यो मेरो पहिलो कृति 'अङ्कुरित सृजना' छन्दोबद्ध कवितासङ्ग्रहपछिको (दोस्रो काव्यको स्थानमा रहेको) 'युगपुरुष' महाकाव्य हो । पुस्तक विज्ञ अग्रजहरूको हातमा छ । यसमा अवश्य पनि कमी-कमजोरी होलान् । जे-जस्तो छ, आफूलाई लागेको प्रतिक्रिया दिनुभई मेरा आगामी दिनका लागि मार्गदर्शन गर्नुहुनेछ र कलम चलाउने ऊर्जा प्रदान गर्नुहुनेछ भन्ने कुरामा विश्वस्त छु । यहाँहरूको

प्रेरणाको सदा सम्मान राख्ने विश्वास दिलाउँदै लिखित रूपमा शुभकामना दिनुहुने महाकाव्यकार श्रद्धेय व्यक्तित्व आरडी प्रभास चटौतज्यू, प्रकाशकीय भूमिकामा रहनुहुने शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष श्रद्धेय व्यक्तित्व दाजु हरि मञ्जुश्रीज्यूसमेत सम्पूर्णप्रति आभार व्यक्त गर्दछु । महाकाव्यका सर्ग-सर्गको वाचन गरिदिने सबै वाचकलाई धन्यवाद ज्ञापन गर्दछु र काव्यनायक भरत जङ्गमप्रति कृतज्ञता अर्पण गर्दछु ।

भ्रष्टाचार नहोस् समुन्नत रहोस् यो भाव चौतर्फ होस्
सारा सभ्य बनून् सुसंस्कृत रहून् अध्यात्मको बास होस् ।
चिन्ता चिन्तनले प्रशासन चलून् सत्ज्ञानको चाख होस्
विश्वासी परिवेशको सृजनले सद्भाव बाँच्दै गरोस् ॥

होस् विस्तारित नाम विश्वभरमा राम्रो नमूना बनी
चढ्दा उन्नतिको महाशिखरमा झार्ने नहोलान् भनी ।
तातोले छ चरक्क नीति किन हो राखून् न अस्तित्वमा
इच्छाका मुजुरा उतैतिर बजून् लागी पुरातत्त्वमा ॥

हुन् मेरा गुरुदेव को र कति छन् जो काव्यमा छाइए
आशीर्वाद थियो अवश्य छ ममा त्यस्तै गरी पाइए ।
आस्था उच्च थियो जहाँ हुन गयो मैबाट यो अर्पित
पढ्ने पढ्न सकून् सुनून् न नसके यो काव्य उठ्ला कि त ॥

जन्मौंजन्म यसै धरातल चुमी बाँच्ने तिमी हौ नित
अग्ली अग्लिनुको मजा छ यसरी श्रद्धा शुभेच्छासित
जस्तो काव्यभरी चुडामणि तिमी सन्मार्गको दर्पण
सोची लेखकको खुलस्त मनले गर्दैछु यो अर्पण ॥

**– सिर्जना खनाल**

# प्रकाशकीय

'युगपुरुष' (महाकाव्य) को प्रकाशन गर्न पाएर शब्दयात्रा प्रकाशन उत्फुल्ल भएको छ । शब्दयात्रा प्रकाशनका सल्लाहकार तथा आजीवन सदस्य भरत जङ्गमलाई महाकाव्यनायक बनाएर लेखिएको, एउटा मात्र कवितासङ्ग्रह प्रकाशन गराएकी कवयित्रीबाट महाकाव्य लेखिएको र प्राच्य सिद्धान्तले निर्धारण गरेका लक्षणहरू समावेश भएको महाकाव्य लेख्ने नेपाली महिलाको सङ्ख्यामा बृद्धि भएको हुनाले यो संस्था उत्फुल्ल हुनु स्वाभाविकै हो ।

कवयित्री सिर्जना खनालको पहिलो कवितासङ्ग्रह 'अङ्कुरित सृजना' २०७९ साल चैतमा २०३ औँ प्रकाशनपुष्पका रूपमा शब्दयात्रा प्रकाशनले प्रस्तुत गर्न पाएको थियो । त्यसको ७ महिनापछि नै उहाँको महाकाव्य २२० औँ प्रकाशनपुष्पका रूपमा प्रकाशन गर्न पाइयो । यसबाट उहाँको प्रतिभाको विराटता प्रकट भएको छ र उहाँ कवयित्री मात्र नभई महाकाव्यकारका रूपमा पनि प्रस्तुत हुनुभएको छ ।

भरत जङ्गमका विषयमा यसपूर्व कविप्रसाद प्याकुरेलको 'भरतेन्दु', नीलकण्ठ भट्टराईको 'भरतांशु' र मनिराज जोशीको 'भरत' महाकाव्य प्रकाशित भइसकेका छन् । 'युगपुरुष' चौथो महाकाव्य बनेको छ । संयोगवश दोस्रो, तेस्रो र चौथो महाकाव्यको प्रकाशक बन्ने सौभाग्य शब्दयात्रा प्रकाशनले नै पाएको छ । शब्दयात्रा प्रकाशनका लागि यो गौरवको विषय हो । एक वर्षमा औसत १८ वटाभन्दा बढी पुस्तक प्रकाशन गर्ने गरेको शब्दयात्रा प्रकाशनले यसअघि १२ वटा महाकाव्य प्रकाशन गरिसकेको छ । 'युगपुरुष' चाहिँ यस संस्थाबाट प्रकाशित १३ औँ महाकाव्यमा पर्छ ।

लोकसंस्कारका आधारमा भन्नुपर्दा १२ वर्षको समयावधिलाई युग भनिन्छ । पौराणिक कालविभाजन अनुसार सत्य, त्रेता, द्वापर र कलि गरी चारवटा युग हुन्छन् र हरेक युगको अवधि फरक-फरक

हुन्छ । नेपाली बृहत् शब्दकोशले कुनै महत्त्वपूर्ण घटना, व्यक्ति, कार्य आदिद्वारा प्रभावित कालावधिलाई युग भनेको छ । कुनै समय, बेला, जमानालाई पनि युग नै भनेको छ । यसै गरी युगलाई उचित मार्गमा हाँक्ने प्रतिभा, कुनै निश्चित समयका लागि प्रमुख मानिने व्यक्तित्व या कुनै निश्चित समयको सीमाभित्र महान् व्यक्तित्व स्थापित गर्न सफल भएको व्यक्तिलाई युगपुरुष र युगनायक मानेको छ । युगनायक र युगपुरुष भन्नु शब्दको अर्थमा भिन्नता छैन ।

यस महाकाव्यका नायक भरत जङ्गमले साहित्यिक क्षेत्रमा निश्चित समयावधिभन्दा बढी अवधिको प्रतिनिधित्व गर्नुभएको कुरा उहाँको कालजयी उपन्यास 'कालो सूर्य' ले प्रमाणित गरेको छ । उहाँले प्रतिनिधित्व गर्नुभएको नेपाली युग उहाँको कार्यद्वारा प्रभावित बनेको कुरा नीतिगत भ्रष्टाचारका विरुद्ध उहाँले गर्नुभएको कानुनी लडाइँमा उहाँको विजय भएको कुराले प्रस्ट पार्दछ । उहाँ यस युगलाई उचित मार्गमा हाँक्ने प्रमुख व्यक्तित्व हुनुभएको कुरा 'भ्रष्टविरोधी शास्त्र' को प्रतिपादन र त्यसले पाएको अन्तर्राष्ट्रिय मान्यताले पुष्टि गरेको छ । यसबाट भरत जङ्गमको चरित्रलाई 'कालो सूर्य' ले राष्ट्रिय स्तरको र योगदानलाई 'भ्रष्टविरोधी शास्त्र' ले अन्तर्राष्ट्रिय स्तरको बनाइदिएको देखिन्छ । तसर्थ महाकाव्यको नायक भरत जङ्गमलाई बनाउनु र महाकाव्यको नाउँ 'युगपुरुष' राख्नु स्वाभाविकै लाग्छ ।

संस्कृत वाङ्मयका उद्भट विद्वान् भामहले काव्यिक गुणहरूको चर्चा गर्दा राम्रो काव्यमा 'श्लेष प्रसाद समता माधुर्य सुकुमारता, अर्थव्यक्तिरुदारत्वमोजः कान्ति समाधयः' हुनुपर्छ भनेका छन् । सिर्जना खनालले यी विशेषताहरूबाट महाकाव्यलाई सकेसम्म पूर्ण पार्ने प्रयास गर्नुभएको छ । महाकाव्यनायक भरत जङ्गमको जीवनयात्रा, राष्ट्रिय चरित्र र अन्तर्राष्ट्रिय योगदानलाई जीवन्त स्वरूपमा उतार्न यो महाकाव्य सफल भएको छ । यसका लागि महाकाव्यकार सिर्जना खनाललाई हार्दिक बधाई छ ।

**– हरि मञ्जुश्री**
अध्यक्ष : शब्दयात्रा प्रकाशन

# सर्गक्रम


| | | | |
|---|---|---|---|
| १. | मङ्गलाचरण | | १ |
| २. | पहिलो सर्ग | जन्म | १२ |
| ३. | दोस्रो सर्ग | प्रेमलहरी | ४२ |
| ४. | तेस्रो सर्ग | विवाह | ७० |
| ५. | चौथो सर्ग | व्यष्टि | ८९ |
| ६. | पाँचौं सर्ग | शासनप्रतिको दृष्टि | १०० |
| ७. | छैटौं सर्ग | साहित्यिक पक्ष (क) | ११२ |
| ८. | छैटौं सर्ग | साहित्यिक पक्ष (ख) | १३३ |
| ९. | सातौं सर्ग | धार्मिक पक्ष (क) | १५८ |
| १०. | सातौं सर्ग | धार्मिक पक्ष (ख) | १८२ |
| ११. | सातौं सर्ग | धार्मिक पक्ष (ग) | २१६ |
| १२. | आठौं सर्ग | प्रकृति चिन्तन | २२९ |
| १३. | नवौं सर्ग | हेमन्त ऋतुसँगै थपिएको कहर | २४१ |
| १४. | दसौं सर्ग | हृदयतरङ्ग | २५८ |
| १५. | एघाह्रौं सर्ग | भरत-हरि | २८२ |
| १६. | बाह्रौं सर्ग | विचार र दृष्टिकोण | २९० |
| १७. | तेह्रौं सर्ग | उपसंहार | ३५८ |

ॐ

# मङ्गलाचरण

(अनुष्टुप छन्द)

वन्दना गर्छु हे शम्भो ! गणेश ! शारदा ! भनी
पियाऊ ज्ञानका धारा म बनूँ ज्ञानको धनी ।१।

मन्त्र मङ्गल पढ्दैछु बनेर अति भावुक
चाल्दैछु शब्दका गोटी दिनुहोस् दिव्य आसिक ।२।

वात्सल्य-ममता मेरा आऊन् विचारगर्भका
महाकाव्य रचूँ मैले भोक जाग्ने सहस्रका ।३।

थपिऊन् शब्दमाधुर्य श्रद्धा होस् अब सादर
पाऊँ ज्ञान यता खोली भाव भर्नुछ मास्तिर ।४।

आज्ञा पाऊँ म बढ्नेछु चिन्ता यी दूर हुन् सब
राग, द्वेष, अहङ्कार भागून् दुर्गुण कौरव ।५।

सम्पूर्ण शास्त्रको सार सिक्न पाऊँ म यो घडी
वेदान्त शास्त्र होस् माथि खुल्दियोस् ज्ञानको कडी ।६।

अर्थपूर्ण बनून् वाक्य खुलोस् सार विचित्रको
फेरियून् भ्रमका भाव पाऊँ ज्ञान यथार्थको ।७।

काव्यभाव बुझूँ जम्मै व्यक्तिका चाहना पनि
प्रत्यक्ष देखिऊन् सारा ज्ञानधारा सबै बनी ।८।

मास बित्दै गएका छन् दिन-रात गनी-गनी
मीठा शब्द भरूँ मैले कवितामा चुनी-चुनी ।९।

छन् अगाडि गुरु मेरा उनैलाई पुकार्दछु
एक कहाँ हजारौँका भावभित्र म पार्दछु ।१०।

शब्द-शब्द उठाएर भाव केही जुटाउँछु
गुरुलाई नमस्कार गरी कापी उठाउँछु ।११।

हंसमाथि गरेकी छ्यौ वीणा-पुस्तक धारण
ज्ञानको भोक जाग्नेको काव्य नै हुन्छ कारण ।१२।

शुक्लाम्बरधरा देवी प्रार्थनामा समाउन
पुष्पमाला चढाएको ज्ञानधारा जुटाउन ।१३।

उदाउन सकून् तारा मभित्रको म नै हुन
दु:ख-पीडा परै पारी अदृश्य शक्तिमा छुन ।१४।

मास वर्ष लगाएर सक्ने समय खर्चिन
काव्यभित्र हराएर युगपौरुष अर्पिन ।१५।

स्वयम्भूका दुई आँखा चित्तभित्र सवार छन्
पशुपति दयावान् छन् त्यसैले त अपार छन् ।१६।

शान्तिदूत गया काशी मेरै निम्ति गएसरि
कृतिनायकको गाथा लुम्बिनी अलकापुरी ।१७।

ब्रह्मा विष्णु महाकाली आऊन् मेरो निधारमा
सिर्जनाको लिई सीप झल्कून् मणि किनारमा ।१८।

भक्तिभाव यता देख्छु धर्तीभित्र घुलेसरि
सीताराम जपेकी छु पुनर्जन्म लिने गरी ।१९।

सदा वसन्तको बास छ बुढानीलकण्ठमा
माला भिन्न लगाएर बसाल्दैछु म कण्ठमा ।२०।

हरिचन्दनको बास्ना शब्दले तान्न थाल्दछन्
अग्निदेव सदा उच्च तापले ती पगाल्दछन् ।२१।

महानायक देख्दैछु लेखनी हुन्न यो कम
जसको दिव्य वाणीमा समाहित छु हर्दम ।२२।

देवी सरस्वती आई बसेकी मनमास्तिर
भोक निद्रा सबै भागे काव्यनायक खातिर ।२३।

रुवाउँदै हँसाएको आभास जति काव्यमा
वाग्देवी कवितामा छिन् किन हुन्छु म हायमा ।२४।

विश्वास के भयो धन्दा स्वयम्भित्र म भाग्दछु
काव्यको साधना गर्न निरन्तर म लाग्दछु ।२५।

जिन्दगी एक पाना हो, यो रङ्गीन बनाउन
छ को सम्मुखमा मेरो प्रत्याभूति दिलाउन ।२६।

छन् चन्द्र-सूर्य आकाश ज्योति छर्न धराभरि
अजम्बरी बनेका छन् दिनरात बराबरी ।२७।

स्वप्न साकारका निम्ति प्रत्याभूति रहोस् ममा
जिन्दगी जोखिनैपर्ने नराम्रोमा रहोस् कमा ।२८।

म समर्पित छु देवी देऊ दृष्टि ममा सधैँ
समाधि सम्झनाभित्र मति लीन बनोस् सधैँ ।२९।

छम्क ती जलका शीत शीलता छरिऊन् ममा
निर्बाध गतिमा अग्ली झरून् यी झरना ममा ।३०।

मलाई कविता वर्षा चोखो स्पर्श दिई गर
आँत पवित्रका बन्ने भाव सिञ्चनले भर ।३१।

नभड्की लम्कियोस् यात्रा सकूँ पुग्न उता पर
भाव-भाका भरी शब्द मिलाई लयमा झर ।३२।

लताझैँ लहरी लागौँ तरुझैँ भाव कञ्चन
नित्य-नित्य यता ओर्ली मलाई दिन दर्शन ।३३।

दया दिव्य यता देऊ दृष्टि गम्भीरमा सरून्
नआत्ती विश्वका सार सार निर्भयमा झरून् ।३४।

गुरु ब्रह्मा गुरु विष्णु गुरु नै दिव्य ओखती
गुरुभक्तिविना हुन्नन् सिर्जना नव सम्पति ।३५।

नराखी फलको आशा कर्ममा लाग्नुपर्दछ
भौतिक वस्तुको इच्छा मनले त्याग्नुपर्दछ ।३६।

धर्मको आडमा हुर्के कर्ममा मन लाग्दछ
अन्तस्करणको शुद्धि भएमा ज्ञान बढ्दछ ।३७।

इन्द्रियादिहरूबाट सुखशान्ति मिली रहोस्
तत्त्वदर्शीहरू साथ तत्त्वज्ञान खुली रहोस् ।३८।

शिवको रूप त्यो पाऊँ ज्ञानचक्षु म दर्शन
खुलून् नेत्र यता आस्था विस्तारित हऊन् मन ।३९।

परमात्मा गरूँ बोध ज्ञान अमृतका घडा
तत्त्वदर्शी तिमीमाथि मेरा चिन्तन हुन् बडा ।४०।

सधैँ शुभ बनोस् यात्रा पुग्ने गन्तव्यको चुली
ज्ञानमा होस् सधैँ आस्था फेरिन्छ कर्म काँचुली ।४१।

देखिने चक्षु यी भन्दा अन्तस्करणमा बल
भित्री इन्द्रिय जागेमा बाह्येन्द्रिय बुझ्भूँ खल ।४२।

स्वार्थको भुमरीभित्र निःस्वार्थी चेतना रहोस्
रसाऊन् रक्तका कोष यात्रामा एकता बनोस् ।४३।

संस्कृतिको जगेर्ना होस् राष्ट्रप्रेम प्रवाहित
महाकाव्य सकौं लेख्न तिम्रो पाई सुभाषित ।४४।

धर्ममा सिद्धि देखेर तीर्थालु बन्न खोज्दछु
सारसङ्क्षेपमा निष्ठा आफैँमा भर्न रोज्दछु ।४५।

साहित्य सृजना गर्न चढूँ साहित्यटाकुरा
महाकाव्य बनोस् पूरा नगलून् दुई पाखुरा ।४६।

नवीन शब्दका साथ नवीन भावना छरी
सिर्जना सिर्जनाभित्र बग्न पाऊँ सधैँभरि ।४७।

काव्यका स्रोत हौ या त काव्यसागर हौ तिमी
वाग्देवीको कृपा पाई भावमा रम्दछौ घुमी ।४८।

के लेखूँ महिमा तिम्रो कविता कुन धारले
विधाताले बनाएझैँ बन्दै फुर्सद ढुक्कले ।४९।

मसिना घरधन्दाले नछेकून् पद यी कतै
ठेस लागे सहूँ ऐया नरोकूँ सिर्जना कतै ।५०।

चित्र-विचित्र संसार अपार पार छेउमा
निर्धक्क लक्ष्यमा रम्ने बनाऊँ दिल हे उमा ! ।५१।

भयानक हुरी आऊन् म हिम्मत सरी रहूँ
उज्याला नव आस्थाका सिर्जनामा परी रहूँ ।५२।

संसारी सुख या दुःख लुकामारी गरी रहून्
मेरा सिर्जन-संसार खुला होस् द्वार उघ्रिऊन् ।५३।

मेरो यो मनले मेरै मनलाई सफा गरोस्
झर्ना र जलछाँगाझैँ अटुट सिर्जना झरोस् ।५४।

नडराऊँ कतै अग्ला उकाला देखिए पनि
अखण्ड दिलको ज्योति बलोस् यो दिव्य जीवनी ।५५।

अँध्यारो तुच्छ आस्थाको सिरानी नबनोस् ममा
चम्चमाऊन् सधैं हल्की सिर्जनारूप चन्द्रमा ।५६।

म मुना कलिली बन्दै उचाइतर्फ लम्किऊँ
हावा बेजोडले चल्दा प्रतिभा खार्न तम्सिऊँ ।५७।

सरस्वती तिमी मेरी ज्योति हौ दिलमा झर
उमङ्गको उज्यालो होस् रङ्ग विचित्रका छर ।५८।

दृष्टि लेखनका निम्ति शब्द सन्जालमा परोस्
भित्रको आँत खोलेर अलङ्कार नयाँ भरोस् ।५९।

डुब्दै जाऊँ तिमीभित्रै त्यहीँ विशाल विश्व छ
मेरा लागि मिठो भाव अनन्त सिन्धु लाग्दछ ।६०।

नआऊन् क्षुद्रका छाँट भद्रको म बनूँ छत
स्फटिकझैँ सदा चम्कोस् नबनी कत्ति लत्पत ।६१।

शान्तिको गीत गाएर हुने लेखन सर्गको
आशीर्वाद लिँदै जाँदा निस्कियोस् भाव चित्तको ।६२।

नमात्तिऊँ खुसीमा म नजलोस् दुःखमा मन
उत्प्रेरणा बनून् अग्ला शब्दका भाव गुञ्जन ।६३।

निकालेर सबै ऊर्जा सिर्जनामा म लाग्दछु
भाषा-संस्कृतिका लागि तिमीलाई अँगाल्दछु ।६४।

सच्चा शीलवती बन्नेतर्फ लागोस् सधैँ मति
मेरा भोगाइले मैमा भरून् ज्ञान सुसम्मति ।६५।

आपसी भेद मेटेर भर्न पाए सुभावना
यो जन्मभूमिमा स्वर्ग उतार्ने पुग्छ चाहना ।६६।

विलासिता कुनै छैन लोभी नजर पार्दिनँ
जन्मभूमि सदा मेरो नमोनमः चिरन्तन ।६७।

चिन्तनका भई स्तम्भ साधना गर्न लाग्दछु
आत्मविश्वासको ढुङ्गो भावनाले पगाल्दछु ।६८।

प्रत्यक्ष भेटमा छैनन् आस्था दिनहुँ यो बढी
यो के भयो मलाई झन् शास्त्रको बुइमा चढी ।६९।

टाढैबाट छ तानेको ध्यानको मञ्चमा पनि
सकेसम्म ममा भित्री सङ्केत तानिने अनि ।७०।

पछ्याएर म लाग्नेछु डोऱ्याउने तिमी बन
तिम्रा अन्तरका गाथा उनूँ टिपेर जीवन ।७१।

श्रमजीवीहरूका हौ श्रमका पारदर्शक
गर्छन् साधकले सिद्धि ठानी दृष्टान्तदायक ।७२।

केलाउने खुबी तिम्रो त्यसैमा राष्ट्र उठ्दछ
आँटिलो लेखले झन्-झन् दुष्टको पोल खुल्दछ ।७३।

गाढा सम्बन्धका भाव शब्दमाला बनाउँछु
त्यसमा हौसला तिम्रो पाई कर्म उठाउँछु ।७४।

ज्ञानी सिरान लाएर छेउमा बस्छु ज्ञानको
थपिए ज्ञानको मात्रा उपलब्धि अनन्तको ।७५।

सत्प्रयास म गर्दैछु पछ्याई कविता-लय
आत्मविश्वास हो मेरो जय नै मिल्छ निश्चय ।७६।

भर्दै विशिष्ट सौन्दर्य भावगङ्गा बहाउँछु
आशीर्वाद मिलोस् थाप्न नित्य माथा नुगाउँछु ।७७।

काव्यको फल चाखेर तन तनक्क पार्दछु
सुसाए वनपाखा ती त्यसैमा मन सार्दछु ।७८।

काव्यभित्र छु चुर्लुम्म डुबुल्की मार्न हो कि त
निरन्तर हिँडाएको होस् भनेर यसैसित ।७९।

प्रेरणा भोक जागेर कर्ममा डोरिने म त
आफ्नो कर्तव्य बुझ्नेले गरेको छ यही कि त ।८०।

कला के हो गला के हो बुझ्नलाई छु आतुर
भरी अक्षरमा प्रेम म भरूँ भव्यका सुर ।८१।

वाणीमा रस भर्नेछु पिएर भावको जल
बाँसुरी बज्न सक्नेछु बनेर धुन यो पल ।८२।

चोरी मयूरको नाच कला भर्नुछ श्वासमा
बन्नुछ भीरको मौरी मिठास पुग्छ बासमा ।८३।

छ इच्छा प्रभु हे ! मेरो सङ्गीतको मुना हुने
सारङ्गी तार रेटेर अनेकौं धुन निस्कने ।८४।

संसारका सबै सार खिच्ने शक्ति ममा भर
कोइली गीतमा जस्तै सौन्दर्य शब्दमा छर ।८५।

मन थाक्ने यता हेरी बगून् आनन्द सागर
आलस्यमा सधैं जन्मून् दिलमा अझ जाँगर ।८६।

नहून् वैरी हुने कोही नहून् आगो हुने पनि
सममा समका भाका गुञ्जिऊन् स्वरका ध्वनि ।८७।

समर्थ व्यक्तिका निम्ति हुन्न सुगम दुर्गम
असमर्थ बनाएको आभास किन हर्दम ।८८।

(शार्दूलविक्रीडित छन्द)

हे ! शम्भो करुणावतार भगवान् देऊ कृपा उत्तम
तिम्रो दृष्टि परे विशाल भव यो तर्ने थिएँ फुत्त म ।
यात्रीको सँगमा रहेर शिवजी यात्रा गरी सुन्दर
स्रष्टा सार्थक पार्न आतुर बनी साहित्य वर्षा गर ।८९।

●

समाज राष्ट्रको चिन्ता जो सधैँभरि गर्दछन्
बोकेर धर्मको झोला निरन्तर दगुर्दछन्
नाउँमै 'मणि' जोडिन्छ सबै भरत भन्दछन
क्रियाशील हुँदा नित्य 'जङ्गम' पनि बन्दछन्
चिनारी पहिलेकै हो सेवाकै निम्ति खट्तछन्
भ्रष्टाचारीहरूको ता सातो नै पनि झार्दछन्
यस्ता भरतको कीर्ति मौलाओस् सब ठाउँमा
मान्छे अमर बन्ने हो काममा अनि नाउँमा

**– प्रा. डा. माधव भट्टराई**

('भरतांशु' महाकाव्यको भूमिकाबाट)

# पहिलो सर्ग (जन्म)

(शार्दूलविक्रीडित छन्द)

भाषाको ममता गरी बसिरहे ती आदिवासी बनी
भाषा-संस्कृतिको टुसोसम भयो नेवारभाषीमुनि ।
नेवाः जाति र सम्प्रदाय छ घना त्यो क्षेत्रमा मण्डल
यस्तो दिव्य मुहार सिर्जित हुँदा पुग्ने भयो नै बल ।१।

जाऊन् बाहिरबाट जो र जति नै धर्मावलम्बीहरू
नेवारी समुदाय सम्मुख हुने जस्ता थिएनन् अरू ।
भाषा उच्च हुने प्रमाणित छ नै यो क्षेत्र बुझ्ने गरे
बस्ती सुन्दरझैँ विचार गहिरा नेवारमा त्यो छ रे ।२।

ईश्वीको सुरुवात भेक मिथिला हो वंश कर्णाटक
राजामा हरिसिंहदेव पुजिए के होस् कहाँको धक ।
त्यो बेला अनि वीरशैव मतको कस्तो मिल्यो सङ्गम
ख्यातिप्राप्त भएर राजगुरुको स्थायित्वमा जङ्गम ।३।

त्यो पूर्वाभिमुखी छ जङ्गमधरा देख्छौँ शिलापत्रमा
जीर्णोद्धार छ रुद्रदेवसँगको राम्रो कलाकारमा ।
हुन् आराध्य उनै र मूर्ति शिवको साक्षात् छ संयोगले
त्यो कर्णाटकको प्रमाण पनि ता पस्के चिदानन्दले ।४।

तिम्रो उच्च कला प्रमाण छ कहाँ पर्दाविनाका हुने
जो उत्थान कथा सुनिन्छ रसिलो पार्दो छ आत्मा छुने ।
हिन्दू धर्म हुँदै विकासपथमा लम्के कि लिङ्गायत
बुझ्दै जान्छु यसै गरी अघि सरी त्यो किंवदन्ती म त ।५।

हिन्दू धर्म जहाँ छ शैवमतको नेतृत्वमा देखियो
हो प्राचीन समाज कट्टर थियो संस्कारले त्यै दियो ।
त्यो कर्णाटकबाट जङ्गम फिरे नेपालको काखमा
ती लिङ्गायत वीरशैव मतका ऐना बनी खासमा ।६।

जे विस्तार भए सदैव मनको संसार जाज्वल्य छ
त्यो नै छैन भने अवश्य दुनियाँ बेकार-बेकार छ ।
होस् निस्तेज कि बुद्ध धर्म अथवा उत्थान हिन्दू भनी
चाहे व्याप्त विकास शैवमतको पक्कै भयो त्यो पनि ।७।

छन् श्रद्धालुहरू यसै भुवनमा सम्मान तिम्रो अति
लेख्दै जान्छु भए हुने सब कुरा रोकिन्न मेरो गति ।
सुन्दा भैरवनाथतर्फ मठको जात्रा छ बिस्केटको
देख्छौं तीनतले उचाइ छ यहाँ प्रत्यक्ष यो देशको ।८।

पुर्खा जङ्गमका थिए हरपला लिङ्गायती जङ्गम
छन् रक्षार्थ खटी समग्र हितमा चल्ने तिनै हर्दम ।
नेपाली मनको लिएर ममता बढ्दै गयो सङ्गम
त्यस्तैमा सुरु भैगयो सकलको स्वीकारले विक्रम ।९।

सम्वत् भित्र घडीपलायुत हुने जो सौरमानै भयो
थालेको ॠतुराजबाट गणना वैशाखबाटै भयो ।
त्यो बेलातक चान्द्रमान गणना हुन्थ्यो उही फेरियो
यो सम्वत्सरको प्रथा प्रिय भयो विश्वासमा त्यै थियो ।१०।

नेवारी समुदायभित्र रहने छन् धेर देवालय
आ-आफ्ना कुलदेवता सकलले पुज्दा स्वयंको जय ।
घेराभित्र छ भादगाउँ जसरी द्यौता गनेद्यो गनौँ
छन् बालाखु चलाखु यातु जसरी अर्को गनेद्यो भनौँ ।११।

भाषामा छ गणेश नाम सबले चिन्छन् गनेद्यो भनी
छन् साँच्चै उपमा विभाजन गरी यौटा गनेद्यो पनि ।
चौथीमा अनिवार्य भक्तपुरमा मानौँ रटाए सुगा
पुज्दा प्राप्त हुने अरे सफलता द्यौता इनारे च्वँगा ।१२।

जात्रा छन् नभनी हुँदैन अहिले मान्ने नमान्ने हऊन्
यौटा पर्व छ जो गणेश गणका जात्रा सबैले कहून् ।
के प्राचीन नयाँ भनौँ र मठमा बस्ने मठाधीशले
चण्डी नाम लिई भने भगवती जात्रा उही हर्षले ।१३।

(भुजङ्गप्रयात छन्द)

हुँदा पारिलो घाम आनन्द लाग्ने
शरद्को छ बेला जगाएर जाग्ने ।
कला शिल्पले दृश्यमा भाव रुन्न
ननाची नयाँ रागमा शान्ति हुन्न ।१४।

म लेखूँ कि मागूँ बिसायौ गलामा
गरूँ गान तिम्रो सुनौलो कलामा ।
तिमी साथ मुस्कान छर्दै रमाऊँ
बनी काव्यमाली बगैँचा बनाऊँ ।१५।

मिली पर्व मान्दा शरद् जग्मगिन्छ
खुसी पोख्नलाई धरा अल्मलिन्छ ।
जहाँ अन्न बाला नयाँ रङ्ग लिन्छ
त्यहाँ शीत खस्दा उषा झल्मलिन्छ ।१६।

हिलो साथमा सूर्यको ताप छेक्ने
र वर्षा कुनै भेल-बाढी नदेख्ने ।
धुलो या धुवाँ होस् डराएर भागे
नयाँ रूप फेर्ने शरद् भन्न लागे ।१७।

सुगन्धी बनी फूल फुल्ने पलामा
नखुल्ला र हाँसो कुनाकन्दरामा ।
पहाडी मधेसी हिमाली बनेर
मियो बन्न खोज्ने दियोझैँ बलेर ।१८।

बनी प्रेरणाको नसुक्ने मुहान
भयो आज उत्कृष्ट यो स्वर्ग शान ।
सदा मुस्कुराई बनी छन्द एक
स्वयंभित्र पाऱ्यौ चहारेर भेक ।१९।

न जाडो न गर्मी न पानी प्रशस्त
जता जान खोज्यो उतै हुन्छु मस्त ।
हितैषी सबै छन् नखाऊँ कि छैन
चरक्कै हुँदा पेट दुख्ने हुँदैन ।२०।

घृणा द्वेष ईर्ष्या न ता दम्भ नै छ
जडी भावमा अर्थ तृष्णा छँदैछ ।
उडूँ या गुडूँ के भयो भन्नुपर्ने
शरद्मा हराई बनूँ अन्त सर्ने ।२१।

उषाले छरी मोहनी मुग्ध मन्त्र
भए लठ्ठ मान्छे भई एकतन्त्र ।
उजेली उषा छिन् दिवा ज्योति छर्ने
मनोद्वार खोली खुलामा विचर्ने ।२२।

उषाझैँ छ मध्याह्न पोल्ने हुँदैन
अँध्यारो छ यो रात सन्त्रास छैन ।
रमेको रमेकै यता रम्न सक्ने
सधैँ एकनासे भई झुम्न सक्ने ।२३।

यही हो कि झैँ हुन्छ यो जिन्दगानी
यसैमा घुमूँझैँ छ मीठो कहानी ।
बनाई दुई हात छन् यी मदानी
सुनूँ नित्य यौटै शरद्को कहानी ।२४।

छ उल्लासमा सज्जनी साँठगाँठ
म हेरूँ सधैं जिन्दगीको ललाट ।
यही हुन्छ पारा पलाका पलामा
म छम्कूँ छटा नित्य मेरो थलामा ।२५।

गला होस् सदा एक आफ्नै तरङ्ग
चलोस् लेखनी यो नहोस् भावभङ्ग ।
म गन्तव्य उक्लौँ नरोकेर पाउ
ममा हौ शरद् दृष्टिमा छप्प छाऊ ।२६।

कतै ठेसको ह्वैन गन्तव्य मेरो
छ यो देशको मात्र यौटा पनेरो ।
म पानी भरूँ भर्न सक्ने भएमा
म सानी सदा उच्चको एकतामा ।२७।

शरद् सामु साक्षी तिमी नै म राख्छु
मिठो यो शरद् स्वादमा स्वाद चाख्छु ।
नवैलोस् बिहानी र यो जिन्दगानी
बगेको बनोस् भावको होस् कहानी ।२८।

(अनुष्टुप छन्द)

कर्म जीवन हो आफ्नो कर्ममा हात सर्दछन्
पूर्वजन्म नभै ज्ञान सृष्टिमा सब झर्दछन् ।२९।

पृथ्वीको जीत हो पक्कै मागानुसार प्राप्त भो
होला सञ्चित प्राणीमा पूर्वजीवनचक्रको ।३०।

स्वभावमा छ व्यक्तित्व यो अन्तर्मन चम्किने
पारिवारिक संस्कार हो स्वयंभित्र झल्किने ।३१।

प्रत्यक्ष फलको आशा स्वार्थमा चित्त बाँधिने
विश्वास हात पार्नेको आधार बुझ्न पाइने ।३२।

(मन्दाक्रान्ता छन्द)

सोचौँ राम्रो हृदयपटमा स्वस्थ राखौँ समाज
राम्रो सोच्ने अधिक जनको हेर खाँचो छ आज ।
गर्दागर्दै सहज रितले कार्य सम्पन्न पारी
राम्रो मान्छे सकलजनमा दिन्छ आफ्नै चिनारी ।३३।

(शार्दूलविक्रीडित छन्द)

नारीमा मधुमासको तरलता तप्कन्छ थोपा गनी
नारीका समभावको सरलता हाँकिन्छ झोँका बनी ।
नारीको गुणधर्म पौरखविना चल्दैन यौटै घर
नारीको ममताविना पुरुषको एक्लो नहोला भर ।३४।

गर्छिन् बाहिर-भित्रका जुनसुकै कर्मादि नाना यिनी
मिस्रीतुल्य बनेर पायस लिई थप्छिन् त्यसैमा चिनी ।
ढोका बन्द हुँदैन मुग्ध दिलको लाग्दैन आग्लो कहीँ
साना बालक-बृद्ध जो पनि सबै साँचेर राख्छिन् यिनी ।३५।

आफ्ना मान्यमना सुधी खसममा गर्छिन् सधैं आदर
पूजापाठ र तीर्थ जान यिनमा चल्ने सधैं जाँगर ।
सीतातुल्य बनी विनम्र रहँदै आदर्श बाँड्छिन् सदा
हुन्छिन् यी सजिलै सफा कुमुदिनी विद्या दिने शारदा ।३६।

आमा या दुहिता दिदी र बहिनी भान्जी भदैनी बनी
हुन्छिन् यी अति भद्र या बहुमुखी सत्साधनाकी धनी ।
मेलापात र अर्मपर्म सबको जाँतो-ढिकी गर्दछिन्
जस्तो होस् सजिलो तथा असजिलो ती काममा सर्दछिन् ।३७।

उठ्छिन् शीघ्र यिनी र शिष्ट मनले लाग्छिन् सबै कर्ममा
सेवाभाव तथा कथा-भजनमा, सत्भावमा, धर्ममा ।
बाली धूप भगाउँछिन् जहरिला दुर्गन्ध सारा पनि
पुज्छिन् ईश्वर नित्य शान्त मनले आदर्श बाँड्छिन् अनि ।३८।

प्रात:काल कुचो लिई सबतिरै पार्छिन् सफा सुन्दर
नारीको महिमा विशाल नभए शोभा कहाँ दिन्छ र ।
आफ्ना सन्ततिमाझ उच्च मनले रम्छिन् सधैं ध्यानमा
पोख्छिन् यी ममता र बोट चिचिला हुन्छन् बडा ख्यालमा ।३९।

भान्सा ठिक्क गरी बिहान, दिउँसो खाजा बनाई सदा
राख्छिन् सोच सफा प्रफुल्ल मनले आफन्तमा सर्वदा ।
भाँडा वस्त्र स्वयं चिटिक्क जहिल्यै पारेर राख्छिन् यिनी
केही हुन्न अभाव ज्ञानगुनकी भण्डार नै हुन् यिनी ।४०।

ती आफन्त तथा सबै स्वजनका सम्झेर अर्ती अनि
हुन्छिन् धैर्य पुछी सदैव गह ती जस्तै विपत्मा पनि ।
आफ्नै संस्कृतिमा रमेर सबमा बाधा नहोस् है भनी
साँच्चै इज्जतले पवित्र घरमा सौभाग्य बन्छिन् पनि ।४१।

चर्चामा अघि छिन् सधैँ सुपथमा निःस्वार्थ झन् बन्दछिन्
आमा, बाबु, दिदी र भाइ, बहिनी सामीप्यमा बस्दछिन् ।
जस्तै दुःख परोस् अझै अघि सरी सङ्कष्ट टार्छिन् अनि
सानो स्वर्ग बनोस् कुटी किन नहोस् बस्छिन् स्वआत्मा बनी ।४२।

पीडा होस् गहिरो कडा जतिसुकै चिम्लेर आँखा पनि
छिन् गम्भीर सहिष्णु छिन् प्रकृतिझैँ आदर्शकी हुन् धनी ।
घन्काऔँ अब नाद यो मनुजले पारेर एकै लय
लागौँ गायन गर्न धीर मनले नारीहरूको जय ।४३।

(अनुष्टुप् छन्द)

कामनामा थियो पुत्र यज्ञ प्रारम्भ पो भयो
फैलियोस् वंश यो चाह गोविन्दहरिमा थियो ।४४।

हाम्रो वंश अहो ! पार्ने सुपुत्र एक जो हओस्
आमा र बाबुको आत्मा स्वर्गै पुऱ्याउने बनोस् ।४५।

(पञ्चचामर छन्द)

समस्त दु:ख बिर्सिने अपार सृष्टि होस् यहाँ
विरोधको विरुद्धमा रमाउने छ को कहाँ ।
वसन्तको सुवासमा गमक्क छिन् धरा यिनी
भरेर ज्योतिको घडा मुहार बन्छ चाँदनी ।४६।

छ माग देशको यहाँ सुपुत्र एक जन्मियोस्
विशिष्ट नायकत्व होस् सगर्व देश यो उठोस् ।
छ सिंह लग्नको घडी झलक्क पार्छ चाँदनी
बनून् कि रात पावनी जुटून् मघा र अश्विनी ।४७।

म गर्भमा बसेँ भनी सुनाउँदै थियौ तिमी
धनी भयौ प्रभावमा प्रदीप्तमा भयो जिमी ।
न अन्धकारको कुनै छ त्रासयुक्तको मन
न लाग्छ दर्द या कुनै म मर्छु भन्न यो क्षण ।४८।

पिता स्वयं गरे कि के र मूलमन्त्र धारण
र भादगाउँ हर्षमा हुने भएछ कारण ।
झिलिक्क झिल्लमिल्लमा भएछ टौमढी जहाँ
सुभाषझैँ प्रकाशमा समानता थियो त्यहाँ ।४९।

(अनुष्टुप् छन्द)

यज्ञ सम्पन्नका साथ छोरो नै गर्भमा बस्यो
प्रसाद यज्ञको खाँदा आनन्द चित्तमा पस्यो ।५०।

प्रसव वेदना कस्तो मरिने हो कि बाँचिने
मातृस्नेह सबैभित्र छाप बनेर टाँसिने ।५१।

कुलको एक नक्षत्र धर्तीमा टेक्न झुल्कियो
भादगाउँ उचालेर जयमा जय गुन्जियो ।५२।

इन्द्रसमानको मान प्रतीक्षाको घडी थियो
कुमार इन्द्रको जन्म जङ्गम कुलमा भयो ।५३।

## (बालकलाई शुभकामना)

(मन्दाक्रान्ता छन्द)

झर्नाजस्तै अविरल बगी सिन्धुको सैर गर्नू
तैरी चाँडै जलसतहमा काव्यको ज्योति छर्नू ।
ताती आफैँ किरण बटुली बाफ बन्दै उडेर
बन्नू सेता हिमकण तिमी शैललाई चुमेर ।५४।

(पञ्चचामर छन्द)

उजेलिए बुटा नदी तलाउ ताल यावत
नयाँ शरीर देवको भयो कि झैँ सुस्वागत ।
हतार गर्न हुन्न झैँ लिई मनग्य फुर्सद
लिएछ भादगाउँ त्यो अतीव हर्षको हद ।५५।

स्वदेश होस् विदेश होस् छ को कहाँ कतै नहोस्
जताततै विरोध छन् सचित्रको उठान होस् ।
अनेक तर्क-बुद्धिले स्वभाव दीप्त बालक
समुद्रका तरङ्गले विशाल भाल नायक ।५६।

मुमा-बुबा प्रसन्न छन् तिमी स्वयं सुतेजमा
सबै उराठ मेटिनेछ मोहमा सुभावमा ।
उपासना भयो ठुलो छ चाहना उचालिँदै
हराभरा बनी रहोस् सचेतना छचल्किँदै ।५७।

छ कल्पना र वन्दना सुनेर देव हाजिर
दिमागभित्र भावको पहाड फोर्न माहिर ।
अथाह दुःख गर्भको मुमा भुली रमिन् जहाँ
सुसभ्यता भयो धनी बुझेर सक्छ को कहाँ ।५८।

(अनुष्टुप छन्द)

पुनर्जन्म भएजस्तो शिशु त्यो शिशुमै रह्यो
सबको मनमा हर्ष अभिव्यक्त हुँदै गयो ।५९।

तेजस्वी पुत्रको साँच्चै आगमन त्यहाँ थियो
टौमढी भक्तको यौटा पुर सङ्केत टोल त्यो ।६०।

असाध्यै खुस सावित्री भाइ भन्न हतारिँदै
मुमासामु पुगिन् झट्टै काखमा लिन आत्तिँदै ।६१।

सानो बालक काखैमा आमाको छेउमा थियो
चाहेजति खुसी भेट्ने अभिन्न उपहार यो ।६२।

जति धेरै पढून् लेखून् छोरीको जन्म हार रे
लुलो कानो भए होओस् छोरो नै होनहार रे ।६३।

मनमा अन्धविश्वास बोकेर भाग्य लेखिने
कस्तो सोच विनाछोरो सृष्टि हुन्छ र छेकिने ? ।६४।

सदैव घरधन्दामा छोरीमान्छेहरू वर
हेपिएका तिनै आज छोरो नै नहुने घर ।६५।

चिन्ताभित्र दुवै आमाबाबु विह्वल नै हुने
अभागी म भएँ भन्दै आफ्नो माथ झुकाउने ।६६।

छोरो भए हुने चर्चा खुसी सर्वत्र छाउने
छोरी जन्मे मरेतुल्य भयो भनी कराउने ।६७।

समाजभित्रका चोट आगो बनेर दन्किने
दोषबाट बचूँ भन्दा छोरोमा मन सल्किने ।६८।

को हुन् भरत भन्ने नै बुझाउने भयो पथ
छोरो जङ्गमको जन्मी गुडायो वंशको रथ ।६९।

(पञ्चचामर छन्द)

हतारमा छ हुर्किंदै कि बोट हल्हलेसरि
त्यसै गरी छ मातृप्रेम वायुवेगमा परी ।
अतालिएर आँसुको झरी परेर आपत
सताउँथ्यौ मुमाबुबा कता छ पार्न यावत ।७०।

धरा स्वयं नियाल्दछिन् कठै नहोस् नि बालक
विशिष्टभित्र शिष्ट छन् तथापि खोज्छ पालक ।
छचल्किए जतातत‍ै सुभावभित्र के गरी
पवित्रको कुरा गरे प्रसिद्ध सिद्धपोखरी ।७१।

टलक्क दाँत देखिने खिसिक्क हाँस्न सर्दछौ
विभिन्न टोलमा घुमी अभिन्न अङ्ग बन्दछौ ।
प्रचार हुन्छ बालको चिनेर हुन् नि जङ्गम
प्रभातको उदारता दिवा र रातमा सम ।७२।

(अनुष्टुप छन्द)

कर्मको खोजले मान्छे सद्भाग्यभित्र पस्दछ
गरे अध्यात्मको खोजी चित्तमै ज्ञान बस्दछ ।७३।

अक्षरारम्भमा आए भयो 'नमः शिवाय ॐ'
वागीश्वर्यै नमः देवी विन्दुमा पार्न प्रस्ट ॐ ।७४।

वागीश्वर्यै नमः ॐ को ध्वनिबाट अघि बढे
भयो भरतको यात्रा पञ्चमीदेखि नै पढे ।७५।

(शार्दूलविक्रीडित छन्द)

विद्वान् पण्डितको शुभाशिष भयो श्रीपञ्चमीका दिन
त्यो शिक्षा यदुबाट प्राप्त हुन गो लागे क्रमैले लिन ।
देख्ने दङ्ग परेर त्यो प्रहरमा संस्था बनाए पुल
शिक्षाको परिवेश भक्तपुरको श्री पद्म हाइस्कुल ।७६।

(अनुष्टुप छन्द)

बाल्यकाल मिठो बेला आँटिलो व्यवहार छ
केटो नौ-दस वर्षैको रचनामा लगाव छ ।७७।

युगको चक्र जस्तो छ त्यस्तै तिम्रो छ चिन्तन
तिम्रो हिम्मत देख्नेले गरे होलान् नमोनमः ।७८।

लगातार बढेका छौ यात्रामा लक्ष्य साथ छ
सुयोग्य गुरुको साथ, शिक्षा निम्ति प्रभात छ ।७९।

गुरुलाई नमस्कार, नम्र भाव र आदर
बढ्दो छ गुरुको माया, शिक्षा प्राप्त छ सागर ।८०।

(मन्दाक्रान्ता छन्द)

विद्यार्थी जो सरल मनले ज्ञानको खोज गर्छ
सारा इच्छा भयरहितको उच्चता माथ भर्छ ।
सिक्दै जाने अवसर नयाँ कर्मका निम्ति सर्छ
मौका राम्रो अझ्र वर सरी भाग्यको सामु पर्छ ।८१।

पढ्दै गर्दा अघिअघि हुने जिन्दगीको किताब
जे-जे सोच्छन् सकल मनका ठ्याक्क मिल्ने हिसाब ।
उम्रिन्छन् ती सरस दिलमा सिर्जनाका मुहान
छक्कै पर्ने दिनदिन हुने बाबुआमा जहान ।८२।

यात्रा कस्तो नभन न तिमी धीरता हातमा छ
विद्यार्थी हौ निशदिन पढे योजना माथमा छ ।
इच्छाधारी भुवनभरको बन्नलाई नरोक
विद्यार्थी नै सब मुलुकको दिव्य संसार भोक ।८३।

ज्ञानी ध्यानी जलथल पुगी पूर्ण यो विश्व धाऊ
फाल्दै मैलो मन-मगजको स्वच्छतामा हराऊ ।
आशा हाम्रो तनमन बनी दिव्य वाणी पिलाऊ
प्यारो छोरो भरतमणिको सारसङ्क्षेप पाऊ ।८४।

आमा-बाबा सकल दुनियाँ अङ्गमा फर्फराई
झोला तिम्रो श्रम र पसिना बन्न सक्ने गराई ।
बाटो आफ्नो वरपर हुने पात्रमा जोड देऊ
मेची-काली जलपवनको भावमा हुन्छ छेउ ।८५।

के हो अल्छी बुझ खुब गरी अल्झिने काम हुन्न
भाका राख्दै अघिपछि हुने कर्मले नित्य छुन्न ।
आफ्नो प्यारो झलमल कला भावनाभित्र घेर
रोप्नैपर्ने प्रगतिपथमा दिव्य सौन्दर्य धेर ।८६।

औँलो चुस्ने नबन न तिमी उच्च सामर्थ्यसाथ
पुग्ने होलान् रहर मनका झुक्नुपर्दैन माथ ।
दुष्कर्मीका कलुषित हुने साधना भङ्ग पार
खोले आँखा मन-मगजको सभ्य होस् भित्र सार ।८७।

माटो-ढुङ्गो रनवन बुझ्के शब्दयात्रा थलिन्न
खोलाजस्तै कलकल बगे भावना खल्बलिन्न ।
मान्छे बन्ने नवनव सिँढी चढ्न सक्ने छ आँट
बाबा-आमा वरिपरि हुने ज्ञानको उच्च फाँट ।८८।

जल्दोबल्दो अवनितलको चेत खुल्ने बिहानी
ज्ञानी मान्छे छलकपटले गर्न सक्दैन हानि ।
धर्तीमा छौ सबतिर खुली बागमा छम्छमाई
चुम्ने गर्नू शुभपल तिमी दिव्य संसार छाई ।८९।

आऊन् सारा भरतमणि को ? चिन्न खोजेर भेट्न
तिम्रो शिक्षा अनवरत होस् ज्ञानको भोक मेट्न ।
बोलीभित्रै सुमधुरपना लोभलाग्दो छ कस्तो
विद्या तिम्रो मननजिकको मित्रतामा छ जस्तो ।९०।

(अनुष्टुप छन्द)

ढुङ्गेधारो घरै छेउ घाम लाग्दछ पारिलो
इँटाढुङ्गा झनै राम्रा छैन माटो कतै गिलो ।९१।

जहाँ नजर छन् मेरा ती काव्यभित्र बाँधिए
मठ जङ्गमको कस्तो अवलोकनमा लिएँ ।९२।

देख्दा मठ छ यो एक भित्रका चोक चार छन्
चिल्ला राम्रा इँटाले नै बनेको दरबार झन् ।९३।

ती आमाबाबु विद्वान्का कोही छैनन् पछिल्तिर
चार चोक बने साथी जङ्गमका अघिल्तिर ।९४।

खेल्दाखेल्दै कुनै बेला धङ्धङाएर लड्दछन्
जति चोट त्यहाँ लाग्छ उपचारक खट्दछन् ।९५।

चिनो स्वरूपको ढुङ्गो त्यो दैलोनेर देखियो
लडेको दिन सम्झाई चिउँडोनेर हेरियो ।९६।

तुलसी मोठ छेवैमा पिताजी पाठ गर्दथे
आमालाई लगाएर सर्जाम ठिक्क पार्दथे ।९७।

छोराछोरी थिए धेरै आ-आफ्नै तालमा बडा
ती बाल्यकालका याद छन् मानचित्रमा खडा ।९८।

चारैतिर कलाप्रेमी ब्युँझाउने बनीकन
बुट्टैबुट्टा कुँदेका छन् एक-एक गरीकन ।९९।

थियो सम्भव गर्नेको अनुशासनमा रही
कलाकौशल त्यो बेला झ्यालढोका जहाँतहीँ ।१००।

पुग्दछन् चुम्न आँखा यी उनकै जन्मभूमिमा
हरेक वस्तु आहा ! छन् हुन दिन्न कि दूरमा ।१०१।

हात्ती बनेर लम्किनू पर्नेछैन अतालिन
ज्ञानको ज्योति बाल्नू है उद्देश्यमा हतारिन ।१०२।

सानादेखि ठुलासम्म आचारको छ पालना
धर्मकर्म विचारेमा त्यो बेलाको अझै घना ।१०३।

देवालय धरोधर्म मठमन्दिर छैन के ?
पूजापाठविना नित्य खाने कोही हुँदैन के ।१०४।

प्रातःकाल जगाएर पिताजी नजिकै गई
आशीर्वाद दिनोस् भन्दै उभिने विनयी भई ।१०५।

मुखामुख गरी बस्थे पिताका सामुमा जब
सतसङ्गतका भित्र डुब्दथे ती दुई तब ।१०६।

सबै कुरा चनाखोमा यताउता बताउँदै
र तीन हठमध्येमा बाल एक बुझाउँदै ।१०७।

जिज्ञासा भोकका भाका पिताजी नै गुहार्दथे
उनकै साथ लागेर ठिमीतिर चहार्दथे ।१०८।

के हो बुद्धि छ के ज्ञान पढाइभित्र के छ र ?
यो भन्थ्यो मनले जान्थे बदाम काजुका भर ।१०९।

पढे त्यो खान पाइन्छ ढुक्क मानेर बालक
दिएजति सबै पाठ बुझाउँथे बुझेतक ।११०।

शुद्ध शान्त थलो साह्रै हराई वायु स्पर्शमा
काखकाखै लिएजस्तो हुन्थे ती उच्च हर्षमा ।१११।

उड्ने विहङ्गका साथ खेल्दथ्यो उनको मन
थियो आनन्द त्यो बेला उनले पर्छ सम्झिन ।११२।

साथीभाइ सबै उस्तै खेल्ने खेलाउने अति
केही मीठो भए पाए भागै पुऱ्याउने कति ।११३।

लुगाभरि धुलो ज्यादा टक्टक्याए स्वयं कहीँ
पालो कुर्न नपर्नेमा उनी हुन्थे जहाँतहीँ ।११४।

रमाइला हुने खेला रहरका भएजति
आफ्ना यी मनका ताँदा चङ्गाजस्ता हुने कति ।११५।

चरीजस्तै उडी भुर्र लाग्ने हेर्न सबै मन
मन नै मनको मान्छे मनकै हुन्छ गुञ्जन ।११६।

धूलो भेटे धुलै राम्रो भेटे पत्थर कोमल
काँडो भेटे अझै लाग्ने नरमी मन निर्मल ।११७।

ठूला-साना सबै उस्तै लाग्ने ती वयका वय
भाँडाकुटी अर्झ लाग्ने हुन् कि झैँ भव्य आलय ।११८।

सभ्यताको सिँढी टेकी पुग्नैछ उच्च विन्दुमा
पहरा कन्दरा झेल्दै मिल्नैछ दिव्य सिन्धुमा ।११९।

कछुवा चालको ज्ञान खरायोजत्तिको भयो
प्रवेशिका परीक्षामा नतिजा प्रस्ट देखियो ।१२०।

ज्ञानीको ज्ञान बेचिन्न यत्रतत्र बजारमा
सर्वोन्नत छ विद्या नै भएका सब वस्तुमा ।१२१।

माथिल्लो स्थानमा देख्ने पिताको चाहना अति
निरन्तर पढेकाले क्षमता कति हो कति ।१२२।

मातापिता हुँदा ज्ञानी आए ती शुभलक्षण
सहपाठी भए उस्तै जो थे सङ्गतका जन ।१२३।

दृढ विश्वास राखेर चेतना झक्झकाउँदा
उत्साहले बढेका छन् ज्ञानमा ती रमाउँदा ।१२४।

(भुजङ्गप्रयात छन्द)

भरी कोख आफ्नो दिने जन्म आमा
बसी काख आनन्द मान्दैछु बाबा ।
बनी शब्द माला गरौँ एक गान
बुबा एक यस्ता भए दिव्य यान ।१२५।

तिमी देव बन्दा पुजारी म हुन्छु
र आकाश चुम्ने कुनै लक्ष्य गुन्छु ।
बनी प्रेमगङ्गा बगेको समान
छ इच्छा हँसाएर राख्ने जहान ।१२६।

मुमा काख मेरो बुबामा छ चारो
बुबाको सहाराविना बाँच्न गाह्रो ।
नघट्दो छ माया बढेको छ वर्ष
सुसम्मान गाढा सधैँ लाग्छ हर्ष ।१२७।

बुबा दुःखहर्ता बुबा बुद्धिदाता
बुबा शब्दमा नै खुलेको छ नाता ।
सबै सिर्जनाका बनेभ्रैँ बिहान
भरी हुन्छ आस्था छचल्किन्छ शान ।१२८।

(मालिनी छन्द)

सरस मन उज्यालो हुन्छ बाबा किनार
जतिजति तन छोयो बग्न थाल्छन् विचार ।
धपधप वय तिम्रो छेउमा ज्योति छर्ने
प्रकृतिसित उदाई शब्द संसार चर्ने ।१२९।

खलखल पसिनामा छैन लाग्दो थकाइ
सब मनतिर बस्ने बन्न भन्छौ मलाई ।
नव-नव रस तिम्रो च्याप्प छोप्ने बनाई
युगयुगतक बाँचूँ बाबुको साथ पाई ।१३०।

हरपल फल फल्ने ज्ञानको बोट लाऊ
मगज र पसिनाको मूल्य के हो बताऊ ।
नवनिधि नवभाका बुभ्छु के हो मजाले
अजर-अमर वाणी राष्ट्रमा फैलिनाले ।१३१।

युगपुरुष म बन्ने कर्म छोप्ने छ इच्छा
अनुनय छ तिमीमा हुन्छ पक्कै सदिच्छा
अनुपम रस तिम्रो चित्तले सोस्न थाल्यो
मृदुल सरल भाका भावमा भुन्भुनायो ।१३२।

हृदयतल छ भाषा बुझ्नुपर्नेछ मैले
अमृतमय छ मौका हात पार्नेछु ऐले ।
समय अधिक मेरो देशको नाममा होस्
प्रखर निडर मान्छे कर्ममा घुल्न पाओस् ।१३३।

कति सृजनकला छन् सोचमा हुन्छु धेर
अतिशय मन रम्ने उठ्छु भन्दा सबेर ।
छटपट किन यस्तो के गरी शान्त हुन्छु
हजुर नजिक बस्दा दिव्य आकाश छुन्छु ।१३४।

घर वरपर गर्दै बाबुलाई लिएर
लुटुपुटु मन मेरो प्रेमधारा पिएर
अतुल प्रकृति व्याख्या ती सबै घुट्ट पारी
सकभर पछि पारेँ कल्पनाको छहारी ।१३५।

(अनुष्टुप छन्द)

परिश्रमी हुँदा व्यक्ति बढ्यो सिर्जनशीलता
भादगाउँ छिचोलेर पुग्यो ख्याति जतातता ।१३६।

निकै छौ प्रतिभाशाली झल्किन्छ विनयीपन
सोद्देश्य कार्य संलग्न गर्ने गहन चिन्तन ।१३७।

परोपकार, औदार्य, सदाचार, सहिष्णुता
उत्साहपूर्ण जिज्ञासा खुल्छ आकृतिमा सदा ।१३८।

लुछाचुँडी बढे हुन्न अग्रगमन, उन्नति
स्वार्थले रत्ति चल्दैन हाम्रो जीवनको गति ।१३९।

साझा उद्देश्य बोकेर लम्कूँ म अन्य लम्किऊन्
बृहत् लक्ष्य लिएका छौ सबले साथ नै दिऊन् ।१४०।

लम्ब्यायौ कर्मका रेखा हुन्नन् विचार साँघुरा
सहयोगी बने मिल्छन् आपसी द्वन्द्वका कुरा ।१४१।

समाधान छ आफैँमा समस्याका निदान छन्
स्वयम् वनौषधिजस्तो आफ्नै रोग हटाउँछन् ।१४२।

उचाइमा पुग्यो लक्ष्य श्रद्धाका शब्द अर्पिएँ
समर्पित भएँ आफैँ सम्पूर्ण भाव खर्चिएँ ।१४३।

तिमी हौ युगका द्रष्टा विश्वमा नै प्रसिद्ध छौ
सुम्पियौ जीवनी आफ्नो कर्तव्यमा विशिष्ट छौ ।१४४।

मेरो भन्न नचाहेर हाम्रो भन्न रुचाउने
स्वाभिमानी स्वयंभित्र आफूलाई अटाउने ।१४५।

अभियान छ जो तिम्रो भ्रष्टाचार निवारक
मिलोस् सफलता राम्रो बन्न सक्नू नियन्त्रक ।१४६।

बन्द ढोका उघारेर शिवदर्शन गर्दछौ
संस्कारको जगेर्नामा अत्यन्तै पछि पर्दछौ ।१४७।

कर्म पत्थरमा प्राण भर्न सक्ने गरून् सब
तिम्रो सोचाइ उत्कृष्ट देशमा भर्न वैभव ।१४८।

प्रकृतिप्रेम गाँसेर आत्मबल उकास्दछौ
देखी कुकर्म ती त्याग्ने सद्भाव व्यक्त गर्दछौ ।१४९।

एक-एक गरी सारा प्रस्टै विचार राख्नुछ
लाखौं चित्त सपार्नेको हृदयाभाव हाँस्नुछ ।१५०।

चिन्तनका भई स्तम्भ साधना गर्न लाग्दछौ
आत्मविश्वासको ढुङ्गो भावनाले पगाल्दछौ ।१५१।

पछ्याएर म लाग्नेछु डोर्‍याउने तिमी बन
तिम्रा अन्तरका गाथा टिपेर बनूँ जीवन ।१५२।

शास्त्र दर्शन यी पढ्दै फाँड्दै दर्शन छन् कति
अनुष्ठान यिनैमाथि ध्यान दिन्छन् भएजति ।१५३।

दृष्टि यथार्थले गर्दा हुँदै हुन्नन् कुनै खति
योगाभ्यासहरूद्वारा चाल्दछन् देहको गति ।१५४।

साथी बन्ने अझै गाढा आत्मीयमा थिए कति
सम्झिई ल्याउँदा घुम्छन् तिनै मस्तिष्कमा अति ।१५५।

विद्यालय थियो राम्रो त्यो दरबारमार्गमा
लाग्थे राम्रा घरानाका सन्तति सब पढ्नमा ।१५६।

कर्मण्यता छ यो तिम्रो आहा ! भन्नेहरू थिए
ती सबै नै सकेसम्म सकारात्मक भैदिए ।१५७।

रूप र गुणमा श्रेष्ठ थियौ किशोरमा पनि
अभ्यासको सऱ्यो बानी तिम्रा अन्तरमै पनि ।१५८।

माध्यमिक सबै कक्षाबाट पार तिमी भयौ
मिहिनेत फल्यो राम्रो कलेज खोज्न तम्सियौ ।१५९।

कलेज कुन राम्रो छ विचार गहिरो लियौ
त्यो नेसनलमा शिक्षा लिने उद्देश्यमा थियौ ।१६०।

(शार्दूलविक्रीडित छन्द)

सादा जीवन उच्च दृष्टि यिनको शिक्षा निकै झाङ्गिने
आँटेको भरमा यिनै भरतले बाटो अलग्गै लिने ।
देखेको सपना उजागर भयो विद्या लिने लक्षण
जे विश्वास थियो त्यसै हुन गयो खुल्दै गयो प्राङ्गण ।१६१।

ऊर्जाको बलले अगाडि हुन के लाग्दै नलागोस् धक
पढ्नेले सजिलै पढेर नहुने होला र के स्नातक ?
बाधा-अड्चनको सिकार नभई त्यो उच्च शिक्षा पनि
पूरा गर्न सकेर धन्य म भएँ भन्ने जनायौ त नि ।१६२।

(अनुष्टुप छन्द)

चाहेजस्तो भयो शिक्षा विद्वान् शिक्षक भेटिँदा
क्षुधामा तृप्ति पाएझैँ भरतमणि लेखिँदा ।१६३।

कलेजमा थियो शिक्षा लक्ष्यले अघि नै सऱ्यो
ज्ञानको होडजस्तो भो हार्ने समय नै पऱ्यो ।१६४।

प्राप्तिको त्यो शिखा अग्लो आभासभित्र आउन
पुष्पवृष्टि भएको छ भाग्यलाई उठाउन ।१६५।

विद्यादेवी बसेकी छन् दाहिने बन्न भेलको
लेख्ने कार्य अझै खार्ने मनसाय छ मेलको ।१६६।

आस्थाका पुञ्ज हौ मेरा भाव विचार रोज्दछौ
ओजिला काव्यमा भाव दैनिक भर्न खोज्दछौ ।१६७।

तिमी युगीन बन्दैछौ युगको सोच दिव्य छ
तिम्रो हिम्मत देखेर धरातल फुरुङ्ग छ ।१६८।

काम हतारमा हुन्न धैर्य गराउने मन
धाराप्रवाह जस्तो छ त्यस्तै तिम्रो छ चिन्तन ।१६९।

भाषा-साहित्यमा तिम्रा भावना सब लायक
अनन्तसम्म बाँच्नेछौ बनेर युगदर्शक ।१७०।

दयामाया र विश्वास अनुहार झलक्क छ
कोमल दिलका खानी मूल्याङ्कन अथाह छ ।१७१।

खेल्थ्यौ रे साथमा साथी पसी डन्डिबियो तिमी
ईशकीर्तनमा लाग्थ्यौ प्रभात-साँझमा जमी ।१७२।

छैनन् विलासका वस्तु जताततै सरासर
मोबाइल टिभी के होस् पत्रिका नै भयो भर ।१७३।

स्वयम्भित्र डुब्यौ नित्य दिलद्वार सधैँ खुली
आलोक लोकका भित्र बले दीप थपी चुली ।१७४।

(शार्दूलविक्रीडित छन्द)

एकाकार भएँ असाध्य म यहाँ आफैँ हराएसरि
सारा भाव झिकी समर्पण गरेँ कस्तो गरायौ हरि ।
अर्कैको अनुसारभित्र नहिँडी बोल्ने बनोस् यो कवि
आफ्नै यो प्रतिबिम्बबाट चिनिने राम्रो बनाई छवि ।१७५।

(उपजाति छन्द)

समाजसेवा उपकार भाव
ढपक्क छायो गतिलो प्रभाव ।
देखेर लाली भवमा सहस्र
अनन्त यात्रा पनि हुन्छ हर्ष ।१७६।

आशाविनाको शुभकर्म थाली
अत्यन्त गर्वोन्नत भाव पाली ।
अनेक शिक्षा धन अन्त सारी
प्रज्ञान तिम्रो भवको छहारी ।१७७।

सर्वस्व जित्ने न कुनै छ चाह
मूर्धन्य छौ नै नगरेर डाह ।
चट्टान सारा घिउ पार्नलाई
भयौ अदेखा मनमाझ आई ।१७८।

सङ्घर्षशाली अति शक्तिशाली
सर्वोच्च शिक्षा हुनु हुन्न खाली ।
झलक्क झल्को भय दूर भाग्छन्
डाँडापखेरा पनि साथ माग्छन् ।१७९।

आरोहजस्तो अवरोह हुन्न
सत्कर्म गर्दा अवकाश रुन्न ।
सामर्थ्य आफ्नो छ सुरुप्प पार
हुँदैन खल्लो सुविचार सार ।१८०।

प्रताप छायो शुभभाव जाग्यो
सद्ज्ञान पोख्दा तम दूर भाग्यो
देखेर तिम्रो प्रतिभा अनेक
भए उज्याला समका विवेक ।१८१।

(द्रुतविलम्बित छन्द)

समयले वय माथितिरै लग्यो
युगलमा मन बाँधिनमा बग्यो ।
प्रणयको रसमा मधुमाधुरी
लिन हतार छ चित्त चढ्यो धुरी ।१८२।

•

जन्मे हुर्के लिई शिक्षा कुलीन गेह वंशमा
बने भरत गम्भीर अन्यायीका विपक्षमा
संस्कार उनमा फुर्दै गए घडी पला-पला
अन्यायको विरोधी भै उठे जीवनमा खुला
पृष्ठभूमि त्यही रोप्तै देखिन्छन् पत्रकारमा
उपन्यास कथा लेख्छन् अन्यायीकै विरोधमा
देखे नीतिविरुद्धैमा कुनै कार्य कुनै कुरा
तत्कालै कुर्लि नै हाल्छन् सहँदैनन् तिनी व्यथा
केस्रा-केस्रा कुकृत्यैका भन्डाफोर गरीकन
नङ्ग्याउँछन् सबै साम्नु चाहन्छन् गर्न भञ्जन
भरतमणि आफैँमा अनुशासनका प्रिय
त्यही मार्ग सधैँ हिँड्छन् स्वभावैले निरन्तर

**– आर. डी. प्रभास चटौत**

('भरतांशु' महाकाव्यको भूमिकाबाट)

# दोस्रो सर्ग (प्रेमलहरी)

(द्रुतविलम्बित छन्द)

रहरले मनमा परिवर्तन
सबलको बलमा किन धड्कन ?
पवनमा वनकुञ्ज लठारिए
गगनको तलमा मणि बाँधिए ।

(वियोगिनी छन्द)

नव यौवनका लताहरू
जब बढ्छन् तनमा खुरूखुरू ।
अनि हुन्छ अनेक चिन्तन
कति मिल्छन् कति डुब्दछन् तन ।१।

(तोटक छन्द)

प्रेमी :

तुलना नहुने वयमा भरिने
अति सूक्ष्म बनी दिलमा छरिने ।
अति शान्त तिमी मधुरी नबने
भन दिव्यपुरी कसरी सजिने ? ।२।

प्रेमिका :

जब प्रेम बुझी नजिकै म भएँ
तब मौन बसी मनभित्र गएँ ।
नङमासु अभिन्न भए जतिको
जसको बलमा पल भो त्यतिको ।३।

प्रेमी :

कमलो मनको वशमा नपरी
भन बढ्छ कुरा कसरी नगरी ।
कति चञ्चल छ्यौ, कति सज्जन छ्यौ
त्यस कारणले दिलमा अटिछ्यौ ।४।

प्रेमिका :

जति कोमलता उति सुन्दरता
सुखका पल हुन् अबका दिन ता ।
अधिकार तिमी, हितकार तिमी
अवनीभरका सरकार तिमी ।५।

प्रेमी :

जबदेखि तिमी नजिकै म भएँ
दुखकष्ट भुली रसमा म गएँ ।
मनमा छ मसी, तनमा छ कसी
नजिकिन्छु यसै नभए नि रसी ।६।

प्रेमिका :

कुलजात कसो म कुनै चिनिनँ
परिणाम पछाडि छ के बिनिनँ ।
न त साथ कुनै दिन सक्छु थियो
न त भाव छुने झलमल्ल दियो ।७।

प्रेमी :

समभाव तिमी र ममा नभए
भन बातविना कसरी म गएँ ।
अनभिज्ञ यहाँ सब प्रस्ट भयो
अति चाहतले मन रोज्नुपऱ्यो ।८।

प्रेमिका :

कति सभ्य तिमी, कति दिव्य तिमी
छ मनोहरता दिलभित्र घुमी ।
रसपान गरी विनयी मनको
मन पेट दुवै भरिए समको ।९।

प्रेमी :

अति मग्न भएँ कर थर्र भए
नभएर तिमी अनि खोज्न गएँ ।
घर आँगन या फलबृक्ष तिमी
भवसागरको जलभित्र तिमी ।१०।

प्रेमिका :

कति छन् मनमा भलभैँ रहर
भन जङ्गम नै किन भो कहर ।
मनचित्रभरी क्षणमै म भएँ
सुखको परिपाक दिशा म गएँ ।११।

प्रेमी :

दिल पत्थरको हुनु हुन्न कतै
वन खोँच गरा पनि लट्ठ यतै ।
जब प्रेम यहाँ जयगान भयो
गहिरो मनमा छु र बास भयो ।१२।

प्रेमिका :

चिनजान भयो, मनमाझ भयो
नहुने पनि ता छ कहाँ छ भयो ।
हुन सक्दछ गौरव विस्तृतमा
शुभलक्षण छाउँछ चेतनमा ।१३।

प्रेमी :

अनमेल नहोस्, मनरोग नहोस्
अनि जीवन दिव्य र शान्त रहोस् ।
मति भ्रष्ट नहोस्, असमान नहोस्
परमेश्वरको पनि चिन्तन होस् ।१४।

प्रेमिका :

कति सुन्दर भाव छ रूपसरि
मननाद बनी रहने यसरी ।
परिपक्व कुरा दिलमा भरिने
समभाव बनी तनमा छरिने ।१५।

प्रेमी :

न तिमी तल छ्यौ न म नै तलको
सुविचार मिलेर भयौँ मनको ।
अघि बढ्न तयार छु बढ्न भन
कसको भरमा छ र को नभन ।१६।

प्रेमिका :

कहिले मनको, कहिले तनको
दिनरात बसौँ नबनी धनको ।
कहिले वनको, कहिले जनको
तर भौतिकता नरहोस् टनको ।१७।

प्रेमी :

किन हुन्छु उता, किन हुन्न यता
अझ बैगुनको छ विचार कता ।
हुन सक्छ र भाव किनार कतै
बन ढुक्क तिमी मनबाट यतै ।१८।

प्रेमिका :

परमेश्वरको छ कृपा र भन
प्रियपात्र तिमी अवतार बन ।
जननी धरणी दिलदार सधैँ
म बनूँ गृहिणी शुभलाभ अझै ।१९।

प्रेमी :

ममता गहिरो नभई नहुने
र त दैनिक भेट अवश्य हुने ।
बलियो मनको जब हुन्छ जन
तब पो अति रम्य हुनेछ मन ।२०।

प्रेमिका :

अब पाठ तिमी अनि पाठक म
मनवाग तिमी घर आँगन म ।
वनकुञ्ज थपी मन तृप्त हुने
सब सार तिमी शुभकार्य छुने ।२१।

(मालिनी छन्द)

प्रेमी :

अमृतमय छ बोली शब्दमाला बनाऊ
सकभर मनलाई भावनामा बगाऊ ।
अलिछिनपछि भन्दै चित्तलाई चलाई
किन पर मन साछ्र्यौ कल्पनामा हराई ।२२।

प्रेमिका :

रनवन सब डुल्दै प्रीतिको गीत गाएँ
अझ पनि किन भन्छौ प्रेम गर्दा हराएँ ।
नभन न अति साह्रो चस्स दुख्ने गरेर
तन मन सब अर्पे प्रेमरोगी बनेर ।२३।

प्रेमी :

हरपल मन मेरो फुत्त भाग्ने बनायौ
अधर तल लुकाई भोक निद्रा हरायौ ।
पख पख किन भन्छ्यौ सम्झनामा छँदैछु
घरवरिपरि नाच्ने दीर्घरोगी म नै छु ।२४।

प्रेमिका :

जति-जति मनलाई शान्त पारेर बस्छु
उति-उति प्रियलाई भावनाभित्र कस्छु ।
भरतमणि नराम्रो बन्न सक्तैन पक्कै
प्रकृतिभर डुलाई भुल्न थालेर छक्कै ।२५।

प्रेमी :

जब दिल-दिल जोड्ने प्रेम डोरी निकाल्यौ
तन छटपट पार्ने स्वप्न संसार चाल्यौ ।
घरिघरि मुटु काम्ने गर्छ भन्दा डराई
जति पनि वर सर्छन् दृष्टि गाढा गराई ।२६।

प्रेमिका :

अलिकति कम मेरो वर्ष गन्दा उमेर
अधिक चतुर बन्दा बैँस जाला कि खेर ।
मधुर सफलताको दिव्य आशा जगाएँ
जय जय जय शम्भो ! प्रार्थना गर्न आएँ ।२७।

प्रेमी :

तर-तर पसिनाले प्रेमगङ्गा बगाई
सबतिर फल फल्ने बोट सारा लगाई
हरित विटप झाडी भित्र पार्दै हराऊँ
अमृत फल फलाऊ टिप्नलाई म आऊँ ।२८।

प्रेमिका :

चरचर किन फाटे चाहना भित्रभित्रै
नयन तिरमिराए मौसमी घामजस्तै ।
चुटुचुटु मन पाक्दा शान्त पार्ने तिमी छौ
युगल वय समाती भुर्र उड्ने भएछौ ।२९।

प्रेमी :

प्रकृति चकित पार्ने चाह मेरो बुझेर
ढलक ढलक ढल्की सिर्जनाले उनेर ।
नजिक नजिक सर्दै चप्प पार्दैछ हेर
अबुझ नबन धेरै दृष्टि छर्नैछ धेर ।३०।

प्रेमिका :

सबतिर मन डुल्ने बस्न सक्दैन शान्त
भन न प्रिय तिमीले बुझ्नुपर्दैन अन्त ।
अतिशय हुन थाल्यो वेदना उम्लिएर
बरु पछिपछि लाग्ने बन्न आऊ मनेर ।३१।

प्रेमी :

समय अधिक मेरो साथ खोज्दैछ तिम्रो
प्रकृति नियम हो यो बुझ्न सक्दा छ राम्रो ।
अमृत रस छ तिम्रो घुट्ट पार्ने बनाऊ
असुर-सुर सबैको शक्ति छल्ने गराऊ ।३२।

प्रेमिका :

विजन विपिन पाए स्वर्ग संसार हाम्रो
उकुसमुकुस फाल्ने भाव अन्सार राम्रो ।
सगर तल परेको हुन्छ आभास बुझ्दा
अमृत कलश कोल्टे पर्न सक्ला र नुघ्दा ? ।३३।

प्रेमी :

समयसित जुधेको प्रेमको सिर्जनामा
अविचलित बनेको हुन्छु एक्लोपनामा ।
अगणित सब चिन्ता मेट्न सक्ने बनाऊ
अपरिचित छ माया चिन्नलाई सघाऊ ।३४।

प्रेमिका :

अनुपम मन तिम्रो भोक-तिर्खा नखोज
अजर अमर प्रेमी प्रेमलीला नरोक ।
प्रकृतिसँग छ नाता दिव्यतामा हराऔँ
हृदयसित उदाई धन्य प्रेमी बनाऔँ ।३५।

प्रेमी :

कहर रहर होला दीपझैँ झल्झलाए
युगयुगतक बाँच्छौँ धैर्य गर्दै गराए ।
जतिजति मन मिल्ने हुन्छ वार्ता गराई
उतिउति बुझ हाम्रो उच्चतामा बधाई ।३६।

प्रेमिका :

विमल झलकजस्तो टल्किने भाव पोख्दा
महल छ पहराको ढल्किने शक्ति जोख्दा ।
प्रकृति सृजन कस्तो तन्किने शब्दचित्र
सुखदुख सब हाम्रो देखियो प्रेमभित्र ।३७।

प्रेमी :

छु म पनि त तिमीझैँ भित्रभित्रै पसेको
हितसित मुटु आफ्नो खोज्छु खै के भएको ।
तन-मन-धन छान्ने के छ यो देहभित्र
मनबिच धुरिएका भावना छन् विचित्र ।३८।

प्रेमिका :

अजर अमर आत्मा बन्न सक्नेछ साथ
त्रिभुवनभरमा नै उच्च पारेर माथ ।
दसतिर मन जाने यात्रु बन्ने विचार
हृदयतल नपुग्दै साधनाले पछार ।३९।

प्रेमी :

सुमन सुजन को हो बल्ल बुझ्दैछु मैले
छलकपट गरेमा कारबाही क्रमैले ।
सुपरिचित छ हाम्रो प्रेमभाषा र भेष
समयसित नहार्ने बन्न भन्दैछ देश ।४०।

प्रेमिका :

सबतिर प्रिय बन्ने सोच यस्तो छ हाम्रो
अझ पुलकित पार्दै बाँच्नु आधार राम्रो ।
चर अचर सबै छन् पढ्नुपर्दैछ आजै
विजय जुलुस आफ्नो बन्नुपर्नेछ आफैँ ।४१।

(वसन्ततिलका छन्द)

प्रेमी :

संसारभित्र कति छन् सुख राग क्रोध
मायाविना भन कहाँ हुन सक्छ बोध ।
माया र मोह जति होस् मनभित्र सारौँ
आचार शब्द छ मिठो त्यसमै उतारौँ ।४२।

प्रेमिका :

होस् कल्पना मनमनै कति पुग्छ होला
विश्वासभित्र म रहे छलले नछोला ।
बुझ्दैछु भिन्न मनका सुविचारधारा
बाँच्दै बचाउन सकौँ सबका सहारा ।४३।

प्रेमी :

धर्ती सराक कहिले भन एक हुन्छ
यस्तो छ प्रश्न नगरे मनपेट छुन्छ ।
के सामुमा छ म कहाँ छु कतै नपारी
रक्षार्थ खट्नुछ मिलोस् रसिलो छहारी ।४४।

प्रेमिका :

आँखा अघिल्तिर हुनेछ कि भन्नुपर्ने
घुम्दै गयो मन कता अब के छ गर्ने ।
दृश्यावली भुवनले झलमल्ल पार्‍यो
त्यस्तो विचार अहिले किन उठ्न थाल्यो ।४५।

प्रेमी :

पार्नेछु जीवनमुखी सुविचार दिव्य
सौन्दर्य ता कलममा तब हुन्छ भव्य ।
त्यस्तै सुखासन तिमी म भएर एक
लाग्ने विचित्र युगको घटना अनेक ।४६।

प्रेमिका :

लोभ्याउने प्रकृति यो बुझ जिन्दगीको
लाग्दैछ दिव्य गहना शिवपार्वतीको ।
फुल्दै गए रहर ती मनभित्र उन्न
आनन्दमा प्रिय तिमी नभएर हुन्न ।४७।

प्रेमी :

गन्तव्य खोज्न नपरी वनकुञ्जभित्र
कस्तो तरङ्ग छरियो तनमा सचित्र ।
तिर्खा म हूँ प्रियतमा वय घुट्घुटाऊँ
कैलाश पर्वत डुली मनमा बिसाऊँ ।४८।

प्रेमिका :

बत्ती बले झिलिमिली शुभयोग छाई
छौं मार्गमा अझ दुईतिर नै हिँडाई ।
आदित्य नील नभको रसरङ्ग पाई
पीयूष पल्लव तिमी हृदयाङ्गलाई ।४९।

प्रेमी :

सन्देह छैन मनमा किन दूर यात्रा
यो मार्ग नै शुभ भयो नबनेर जात्रा ।
सारा कला बन तिमी र म चित्रकार
तारा बनी गगनमा झलमल्ल पार ।५०।

प्रेमिका :

पर्दाविना हुन गए सबमाझ ढोका
संसारको हृदयमा नबनोस् न धोका ।
झल्किन्छ प्रेम जगमा नगरेर हानि
एकै छ भाव मनका र त जिन्दगानी ।५१।

प्रेमी :

भेटिन्छ प्रेमिल कला खुब साधनामा
दौडिन्छ यान जसरी परिकल्पनामा ।
आऊ तिमी हृदयमा बस पार्वतीझैँ
राधासमान विजयी हुन सक्छु भन्दै ।५२।

प्रेमिका :

तिर्खा छ भन्न नसकी पर सर्न थाले
काँडा र फूल नचिनी झुकिए मजाले ।
छन् जे जहाँ पछि परी घटना सुनाऊ
सीता र राम सम छौँ घरमा लुकाऊ ।५३।

प्रेमी :

जस्तो परे पनि परोस् दुख भो नसोच
सौन्दर्यपूर्ण वय संशयले नघोच ।
छ्यौ जोसिली हृदयकी अति रौसिली छ्यौ
संयोग प्रेममय होस् पथमा तिमी छ्यौ ।५४।

प्रेमिका :

होस् प्रेरणा सुजनको हुन एकनास
हाँसून् मुसुक्क दिनझैँ बस आसपास ।
भागून् सबै कहरिला दुखकष्ट हाम्रा
होऊन् विलक्षण कला भवमाझ राम्रा ।५५।

प्रेमी :

सन्मार्गको पथ बनोस् करकाप जे होस्
लम्केर यौवन छुँदा जय हात पारोस् ।
आकाश चित्रण गरी जलझैँ बहन्छ्यौ
के दुःख, पीर र खुसी सहजै सहन्छ्यौ ।५६।

प्रेमिका :

सद्भाव राख्न छ यहाँ कसले सिकायो
विश्वासका सहरमा किन पो झिकायो ।
उद्देश्य हासिल रहोस् अघि बढ्नलाई
बाचा र बन्धन मिली नठगे मलाई ।५७।

प्रेमी :

फैलिन्छ प्रेम भवमा अविरामसाथ
बिग्रिन्न कर्म सहजै झुकिराख्न माथ ।
इच्छा गरे पर हुने सुविचार हुन्न
दृष्टान्तका शिखरमा प्रिय प्रेम रुन्न ।५८।

प्रेमिका :

लालीगुराँस वनमा जति छन् फुलेका
पाखा र पर्वत नदी त्यति नै खुलेका ।
सौभाग्य ठान्दछु म ता मन हुन्न सुँक्क
मेटिन्न भाव मनको अनि हुन्छ ढुक्क ।५९।

प्रेमी :

भोगी अनेकन कुरा परिपक्व हुन्छ्यौ
औँला उठे यदि भने तब लक्ष्य छुन्छ्यौ ।
जस्तोसुकै कठिनका दिनरात आऊन्
बाधाविना सरसरी अति दूर जाऊन् ।६०।

प्रेमिका :

तिम्रो जहाँ मन गयो म नि जान्छु हेर
मिल्छन् त्यहाँ हर खुसी फल मान्छु धेर ।
निर्धक्क बाँच्नुछ यहाँ जति होस् उमेर
माया र प्रेम बटुली रसमा डुबेर ।६१।

(भुजङ्गप्रयात छन्द)

प्रेमी :

पखेराहरू छन् मरुत्‌साथ मस्त
उता सूर्य विश्राममा छन् नि अस्त ।
अँगालो नहाली कुरा जेलिएका
फुकून् प्रेमगाँठा सबै बाँधिएका ।६२।

प्रेमिका :

तिमी बाग्मती हौ बगाऊ मलाई
तिमी माउते हौ कुदाऊ चढाई ।
गरौँ जे बिलौना सबै ढुक्क सुन्छु
गरी चिम्ल आँखा तिमीभित्र हुन्छु ।६३।

प्रेमी :

नफुल्दै निमोठिन्छ उद्यान हाम्रो
कहाँ होस् प्रतिष्ठा तथा शान राम्रो ।
छ सङ्घर्ष धेरै बनौँ कर्मनिष्ठ
नयाँ नाम हाम्रो बनोस् झन् विशिष्ट ।६४।

प्रेमिका :

गरे प्रेम गाढा हुँदो रै'छ गैह्रो
छुटे जान सक्ला ममा एक पैह्रो ।
गरूँ के भएँ भन्नलाई नसक्ने
हिँडूँ दूर छैनन् कता पाउ चल्ने ।६५।

प्रेमी :

सधैँ हुन्छ यस्तै र वेशै छ चाल
नसा छन् जमेका नहोस् है कमाल ।
न ता फूल फुल्ने न ता फल्छ केही
समाएर डालो नटेक्ने छ कोही ।६६।

प्रेमिका :

गरेँ देव पूजा लगाएँ प्रसाद
चिताएँ म यस्तो नपारून् फसाद ।
सबै अङ्ग मेरा तिमीभित्र हुन्छन्
दुवै ओठ काम्छन् दुवै नेत्र रुन्छन् ।६७।

प्रेमी :

महात्माहरूको महात्मा हुने म
तिमी उर्वशीझैँ इसारा बनेँ म ।
थियो धैर्य धेरै ममा के गरेर
स्वयं चिन्न छोड्ने भएँ झैँ छ हेर ।६८।

प्रेमिका :

छ यो जिन्दगानी किनारा दुईमा
मिलेको भिजेको रुई या फुईमा ।
लता यो उताको छ छायाँ चुमेको
नछाडी उतै बासमा झन् झुमेको ।६९।

प्रेमी :

म प्यासो भएको पिलाएर पानी
धपक्कै उज्यालो हुने जिन्दगानी ।
मिटाऊ मिठो प्यासको प्यार लेपी
नजाऊ छुटाई कतै आँत छोपी ।७०।

प्रेमिका :

तिमी बृक्ष अग्लो लता रूपमा म
कहाँ हौं हुने भिन्नका तालमा म ।
तिमी एक हस्ती रहेमा यता म
नहोस् याद निद्रा सधैंको हराम ।७१।

प्रेमी :

जसै जिन्दगानी यहाँ जुर्मुरायो
त्यसैसाथ शङ्का पलाएर आयो ।
उषा जिन्दगी हो उषा प्रेमगान
निशातुल्य पार्दा तरङ्गायमान ।७२।

प्रेमिका :

यता सूर्य झुल्के उता हुन्छ रात
बसी कल्पनामा बढेको छ मात ।
महादेव मेरा निदाए कि भन्दै
म तड्पिन्छु माछोसरी दिक्क बन्दै ।७३।

प्रेमी :

उँचो शैल चढ्ने जुटाएर साध्य
जहाँबाट आएँ त्यहीँ फिर्न बाध्य ।
स्वयंको भरोसा स्वयंमै निराशा
नवद्वार खुल्ने कि होस् मन्द आशा ।७४।

प्रेमिका :

थिएँ गोप्य तिम्रो सबै सामु पार्दै
छुटायो उडायो घचेट्दै लतार्दै ।
कतै सम्झनाको हुनै हुन्न फेरो
कुनै कालको पाहुना मात्र मेरो ।७५।

प्रेमी :

न सत्कर्मले बुद्धिमानी ठहर्छु
न बोल्दै नबोली म सङ्कल्प गर्छु ।
दिवारात रुन्छन् भएँ के र बाठो
कमाई तिमी थ्यौ पर्‍यो त्यो नि गाँठो ।७६।

प्रेमिका :

लुकाऊ जहाँको त्यहीँ घाउचोट
दुवैको खुसीमा बसेको छ खोट ।
हुने के भयो के नराम्रै नराम्रो
नचाहेर यस्तो रुने भाग्य हाम्रो ।७७।

प्रेमी :

खुसीले बितेका उज्याला बिहान
अनायास रोए वियोगी समान ।
बगैँचा थियो फूल फुल्थे परागी
उखेले र सारा बनाए विरागी ।७८।

प्रेमिका :

दिवामा निशा नै लुकेझैँ छ आज
थियो सूर्यमा तापको त्यो सुताज ।
चिसो दाउराले चुलो बाल्न गाह्रो
यहाँ शान्त राख्दै तताएर साह्रो ।७९।

प्रेमी :

बनेकी थियौ प्रेरणाकी मुहान
तुवाँलो ढपक्कै भएको छ भान ।
छ सङ्घर्षको जिन्दगी चाल पाएँ
त्यसैले तिमीसामु नै गिड्गिडाएँ ।८०।

प्रेमिका :

दुवै एक आत्मा हुँदा धेर खासा
त्यहीँ प्रेमगाथा बनोस् लाग्छ आशा ।
भताभुङ्ग पार्दै जरा नै उखेल्यो
नभेट्ने नबोल्ने बनाई धकेल्यो ।८१।

(मन्दाक्रान्ता छन्द )

प्रेमी :

आस्था राखी गति समयको बुझ्नपर्ने थियो कि ?
छाडी जाने मनमुटु कतै फर्किने पो थियो कि ?
एक्लै बस्दा यस बखतमा स्वप्नमा डुब्न लागेँ
स्वप्नामा नै कतिपय कुरा सोच राख्दै म जागेँ ।८२।

प्रेमिका :

साह्रै राम्रा भरतमणिकी प्रेमिका बन्न पाई
लाग्यो साँच्चै शुभपल यहाँ भेटिएको मलाई ।
सोचेजस्तै स्मृतिलहरमा झट्ट के हुन्छ होला
राधारानी मधुर लयको गीतजस्तो छ चोला ।८३।

प्रेमी :

साह्रै राम्री युगपुरुषकी प्रेमिका साधनामा
यस्तो प्यारो शुभपल यहाँ भेटियो सम्झनामा ।
आँखा साम्ने टिलपिल हुने वेदनाको छ दृश्य
केले जोड्यो अनि अलगियो बन्न थाल्यो रहस्य ।८४।

प्रेमिका :

को हो आफ्नो सुख र दुखमा हुन्छ गर्ने विचार
हेर्दा उस्तै सब मनुज छन् भाग्यमा अन्धकार ।
एक्लाएक्लै रहनुछ भने भेटवार्ता नहोस् न
देखी यस्तो प्रकृति रसको रङ्ग सारा नखोस् न ।८५।

प्रेमी :

जस्तो तिम्रो स्मृति हृदयमा दृश्यको बाढ आयो
त्यस्तै मेरो विगत सपना आँसुमै टिल्पिलायो ।
आँखा चिम्लेँ अझ गहिरिएँ चित्त हल्लाउँदैछ
झल्को तिम्रो हरबखत नै चित्तमा छाउँदैछ ।८६।

प्रेमिका :

सोच्दा धेरै व्यथित मनमा मौनता झल्मलायो
ढुङ्गाजस्तो मन भइरह्यो ए ! कता ? नै गरायो ।
के भो यस्तो किन हुन गयो, लाग्न थाल्दैछ चासो
तिम्रो हाँसो अझ नजिकको बन्न खोज्दैछ पासो ।८७।

प्रेमी :

आशङ्काले मनमुटु सबै छुट्टिएको छ हेर
डाँडापाखा रनवन सबै शून्यतामा रहेर ।
आत्मा मेरो छटपट हुने कर्मले के गरायो
भोलेबाबा शिवभजनले भावमा झक्झकायो ।८८।

प्रेमिका :

सम्झे मात्रै पनि हृदयमा प्रेमको घाउ पुर्ने
बिर्सेजस्तो नबन प्रियले रातको जून कुर्ने ।
हाम्रो यात्रा परपर भयो दिव्य हाँसो नफुर्ने
जिम्मेवारी अलि फरक छन् भेट जुर्दै नजुर्ने ।८९।

प्रेमी :

रक्षा गर्ने गिरिशिखरको उच्चतामा हराए
के सोचेको किन विवशता शून्यतामा पुऱ्याए ।
यस्तो राम्रो तनमन सबै भित्रभित्रै जलाई
चिन्ता धेरै किन लिइरह्यौ पोख्नुपर्ने बनाई ।९०।

प्रेमिका :

साथै बस्दा समय छ बढी ख्याल गर्ने नगर्ने
टाढा पर्दा अझ-अझ कुरा बढ्छ चित्तै नभर्ने ।
बन्दै ताजा स्मृतिपटलमा नाम तिम्रो लिइन्थ्यो
छानो मानो श्रमरहितको के गुनासो रहन्थ्यो ।९१।

प्रेमी :

भन्छ्यौ प्यारी तर छ दिल यो छट्पटाई रहेको
के हो बोल्ने सब उडिसक्यो सामु पर्दैन टेको ।
टाढा बन्दा अझ-अझ बढी घाउले पोल्छ भित्र
सामुन्ने छन् सहज भरिने सम्झनामा विचित्र ।९२।

प्रेमिका :

लोग्नेमान्छे मनमुटु दरो गर्न सक्छन् छ पर्ने
नारी हुन्छन् चपल मनका भन्दथे जाँच गर्ने ।
उल्टो भो यो हजुर यसरी शोकले स्तब्ध बन्नू
मेरो आस्था अटल मनको कत्ति शङ्का नगर्नू ।९३।

प्रेमी :

घुम्दैफिर्दै समय गतिले भेट हाम्रो दिनेछ
सद्ज्ञानीका गहन दिलमा प्रेम गाढा हुनेछ ।
आँखा टाढा मन छ नजिकै न्यायका दीप बाल
जल्ने मेरो जलन दिलको हात राखी समाल ।९४।

प्रेमिका :

धड्केको यो मनमुटु भयो मर्नु या बाँच्नुजस्तो
छैनन् पक्कै वरपर कुनै प्रेमको रूप यस्तो ।
यौटै आत्मा युगयुग हुने सोचमा युग्म हामी
चुँड्दा सारा कटु समयले कल्पना नै बिरामी ।९५।

प्रेमी :

पीडा तिम्रो जतिजति बढ्यो छट्पटीले समायो
टाढा छन् जङ्गम मणि कतै कागले भन्न पायो ।
सोच्दासोच्दै व्यथित छु यहाँ हाल के हुन्छ तिम्रो
भेटूँ भन्दा डर छ घरको बाध्य भै बन्छु चिम्रो ।९६।

प्रेमिका :

लिन्छन् मान्छे जलधि जलको प्यास मेट्छन् घडाले
बोल्ने हुन्नन् तर मन उँचो राख्न सक्छन् बडाले ।
हामी यस्तै विरह मनका तिर्सना पार लाऔँ
जानैपर्ने गजब छ छिटै छाडी जाने गराऔँ ।९७

प्रेमी :

तिम्रो प्यारो प्रणय पलको हातमा राख हात
धड्केको यो मुटु मलिनको प्रेम वाचा समात ।
एक्लै पर्दा विचलित भई खोज्छु तिम्रो सिरान
सुर्ता लाग्दा कठिन पलको बन्न देऊ बिहान ।९८।

प्रेमिका :

जादू हुन्नन् हृदयतलका संयमी भाव खोज
पूरा हुन्नन् र पनि सपना नेत्र चिम्लेर रोज ।
आशैआशा किन भइरह्यो गर्नु केको छ आश
स्वार्थी बन्ने अगणित कला बन्न सक्तैन गास ।९९।

प्रेमी :

सारै राम्री धवल मनकी छ्यौ तिमी राजरानी
छम्क्यौ छोयौ रस मन भिजी पग्लियो जिन्दगानी ।
चिन्ने-जान्ने जति पनि भए बाढका बाढ सस्ता
मेची कोसी पशुपति हुँदै प्रेममा सिद्धजस्ता ।१००।

प्रेमिका :

माछापुच्छ्रे हिमशिखरझैँ उच्च सम्मान गर्छु
तिम्रो नौका नजिक कतिको हुन्छ हेर्दै म सर्छु ।
यस्ता हुन्छन् लहर मनका थाम्न खोजेर हुन्नन्
छाया पर्छन् विगत गतका चाहनामा रहन्नन् ।१०१।

प्रेमी :

प्याला घुट्का अझ छ सकिने बेरमा हुन्छ रित्तो
टाढा पुग्दा प्रणयरस नै बन्न लाग्नेछ भित्तो ।
बुझ्दाबुझ्दै अबुझसरिको आज बन्नैपरेको
हेर्दाहेर्दै नयन जलले हेर ठाउँ भरेको ।१०२।

प्रेमिका :

जे छन् जस्ता हृदय जसरी खेल अर्कै छ खेल्ने
चाह्यो यौटा वरपर अरू हुन्छ अर्कै छ पेल्ने ।
प्यारा-प्यारी प्रणयरसमा आज यस्तै रहेछन्
चाहे पक्कै पछि पनि कतै योगमा भेटिनेछन् ।१०३।

प्रेमिका :

आऊन् जाऊन् विगत घटना हुन्न त्यो शून्यतामा
जान्दाजान्दै पनि सब कुरा हुन्छ अज्ञानतामा ।
होला पक्कै नियम जगको कर्मले चित्त छोला
मर्ने चोला किन मनुजको मोहमा फस्छ होला ।१०४।

प्रेमी :

गर्दै जाऔँ अघिपछि हुँदै तर्कना उठ्छ यस्तै
हार्ने कोही पनि अब नहोस् जिन्दगी भित्रभित्रै ।
के हो सांसारिक गति भनी बुझ्न धेरै छ बाँकी
दुर्गा गौरीसहित जननी बन्नुपर्ने नथाकी ।१०५।

प्रेमिका :

हामी मात्रै छटपट भयौं भन्न थाल्छौं व्यथामा
राधा मीरा अलमल थिए देवताका कथामा ।
लठ्ठै पर्थे रनवन सबै कृष्णको बाँसुरीमा
श्रद्धा विश्वास अधिक थियो प्रेमलीला चुलीमा ।१०६।

प्रेमी :

द्यौताबाटै चलन नभए प्रेम हुन्थेन हो कि
बन्लान् को को अविरल नदी देवतामा थियो कि ?
बुझ्दा जम्मै यस बखतमा गर्नु केको गुनासो
हो पक्कै प्राकृतिक रचना मान्नु पर्दैन पासो ।१०७।

प्रेमिका :

कस्ता छन् जङ्गम हृदयका जाँच्दछन् शम्भुले नै
खोली आँखा नजर नछरे गर्न सक्छौं र के नै ।
भोग्दै जाँदा भुवनभरमा लाग्न थाल्दैछ चासो
इच्छा आस्था झुपुझुपु भए निस्किने छैन हाँसो ।१०८।

प्रेमी :

लागौं हामी प्रगतिपथमा हुन्छ जस्तो छ राम्रो
कैयौं यात्रा अवसर बनी झुल्किएको छ हाम्रो ।
सच्चा साथी हरपल बनूँ सामु होऊन् नहोऊन्
अग्ला होचा समतल सबै कष्टका मित्र होऊन् ।१०९।

(अनुष्टुप् छन्द)

लेखौँ जो प्रेमसंवाद कल्पनामा उडीकन
अवगाल नआओस् है कतै चित्त दुखीकन ।११०।

पूर्वसंयोग हुन्थ्यो त मिल्थे सायद यी सब
उडन्ते भावना मेरो नलागोस् है फिका अब ।१११।

(शार्दूलविक्रीडित छन्द)

आकाङ्क्षासितको बहाव कि कसो बढ्दै गए अक्षर
मेरा नायक बन्न जङ्गम बढे सम्पन्न यो हुन्न र ?
निद्रा भोक छ भैँ हुँदैन अब ता बन्दैछ यो जन्तर
जस्तो लाग्छ अदृश्य प्रेमलहरी आफैँ भयो सुन्दर ।११२।

सर्गैसर्ग जुटी युगान्त रहने आनन्दले होस् भरी
यौटै लक्ष्य लिएर भर्न उपमा लेख्ने बनूँ सर्सरी ।
आऊन् छन् जति देव भित्र दिलमा पाऊँ कृपा बेसरी
फड्को मार्दछु मेट्छु प्रेमलहरी आदेश पाऊँ हरि ।११३।

(वियोगिनी छन्द)

जति तर्क-वितर्क चल्दिए
मनका सब सामु फल्दिए ।
प्रिय रैछ गृहस्थ जीवन
अब संलग्न भयो त्यतै मन ।११४।

●

# तेस्रो सर्ग (विवाह)

(वियोगिनी छन्द)

मणिको मनभित्र बाँधिने
कति छन् शुभकर्म दाहिने
मनझैं उनको मिले गण
सब पूर्ण हुने छ लक्षण

(वसन्ततिलका छन्द)

बर्सिन्छ हेर सबले नभबाट पानी
फर्किन्छ भित्र मनमा जलको जवानी ।
तृष्णा बुझेर सरिता हिमबाट झर्छिन्
आभा भरेर दिलमा सब ताप हर्छिन् ।१।

फाल्यो धुवाँ भुवनको न धुलो सवार
पन्छी जनावर लता मननीय सार ।
लाग्छन् किसान हँसिला जब पर्छ पानी
हेर्छन् उँचो गगनमा सुखभोग छानी ।२।

वर्षा हुँदा झमझमी हटिदिन्छ मैलो
धाराप्रवाह तहरो नभरोस् र घैलो ।
ज्यादा छ चिन्तन यहाँ नभनून् कसैले
देख्दा सरक्क मनमा रस घुल्छ ऐले ।३।

थुप्रै कथा गजल गीत सुने धराले
आहा ! भनी कलममा रहलिन् मजाले ।
पानी रहे भुवनले फल हात पार्ला
रोकिन्छ सिर्जनकला यदि यो नझर्ला ।४।

आकाशको धरहरा मनमा अटाई
सौभाग्य ठान्दछ यहाँ धरणी रसाई ।
भेटिन्छ भाव र कला ऋतुमा हराए
आहा नहोस् र कसरी कृतिले समाए ।५।

उत्कृष्ट भाव लयमा परिराख्छ पानी
तन्किन्छ जीवन रसी करले नतानी ।
कस्तो विलक्षण कला ऋतुमा छ हेर
घुम्दैछ दृश्य नभमा कविता बनेर ।६।

धाँजा चरक्क किन हो सब दुःख सल्टे
जादू छ झैँ प्रकृतिमा पनि पर्छ कोल्टे ।
वर्षा मुसुक्क मदमस्त छ श्वासमा छ
यस्तो छ प्राप्ति भवमा तब खासमा छ ।७।

(भुजङ्गप्रयात छन्द)

जसै बैँस तिम्रो भयो शक्तिशाली
बिहेको कुरामा गयो चेत खाली ।
रसाएर आयो तिमीभित्र कान्ति
सुकन्या नखोजी हुँदै हुन्न शान्ति ।८।

मुमाबाबुसाम्ने परिन् एक कन्या
फिका लाग्न थाल्यो तिनीसामु अन्य ।
थिइन् स्वर्गकी अप्सराझैँ लजाइन्
परैबाट तानिन् तिमीमा रमाइन् ।९।

जहाँ पाउ राख्छौ त्यहीँ नै उज्यालो
तिमी इन्दिराको थिएनौ नि कालो ।
हुने बोटको पात चिल्लो भएझैँ
तिमीमा छ चेष्टा बढेको कलाझैँ ।१०।

अहोरात्र खट्ने पिताजी उनै हुन्
भएका समस्या समाधानमा छन् ।
सदा चित्त तिम्रो बनेको मुमाको
तिमी मात्र छोरा थिएनौ बुबाको ।११।

गरी बन्द ढोका भई एकचित्त
खुबै धैर्य गर्दा भएछौ प्रदीप्त ।
दुवै सामु भै बोल्नु वा हेर्नुपर्छ
भन्यौ बाबुसाम्ने जसो पर्छ टर्छ ।१२।

जसै शब्द झिक्ने भयो आँट चौडा
बुबा मख्ख पर्दै ठिमी गाउँ गौँडा ।
हतारो थियो क्यै भनेनन् मलाई
कुरा बुझ्न गाह्रो भयो झन् लजाई ।१३।

सबै तारतम्यै मिलाएर आमा
पुगिन् इन्दिराको खुला भावनामा ।
दुवैतर्फ हेर्दै भए भिन्न वार्ता
भयो ढुक्क आत्मा गयो पूर्ण सुर्ता ।१४।

चिनिन्थे तिनै बृद्ध बाजे कि डिट्ठा
थिए दिव्यताभित्रको एक कट्ठा ।
सुखैश्वर्यका हुन् महाज्योति बल्ने
खुबै मानसम्मानमा लागिपर्ने ।१५।

सबैको सुनौलो छ डिल्लीबजार
नजाने नहोलान् र मान्छे हजार ।
उनै इन्दिराका पिता भद्र वेषी
र डिट्ठा भनेका थिए यज्ञ के. सी. ।१६।

बिहेको कुरा बढ्न थाल्यो अगाडि
दुवै एक लाग्ने कहाँ पो पछाडि ।
छ सम्बन्ध राम्रो हितैषीसमान
निधो गर्नुपर्ने बिहेभोज खान ।१७।

थिइन् साबु रे कार्यशाला अगाडि
कुदेछौ दिदी डाक्न हाँकेर गाडी ।
दुवै साथ यात्रा गरी चल्दियौ रे
भयो आगलागी जल्यो भट्भटे रे ।१८।

बचायौ तिमीले खुदै जोगिएर
भयो घट्नुपर्ने नराम्रो छलेर ।
हतारो थियो पुग्न डिल्लीबजार
जितोस् लेखिएमा कहाँ हुन्छ हार ? ।१९।

(अनुष्टुप छन्द)

जिन्दगी सबकै हुन्छ चित्त चिन्नु महानता
गन्तव्य खोज्दथ्यो यात्रा सत्यतामै थियो यता ।२०।

नछाडी धर्म आगोले पोल्छ पानी भिजाउँछ
गढेर सम्झना उस्तै बनी अश्रु रुझाउँछ ।२१।

(शार्दूलविक्रीडित छन्द)

नेपालीपनको विराट् सुमनको संस्कार बेग्लै हुने
जन्तीको अगुवाइमा घरघरै उल्लास मौलाउने ।
श्रद्धा, स्नेह र भक्तिले सडकमा आहा ! उज्यालो छरी
ती दिव्यात्म सवार गर्न सुरिए गन्तव्य आफ्नो तरी ।२२।

नाच्थे नर्तक ठिक्क साइत गरी बज्थे मिठा नौमती
झुम्थे गीत र तालमा रहरले सन्तुष्ट बन्थे अति ।
बाटो, आँगन, गोठ मात्र नभई गल्लीहरूमा अडी
निस्क्यो साइत रात्रिको लगनमा त्यस्तो थियो त्यो घडी ।२३।

आमा बाबु दिदी र भाइ बहिनी सामीप्यभित्रै परे
नातेदार थिए कहाँ कम भनौँ जन्तीहरूमा सरे ।
आए भद्र र सभ्य स्वच्छ मनले जन्ती बनी जोडिए
साँच्चै भव्य बिहे छ जङ्गमकहाँ सुन्नेहरू दौडिए ।२४।

राम्रो हुन्छ परम्परागत भए गर्नेहरूमा थियो
गाए गीत मिठासपूर्ण लयमा आहा ! बनी गुन्जियो ।
टीका टक्क थियो ललाट सबमा मस्तिष्क सारा खुले
श्रद्धाले पहिरे गला अघि हुने ती पुष्पका हारले ।२५।

तेजी सूर्यसमानका भरतको होस् तेजिलो जीवन
आशीर्वाद दिने मुमा हुनुभयो हो धन्यको त्यो मन ।
ज्यादै सद्गुणयुक्त पुत्र हुनुले उत्साह थप्ने बनी
आमाले ममता भरेर मुटुमा छोरो पठाइन् अनि ।२६।

वर्षा इन्द्र गराउँछन् त्यस घडी भाग्ने भए को कहाँ
लागे लस्कर जन्त भन्नुपरिगो जन्ती गए जो जहाँ ।
आफैँमा परिपूर्ण लाग्दछ सबै तान्दैछ केले वर
ती बाटा छिचलेर लस्कर पुगे नाचेर डिट्ठा घर ।२७।

राख्दै लक्ष्य भविष्य देख्न दुलही जग्गे कुरेकी तर
त्यस्तैमा त बधू समीप उभियौ आधार बन्ने वर ।
भिन्नै ज्योति दिने यहाँ म त पुगेँ हे इन्दिरा ! हेर त
गर्थ्यौ मौन बनी बखान उनको गर्नैपरेको छ त ।२८।

आफ्नो वंश कसै पछाडि नपरोस् बाँचेर कैयौं जुनी
एकै प्राण भयौ अगाडि पथको आकाश छानोमुनि ।
गाँठो होस् बलियो दुवै लगनको सम्बन्ध गाढा हुने
घुम्दा साथ दुवै प्रसन्न मनले आनन्द मात्रै छुने ।२९।

ज्यादै नम्र बुबा मुमा त्यस घडी देखेर छोरी पनि
बढ्दैथ्यो ममता हरेक पलमा छोडेर जाने भनी ।
भक्कानो कति छोड्नु यो शुभघडी मान्दै नमान्ने मन
आँखाका डिल टिल्पिले हुन गई कोल्टे परेको तन ।३०।

कालो रात भयो समान दिनको तारा त्यसैमा परे
सारा कर्म गरी शुभाशिष लिई सद्भाव राख्दै गरे ।
जन्मेको घर हो र माइत भयो जिम्मा लिनेमा गयो
आफ्नो स्थान जहाँ थियो तय गरी जाने तयारी भयो ।३१।

चाँदीझैँ हिमका खुले शिखर ती धर्ती उज्यालो कति
साथी जङ्गमका विवाह घरको सामीप्यमा छन् अति ।
माया सत्य हुने ज्वलन्त रहने विश्वास धेरै गरी
लागे जङ्गमको पवित्र घरमा श्रद्धा प्रशस्तै भरी ।३२।

जन्तीभोज थियो अरे चलनमा पूरा हवस् त्यो पनि
पाए जे र थियो जहाँ जति सबै खाएर जाने भनी ।
हाँसोखेल गरी त्यहाँ सब पुगी ताता-चिसा जे थिए
नौली ती दुलहीसमेत सबले खाए लिनेले लिए ।३३।

खुल्ला एक किताब बन्छु म प्रिये बन्नू तिमी पाठक
के हो दुःख कहाँ खुसी छ गहिरो बन्नु सधैँ साधक ।
यौटा बोट कुनै विशेष गुणको पर्नेहरूमा हुने
अर्को फूल भई सुगन्धित बनी सारा धरामा छुने ।३४।

तान्यौ नै मन यो मनोरम दिशा चोरी लुकाएसरि
ऐना हेर्न हतारिने किन भयो जादू चलाएसरि ।
एक्लै हुन्छु कुनै विचार नगरी भाग्ने हुने यो मन
केको बन्धन हो जहाँ म यसरी कैदी बनेँ लौ भन ।३५।

बित्ने काम कुनै छ लाग्छ कसरी भन्ने थिएँ मानव
साटासाट गरौँ कि प्रीति यसरी जस्तो गरायौ अब ।
को हो जङ्गम यो बुझेर मनले कर्तव्यमा लाग है
होलान् प्रश्नहरू हरेक पलका ती सामुमा राख है ।३६।

धेरै काम गरौँ दुवै मिलिजुली केही त होला जित
यस्तै ताल भयो भने हरघडी नेपाल रोला कि त ।
मायाको दहमा छ तैरिन दुवै तार्ने उनै ईश्वर
लागौँ कर्मथलो भनेर चिनिने राम्रो छ बानेश्वर ।३७।

भाषा सभ्य बनोस् विचार गहिरो पीडा बनून् अक्षर
भागून् कोप घमण्ड भित्र मनका शङ्का नहोस् क्यै वर ।
स्रष्टाको इतिहासमा लहरिने माला उनी सुन्दर
झुम्दै गान हुने समस्त भवको भाका नहोस् अन्तर ।३८।

खुट्टाको बलमा अडिन्छ जसरी यो देह तिम्रो जहाँ
त्यस्तै कर्म मिलोस् सरक्क गरिँदा अस्तित्व भाग्ला कहाँ ?
मान्छे बन्न सके विशाल जगमा बढ्नेछ सत्चेतना
पाखा बोल्न सकून् समस्त भवका देखेर उत्प्रेरणा ।३९।

हो यो प्राप्ति स्वयं जहाँ छ भवमा पाई तिमी अग्लियौ
द्यौता पुज्न हतारिने पनि त छन् त्यो ठाउँ साँच्चै लियौ ।
लाखौँलाख हुँदा प्रशंसकहरू नौनी बनी पग्लिने
गाह्रो पर्छ र के सुकर्म पथमा पत्नी हुँदा दाहिने ।४०।

क्वैलीको स्वरझैँ मिठास भरिने बोली सुनेको पल
होला के कमजोर प्रेम कसको सौहार्द्रमा झन् तल ।
काबूमा मन राख्न छैन सजिलो खोलौँ जहाँको त्यहाँ
सम्हाल्ने गर प्रेयसी मगजको होला तमासा कहाँ ?।४१।

यस्ता शब्द र भावमा दिन बिते वार्ता अनेकौँ भए
कैयौँ दृश्य बनी यसै तवरले ती याम बित्दै गए ।
चङ्गाझैँ नभमा अनन्त सपना रम्दै रमायौ जति
भोग्दै मुक्त उडानको रस सबै लिन्थ्यौ जुनीको गति ।४२।

(मन्दाक्रान्ता छन्द)

फक्रे तिम्रा शुभपल सबै इन्दिरासाथ रम्दा
इच्छा के हो नयन मनका कन्दराभित्र गम्दा ।
नातागोता दिनदिन सबै चिन्नुपर्ने छ हेर
एकै आत्मा मन पृथकले भुल्न थालिन् कि धेर ।४३।

आऊन् थुप्रै मृदुल सपना व्यक्त जे भावनामै
आनन्दीमा सरल सरिता बग्दछिन् कन्दरामै ।
माया भर्ने सबल रचना सिर्जनामा रमायौ
गायौ आफैँ रनवन छुने गीतका पङ्क्ति ल्यायौ ।४४।

खाना खाने रुचि छ कतिको बुझ्न बाँकी छ मेरो
आई प्यारी अझ वर बसे पेट अन्सार फेरो ।
चौतारी छन् मनमुटुभरी शान्तिको श्वास फेर्न
देख्ने मान्छे वरपर भई आउँछन् दृश्य हेर्न ।४५।

केही यस्ता फल पनि दियौ हातमा हात राख्दा
धेरै हुन्नन् जति पनि कुरा स्वादमा स्वाद चाख्दा ।
श्रद्धा राख्दै स्वरमधुरिमा दिव्यताले उठाई
लाग्छौ आफ्नै निशदिन हुने प्रेमलीला जगाई ।४६।

लम्कौँ हामी अमर पथमा काँधमा काँध जोडी
आफ्ना मान्छे वरवर सरून् द्वेष वा क्लेश छोडी ।
हामी रम्दै नवनव कला सिर्जिने भाव पालौँ
बित्दै जाओस् समय यसरी सृष्टिमा चाल चालौँ ।४७।

आशा हाम्रो गगनतलको भूमिमा सल्बलाओस्
प्यारो धर्ती झलमल हुने सिर्जना फर्फराओस् ।
भाषा हाम्रो समुचित बनोस् लोकमा भव्य लागोस्
निष्ठा हाम्रा अविचल रहून् जिन्दगी सभ्य लागोस् ।४८।

गाह्रो साह्रो क्षणतिर दुवै प्रेरणाका प्रतीक
बन्दा मेरा गहन कविता लाग्न थाल्लान् सटीक ।
यात्रा हाम्रो युगल तनका जिन्दगीमा छ सार
देखून् सारा रविकिरणझैँ चम्कियोस् वारपार ।४९।

हर्ताकर्ता ध्रुव अटलझैँ कर्मभित्रै रमाऊँ
यात्रा गर्दै सुखद सपना लक्ष्यमा पुग्न पाऊँ ।
मर्ने-बाँच्ने तल-वितलको खेल पक्का छ हेर
खम्बाजस्तो दृढ रहनुले लब्धि मिल्नेछ धेर ।५०।

ऊर्जा मेरो सब अब तिमी ढुक्क विश्वासमा छु
जेजस्ती हौ सृजनपथकी मूल आधार ठान्छु ।
छाँगोजस्तै छङछङ बगी देखिने कर्म थालौँ
आ-आफ्नो हो सृजन नगरी उच्च पारौँ उचालौँ ।५१।

छर्दा आफ्नो श्रम र पसिना रम्छ ढुङ्गा र माटो
भोकै बस्ने स्थिति पनि नहोस् रोज्नुपर्ला सुबाटो ।
बोल्दाबोल्दै कलम मनको चाल्न बिर्सेर हुन्न
सर्दै जाँदा प्रमुदित बनी लोभले चित्त छुन्न ।५२।

आशा बोकी हरपल दुवै कल्पनाकाशमा छौँ
वीणाको त्यो लयसरहको धूनमा मग्न हुन्छौँ ।
आफैँ मिल्छन् रस गणहरू प्रेमको भाव कस्दा
हिँड्दाहिँड्दै ध्वनि रस सबै हुन्छ सौन्दर्य पस्दा ।५३।

राम्रो मान्छे प्रगतिपथको हुन्छ पक्कै सिमाना
त्यस्तालाई समुचित गरे दिव्य सौहार्द्र छाना ।
वर्षे खेती हरपल कहाँ देख्न पाइन्छ जस्तो
बुझ्नैपर्नेछ घरजमको उच्च आनन्द कस्तो ।५४।

खाली पाना नबन न प्रिये पढ्नुपर्नेछ धेरै
बोली तिम्रो सुमधुर सुने शब्द बन्नेछ मेरै ।
अर्प्यौ आफ्नो तनमन सबै सृष्टि थाम्ने पनामा
छोराछोरी ढलमल गरून् हर्ष होस् चाहनामा ।५५।

त्यस्तो सोच्ने दिन नजिकमा आज कोल्टे परेको
छैनौ होला शिव नजिकको धर्ममा हारिएको ।
यौटा बित्ने उचित पलमा हुन्न अर्को गलामा
रच्दा मिठा क क न न यहाँ मित्रताको पलामा ।५६।

लाग्थ्यो पाणीग्रहणपछि नै पूर्णतामा पुगिन्छ
त्यस्तो के होस् असहज कुरा चित्तमा जर्खरिन्छ ।
सोच्दै जाँदा सबल तनको शक्ति लुट्दा हरिन्छ
कस्तो माया सुमधुर भयो फेर्नलाई उछिन्छ ।५७।

चिर्दै बाधा युगल वयको मोड राम्रो भए त
झुल्ने हुन्थे लहलह हुँदै फाँट गैरीसमेत ।
टिप्दै मोती अति जतनले दिव्य माला उने त
फुल्थे राम्रा कुसुम सयपत्री चमेली प्रशस्त ।५८।

आशामा छौँ हरपल कुनै काम बन्ला कि भन्ने
साथीजस्ता कति-कति भए दामको हात गन्ने ।
जस्तो अग्लो हिमशिखरको उच्चता सौम्य लाग्छ
त्यस्तै सारा तरुण वयको प्राप्तिमा मोह जाग्छ ।५९।

काला गोरा जति पनि हऊन् स्वार्थका पिण्डजस्ता
धक्का मार्दै अति दमनले हात पारेर सस्ता ।
यस्ता मान्छे हृदयबिचको बन्न खोजेर दिक्क
चल्ता फिर्ता पथनजिकको ओहदामा छ ठिक्क ।६०।

(शार्दूलविक्रीडित छन्द)

स्वार्थी मानिसका प्रवृत्ति नमिठा लाग्दै गएका पल
साँच्चै नै डरले सतर्क रहँदा होला कि ठान्दै छल ।
यस्तो भाव झिकी समाज घरमा बाँच्नेहरूमा पर्‍यौ
एकाकार बनी यसै समयमा शिक्षा स्वयंमा भर्‍यौ ।६१।

यात्रामा अति नै छ बुझ्न जरुरी त्यो चाप्लुसी-चाकरी
फाल्दैछौ कुप्रवृत्तिका मगज ती बाँकी नहोस् क्यै गरी ।
आँखा छन् मनमा र खोल्न म सकूँ भन्दै तर्‍यौ बाग्मती
गर्नैपर्छ सबै कुरा र यसरी तिम्रो थियो यो मति ।६२।

धर्ती उज्ज्वल भो र आशिक मिली दीर्घायु धेरै भए
मान्छेको इतिहास बुझ्नु जरुरी हो भन्न जान्ने भए ।
गर्नै मुस्किल कार्य छन् कति सबै बुझ्नेहरूले सिकून्
राम्रा कर्म गरेर इज्जत बढोस् ती भाग्यमानी बनून् ।६३।

आस्थाकै भरमा छ ओज कतिले भन्लान् यता लौ सुन
हे आदर्श मनुष्य ! दु:खसुखमा पाऊँ सिरानी हुन ।
आस्थाको अनिकाल पर्न नदिने बाचा भयो सारमा
यो आत्मा छ कृतज्ञ जीवन रचोस् तिम्रो कलाकारमा ।६४।

ओठे भक्त कदापि देशहितको बन्दैन हो नक्कली
लोभी मानिस भाग्छ छर्नु कसरी सद्भावना सक्कली ।
मान्छे ग्रस्त छ मुक्त पार्नु कसरी गाँज्यो दुराचारले
तिम्रो लक्ष्य समग्र लोकहितको पुग्ला धिमा चालले ।६५।

(मन्दाक्रान्ता छन्द)

विश्वासी भै प्रतिदिन दुवै नेत्रका ज्योतिभित्र
बोल्दा केही अघिअघि अझै लाग्छ सारा विचित्र ।
बित्दै जान्छन् सुखमय घडी भिन्न लाग्ने बिहानी
आफ्नो मान्छे सबतिर खुसी राख्न बन्नू सिरानी ।६६।

बढ्दो आफ्नो हृदयतपको भाव झन् भव्य पार
ज्यादा बढ्दा प्रचलित हुने सम्झना बारबार ।
डाँडापाखा वनतिर डुली नित्य गाएर गीत
हाँसीखेली सहृदयी बनी थाम्न पाइन्छ रीत ।६७।

(तोटक छन्द)

जति मानिस देश भुलेर बसे
उति आँगन दौलततर्फ पसे ।
छ युवा जब बाहिर शून्य यहाँ
सरकार छ सोच गयो र कहाँ ।६८।

घरनेर कुवा जलको कम के ?
नपिई जल यो जय हुन्छ र के ?
घरका गहना शिशु हुन् नभए
जननी ममता सब व्यर्थ गए ।६९।

विजयी सबतर्फ हुने तहले
कति सार्थक छौ दरिलो भरले ।
पथमा कति छन् कुन पत्थरझैँ
सब बाधक हुन् नवकण्टकझैँ ।७०।

पथमा रथमा कि त मोटरमा
कहिले भवको नवकौशलमा ।
दिनरात कुनै न कुनै छ भयो
तुलना नहुने छ चढेर गयो ।७१।

वनजङ्गल छन् पशुका डरमा
मन ढुक्क हुने कति छन् घरमा ।
जलमा थलमा कुन बाहनमा
नबसी नहुने छ र आसनमा ? ।७२।

जल के कम हुन्छ र सागरमा
रसपान गरे तन जाँगरमा ।
कति चिन्तन नै परका पर छन्
फलबोट कुनै नहुने घर छन् ।७३।

जति मन्दिर छन् उति घण्टहरू
नभजी थलिए कति कण्ठहरू ।
व्रत यज्ञ उपासन हुन्छ गरे
नगरेर कहाँ जय हुन्छ हरे ।७४।

कति पुण्यधरा कि जहाँ म रहेँ
कुलवंश विरासतमा म बहेँ ।
दलको छलले हरिने पुरिने
मन मौन रहे छ यही भरिने ।७५।

मुख कान उही, मन पेट उही
जगतीतलमा शिर पाउ उही ।
असुरक्षितको भय त्रास चुँडी
मदमत्त नहोस् धनभित्र भुँडी ।७६।

पथ चौर हरा मनभोग कडा
परमेश्वरको दिलमा छु खडा ।
छ प्रपञ्च नयाँ जति जाल यहाँ
सब तोड्नुछ सामु छ मिल्छ जहाँ ।७७।

गर पुण्य तिमी सुख फल्छ यहाँ
करुणातलको म टहल्छ जहाँ ।
कतिखेर हुने मन हाजिरमा
पृथिवी जल पावन आखिरमा ।७८।

श्रमका दहमा कर पाउ सरे
श्रमको फलमा अति चैन छ रे ।
घरखेत भुली तपभित्र भुले
मृदुभाव जडी सुख सामु खुले ।७९।

छ त शुद्ध समाज सुशासनको
तब हुन्छ प्रशंसित आसनको
जति छन् गुणगौरवका सँगमा
उति सुन्दरता सब आँगनमा ।८०।

अनमोल धरा मननीय गरा
श्रमदान जहाँ भव हुन्छ हरा ।
अघि बढ्न सके अघिकै मन होस्
असुरक्षित भाव कतै नरहोस् ।८१।

सुखको अनुभूति टहल्छ कहाँ
मनशान्त रही तब खुल्छ जहाँ ।
मधुकोकिलमा सुखपान भए
जति छन् मनका मतिवृत्ति गए ।८२ ।

(इन्द्रवज्रा छन्द)

उद्यान हाम्रो वनकुञ्ज टार
होस् देवधानी सबको अपार ।
चिम्लेर आँखा सब दर्द फाली
पग्लिन्न ढुङ्गो मनले नगाली ।८३।

कान्ला र पाखा भर पाउनेको
अन्दाज गर्दा छ कहाँ डुबेको ।
झस्केर खोज्ने रसमा भुलेर
जाला र जालो भवमा डुलेर ।८४।

तारेर तर्नेछु समुद्र पार
लैजा न कौवा मनको विकार ।
मिल्दैन चोला नरको अपार
धड्किन्छ पीडा किन बारबार ।८५।

छाँगो र हाँगो किन एक हुन्न
मूर्खै रहोस् मानवमा नहुन्न ।
सिद्धान्त होलान् सबका अनेक
छम्केर पानी मन हुन्न एक ।८६।

फालेर ईर्ष्या पछुताउनेको
भर्ला र आत्मा पर धाउनेको ।
फर्किन्न खोलो छ भनेर धाँजा
भित्रिन्न खेती अलपत्र पाँजा ।८७।

हारेर जित्ने सयबार आओस्
खोलासमानै मन यो सुसाओस् ।
विश्वास गाढा जति बन्छ नौलो
सत्पुत्र यौटा त बनोस् न मौलो ।८८।

यो प्रस्ट हो भ्रष्ट किनार लागे
औचित्य के हो नबुझेर भागे ।
तेरो र मेरो कल बढ्न सक्छ
हाम्रो र हामी नभनेर लड्छ ।८९।

कस्तो दुराचार विकार कस्तो
विश्वासको बीज रहन्न सस्तो ।
सोझो र बाङ्गो सब पाल्नुपर्ने
डन्डा रसी हर्दम सार्नुपर्ने ।९०।

हो राष्ट्र हाम्रो सरकार चैन
सम्मृद्ध बन्ने पनि कर्म छैन ।
सन्तान यौटै छतमा अदेखा
के होस् र आनन्द कहाँ छ लेखा ।९१।

स्वर्गेपुरी होस् अथवा चिहान
आत्तिन्छ आत्मा खुल भो बिहान ।
झण्डा समातेर न भोक हट्छ
धम्की र धावा घरभित्र गढ्छ ।९२।

(वसन्ततिलका छन्द)

व्यक्तित्व वंश अधिको कुन के छ कस्तो
त्यो जान्न मुस्किल हुने छ कि रत्नजस्तो ।
उद्देश्य जीवन कतातिर दृष्टि लिन्छ
के योगदान छ विशिष्ट र लोक चिन्छ ? ।९३।

●

# चौथो सर्ग (दृष्टि)

(वसन्ततिलका छन्द)

लेख्दै गए भरतले जति लेख्न पाए
को भन्न सक्छ रविले मणि पो गिज्याए ।
आफ्नै अगाडि असरल्ल छ काम जस्तो
देखेर चिन्तित छ जङ्गम नित्य कस्तो ।

(शार्दूलविक्रीडित छन्द)

अर्को सर्ग छ शैल फाँट नभको यात्रा अलङ्कारमा
पूरा गर्न सके यसै विपिनमा झुम्नेछ आलोकमा ।
यो आनन्द उचालिँदा मृदुमयी संसार बन्दै गयो
चौथो सर्ग जगाउने हृदयमा बेग्लै बिहानी भयो ।१।

सारा भाव टपक्क टिप्दछु खुदै भाषा मिठो भावले
झर्ना वायु भरी सबै कलममा अर्पिन्छ मुस्कानले ।
अन्तर्यान बनूँ स्वयम् रमणको आनन्द मिल्ला जहाँ
यो सीमाङ्कनमा हतार नगरी मस्तिष्क अड्ला त्यहाँ ।२।

फुल्ने फाँट फलेर जङ्गम बने ऐश्वर्य मान्नेछु म
फल्ने बृक्ष झुके यसै अवनिमा आलोक ठान्नेछु म ।
कस्तो साधक बन्छु जङ्गम प्रभा मैले बुझाएँ कति
भाषा सागरको तलाउ जतिको शृङ्गार होला त्यति ।३।

होस् कालान्तरको विशिष्ट महिमा जस्तो यिनी नायक
उक्ले पूर्ण हुने उँचो धरहरा लाग्ला कि भैँ पायक ।
आस्था सौम्य अनन्त मुग्ध मनमा सौन्दर्य तिम्रै भर
चिम्ली लोचन सङ्ग उड्छु नभमा सङ्गीत आफैँ छर ।४।

लेख्ने भाव समेट्नु कारण भयो भौँतारिएको मन
सच्चा होस् समबुद्धिभाव दिलमा थाम्ने नहोस् त्यो धन ।
माला श्रीहरिको खुबै जपिरहूँ बन्दै सदा कञ्चन
यस्तै होस् गहिरो विचार जगमा भेट्दा तिनै सज्जन ।५।

विद्या बुद्धि विवेक तीन नघटोस् जस्तै परे तापनि
साक्षात् शङ्कर छन् सवाल नउठोस् देहै ढले तापनि ।
पाऊँ सज्जनको सुझाव यसरी कैल्यै नहोस् दोमन
शिक्षाको बलले उचालिन पुगूँ भन्दै छ मेरो मन ।६।

जे-जे फुर्दछ मिष्ट निर्मल बनी जाज्वल्य पार्ने गरी
गङ्गासागरभित्रको मणि तिमी केन्द्रीयतामा परी ।
तेजी सूर्य प्रकाश बन्छ छवि नै रफ्तारमा यो घडी
यौटै नाम छ पूर्ण लाग्छ जगमा हुङ्कार बोल्ने छडी ।७।

को हुन् जङ्गम के छ खै त उनमा भन्नेहरू हो सुन
सिङ्गो देश सशक्त पार्न कसिने के होइनन् यो गुन ।
पर्वाहै नगरेर प्राणतकको उत्थानमा तत्पर
नेपाली इतिहास मर्न नहुने वाणी क्रमैले वर ।८।

ऐना जङ्गमका भयौ मणि तिमी हेर्दै रमाऊन् जन
तिम्रो वंश अझै विशेष कसरी निस्क्यो गर्‍यौ मन्थन ।
बस्छन् भाव सबै-सबै मनुजमा राम्रा मिठा काव्यका
स्रष्टाभित्र थियो विशिष्ट रचना सङ्क्षेपमा सारका ।९।

हुन् गोविन्द पिता र इन्द्र जननी वंशावली जङ्गम
डाक्ने नाम मिठो यही भरत हो लाग्दैन केही कम ।
अग्लो त्यो हिउँको विशाल चुचुरो बन्दै गरेका मणि
बृद्धा बालक या युवा र युवती भन्छन् सबैले गुणी ।१०।

जस्तो नाम सुनेँ विशेष उनको सेवा र साहित्यमा
त्यस्तै ध्यान दिएर उच्च थलको विस्तारमा योजना ।
यौटा मात्र कहाँ विभिन्न छ विधा बग्दै गरेका भल
लेख्ने लेखकका निमित्त बलियो आधार बन्ने बल ।११।

बाजे डम्बरका सुपुत्र नभए गोविन्द एकातिर
के हुन्थे मणिझैँ यिनी भरत ता नेपालका खातिर ।
विद्वान् दिग्गज बाबु ती भरतका सम्मानमा बेसरी
द्यौता छक्क परी पुगे नजिकमा भन्ने थिए हे हरि ! ।१२।

चौडा भाल छ नेत्र सुन्दर अझै लामा दुवै कान छन्
अग्लो पर्वत टक्क लाग्छ उभिँदा संसार हल्लाउँछन् ।
चल्ती रेल हुँदैछ जीवनकला दौडिन्छ बाटो खनी
बोलीको भरमा उमङ्गित हुने ढुङ्गा र माटो पनि ।१३।

शब्दैशब्द उडे उँचो गगनमा छोप्ने तिमी जङ्गम
पूजापाठविना छ जीवन कहाँ भन्ने तिमी हर्दम ।
जे-जे हल्चल मच्चिँदैछ मनमा सुन्ने तिमी छौ जहाँ
उल्लासीपनको प्रसिद्ध छहरा देखिन्छ राम्रो त्यहाँ ।१४।

पुज्छौ दैनिक इष्टदेव घरमा हे भद्रकाली ! भनी
श्रद्धाभाव छ वीरभद्र कुलमा हुन् शक्तिदाता पनि ।
हुन्छौ दर्पण धर्म संस्कृति कला साहित्यका फाँटमा
पुग्छौ बाहिर-भित्र दूरतक नै सद्भावका साथमा ।१५।

यौटा मादल बज्छ लोकहितमा घन्काउने तालको
लाग्दो घाम समानले भुवनमा आनन्दिलो खालको ।
राम्राका सँगमा समर्पित भई चल्दैछ त्यो लेखनी
छन् राम्रा अनि ऐतिहासिक उनी संस्कारमा झन् धनी ।१६।

दर्जा मान कुनै हिसाब नहुने हे काव्यका नायक
नेपालीपनले चरप्प कसिने चौतर्फका पायक ।
तिम्रो नाम जसै चुरामणि तथा धप्पै बलेका मणि
त्यस्तै राष्ट्रियता छ मर्दन गरे मच्चाउँछौ हुन्डरी ।१७।

(अनुष्टुप छन्द)

सम्प्रदाय थियो शैवी वीरश्व मतमा वर
अनुयायी बन्यौ सच्चा ब्राह्मणबाल भर्भर ।१८।

वीरशैव बुझायौ नै लिङ्गायत भई मियो
शैवब्राह्मण हुन् भन्छन् जङ्गम बुझ्नमा छ यो ।१९।

यज्ञोपवीतका साथ शिवलिङ्ग छ धारण
प्रार्थनामा हुने खाँटी शिवोपासन कारण ।२०।

बुझ्यो जहाँ जहाँ उच्च तिमी छौ शैलका सम
समान सौर्यका शक्ति भरतमा नमोनमः ।२१।

पञ्चभूत सबैभित्र तिम्रो भाव समान छ
मार्गदर्शक हौ मेरा कर्तव्य नित्य बोध छ ।२२।

दौडिन्छ मन मेरो झन् भावको रूप खातिर
तिम्रो स्वरूपको व्याख्या गरेर के सकिन्छ र ? ।२३।

भूतको, हालको खोज भविष्यको तनाव छ
बाहिरी रूप जस्तो होस् भित्र व्याप्त सुवास छ ।२४।

प्रभुको चाहनाभित्र शुद्धाचार अवश्य छ
अहंभाव र अज्ञान दुवै अविद्यमान छ ।२५।

राष्ट्रप्रेमी तिमी सच्चा त्यागी विकारहीन हौ
दुःखानुभूतिका हाँगा-जरा काटेर फाल्दछौ ।२६।

अनित्य नित्यका लागि यथार्थ हुन्छ चिन्तन
क्रोध, मोह र लाल्चाका दन्किन्नन् भाव दन्दन ।२७।

कर्मेन्द्रिय समानै छन्, ज्ञानेन्द्रिय समान छन्
शक्तिको मात लागेका कैयौं व्यक्तिसमेत छन् ।२८।

राष्ट्रद्रष्टा तिमी नै छौ देख्छौ दृष्टि अथाह छ
आत्मसाहसका पुञ्ज लाग्छ व्याख्या त अल्प छ ।२९।

अनेकता गरी एक आफ्नो देश चिनाउन
राष्ट्रप्रेम छ जोभित्रै समष्टि भावले छुन ।३०।

अशक्त, दीनका मित्र, धर्मपालक, रक्षक
निर्देशक स्वयम् बन्छौ उत्थान ज्ञानदायक ।३१।

व्यक्ति भरत हुन् यस्ता भक्तिले शिवदर्शक
बारम्बार बनेका छन् भ्रष्टाचार निवारक ।३२।

सृष्टिको दिव्यता चोर्ने मान्छे एक भयौ तिमी
लुट्पुटिन्छ कलाकार सामीप्यमा छु झैँ जिमी ।३३।

बाघको चाल गर्जन्छौ धूर्त छौ दम्भ गर्दछौ
अनुयायी बनून् भन्दै अगाडि तिमी सर्दछौ ।३४।

मान्छेमा तिमीले देख्यौ मति भ्रष्ट छ कायम
पत्रकार भयो तिम्रो पुलको अझ माध्यम ।३५।

चर्चा जागृत छन् सामु आभाका काखमा हुँदा
शरणागतझैँ झुम्छु तिम्रो त्यो सीपले छुँदा ।३६।

देशद्रोही भए मान्छे दुष्टका चित्तमा परी
रोम ठाडा हुने पार्‍यौ एक्लो सङ्घर्षमा झरी ।३७।

दशक तीनको यात्रा पत्रकार भई भुल्यौ
विद्रोहको चल्यो बाढी त्यसैभित्र तिमी डुल्यौ ।३८।

मूल मन्त्र भयो तिम्रो तिमी हौ सबका भर
चाहना सबका पुग्ने साथमा छन् महेश्वर ।३९।

(शार्दूलविक्रीडित छन्द)

खेल्दा भित्र कुरा घुली मनभरी दन्किन्छ ज्वालासरि
प्यारा नायक हौ, सुधार निधि हौ आवाज पाखाभरि ।
सेवाभाव सधैँ उदार मनको सन्तुष्टमा राख्दछौ
लुट्ने जोजति छन् नि भ्रष्ट मतिका सातो त्यहीँ काढ्दछौ ।४०।

निःस्वार्थी मनमा उदारपनले बाँच्ने ठूलो चाख छ
त्यस्तै बर्कतले सधैँ अघि बढे औचित्यको चाङ छ ।
स्रष्टाका बल हौ सुझाव नदिए द्रष्टा कहाँ पुग्छ र ?
छाती सागरझैँ विशाल नभए यस्तो कहाँ हुन्छ र ? ।४१।

दौडिन्छौ कति वेगमा हृदयको छौ कल्पनाकाशमा
देवीको छ कृपा सधैँ भरतमा पर्छौ र सन्त्रासमा ?
जिब्रोको भरमा समस्त दुखका पाखा तिमी फोर्दछौ
नौलो जोस लिई नयाँपन दिने नेपाल यो कोर्दछौ ।४२।

पस्छौ रे भलझैँ पवित्र छु भनी चर्को व्यथासारमा
भेट्नै मुस्किल हुन्छ योग्य तिमीझैँ राम्रो कथाकारमा ।
तिम्रो त्यो कलमी प्रवाह मनको नारायणीमा परोस्
भाषाभेष भरी तिनै कलममा कापीहरूमा सरोस् ।४३।

नेपालीपनको छ संस्कृति यहाँ भन्ने कुरा व्याप्त छ
कैयौँ मन्दिरको प्रभाव छ र पो सद्भावना साथ छ ।
सानो देश छ यो तथापि भवको सौन्दर्यमा नै पऱ्यो
जे लोपोन्मुख मूर्ति गुप्त जति छन् साँच्चै जगेर्ना भयो ।४४।

इच्छा भो अनि लेख्छु छन्द लयमा ठानेर लेख्दैछु म
सारा भाव उनूँ कवित्व गतिमा लाग्दै नलागोस् कम
छन् श्रद्धालुहरू यसै भुवनमा सम्मान तिम्रो कसी
लेख्दै जान्छु भए मिले सब कुरा रोकिन्न मेरो मसी ।४५।

साँच्चै कालजयी छ चिन्तन अझै कर्तव्यका हौ रथि
आफ्नै पौरखले निरन्तर बढी हौ राष्ट्रका सारथि ।
त्यो निष्पक्ष कुरा र सोच गहिरो बुझ्ने गरेका दिन
के हो कर्म गराउने छ र यहाँ बन्दै गयो पाइन ।४६।

कैयौँ याम बनी वसन्त ऋतुझैँ आए गए अस्तमा
भन्ने भान कुनै परेन कि कसो हुन्छौ तिमी खोजमा ।
यौटा दृश्य बन्यौ सुधारक तिमी सामर्थ्यमा देखियौ
धर्तीपुत्र तिमी सबैतिर घुमी साहित्यमा भेटियौ ।४७।

पत्तो छैन कहाँ कतातिर पुगेँ साहित्यधारा चुमी
आत्माको बिचमा बसेर अथवा आकाश छानोमुनि ।
सारा भाव दुरुस्त छन् नयनमा देख्ने भए को अति ?
खै आफू कसरी भनूँ कलमले विश्वास आस्था कति ? ।४८।

मैले ता कसरी चिनूँ त्यस घडी को हुन् र के जङ्गम
पाएझैँ दुखमा अप्रान्त ममता लाग्दै नलाग्ने कम ।
हाँस्दा जून बनेर जो हृदयको आकाशमा खुल्दछ
सारा कष्ट लिने समस्त मनको आतिथ्यमा पस्दछ ।४९।

दाता होस् अथवा दरिद्र मनको भोको जुटे तापनि
कालो बादल धुम्म हुन्न दिलमा जे-जे गुमे तापनि ।
बुझ्ने मानिस हुन् यिनी अघि बढे नेपाल यो बन्दछ
हाँक्ने चालक हुन् पछाडि यिनका लाग्दैन जो मन्द छ ।५०।

आफ्नो स्वार्थ म गर्छु पूर्ण नभनी, लम्किन्छ तिम्रो दम
आस्थाका प्रतिबिम्ब हुन् सकलले भन्ने गरून् जङ्गम ।
द्यौता पुज्न हतारमा मनुज ती छन् माथि या छन् तल
बोके राष्ट्रियता समाज घरमा बढ्ने छ हाम्रो बल ।५१।

तिम्रो चिन्तनले विवेक बलको संसार देख्ने भयो
स्वप्ना एक भएसमान सबको सद्भावमा त्यो गयो ।
अर्काको अघि या पछाडि जति हुन् लाग्दैन चासो कुनै
आत्मज्ञान भयो कहाँ कति भयो लाग्दैन पासो कुनै ।५२।

आमाको ममता अदृश्य सपना साकार पार्ने गरी
बाबा, दाजु, दिदी र भाइ सबका विश्वास तार्ने गरी ।
कैयौँ देश पुगी विचार बटुली आएर नेपालमा
नाना कर्म र धर्म गर्न कसिने ज्ञाता बने राष्ट्रमा ।५३।

होस् नेपाल सधैँ सशक्त सबमा तिम्रो यही ध्येय छ
के हो संस्कृति कर्म धर्म मनले मान्दा मिठो गेय छ ।
यस्तो सोच लिने प्रफुल्ल मनका विश्वासका नायक
जोडी हात सदा प्रणाम म गरूँ नेपाल उन्नायक ।५४।

पुर्खाको अपमान गर्न नहुने शिक्षा सबैमा भरी
आस्थाको पथमा अगाडि छ कुरा यस्तो इरादा धरी ।
सारा शास्त्र पुराण वेद र कला पढ्ने छ इच्छा जहाँ
भाषा धर्म र भेषरक्षक तिमी कस्तो सदिच्छा त्यहाँ ।५५।

लागुन् जो अझ बाँच्न हाँस्न कसियुन् आदर्श निष्ठाहरू
जाग्दो राष्ट्रियतासमेत छ यहाँ त्यस्तै प्रतिष्ठाहरू ।
जस्तो कर्म विशाल सोच गतिलो त्यस्तै प्रभा चुम्दछौ
बुझ्ने मानिस सामु पर्नुछ भनी अस्तित्वमा घुम्दछौ ।५६।

मान्छे मानिस हौ मनुष्य सबका सोपान तिम्रोपन
जस्तो बुद्धि-विवेक भित्र कुँदिने शिक्षा सबैको मन ।
धारा कञ्चन बग्दछन् सुमनका चिन्नेहरू छन् अति
जेमा खट्नु परे परोस् गहनले पूरा हऊन् जेजति ।५७।

साह्रै भद्र सुशान्त स्वच्छ दिलका साहित्यका सर्जक ।
दिन्छौ साहस रे सदैव यसरी मान्दै नमानी धक ।
गर्दा काम सदैव राष्ट्रहितमा जाओस् त यो जीवन
श्रद्धा गर्छु सदैव उच्च मनले आस्था जगाईकन ।५८।

स्रष्टा खोज्छु जहाँ त्यहीँ गति हुने कस्ता भयौ जङ्गम
द्रष्टाको मन शान्त पार्न सरिता बन्ने छ तिम्रो गम ।
जागोस् भाव लगाव भित्र मनमा यस्तो हुँदै हुन्न कि ?
पढ्दै चित्त यसै म लेख्न नसके सन्तोष मिल्दैन कि ? ।५९।

सिङ्गो देश छ भोकमा अझ बढी आश्चर्यका शोकमा
चोटैचोट दिने परिस्थिति नहोस् भन्ने बनौँ थोकमा ।
देखादेख भयो कि झैँ छ नजिकै सद्भावका सिर्जना
एकाएक तिमी यता र म उता होला कि झैँ सम्झना ।६०।

(स्वागता छन्द)

देश हाँक्छ सुविचार चिन्तन
न्याय नीतितिर दौडियो मन ।
सर्वजनहितको सुकर्मले
राज्य चल्छ उपकार धर्मले ।६१।

●

# पाँचौं सर्ग (शासनप्रतिको दृष्टि)

(स्वागता छन्द)

राष्ट्रको हित कहाँ कति भन्न ।
न्यायमार्ग बन पर्दछ बन्न
सोध खोज जसरी जति सक्दो
उच्च लाग्दछ विचार नघट्दो ॥

(अनुष्टुप छन्द)

जिम्मेवार कुरामाथि कुर्सी अघि सरे जति
सरकार खिचातानी गर्नेहरू भए त्यति ।१।

ज्ञान किताबमा हुन्छ के अज्ञान बुझाउन
कति छन् अङ्ग देखिन्छन् या देखेर लुकाउन ।२।

विश्वलाई उठाएर उठ्ने चिन्तन सुत्दछ
प्रजातान्त्रिक के हो खै यस्तो आशय उठ्दछ ।३।

कोही माथि पुगेका छन्, कोही छन् तलका तल
राजनीति व्यवस्थामा किन बन्दैछ दल्दल ? ।४।

तिनका तीन छन् अङ्ग एकाएक छ के हुने
राष्ट्रियता सुताएर प्रजातन्त्र कता छुने ? ।५।

सरकार भयो जस्तो त्यस्तै हो कर्म पाउने
भ्रमजाल भए प्रस्ट जनता हो पछारिने ? ।६।

बाटोमा हिँड्छ अर्काको आफ्नो सदैव बन्द छ
स्वदेशमा छ हुर्केको सिको विदेश गर्दछ ।७।

गर्ने-गराउनेभन्दा हर्ने-हराउने भय
कार्यको क्षेत्र देख्दैन कार्यको पालिका जय ।८।

जसको आडमा हुन्छ व्यवस्था राजनीतिक
त्यस्ताको नै त्यहाँ हुन्छ क्षतिग्रस्त विधायक ।९।

विभाजन भए कार्य व्यवस्थित सबै हुने
लुकी-छिपी बसेका छन् ठाउँका ठाउँ आउने ।१०।

आधार कर्मको रेखा कर्ममा गई जुट्दछ
छ कार्यपालिका भन्ने कार्यको भार छुट्दछ ।११।

हतियार बनेका छन् बिथोलेर बरालिन
गन्तव्य पर हो माथि उठ्नेहरू सुते किन ? ।१२।

अन्तर्यामी सबै बन्ने अन्तर्मन छ साथमा
परचक्री झिकाएमा पर्न सकिन्छ घातमा ।१३।

नेपालीको नयाँ-नौलो विदेश हातहात छ
राष्ट्रघाती नहवौँ हामी राष्ट्रियता समान छ ।१४।

देखेजति स्वयंको हो जुटाउन हतार छ
आँलो दिँदा त डुँडुलो निल्नेको यो प्रचार छ ।१५।

तन्त्रमन्त्र बनेका छन् कार्यक्रम फरार छ
झड्का लाग्दछ केको खै नबुझ्ने सरकार छ ।१६।

निर्देशन गरेतर्फ ध्यान जान सके हुने
विद्रोही चाल चल्नेको समुन्नति सधैँ हुने ।१७।

जे गरे पनि राम्रो रे त्यो कार्यपालिका छ रे
यस्तो कुरा उठाएर विदेशी भरमा परे ।१८।

नेपालभित्र खानी छन् विदेशमा जवान छन्
देख्ने आँखा खुला नै छन् हेर्ने यी किन बन्द छन् ? ।१९।

अखबार छपाएर खबर्दारी गरेसँगै
नेपाल देश हाम्रो हो भान यस्तो हओस् सधैँ ।२०।

यी सरकारका अङ्ग स्थानीय कार्यपालिका
र न्यायपालिका भन्छ छ अर्को व्यवस्थापिका ।२१।

तिनै स्वतन्त्र अङ्ग हुन् छैनन् आज कतै किन ?
साख्खै बनी गला रेट्ने छ कार्यालय पाइन ।२२।

हस्तक्षेप हुनै हुन्न होस् पालिका पलायन
विमर्शभित्र विश्वास भरे हुने चलायन ।२३।

कर्मनिष्ठ बनी जम्मै निःस्वार्थमा चले यता
रामराज्य यहीँ हुन्थ्यो हाम्रा सामु जतातता ।२४।

छ न्यायपालिका त्यस्तै न्यायको पक्ष रोज्दछ
अन्यायभित्र डस्नेको भाव थुतेर पोल्दछ ।२५।

अग्लो बृक्ष चढाएर फेद काट्ने जमात छ
झस्की झस्किनुको आँत एक-एक उदाङ्ग छ ।२६।

न्यायालय छ सर्वोच्च तटस्थ हुनुपर्दछ
सांसदले नियुक्तिको हात नै धुनुपर्दछ ।२७।

एक-अर्का सबै दूर दरा बनी खडा भए
समाज गतिमा हुन्छ जम्मै आफैँ बडा भए ।२८।

हो कार्यपालिका एक कार्य मात्र अनेक छन्
त्यहाँ प्रधानमन्त्री र मन्त्रीपद समेत छन् ।२९।

जति छ कामको चाप त्यति देशविकासमा
र मन्त्रालयभित्रैको समाधान छ मासमा ।३०।

त्यो कार्यपालिकाभित्र मन्त्रालय भएसँगै
मन्त्री प्रधानमन्त्रीको भिन्न काम हुने अझै ।३१।

जति पदाधिकारी छन् कामको बाँडफाँटले
कार्यालयहरू दङ्ग जिल्ला तथा विभागले ।३२।

नेतृत्वमा गए को-को कामसँगै बिथोलिँदा
अनुशासनको लेप कुर्सीसँगै पिरोलिँदा ।३३।

कार्यालय छ जिल्लामा विभाग छुट्टिए जसै
छ शासन व्यवस्थामा सत्ता नमुछियून् कसै ।३४।

ज्ञानको अङ्ग विज्ञान हुने ज्ञान व्यवस्थित
परीक्षण गरे मात्र होला के छ अवस्थित ।३५।

चङ्गुलमा फसाउने दाउ गर्ने अनेक छन्
गर्नेजस्तै गराउने चारैतर्फ सचेत झन् ।३६।

सञ्चालित व्यवस्था होस् देशका हितखातिर
होस् कार्यपालिका राम्रो कार्यालय छ मास्तिर ।३७।

अन्धाधुन्ध चले औँला लेखनी छ धरापमा
नहोस् कहीँ कतै देश त्रासैत्रास र तापमा ।३८।

प्रजातान्त्रिक सन्दर्भ अर्को हो न्यायपालिका
यसका तीन हाँगाका काममा हुन्छ तालिका ।३९।

प्रत्येक नामका काम बेग्लाबेग्लै भए पनि
राखिन्छ काम हेक्कामा बिग्रेला कि कतै भनी ।४०।

पहिलोमा छ सर्वोच्च सबैभन्दा ठुलो हुने
र निर्देशनमा दोस्रो पुनरावेदनै छुने ।४१।

विस्तार हुन्छ यो जिल्ला तेस्रो जिल्ला अदालत
नीति-नियममा पक्का नरहोस् त्यसमा खत ।४२।

न्यायालय भएकाले काम न्याय दिने गरून्
ती न्यायाधीश सर्वोच्च बन्नेतर्फ प्रधान हुन् ।४३।

हुन् न्यायाधीश सर्वोच्च छन् अदालतका वर
न्यायाधीश हुने मुख्य पालिका न्यायमा गर ।४४।

जो न्यायपालिकाका ती प्रमुख वा प्रधान हुन्
धनी-गरिब जो जे हुन् निष्पक्ष न्यायमूर्ति हुन् ।४५।

समाधान गरेका छन् जुटेर सब कर्ममा
त्यहाँ प्रधान हुन्छन् जो न्यायाधीश र उच्चमा ।४६।

निरपेक्ष हुनुपर्छ निःसङ्कोच सबै नियाँ
चामलका झिकी दाना फालिनै पर्दछन् बियाँ ।४७।

न्यायाधीश बियाँजस्ता बने कहाँ हुने नियाँ
छ्यास्छ्यास्ती मिसिएका छन् न्यायभित्र बियैँबियाँ ।४८।

बिचौलिया लगाएर स्वार्थको छिनफानमा
द्रव्यलिप्त भएका छन् निर्णयका बिहानमा ।४९।

दृश्यमा कोट छन् काला भित्र फोहोर लत्पत
सम्झिँदा न्यायका मर्म पोलिन्छन् किन भत्भत ।५०।

सेवाग्राही तिमी जाग नद्यौ घुस हतारमा
पर्ख, हेर कहाँसम्म छन् वकिल चतुरमा ।५१।

चिन हाल अझै मुद्दा ढिलो सङ्केतमा भए
घोक्र्याएर उता ठेल स्वार्थ सङ्केतमा रहे ।५२।

राज्यले नै दिएको छ चाहिनेजतिको धन
फटाहा सबका पक्ष झम्टेर टाइ बन्धन ।५३।

गर प्रश्न कहाँनेर छ त्रुटि राख यो सब
जम्मै वकिल तर्सन्छन् न्याय मिल्ला यहाँ तब ।५४।

त्यो व्यवस्थापिका हुन्छ राष्ट्र र जनपक्षको
प्रजा हित नपाएमा प्रजातान्त्रिक भन्छ को ? ।५५।

चुनिन्छन् जनताबाट प्रतिनिधि समूहमा
औँसीको रात हेरेर तुलना हुन्न जूनमा ।५६।

छन् चुनिएर आएका प्रतिनिधि भनाउँदा
भुक्क मन हुने हाम्रो अधिकार नपाउँदा ।५७।

त्यो सांसद सधैँ हुन्छ जनताप्रति चिन्तित
बन्नुपर्दछ त्यो आफैँ दुःखमा पनि पीडित ।५८।

चुलाका तीन हुन् चम्का बलिया तीन नै भए
परिणाम सधैँ राम्रो सधैँ यस्तै हुँदै गए ।५९।

सम्भावना लिए भन्दा अझ तुच्छ हुँदै गए
अन्यायमा परी सारा जनता अझ पिल्सिए ।६०।

कसरी के बनेको छ माथिबाटै प्रयोजन
छन् सबै अङ्गमा दङ्ग जनसामु चिनाउन ।६१।

यस्तै जङ्गमका चासा चासामा सब डुब्दछन्
सातो खाने छ हुङ्कार बुझेका जति झुक्दछन् ।६२।

कहीँ केही भए गल्ती औँलो जुरुक्क उठ्दछ
रोजीरोटी भनेकाको श्वास-प्रश्वास टुट्दछ ।६३।

उच्च कुर्सी समातेर जो-जो नियम मिच्दछन्
त्यता औँलो ठड्याएर शब्दले खुब थिच्दछन् ।६४।

संसदको कुरा गर्दा प्रमुख हुन् सभामुख
राज्यले चाहना गर्छ सधैँ न्याय तथा सुख ।६५।

जो कार्यपालिकामा छन् मन्त्री खुदै प्रधानमा
छन् न्यायपालिकाका ती न्यायाधीश प्रकाशमा ।६६।

उता प्रमुख छन् अर्का व्यवस्थातिरका मन
मुख्य प्रधानमन्त्री हुन् न्यायाधीश यसै जन ।६७।

व्यवस्थापक हुन् अर्का मुख्यमा यी सभामुख
काम संसदको हुन्छ सशक्त शान सम्मुख ।६८।

योजनाभित्र हुन्छन् रे गर्ने-गराउने सब
कार्य राम्रो गरे बढ्थ्यो प्रतिष्ठा अनि गौरव ।६९।

नीति-नियम सारा ती ऐन-कानुन बन्दछन्
कार्यमा छ ढिलासुस्ती न्यायमा यदि मन्द छन् ।७०।

बन्छन् यी तासका पत्ता कुर्सी मात्र छ खासभैँ
विकासे कर्मचारीले होला र के विकास खै ? ।७१।

कामका लागि ती जुट्छन् कामकै लागि फुट्दछन्
प्रश्न उब्जिन्छ यस्तैमा आफ्नै गृहस्थ लुट्दछन् ? ।७२।

बन्न सांसद आत्तिन्छन् बने मात्तिदिने यिनै
स्वार्थ पैसा भयो पक्कै पैसामा सब थामिने ।७३।

पदको लोभमा पर्छ मान्छे योग्य हओस् नहोस्
विकासे नबनी हुन्न पैसाकै कार्यकाल होस् ।७४।

विकास एक पूजा हो विकासमा गए मन
विकासे कर्मचारी त्यो आफैँ बन्दछ सज्जन ।७५।

सांसदमा मपाईंको हावाहुरी चलेसँगै
राष्ट्रियता पछारिन्छ लाग्नु शक्ति गलेछ भैँ ।७६।

भित्रभित्रै अघाएर किर्नो बन्दछ काममा
हरेक काम रोकिन्छन् पैसा अगाडि नाममा ।७७।

हिसाबले उचालेको हुन्छ विकास अर्थमा
प्रतिवर्ष करोडौँको बजेट छ निकासमा ।७८।

सांसदभित्र छन् धेरै असामाजिक ज्यादती
त्यसैले त हुने गर्छन् नसोचेका व्यथा कति ।७९।

सांसद भ्रष्ट मोटाए जनतामा छ चिन्तन
कर्म गर्दा ठुलो मर्म खेप्नुपर्ने सबै दिन ।८०।

बेच्दै विकासको नाम दुनो सोभ्mो स्वयंतिर
सांसद नामको रोग फाल्नुपर्छ उँधोतिर ।८१।

सांसद सबका आँखा मन्त्रीको पद खातिर
भ्रष्टाचार त्यसैले त चढेको हुन्छ मास्तिर ।८२।

सांसद नै हुने मन्त्री व्यवस्था विश्वको प्रिय
सक्षम विज्ञ राखेर नहोस् त्यो मन्त्री अप्रिय ।८३।

नियुक्तिमा भए विज्ञ हुन्थ्यो काम विकासको
भ्रष्टाचारी जरो गड्ने नहोस् कारण देशको ।८४।

यस्तो अठोट राखेर पाइला यी सरेसँगै
राष्ट्रिय सुसमाचार सुनिने थ्यो सधैं-सधैं ।८५।

भ्रष्ट सांसदलाई नै त्यो प्रजातन्त्रमा भनी
मन्त्री दिने नहोस् काम टाउका मनले गनी ।८६।

जनताले चुनेका हुन् विश्वासले जिताउने
प्रतिनिधि भए कस्ता आफ्नै पेट भराउने ।८७।

लानु हुन्न तिनैलाई सिधै शासनतर्फ नै
हुन् अस्तित्व बचाउने जनप्रति सधैँ यिनै ।८८।

राष्ट्रोन्नति गरौँ भन्ने हुने यी जनका पति
चुनिएर गए मात्र जनको हुन्छ उन्नति ।८९।

जनताका अझै चेत खुल्नुपर्दछ अन्तर
चाकडी चाप्लुसी नेता नबनीकन पुच्छर ।९०।

नेताभन्दा अझै अन्धा जनताका भए घर
फाइदा यसमा लिन्छन् नेता चतुरका चर ।९१।

मिलेका छन् सबै उस्तै उस्ता छन् समसाधन
दिने एक लिने अर्को बन्ने क्वै छैन बन्धन ।९२।

मात्र नियमका घोडा बनाएर छ के हुने
मनोविज्ञानका रेसा हुनुपर्छ सबै छुने ।९३।

चेतना जनका सङ्ले सङ्लिन्छन् सब सत्वर
अन्याय न्यायका दीप बल्ने हुन्छन् सबै घर ।९४।

पवित्र भावना यस्तो रह्यो जङ्गमको यहाँ
त्यस्तो शासन देखिन्न मार्ग भत्क्यो पुग्यो कहाँ ।९५।

थियो जे सपना मीठो भए साकार देशमा
उत्थान देशको हुन्थ्यो रहन्थे जन हर्षमा ।९६।

राष्ट्रभक्त भएजस्तै दस-बाह्रजना पनि
सुधार देशमा हुन्थ्यो बन्दथ्यो देश नै धनी ।९७।

यस्तो पावन इच्छाले साथ पाऊन् न दर्द छ
बुझ्नैपर्दछ साराले जो साथ दिन्छ मर्द छ ।९८।

बुद्धिमानी कमै हुन्छन्, थोरै छन् मार्गदर्शक
काव्यनायकझैँ हामी बनौँ है देशरक्षक ।९९।

(उपजाति छन्द)

साहित्यमा के-कति योगदान
छ चाह कस्तो उनको बिहान ।
समाजले प्राप्त गर्‍यो कता के ?
कसो छ अर्को प्रतिभा कला के ? ।१००।

•

# छैटौं सर्ग (साहित्यिक पक्ष)
## (क)

(उपजाति छन्द)

बिर्सेर आफ्नो घरबार जुट्छौ
साहित्य आकाश चुमेर उठ्छौ ।
पारेर होचो सुखको सिरानी
निम्तो छ आओस् जयको बिहानी ॥

(अनुष्टुप छन्द)

उठी बिहानमा पैले नित्य स्नान गरीकन
आस्थाका जति हुन् देवदेवी पूरा दिई मन ।१।

गर्दथे अर्चना बानी यस्तो थियो सधैँभरि
विद्यादात्री सरस्वती ढोग्दथे वशमा परी ।२।

(इन्द्रवज्रा छन्द)

आशा पलायो नव पालुवाले
आहा ! सबैमा ऋतुको प्रभाले ।
न गर्मी धेरै न त रात लामा
बुझ्दै नबुझ्ने छ र को धरामा ।३।

प्रसन्न मुद्रा अविराम पार्न
वीणा बजाई धुन अन्त सार्न ।
सरस्वतीको छ कृपा र चाह
दया र माया मनमा अथाह ।४।

आराधनामा दिनरात बित्छन्
संसार ढाक्ने बिरुवा यहीँ छन् ।
चिन्ताविनाको नव चेतनामा
वागीश्वरीको छ कृपा तमाम ।५।

जोडेर आफ्ना युग बाहुलीले
विश्वास स्वीकार गरोस् चुलीले ।
देवी तिमीभित्र सुभावना छ
विद्या दिलाऊ जति चाहना छ ।६।

बेला र मौका जति हात पर्छ
आराधनाले दुखकष्ट टर्छ ।
देवी तिमी हौ जगकी चिराग
आचारले गर्दछु नित्य ढोग ।७।

आधार तिम्रो छ निकै मलाई
झर्ना र पाखा बन भन्नलाई ।
ज्ञाता तिमी हौ अनि भाव झुल्छ
विद्या भएमा सब द्वार खुल्छ ।८।

(उपजाति छन्द)

विद्या घडा दिव्य सरस्वतीमा
लम्किन्छ चुम्ने कर दिव्यतामा ।
हुँदा सबैकी अनमोल रूप
विशाल देख्दैछु बन्यौ प्रदीप ।९।

तिम्रो छ माया अनि दिव्य चाह
त्यस्तै बगाऊ सबमा प्रवाह ।
सुवर्ण बाला मनभित्र झुल्छ
प्रताप तिम्रो सब बुद्धिमा छ ।१०।

सरस्वती वाङ्मयकी विधाता
हौ चेतनाकी घर उच्च दाता ।
जाज्वल्य तिम्रो अनुहार देख्छु
मस्तिष्क खुल्ने पदचाप छेक्छु ।११।

होस् मस्त बोली व्यवहार राम्रो
प्रसन्न मुद्रा नबनोस् नराम्रो ।
विचार हुन् उज्ज्वल शक्ति पाऊँ
म साधनाले भवमा रमाऊँ ।१२।

मभित्र आलोकित भाव आओस्
सगर्व उठ्ने गति हात लागोस् ।
प्रणाम गर्दै म रहन्छु नित्य
वागीश्वरी यो मनकी विचिन्त्य ।१३।

(मणिमध्य छन्द)

खेल छ नौलो चाल जहाँ
झेल नगर्दा ज्यान कहाँ ।
के छ र आफ्नो प्राण दिऊँ
चाह छ धेरै ज्ञान पिऊँ ।१४।

स्वार्थविनाको नम्र बन्यो
मनले गर्दछु मान भन्यो ।
आत्मा दयामा लीन रह्यो
वायुसरी नै शीघ्र बह्यो ।१५।

मूल्य छ धेरै अक्षरको
पूर्ण कला नै हो भरको ।
लुक्दछ पीडा ज्ञानसँगै
मेट्दछु तृष्णा दूर नगै ।१६।

बन्दछ मान्छे ज्ञान भए
विश्व सुनौलो स्नेह दिए ।
चित्त उज्यालो बन्न दिऊँ
लाग्दछ तिर्खा, के म पिऊँ ।१७।

मन्द छ हाँसो बन्द गला
ठग्न रुचेनन् दुष्ट कला ।
बन्न सिकाऊ तीक्ष्ण सुधी
नूतनमार्गी कर्मविधि ।१८।

(मालिनी छन्द)

शुभदिन छ असाध्यै भक्ति गर्दै रमाऊँ
तनमन नजलाई शारदा पुज्न पाऊँ ।
करकमल बढाऊँ भावना नम्र पाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।१९।

कसर छ कति केमा बुझ्न सक्ने बनाऊ
क क न न कति सिक्ने बढ्नलाई सघाऊ ।
चल अचल सिकाऊ सिक्न पाऊँ रमाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२०।

अबुझ छ दिल मेरो ज्ञानको द्वार खोल
कुटिलपन छ केमा शिष्टका शब्द घोल ।
गहन छ मन तिम्रो भक्तिले ज्ञान पाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२१।

मन भकभक गर्दा शान्त पार्ने तिमी हौ
अजर अमर राख्ने शक्तिमाता तिमी छ्यौ ।
जय विजय गराई नामका लागि आई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२२।

तनमन सबलाई स्वर्गको आँगनीमा
सबल मगज दाता बुद्धिको दाहिनेमा ।
फलित कति छ जिह्वा जाँच गर्दै मलाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२३।

सरस मन अझै होस् रागमा गीत गाऊँ
अमृत कण बटुल्दै शारदे भज्न पाऊँ ।
प्रविधि सबल पार्ने सौम्यतामा हराई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२४।

विपुल मन छ तिम्रो शारदा ज्ञान सार
दनुज मनुज पार्ने तत्त्व हुन् दिव्य हार ।
तनमन सब तिम्रै भक्तको भक्तिलाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२५।

कुमुदसम सुविद्या ज्योतिले दीप बल्छ
अभय नजिक आई आँटले बोल्न सक्छ ।
तल-वितल नपर्ने सौम्यतामा हराई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२६।

पथ सहज छ मेरो लक्ष्यको शैल चुम्न
प्रकृतिसित कला ली सिर्जनाभित्र झुम्न ।
रसिक अधिक पार्ने काव्यको शिल्प छाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२७।

मनमगज दियालो साधनाले बनाऊँ
हृदयदह चिनारी काव्यले गर्न पाऊँ ।
अतुलित भव हाम्रो दीपझैँ झल्झलाई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२८।

कलम कर उचालोस् वेद वेदान्त लेख्न
असलियत छ केमा चिन्न दुर्भाव छेक्न ।
अनलसम बनेमा ज्ञानको दीप ल्याई
झलमल जग सारा ज्ञानधारा पिलाई ।२९।

(वसन्ततिलका छन्द)

हाँसो छरेपछि कलाविध मख्ख हुन्छ
प्यारो वसन्तसुषमा नववर्ष चुम्छ ।
पीडा सबै पयरमा दबिँदै रहन्छन्
उल्लासले मगजमा मृदुभाव छर्छन् ।३०।

प्राणीहरू रहरले अति मख्ख हुन्छन्
सद्भावभित्र रसिलो फल बृक्ष चुम्छन् ।
आफ्नो स्वभाव नटिपे ॠतु अल्मलिन्छ
आत्मा प्रफुल्ल छ भने जग भाव खुल्छ ।३१।

फुल्छन् कयौँ मनुजका मनपुष्प सारा
रातै गुराँस वनमा बसिदिन्छ काख ।
जाऊँ रमाउन कतै मन मात्र भाग्छ
झन्-झन् सुरम्य थलमा तन तान्न थाल्छ ।३२।

माता तिमी हृदयमा नबसेर हुन्न
सारा प्रपञ्च नजुटे मन तृप्त हुन्न ।
अज्ञान हुन्छ, धमिलो सब ज्ञान छेक्छ
बढ्दो छ भोक सबको अनि दुःख खेप्छ ।३३।

सौहार्द्रको कलमले समभाव कस्दा
विज्ञानको सफलता दिलभित्र पस्दा ।
हे शारदा ! दिवस यो सबमाझ राख्छु
तिम्रा सबै भजनका रसरङ्ग चाख्छु ।३४।

वाणी छ वाणजतिको भ्रममा नपार
कल्याणको जय गरूँ श्रममा अपार ।
शङ्का र लोभ मनमा दृढ बन्न थाल्छन्
अज्ञान दुच्छर नहोस् मन होस् कुलीन ।३५।

उर्लिन्छ जोस मनमा अनि हुन्छ दीन
कल्याणका पथ बढे पछि हुन्छ धर्म ।
दुर्भावना जति हटून् अनि ज्ञानमर्म
ईर्ष्या असार दिलमा व्यवहार कर्म ।३६।

थाप्दैछु आसिक मुमा मनमा लगाऊ
आयो सुभाव यसरी सबमा गराऊ ।
सत्कर्मले अधरको गम फेर्न पाऊँ
दुश्कर्म गर्न सुरिए पछि पार्न आऊ ।३७।

(द्रुतविलम्बित छन्द)

सरस छन् ऋतुराज अघिल्तिर
समयचक्र बनेर निरन्तर ।
जमिनको बलमा सुखभोग छ
मनुज जीवनमा तिन लोक छ ।३८।

किन अदृश्य भयौ यति शारदा
नहरिने किन दुःख र आपदा ।
रहरभित्र अदृष्ट उँचो भयो
गहन बन्नु छ देश ठुटो भयो ।३९।

असिम प्रश्न तिमीसँग राख्दछु
सब जवाफ लिने क्षणमा म छु ।
छ ऋतुको अवमूल्यन बेसरी
हृदय होस् अझ दिव्य सुधासरि ।४०।

मुलुकको हितको जयगान होस्
श्रवणले ऋतुराज उचालियोस् ।
मनुजधर्म कहाँ किन बैलियो
मणि किनार छ शाश्वत जानियो ।४१।

यति विरक्त नहोस् मन शान्त होस्
भरतको मन मानवमा सरोस् ।
अति कठोर नहौं मन शान्त होस्
र युगपौरुषमा अझ प्रेम होस् ।४२।

(भुजङ्गप्रयात छन्द)

बनून् कृष्णका साथ साथी सुदामा
सहारा बनूँ दीनको आपदामा ।
म हाँस्तै बसूँ भक्तिको सम्पदामा
सधैँ चित्त लागोस् मुमा शारदामा ।४३।

(अनुष्टुप छन्द)

छौ साहित्यिक यात्रामा त्यस्तो चर्चा छ है यहाँ
यो योगदान बुझ्नेले मात्र देख्दछ को कहाँ ।४४।

धाराप्रवाहमा तिम्रो चल्ने कलमका बल
छापिए कृति आलेख संयोगले मिल्यो पल ।४५।

पढेसँगै बुझे धेरै अर्थ लागेर सारमा
प्रवाहित भए साँच्चै जङ्गम कृतिकारमा ।४६।

जस्तो स्वभाव जिज्ञासु त्यस्तै यो परिवेशको
धर्तीपुत्र बन्यौ स्रष्टा र संशोधन चेतको ।४७।

निकाल्ने कर्मको भाव गर्छन् साहित्यकारले
पत्रमा पत्रको खोज हिमाली झेक टारले ।४८।

विद्वत्ता साथमा खाप्दै विचार खण्ड-खण्डले
'भरतांशु' महाकाव्य निकाले नीलकण्ठले ।४९।

काममाथि थपी काम नाम विस्तारमा गयो
ती मनिराज जोशीको ध्यानाकर्षण भैदियो ।५०।

व्यक्ति एक भए के भो क्षमतामा सशक्त छन्
धेरै मस्तिष्कमा बस्ने यिनै जङ्गम लाग्दछन् ।५१।

साहित्यका विधाजस्तै छन् चर्चित जताततै
भक्तिभाव छरेका छन् सौर्यतुल्य बनी यतै ।५२।

प्रसिद्ध अभियन्ता र गायक पत्रकारको
परिचर्चा छ सङ्गीत क्षेत्रमा परिवारको ।५३।

कालजयी यिनै एक व्यक्तित्वको स्वभावमा
महाकाव्य नलेख्ला को श्लोकबद्ध र भावमा ।५४।

'भरतांशु' सबैमाझ निकै प्यारो हुँदै गयो
महाकाव्य बुझौं के हो साहित्यकारमा भयो ।५५।

साहित्यमा हुने शक्ति रोकी नरोकिने थियो
र मनिराज जोशीको त्यो महाकाव्य जन्मियो ।५६।

एक मात्र कहाँ हो र दोस्रो भरतमा भए
ती काव्यकारका श्लोक काव्यवाचकमा गए ।५७।

फराकिलो छ गन्तव्य घोडचढी सवार होस्
स्रोत बनेर ऊर्जाको लेख्ने मानिस पार होस् ।५८।

यात्रा साहित्यको कस्तो कर्मशील छ नाममा
कविप्रसाद छन् हाँस्तै त्यो महाकाव्य लाममा ।५९।

चारैतिर भए खेल्ने ठाउँमा ती विचारक
विश्लेषक बने राम्रो स्थापित र सुधारक ।६०।

‘भरतेन्दु’ महाकाव्य गरेसँगै प्रकाशित
आहा ! वाह ! बने स्रष्टा ती महाकवि पण्डित ।६१।

तारासमान चम्किन्छन् स्रष्टा नायकमा जति
व्यक्ति मात्र भए एक महाकाव्य बने कति ।६२।

रसपान गरून् आऊन् साहित्यिक बनून् जन
जन्माउने भइन् आमा नायकभित्र क्रन्दन ।६३।

नदेखिने यता दर्द रोएका छन् कुनाकुना
राजनीति अवस्थामा नलागोस् है कुनै टुना ।६४।

सबै बुझाउने मेरा छन् यी नायक जङ्गम
परे पारे सबै जुट्ने ती महाकाव्य सङ्गम ।६५।

सफा ऐना यिनै मेरा योग्य नायक जङ्गम
यिनलाई बुझे देश बुझिनेछ गतिक्रम ।६६।

अनन्त प्रतिभाशाली जिन्दगी छैन हारको
शब्दमा शब्दको गाथा टिप्दैछौ नि विचारको ।६७।

सात बार बने थुङ्गा ‘कालो सूर्य’ प्रभातले
सगर्व विश्वयात्रामा बढेको छ सहर्षले ।६८।

साहित्याकाशमा रम्ने सम्पूर्ण भाव साथमा
त्यो ‘कालो सूर्य’ को जन्म राख्नैपर्दछ माथमा ।६९।

सातै बार अँधेरा छन् उज्यालो छ कताकता
भ्रष्टाचार गराएका काला ताल नहून् यता ।७०।

'व्यूहचक्र' रची आफैँ साहित्यको थपी तला
दिनरात जगाएर जाग्ने भए सबै पला ।७१।

साहित्य चेत छन् उच्चा उँचो माथ उँचै रहोस्
छन् भोलेनाथ सामुन्ने बन्द ज्योति कतै नहोस् ।७२।

नामैनाम सबैतर्फ चमत्कार छ चम्किने
श्रद्धाभावविना हुन्न शब्दोपहारमा दिने ।७३।

पढ्नेले नै पढून् लाग्छ लेख्ने लेखकमा थियो
'रातो घाम' उपन्यास तलो बनेर छापियो ।७४।

कैयौँ सङ्घर्षमा भिड्दै पुग्दैछौ जनका मन
लाग्छ यो चेतको वृक्ष मस्तिष्कमा छ सिर्जन ।७५।

स्रष्टा-द्रष्टा सबै बन्छौ वाणीमा छैन अल्मल
दियो हौ कुलका आफ्ना वंश पर्दैछ झल्झल ।७६।

राष्ट्रसुधारमा झुल्की ज्योति जाज्वल्यको छरी
न्यायलौरो लगी बन्नु अन्यायभित्रका हरि ।७७।

धमिलो न नहोस् कैल्यै खेल फोहोरमा झरी
सुदीर्घ दीर्घ अस्तित्व झुम्नू बनेर वल्लरी ।७८।

जाँच हो कर्मरेखाको उत्तीर्ण छन् सबै दिन
विचारदृष्टिको कोण अन्तर्वार्ता भयो किन ? ।७९।

दृष्टिकोण सबैमा छ विचारमा सबै जुटून्
प्रसङ्गभित्र पस्दैछौं पचाससँगमा उठून् ।८०।

आफ्नै विचारमा हुन्छौ छौ विचारक जङ्गम
वैचारिक बनेको छ होस् आन्दोलन के कम ? ।८१।

भ्रष्टाचार भए केमा आन्दोलन विचारक
ग्रन्थ प्रबन्धको तिम्रो भयो नै आधिकारिक ।८२।

अन्तर्वार्ता सुनेका छन् बुझ्नेहरू गए कता
प्रबन्धग्रन्थ चर्किन्छ भ्रष्टाचार भए त्यता ।८३।

आन्दोलन छ आफैँमा चर्केका घाउका सरि
सङ्ग्रहका सुनी नाम फर्के को र कसो गरी ? ।८४।

सङ्ग्रहभित्र तान्नेको लेखनीसाथ गन्थन
उद्देश्य उच्च राख्नेका हुने हुन् भावमन्थन ।८५।

सर्वव्यापी भएका छौ तल्लीनमा छ लेखन
सम्मान र प्रतिष्ठाले साहित्याकाशका धन ।८६।

जाज्वल्यमानका तारा प्रतिष्ठापित रूपमा
छन् लेखरचना तिम्रा आ-आफ्नै अनुरूपमा ।८७।

साहित्यिक उज्यालोको खोज्ने नजर अन्त छ
सारा कृतिहरूभित्र राजनीतिक गन्ध छ ।८८।

आक्रोश व्यक्त गर्दैछौ आक्रोश भित्रभित्र छ
साहसी अति नै लाग्छौ स्वयंमा उच्च शक्ति छ ।८९।

सरकार बने कस्ता त्यस्तै भाव किताबका
छन् लेखरचना राम्रा राजनीति हिसाबका ।९०।

साहित्यिक विधा तिम्रो उच्चतामा उठाउन
दिग्दर्शक बनी काव्य साधनाभित्र आउन ।९१।

कृतिकार बन्यौ आफू सत्न्यायमा समाहित
अनूदित भएका छन् कृति तिम्रा नहुन् कि त ? ।९२।

साहित्य रसको स्वाद तिम्रा लागि अचानक
'कालो सूर्य' निकाल्नेको विश्लेषण भयानक ।९३।

अनुवाद हुनेमा यो उच्चतामा यसै गयो
भाषा तेह्र हुनासाथ सुसम्मान बढी भयो ।९४।

अनूदित हुनासाथ विश्वका ओठमा हुने
उपन्यासभरी के छ ? पढ्ने मानिसमा छुने ।९५।

अन्तर्राष्ट्रिय हो शक्ति हातहातै पुऱ्याउने
काव्यकार उचालेर आफ्नो शिर झुकाउने ।९६।

ख्यातिप्राप्त भएका छन् देशभित्र र बाहिर
नामानुसार निस्केका भावमा भाव माहिर ।९७।

वाग्देवीको कृपा पाई हुँदैछौ आत्मसंयमी
सरित्प्रवाहझैँ बग्दै नदीनाद भयौ तिमी ।९८।

एकाग्रता कता हुन्छ काव्यकार तिमी भन
काव्यमा रम्न सक्नेको काव्य नै छ र हो धन ।९९।

काव्यको भाव बोल्दैछौ काव्यमा नै समाइयौ
काव्यमा पौडिने पात्र काव्यद्वारा उठाइयौ ।१००।

धर्मदर्शन बुझ्नेको कर्म-धर्म समान छ
सङ्ग्रहित गरेजस्तै काव्यचिन्तन सान छ ।१०१।

कलासंस्कृति जोगिन्छ कलाभित्र भए मन
अध्यात्म हुन्छ खोजीमा छ आध्यात्मिक चिन्तन ।१०२।

बल बल्न सकेजत्ति सामु समयका पला
बाँकी जम्मै छुने होऊ कुनाकाप्चा सबै थला ।१०३।

अन्यायमा अझै ठोक झोकका पोखरी बनी
हिलाभित्र सबै भ्रष्ट लट्पटिउन् जुनी-जुनी ।१०४।

यस्तो कृति छ यो ‘कालो सूर्य’ लाखौँ छ माझमा
हजारौँ दिलमा ज्योति थप्दो अँधेर साँझमा ।१०५।

‘कालो सूर्य’ निकालेर गहिरो भावना छरी
दिन बार समेटेर सातमा गणना गरी ।१०६।

उपन्यास हुँदा पस्ने गहिराइ नियाल्दछ
औपन्यासिकताजस्तै भावभङ्गी छिचोल्दछ ।१०७।

अत्याचार र अन्याय समाजमा भए किन ?
हत्या विकृति हिंसा यो भ्रष्टाचार छ दिन्दिन ।१०८।

जर्जराकार बन्दैछ त्यस्तो हटाउन जुटौं
चारैतिर हुने यस्तो लडाभाँती त्यहीँ चुटौं ।१०९।

शङ्खनाद छ गुन्जेको खबर्दारी सँगैसँगै
‘कालो सूर्य’ सबैतर्फ पुगेको छ तिमी नगै ।११०।

प्रतीकात्मक भै खुल्छ व्यङ्ग्यमा प्रतिबिम्बित
उपन्यास छ यो ‘कालो सूर्य’ नै न्यायचित्रित ।१११।

व्यङ्ग्य विधा भ्‍कभ्‍कल्कोमा उपहास नहोस् कतै
कुण्ठा अन्तर्विरोधी छन् दिऊन् निस्की जताततै ।११२।

सात दिन त सातै हो बार पनि छ सातको
सूर्यको गणना गर्ने यो उपन्यास खासको ।११३।

समुदाय छ आ-आफ्नै छ भाषाभेषले छुने
सबै काम सबै ठाउँ सबैका निम्तिमा हुने ।११४।

बुद्धिमत्ता भयो कस्तो बुद्धिमा अब देश छ
भाषा सरल अत्यन्तै पाठकसामु पेस छ ।११५।

सरकारी छ ओहोदा सरकार कता गढे
आइतबारका पात्र आइतबारमै सडे ।११६।

संयन्त्रमा छ संयन्त्र अन्यत्र किन सर्दछन्
हुँदा सचिवमा शक्ति नासु पियन भर्दछन् ।११७।

शनिबार सबै गाडी निजी बनाउँदै चढी
बेइमान सबै गर्छन् मोजमस्ती लडीबडी ।११८।

ठान्छन् सम्पत्ति पैतृक सन्तान यी चढाउँछन्
वनभोज लगी शान सोखभित्र उडाउँछन् ।११९।

त्यही सरहको सोख भोलिपल्ट छ काममा
घुम्ने कुर्सी सधैं झुम्छन् सेवा गरेर दाममा ।१२०।

सेवाग्राही पुगे छैन भन्छन् पियन भन्दिनू
कर्मचारी कहाँ हुन् यी हुन् साह्रै तुच्छ मान्दिनू ।१२१।

चेतना जनताभित्र निस्कनैपर्छ यो क्षण
खोली द्वार पुगी झ्याप्प टुप्पी टुप्पो समाउन ।१२२।

सक्नुपर्छ सबै सेवाग्राही गम्भीरमा रही
समुन्नत यता हुन्छ हुने सच्चा भए कहीँ ।१२३।

सार्वजनिक सौजन्य बिदाका दिनमा पनि
छिमेकी सबले याद यिनकै गर्नुपर्छ नि ।१२४।

व्यक्तिस्वार्थ चढी निस्के सर्कारी छन् सवारमा
भने पक्री त्यही नाङ्गेझार पार्नू बजारमा ।१२५।

शनि आइत वा सोम मङ्गल बुध शुक्रमा
सबै बार चियो चासो हुनुपर्दछ बक्रमा ।१२६।

अपराध जहाँ गर्छन् त्यहीँ ठेली समाउने
जनभाव बुझे मात्र हुन्छ देश रमाउने ।१२७।

लेख्ने सामान्यमा हुन्छन्, हुन्छन् लेखाउने ठुला
भ्रष्टाचारी अघाएनन् नदीनाला बने कुला ।१२८।

चिन्ता भरतमा ज्यादा देखियो व्यवहारमा
जथाभावी रहे यस्तै देश नै पर्छ मारमा ।१२९।

जतातत्तै भए हुन्थ्यो अशक्त ती सशक्तझैं
छ भ्रष्टाचारसम्बन्धी पुस्तकै हातहातझैं ।१३०।

यो अवधारणाभित्र डुले घुले कि जङ्गम
एकाग्रता भयो कस्तो हुन्छन् सफल हर्दम ।१३१।

नामधारकमा जस्तो त्यस्तै गराउने उनै
त्यो 'एन्टिकरप्टोलोजी' लुक्ने देश नहोस् कुनै ।१३२।

जरुरी छ सबैलाई सिकाउन सबै भनी
होस् निवारणसम्बन्धी लेख भन्छन् उनी पनि ।१३३।

विज्ञानको नयाँ खोज भएको उक्त पुस्तक
नेपाली अनि अङ्ग्रेजी झैँ हिन्दीमा जहाँतक ।१३४।

भारताकाशको भाषा कर्नाटक बुझीकन
छ कर्नाटक भाषामा प्रकाशित यही पन ।१३५।

अर्को मराठ भाषा त्यो अनुवादित पुस्तक
शास्त्र दर्शनको यस्तो छ फैलावटको हक ।१३६।

छ भ्रष्टाचारसम्बन्धी व्यथा विभिन्न पक्षको
विवेचना प्रशस्तै छन् सोध्नुपर्दैन दक्ष को ? ।१३७।

निष्पक्ष पक्षका गोटी चाल्ने गर्छ सुसारले
छन् कार्यतालिकामा के हुन् ती क्रमानुसारले ।१३८।

लागिपर्दा नहोला के ? छुन्न पक्कै स्वभावले
भ्रष्टाचार गरौँ अन्त्य शास्त्र व्याख्यानुसारले ।१३९।

विस्तारित गरे ज्ञान दूबोजस्तै छ फैलिने
सिक्लान् सन्ततिले पक्कै फूलजस्तै नवैलिने ।१४०।

नयाँ समाज निर्माण यो नै महत्त्वपूर्ण हो
आजजस्तो नहोस् भोलि शिक्षा नै एक लक्ष्य हो ।१४१।

हो भ्रष्टाचार विज्ञान उत्कृष्ट एक पुस्तक
बनेको हुन्छ शिक्षा त्यो विद्यार्थीमा सहायक ।१४२।

विश्वमा नाम चल्दैछ ज्ञान फैलिन्छ विश्वमा
त्यो पाठ्यक्रममा प्रस्ट समावेश समाजमा ।१४३।

विदेश-देश फैलिन्छन् विचारभित्र जङ्गम
सार्वकालिकमा हिँड्छन् सदा जीवित ठम्ठम ।१४४।

केही सिक्छन् सिकाएर संस्कारभित्र हुन् क्रम
विरोध भ्रष्टाचारीको बढ्नैहुन्न पराक्रम ।१४५।

पाठ्यक्रमभरी फैली नेपाली पुत्रको पन
न्यायको क्षेत्र अग्लिन्छ न्याय बन्दछ कञ्चन ।१४६।

सौभाग्य देशको नै हो फिँजिने विश्व आँगन
गौरवान्वितमा सारा नेपाली जनधड्कन ।१४७।

●

# छैटौं सर्ग (साहित्यिक पक्ष)
# (ख)

'कालो सूर्य' भित्रका सात बार

(शनिबार)

(अनुटुप छन्द)

शनिबार सबै कार्य घरभित्र बसी-बसी
सेवाग्राही कता के छन् हेर्नुपर्छ घुँडा धसी ।१।

सूची तयार छर्लङ्ग को-को हुन् पहिले हुने
कर्मचारी तयारीमा शनिबारै हऊन् छुने ।२।

मस्तिष्कमा रहून् खाका अस्पष्टता कतै नहुन्
बल्ल आफ्ना बिदाका यी निजी काम अघि सरून् ।३।

खाऊन् लाऊन् जता जाऊन् जे गरून् व्यक्तिका गरून्
मनोरञ्जन चाहिन्छ हाँसो गर्न यता सरून् ।४।

पतिसाथ रहून् पत्नी शनिबार नहोस् कति
बजारमा गरून् सारा किनमेल भएजति ।५।

बिदा बिदाजसै होऊन् मनोरञ्जनमा भुलून्
परिवारसँगै शान्ति सुखी जीवन हो बुझून् ।६।

जुवातास सबै छाडून् नैसर्गिक कुरा गरून्
स्वच्छ दिमागका हावा विश्वासी दिलमा भरून् ।७।

फुर्तीसाथ सबैभित्र व्यवहार नहोस् कडा
देश यो शिरमा राखी जनशक्ति हऊन् खडा ।८।

तनावका सबै तन्तु फालून् जीवनका पर
आराममा बितून् रात प्राण धान्न निरन्तर ।९।

हुन सक्छन् सबै कार्य अफिसका धमाधम
अनुशासनका सान कर्मचारी नहून् कम ।१०।

क्रमानुगतमा राख जो आए तिनका घर
गुनासा नहुने पारी समाधान यसै गर ।११।

पैला दोस्रा यता तेस्रा सामु छन् जति जो त्यता
दृष्टि देऊ सबैमाथि हेर आफैं परे कता ।१२।

ढुक्क हुन् ती भनून् आहा ! यस्तो पो अनुशासन
खुसीसाथ हऊन् चङ्गा फुकी सम्पूर्ण बन्धन ।१३।

हात हल्लाउँदै बोलून् धन्यवाद भनून् सब
समस्याबाट हून् मुक्त अनि पो हुन्छ गौरव ।१४।

ठगका ठालुले पाऊन् दुःख-दर्द अनेकन
सोझा सज्जनका साथ सहयोगी हऊन् मन ।१५।

(आइतबार)

काम आइतबारे हुन् कर्मचारी यिनै भए
सेवाग्राही हुने ढुक्क अनुशासनमा रहे ।१६।

पुग टेबलमा राख सूची फुकाल के कहाँ
सेवाग्राही छ को पैलो हाजिरमा हऊन् यहाँ ।१७।

कार्यक्षेत्र यता चर्चा प्रशंसामा सबै हुने
समस्या सब टर्नेछन् कुराले मन नै छुने ।१८।

कार्यालय समस्यामा तिमी भए कतैतिर
जनका मन चम्कन्छन् दङ्ग परी त्यतैतिर ।१९।

कर्मचारी रहे साथ अप्ठेरा सुल्झिने सब
नियामक भई चल्दा देशको हुन्छ गौरव ।२०।

आँखा छलाइमा हुन्छन् व्यापारी नापतौलमा
ठगी खाने बनाएर कसिलो बन्छ मोलमा ।२१।

सोझा रूख बनेका छन् नजानेझैँ यताउता
टाठाबाठा बनी धेरै गर्छन् मोज जतातता ।२२।

ठग मौलाउँदै जाँदा सत्य नै ठगले छिने
मिलोमतो भयो कस्तो इमानभित्र खैँचिने ।२३।

कर्मचारी यिनै धन्दा गर्छन् अफिसमा बसी
लोलोपोतो गरेका छन् मख्खिएर दुला पसी ।२४।

निरक्षर अगाडिन्छन् पढेका पछि पर्दछन्
तराईझैँ पहाडीका विश्वास तल झर्दछन् ।२५।

छैनन् सफा कुनै काम बुझ्नेका ठग बन्दछन्
नबुझ्ने निमुखालाई सकेको जति ठग्दछन् ।२६।

तल पर्ने परेकै छन् फटाहा राज गर्दछन्
दुनो सोझ्याउने सोमबारमा अघि सर्दछन् ।२७।

हुलाकसम्ममा हुन्छन् यिनै चलाख चालका
मिचिने मिचिएकै छन् मिच्ने चतुर खालका ।२८।

(सोमबार)

अन्यायका अझै मौला देखिन्छन् सोमबारमा
अघिल्लो दिनको जोहो गर्दा मिल्छ अपारमा ।२९।

चेतना सबमा जन्मोस् रोक्नलाई सबै कला
चोरचण्डाल ठोकेर सफा पारौँ सबै थला ।३०।

हुनुपर्ने यता अर्कै भए अर्कै विचित्रका
कर्मचारी सबै खेल्छन् घिनौना खेल भित्रका ।३१।

आफू सामु हुँदै हुन्नन् काम जे-जे परे पनि
छिनिन्नन् काम ती कैल्यै लामा जाम परे पनि ।३२।

बिचौलिया खटाएर मोलतोल मिलाउन
कर्मचारी बने चङ्ख धन्दा धन कमाउन ।३३।

के छ काम भनी सोध्छन् पैसाका अनुहारले
आफ्ना ती जनका हुन्नन् गर्दिने व्यवहारले ।३४।

समाचार उता पुग्छ यिनैबाट भयो यति
हवस् तत्परमा हुन्छन् या हुन्छन् थपमा कति ? ।३५।

बिचौलिया बनाएर सेवाग्राही ठगी-ठगी
कर्मचारी सबै भ्रष्ट त्यसैले हुन्छ जग्जगी ।३६।

चेतना राजधानीमा यस्ता अन्यायले छुँदा
के-के होला उता सोझा अभाव गाउँमा रुँदा ।३७।

निरक्षर सबै गाउँ जिल्लाका जनमन्दिर
चर भत्काउने हुन्छन् राष्ट्रसेवकका शिर ।३८।

स्वयम्लाई नचिन्ने छन् कर्मचारी सरासर
सुधार्नुपर्छ या फाल्नु छन् बेथिति चराचर ।३९।

रोएका जनका घाउ कोट्याई अझ घोच्दछन्
निकम्मा यी भएसम्म आगोमा देश झोस्दछन् ।४०।

लुतेलाङ्ग्रे कतै हुन्नन् छद्मभेषी जहाँतक
सुरुङै देशको बन्छन छिर्छन् भित्र अचानक ।४१।

हुन्छन् जे सोच उल्टाई परिणाम बनी अरू
मङ्गलबारले फेर्छ अर्कै बन्दिन्छ के गरूँ ? ।४२।

खुङ्खार अपराधी हुन् शक्तिसम्पन्न साधक
देशसम्म यता अर्कै पार्ने हुन्छन् प्रधानक ।४३।

धाक-रवाफमा उस्तै शक्ति साहसमा अझ
हाइदुहाइ जम्मैमा बन्दछन् उच्च दिग्गज ।४४।

सत्ता फेर्छन् यता मान्छे जो चाह्यो ल्याउँछन् जसै
भत्ता चाहिन्छ जे-जत्ति चाहेको भ्याउँछन् यसै ।४५।

रोक्ने ठोक्ने अझै बोक्ने पछार्ने सब गर्दछन्
नचाहेमा सबै माथि पुग्दै ती तल झर्दछन् ।४६।

माफिया विश्वकै हुन्छन् चाहेको जुइनामुनि
लडाएर लडेका छन् स्वार्थ बोकी जुनी-जुनी ।४७।

रातारात उदाएर अर्कै बिहान बन्दछ
सत्ताको चालमा लाग्छ ज्ञानको द्वार मन्द छ ।४८।

तिखा बार यसैमा छन् अधर्मका धरोहर
इसारा स्वयंमा घुम्छ सत्ता शासन फोहर ।४९।

नराखी देशको चिन्ता लोभ भित्र सजाउँछन्
भित्रभित्र दुई हात जोडी ताली बजाउँछन् ।५०।

(बुधबार)

शक्तिका आडमा उक्ली सेवाग्राही सताउने
के-के न छु भनी धाक-धम्की धेर लगाउने ।५१।

विदेशसम्म फैलेका देशका सब दुर्जन
निवर्तमान हुन् या हुन् वर्तमान कुनै जन ।५२।

बहालवालका साथ साँठगाँठ रचाउँछन्
दुवै शक्ति गरी जम्मा अधर्मी मुस्कुराउँछन् ।५३।

नदी बेच्छन् कतै खोला मोलतोल मिलाउँछन्
भट्टीभित्र छिरी आँखा लाल भै तिल्मिलाउँछन् ।५४।

ससाना मात्रमा ह्वैन अपराध भयानक
देश नै बेच्न यी सक्छन् चाल चल्दा अचानक ।५५।

छिमेकका सबै स्वार्थ शिरमा जो उठाउँछन्
टुक्रा-टुक्रा गरी सारा यो नेपाल बुझाउँछन् ।५६।

राष्ट्रियता छ सामुन्ने राष्ट्रप्रेम भयो कता
मूर्ति स्वदेशका बेची शक्ति उठ्छन् जतातता ।५७।

छन् सिपालु जरा काट्न टेकोको अब के भर
सच्चा सपूत हौ निस्की बचाऊ देश भर्खर ।५८।

(बिहीबार)

ससाना लोभका झुन्ड व्यापारका बने दल
यसै समयमा गर्छन् सत्तामा धेर हल्चल ।५९।

आश्रित शक्तिका आड देशका सब भक्षक
भित्री छुरा चलाएर बन्दछन् ओठ रक्षक ।६०।

नेतासम्म भए भ्रष्ट साँठगाँठ बढाउन
कर्मचारी बने क्षुद्र अङ्कमाल लगाउन ।६१।

कस्तो दिनुछ आदेश नेतालाई लगाउँछन्
बिचरो पर्छ फन्दामा जम्मै लोभी बनाउँछन् ।६२।

मिलाउने सबै हुन्छन् मिल्ने झन् मख्ख पर्दछन्
नीच बनेर उठ्ने ती कानमा कान भर्दछन् ।६३।

दया हुन्न यिनीसाथ मायाका नगरौँ कुरा
देख्दा बाहिर छन् सभ्य मनमा छन् तिखा छुरा ।६४।

बिस्तारै प्वाल यी पार्छन् राष्ट्रको ढुकुटी छरी
सुरा विलासमा बिक्छन् राष्ट्रसेवकका थरी ।६५।

मुख्य अङ्ग गरी भङ्ग ब्वाँसा नीति चपाउँछन्
विदेशीको लिई आड ती आदेश पचाउँछन् ।६६।

(शुक्रबार)

शुक्रबार पुगी सारा कार्यालय डुलेपछि
सच्चा तस्बिर झस्केका देखिनेछन् त्यता कति ।६७।

सुनसान सबै घाम या त शीतल खातिर
चौर-चौर घुमेका छन् क्वै हुन्नन् भित्र आखिर ।६८।

आधा छुट्टी छ हेरेर घाम आकाशका तिनी
गफ चुट्छन् मजासाथ रमी रमाउने चिनी ।६९।

सेवाग्राही कुनै छैन हो शुक्रबार भन्दछन्
घडीको सुइमा घाम आँखामा सब उड्दछन् ।७०।

खातापाता मिलाएर दराजमा सजाउँछन्
पैसा उठे उठाएका बाँडफाँड लगाउँछन् ।७१।

मन्त्री सचिवका भाग अफिसर हुँदै तल
भागमा पर्छ पर्दैन निकै चल्दछ खल्बल ।७२।

स्वार्थमा हुन्छ त्यो बार गफमा बित्दछन् दिन
चोखा हुन्नन् सबै भ्रष्ट भ्रष्टैभ्रष्ट बुझी चिन ।७३।

कसरी देश यो बन्ला उत्थान जनका भई
हेरे प्रस्ट हुने थाहा खाता अफिसमा गई ।७४।

अत्याचार अनाचार अस्वाभाविक छन् कुरा
भने केही कसैलाई मिलेका उठ्दछन् धुरा ।७५।

भाँडभैलो भएको छ मनोमानी सबैतिर
उज्यालामा सबै काला छ सरकार तस्बिर ।७६।

(शार्दूलविक्रीडित छन्द)

खोजेका भरमा विचार रसमा डुङ्गा खियाएपछि
नातेदार बसाउने हृदयमा आशा पलाएपछि ।
झर्ने को र कहाँ कुनै विषयमा लाग्दै गरेको खत
कुर्सीका तलबाट हात नदिने केको बनोस् आदत ।७७।

सेवाका पद बेचिए किन यहाँ त्यो प्रश्न गर्छौं जति
त्यस्तै पद्धतिका प्रथा दिनदिनै अग्लेर चिन्ता अति ।
नाना कर्म र काण्डका विमतमा फस्ने भयो देश यो
उठ्नेछन् नउठी जुटेर नहुने भाषा बनोस् भेष यो ।७८।

बोल्ने एक भयौ तिमी दिनहुँ नै होस् कामको दायरा
कामैकाम हऊन् समाज घरमा जाज्वल्यमा हुन् धरा ।
ऐनाझैँ छ रहोस् समस्त दुनियाँ तिम्रो भएझैँ जित
आहा ! धन्य भएँ यसै भइरहोस् ब्रह्माण्ड भन्ला कि त ।७९।

ख्वपदेश उपन्यास

(अनुष्टुप छन्द)

स्वर्गभन्दा हुने प्यारो जन्मभूमि जता पनि
टौमढीटोलमा ज्यादा मन जाने भयो त नि ।८०।

साहित्यिक थियो यात्रा साहित्यमा रमिरह्यो
उपन्यास बनी एक यो ‘ख्वपदेश’ जन्मियो ।८१।

मनमा प्रश्न उठ्छन् नै उपन्यास लिने दिन
रह्यो पुस्तकको नाम ‘ख्वपदेश’ यहाँ किन ? ।८२।

शब्दमा नै हुने अर्थ झिके भरतले भनी
‘ख्वपदेश’ सबैमाझ सक्यो पुग्न अहो ! बनी ।८३।

भक्तपुर बुझेजस्तै नगर ख्वपदे भयो
यसरी नै रह्यो नाम पुस्तक ‘ख्वपदेश’ यो ।८४।

उन्नाइसौँ शताब्दी र बीसौँमा ख्वपदेशले
त्यो भादगाउँ बस्ने नै हुन् अरे भादगाउँले ।८५।

ख्वप नेवार भाषा हो नेपाली भादगाउँ हो
बसोबास त्यहाँ धेरै जाति नेवारको न हो ।८६।

नाम फेरिनुले सारा भए मानिस शङ्कित
नयाँ नाम त्यसैले नै त्यहाँ त्यो देखियो कि त ।८७।

हुन् भादगाउँले सारा भादगाउँ बसेजति
मनसाय भयो यस्तो भिन्नभिन्न कुरा कति ।८८।

टाठाबाठा थिए जो-जो बसाइँ नै सरी गए
सोझासाझा बसेकाले भादगाउँ भनी रहे ।८९।

भादगाउँ बसेमध्ये एक हुन् मणि जङ्गम
गहिराइ बुझ्के मात्र जन्मभूमि कहाँ कम ।९०।

होस् अध्ययन राम्रो नै अनुसन्धान पक्षमा
अर्थपूर्ण बनोस् यात्रा पर्छन् भरत दक्षमा ।९१।

अनुसन्धान जस्तो भो उस्तै कथा समेटिँदा
पुस्तकमा रमेका छन् त्यो ख्वपदेश भेटिँदा ।९२।

इतिहास बुझाएको ठाउँ त्यो मणिसाथमा
कर्मशील नबन्लान् र कर्मयोग छ हातमा ।९३।

सामाजिक सदाचार व्यवहार बताउँछ
'ख्वपदेश' पढौँ हामी कथाकार अघाउँछ ।९४।

यो उपन्यासले ज्यापू जातिको इतिहासमा
वर्चस्व गरिमाजस्तै वैभव देख्छ खासमा ।९५।

तीन सहर यीमध्ये यो नै पछाडि पर्दियो
हेप्ने हियाउने मान्छे देख्दा असह्य भैदियो ।९६।

गहिरोसँग यो बुझ्दा पहिरो नै चल्यो ममा
टाठाबाठा सबै लाग्ने सर्ने अन्यत्र ठाउँमा ।९७

सोझासाझा निकम्माझैं लाग्ने बस्ती भयो अरे
जन्मभूमि म क्यै गर्छु नामोल्लेख उनी गरे ।९८।

सोचे भरतले उर्ल्यो भाव झर्नासरी मन
'ख्वपदेश' भयो पक्कै औपन्यासिक धड्कन ।९९।

यसबाटै भयो साँच्चै चिनिने भक्तको पुर
यो ह्वैन जङ्गली गाउँ हो हाम्रो अलकापुर ।१००।

चेतनाका जमाएर तन्द्रामा तानिए सब
अनि ढुक्क भई भन्छन् 'जङ्गम मान्छु गौरव' ।१०१।

काष्ठमण्डप अर्को यो ललितपुर ओर्लने
सहरमा झरैं भन्दै मनले मुख कुर्लने ।१०२।

यस्ता मानिसका लागे मुख बुजा सबैतिर
रमाएर यतै पुग्छन् जम्मै यी बस्न आखिर ।१०३।

ख्वपदेश भयो ऐले नगर भक्तको पुर
भादगाउँ अझै राम्रो प्राचीनको धरोहर ।१०४।

घृणा गर्ने थिए पैले ऐले चुम्छन् सबै जन
बसाइँ सर्दथे पैले यता सर्छन् सबै मन ।१०५।

जन्मस्थल छ यो प्यारो जे गरेँ सक्दथेँ जति
मखख परेँ भनी भन्छन् कृतिनायकका मति ।१०६।

मुख्यत: ख्वप नै हो यो नेपालभित्र भेकको
जातिगत कुरा गर्दा मूल थलो विभेदको ।१०७।

बहुजाति भएजस्तै बहुसंस्कृति एक हो
व्यवहार यसैमा झन् बहु यस्तो नहोस् न हो ।१०८।

विभेदको उठे प्रश्न जातीयता कहाँ छ र
त्यसैले एक यस्तो यो उदाहरण झन् वर ।१०९।

छ यस्तो एउटा मात्र घेराभित्र हुने अनि
कस्तो विविधता भन्दै देख्न-बुझ्न छ यो पनि ।११०।

जति बुझ्छु भनून् सारा त्यति कठिनले छुने
चाहनामा भएजस्तो यथार्थमा कहाँ हुने ।१११।

पहिलो राजधानी यो हुने नेपालमण्डल
पाए मौका त्यसैले त बसाइँमा भयो बल ।११२।

विभिन्न मत बोकेका धर्म-संस्कृति साथमा
बसोबास गरेका छन् ख्वपदेश समाजमा ।११३।

नेवारको घना बस्ती राजधानी प्रवेशमा
सुसंस्कृत तथा सभ्य पूर्वीय ख्वपदेशमा ।११४।

जस्तो विभक्तका जात त्यस्तै थर बुझाइए
त्यसैले लाग्छ नेवार सयौँ किसिमका थिए ।११५।

जातीय तहमा भिन्नै-भिन्नै सस्कृति-धर्ममा
विभाजित भएका छन् क्षेत्रानुसार कर्ममा ।११६।

यो अण्डाकारको क्षेत्र बस्ती नगरको पनि
आ-आफ्नै सभ्यता मान्ने संस्कृतिमा छ यो धनी ।११७।

पूर्व-पश्चिमजस्तै त्यो दिशा दक्षिण-उत्तर
बस्ती ज्यापूहरूको छ बीचभन्दा निकै पर ।११८।

श्रेष्ठ प्रधान हाडाझैँ प्रधानाङ्ग र राय रे
बीच छानेर बस्नेमा ती कायस्थहरू सरे ।११९।

अधिकारी तिनै हुन् नै हिन्दूको आसपासमा
कर्माचार्य र जोशी छन् राजोपाध्याय साथमा ।१२०।

ब्राह्मणमा भए भट्ट जस्ता मिश्र र मैथिली
कर्णाटकीय लिङ्गी छन् बस्ने यता सबै मिली ।१२१।

हिन्दू मात्र कहाँ हो र बौद्धमार्गी भए भन्नै
मानन्धर भएजस्तै बज्राचार्य र शाक्य नै ।१२२।

अनुयायीहरू ज्यादा शिवका छन् जताततै
गुठी छन् मठ छन् मान्छे भरिएका सधैँ-सधैँ ।१२३।

त्यति मात्र कहाँ हो र कुरा भरतका सुने
छन् शैवमतका टन्नै भिन्न धर्म लिने हुने ।१२४।

सबै खाल सबै ताल सर्वसम्मत मेल यो
समाजको सही रूप आआफ्नै तालमा रह्यो ।१२५।

धर्म-संस्कृति आ-आफ्नै समायोजनमा हुँदा
छुट्टै समाजको भव्य मेल मिलनले छुँदा ।१२६।

भक्तपुर छ यो अर्कै नेपालको स्वरूपमा
बाह्यान्तरिक जम्मै छन् अनौठा रूपरङ्गमा ।१२७।

आए बाहिरका मान्छे मान्छे नै छक्क पर्दछन्
र प्राचीन अवस्था के खोजमा व्यक्ति सर्दछन् ।१२८।

बुझ्न बाँकी जता जे छन् ख्वपनायककै कृति
उपन्यास यसैभित्र हेरूँ छर्लङ्ग आकृति ।१२९।

यसै नायक क्वै हुन्न विनागुण विनाकला
आयामिक भए ज्यादा काव्यनायकका थला ।१३०।

न्यायमार्ग यिनै हेर्छन् इतिहास गुनी-गुनी
काव्यका शब्द यी गुँथ्छन् साहित्य भावना चुनी ।१३१।

संस्कृति सभ्यता ख्याल यिनमै छ अगाधको
गरिबी दानदातव्य यिनमै अझ स्वादको ।१३२।

यसैले नै भए काव्यनायकी नाद जङ्गम
ज्यादा छैनन् बरू बाँकी छन् पछि हुन्छ सङ्गम ।१३३।

भ्रष्टाचारविरोधी शास्त्र
नवीन विचार तथा सिद्धान्तको अध्ययन

विचारभित्र विश्वास विश्वास एक आसन
महत्त्वमा सुसम्मान गरेर हुन्न भाषण ।१३४।

उठ्छ मस्तिष्क मान्छेको पर्याप्तमा विचारको
समस्याको समाधान होस् अर्थपूर्ण सारको ।१३५।

देश मात्र कहाँ हो र विश्व मानव सोचमा
विकास छप्छपाएको हुन्छ आभास खोजमा ।१३६।

मागमा के छ कस्तो छ केको समयमा परी
विचार हुन्छ उत्पन्न दर्शनै यो यसै गरी ।१३७।

जिन्दगी एक यात्रा हो पुग्नुपर्छ जहाँतहाँ
समाधान छ खोजिन्छ समस्या हुन्छ जे जहाँ ।१३८

प्रत्येक क्षेत्रमा हुन्छन् समस्या वारपारका
हुन् अध्ययन सिद्धान्त या नवीन विचारका ।१३९।

विश्व मानव आकाश चुम्ने विकासका गण
विकास होस् समस्यामा समाधान छ कारण ।१४०।

माग समयको कस्तो जो उत्पन्न अथाह छ
रूपान्तरित व्याख्या खै उत्तरको प्रवाह छ ।१४१।

को स्थापित हुने केमा विषयको मियो बने
प्रतिष्ठापित होला नै माध्यम क्यै भयो भने ।१४२।

जो अध्ययनद्वारा नै विश्लेषित विचारले
प्रमाणित हुँदै जान्छ विज्ञान रूप प्राप्तले ।१४३।

खोज विज्ञानको मूल कारण परिणाम नै
हो आधार छ यो काम उत्पत्तिको प्रमाण नै ।१४४।

जहाँ कारण जन्मिन्छन् उत्पत्ति हुन्छ कारक
हो स्रोत ज्ञानको पक्कै दिमाग नै निवारक ।१४५।

शास्त्र भ्रष्टविरोधी यो विज्ञान रूपको भनी
स्थापित हुन्छ पक्कै नै भ्रष्टाचार जहाँ छ नि ।१४६।

शास्त्र भौतिकजस्तो र त्यो रसायनशास्त्रझैँ
विज्ञान छैन यो साँच्चै कठोरमा कठोर नै ।१४७।

छ सामाजिक विज्ञान र राजनीतिशास्त्रमा
अर्थशास्त्र बुझ्नेजस्तो लाग्छ समाजशास्त्रमा ।१४८।

परीक्षण गरेको छ साङ्ख्यिकी नै गणितले
उपागमहरूलाई विश्लेषणसमेतले ।१४९।

जताबाट लिऊँ अर्थ जेजस्तो लिन मिल्दछ
त्यसैले शास्त्र विज्ञान कोटिमा उच्च खुल्दछ ।१५०।

निर्देशन हुने राम्रो हो अध्ययन माध्यम
उत्पादित हऊन् मार्ग छ निर्देशनमा दम ।१५१।

चिन्तनशील छन् व्यक्ति चिन्ता हुन्छ जतातिर
छ आवश्यकता कस्तो भए बोध सबैतिर ।१५२।

ज्ञानभण्डार विज्ञान एकीकृत भयो कण
व्याख्याबाट छ निर्माण विधिवत् नै परीक्षण ।१५३।

खडा मौलिक सिद्धान्त आधार होस् मनुष्यमा
शास्त्र भ्रष्टविरोधी छ फोटोजस्तै छ दृश्यमा ।१५४।

चेतनाका जरा काटे झड्का हान्छ समाजमा
सामाजिक समस्या हो भ्रष्टाचार प्रचारमा ।१५५।

समाज एक ऐना हो सामाजिक बनून् यहाँ
के सङ्गठन के धारा मान्छे सामान्य हुन् जहाँ ।१५६।

सामाजिक छ यो प्राणी समाज सामु सर्दछ
व्यवहार छ कस्तो के कार्यमा भर पर्दछ ।१५७।

होऊन् कारण जेजस्ता हुन् सुधार दबाबले
विकृति फैलिए जिम्मा लिनुपर्छ समाजले ।१५८।

समाजको कुनै अङ्ग जो भ्रष्टाचारमा गए
त्यहाँ खबरदारीमा अर्को अङ्ग हुने भए ।१५९।

समाज घर हो हाम्रो नहून् विकास बाधक
जरा थुत्ने बनौँ हामी ती त्यस्ता अवरोधक ।१६०।

समाधान समस्याको छ निराकार धारमा
छन् भरत त्यसैले त ती नवीन विचारमा ।१६१।

सिद्धान्तमा हुने एक आवश्यक थियो जहाँ
पूर्ति भ्रष्टविरोधी यो शास्त्रबाट हओस् यहाँ ।१६२।

होस् अध्ययन यो शास्त्र नितान्त परिवेशमा
विश्वप्राज्ञिक सिद्धान्त पुगोस् देश-विदेशमा ।१६३।

अभूतपूर्व सिद्धान्त भ्रष्टाचार छ शास्त्रको
व्यवस्थापनलाई नै चुनौती दिन्छ राज्यको ।१६४।

क्रियाकलाप छाडा छन् दल ती राजनीतिक
अन्त गर्न सघाएमा लाग्नेछ शास्त्र मौलिक ।१६५।

शास्त्र खबरदारीमा छ भ्रष्टाचारजन्यको
विरोध मात्रले हुन्न काम नवीन शास्त्रको ।१६६।

मूल उद्देश्य के हो खै भन्ने नहोस् न खासमा
होस् सदाचारको काम व्यवहार समाजमा ।१६७।

वातावरण जस्तो छ त्यस्तै समाज बन्दछ
त्यसैले त छ हुङ्कार शास्त्र सिद्धान्त बोल्दछ ।१६८।

शास्त्रको मूल उद्देश्य विकासमा सघाउ होस्
सदा समाजमा कार्य सदाचारितमा रहोस् ।१६९।

सर्वोत्कृष्ट बनेको छ अध्यापन सुमार्गमा
अध्ययन गरे हुन्छ शास्त्रको अनुसारमा ।१७०।

जस्तो सिद्धान्तको माग त्यस्तै तयार पुस्तक
काव्यनायकको खोज सापेक्ष छ यहीँतक ।१७१।

विज्ञान बाहिरी बस्तु जोडी ज्ञान निकाल्दछ
ज्ञान चौतर्फका जम्मै खराबी नै खकाल्दछ ।१७२।

भिन्नता यत्ति देख्दैछु दुईका बीचमा यता
काव्यनायक वा विज्ञ वैज्ञानिक जताातता ।१७३।

प्रस्तावना र उद्देश्य परिभाषा समग्रमा
विस्तार गर्न सक्नेछु यसै गरी सहस्रमा ।१७४।

शास्त्र भ्रष्टविरोधी यो नामकरणमा किन ?
कस्तो हुन्थ्यो यसैभित्र समेटेर सके दिन ।१७५।

छ आवश्यक यो शास्त्र उत्थानमा समाजको
त्यसैले त कुनाकाप्चा पुग्यौ मणि दिमागको ।१७६।

गुण मात्र छ या छैन पढी-गुनी भने हुने
केका निम्ति समावेश अवगुण कता छुने ।१७७।

केका यथार्थवादी छन् आदर्शवादका बल
होला के धारणा कस्तो हुन्छ विस्तारमा हल ।१७८।

शास्त्र स्वभाव वा कार्य सङ्क्षिप्तको प्रचारक
अभियन्ता यिनै एक भ्रष्टाचार निवारक ।१७९।

सम्बन्धको कुरा गर्दा भ्रष्टविरोधी पात्रको
सामीप्यमा परेका छन् सहर्ष अन्य शास्त्रको ।१८०।

हो स्वाभाविक विज्ञान अध्यापन हओस् भनी
जीवनको ठूलो अंश खर्चेका छन् यता मणि ।१८१।

शास्त्र भ्रष्टविरोधीले क्षेत्र कहाँ-कहाँ लियो
शास्त्र पढ्दै गएदेखि भेटिनेछ ठुलो मियो ।१८२।

सीमाङ्कन गरेका छन् काव्यनायकले जसै
सुधारक बनौं सारा नेपाल यो बनोस् कसै ।१८३।

समाजमा कुरा उठ्छन् वास्ता गर्दैन मूर्खले
छ खोज गर्न सक्ने को ? भ्रष्ट आचार मुक्तले ।१८४।

जसै मानिसका अङ्ग शरीरमा अनेक छन्
त्यसै गरी सबैतर्फ भ्रष्टाचार विशेष झन् ।१८५।

सानादेखि ठुलासम्म स्तर कायम गर्दछन्
उन्नतिको कुरा अन्त खल्ती सारेर भर्दछन् ।१८६।

पृष्ठपोषक यी मोटा हुँदै जाँदा समाजमा
भ्रष्टाचार यहाँ दिगो बन्दैछ इतिहासमा ।१८७।

शास्त्रमा हाम फालेको डुबुल्की मार्न हो कि त ?
निर्धक्कमा नराम्राका खोल्दै पोल सबैसित ।१८८।

उपागम दुवै हाम्रा प्राज्ञिक इतिहासको
पृष्ठभूमि बनेको छ नवीन शास्त्र खासको ।१८९।

समाज एक आधार बन्छ प्रगति गर्नमा
भए चिन्तनमा खोट स्वयं हो पछि पर्नमा ।१९०।

हुन्छ खबरदारीमा विस्तार अवरोधको
विकासक्रम कस्तो छ भ्रष्टाचारविरुद्धको ।१९१।

राज्य-राज्य मिलेजस्तो राम्रो के होस् विचारमा
प्रस्ट्याउने गरी आयो उपनिवेशवादमा ।१९२।

रेखा गरिबको लामो सिद्धान्त हातहातले
विकासको चपेटामा पार्ने छैन नि शास्त्रले ।१९३।

सकारात्मक होस् सोच नकारात्मक नै किन ?
भ्रष्टविरोधी यो शास्त्र पर्ने छैन बरालिन ।१९४।

वर्तमान अवस्थामा बितेका यी कुरा उठे
भविष्यमा हुने के-के आपसमा सबै फुटे ।१९५।

मनोविचार कस्तो छ कमी के-के छ पात्रमा
विश्लेषण भएको छ मनोविज्ञानशास्त्रमा ।१९६।

के हुन् मनोदशाका यी भाव सुन्दर पक्षमा
छुट्याउनै परे साँच्चै छन् मणि एक दक्षमा ।१९७।

व्यवस्थित व्यवस्थामा रहन्छन् उच्च आसन
प्रत्याभूति हुँदै जाने सुविधायुक्त शासन ।१९८।

सकारात्मक होस् सोच नकारात्मक नै किन ?
विरोधी भ्रष्ट यो शास्त्र पार्न हुन्न बरालिन ।१९९।

जिम्मेवार हुने केमा सञ्चालन त्यसै हऊन्
क्रियाकलाप जे-जे हुन् ती भ्रष्टाचारमुक्त हुन् ।२००।

सार्वजनिक दायित्व उत्थान हो समाजको
कार्यान्वयन गर्दामा घुम्टो उड्दछ लाजको ।२०१।

लाज त्रास हटे हुन्छन् सच्चा सुधारका जन
यिनै गुण हुँदा भिन्न हाम्रा भरत जङ्गम ।२०२।

क्रियाकलाप जे-जे हुन् ती भ्रष्टाचारमुक्त हुन्
स्वर्गानुभूतिको ढोका छैन कारण बन्द हुन् ।२०३।

काला अन्यायका चाङ बनेको देख्छु जन्जिर ।
तोडी विकासको खोज गर्न थाल्छु निरन्तर ।२०४।

शब्द-शब्द लडाएर अत्याचार हटाउँछु
स्वाभिमान हुन्न मर्न मातृभूमि हसाउँछु ।२०५।

जित्नका लागि होस् हार कर्तव्यमा म हार्दिनँ
कर्ममा बन्छु संलग्न सुध्रेला बल्ल जीवन ।२०६।

युगदर्शकको मान युगौँ बाँचेर गर्नुछ
कर्म साक्षी छ राखेर स्वयंको भर पर्नुछ ।२०७।

(मन्दाक्रान्ता छन्द)

जस्तो पर्ला जस बखतमा शक्ति सामर्थ्य जोड्ने
गोर्खालीको कलम बलियो पार्न साहित्य रच्ने ।
भाषा टिप्ने भरतमणि हुन् छैन केही दबाब
बुझ्ने नै छन् जति पनि यहाँ सिर्जनाका लगाव ॥

●

# सातौँ सर्ग (धार्मिक पक्ष)
## (क)

(मन्दाक्रान्ता छन्द)

आस्था कस्तो दिनदिन बढी देवको भूमिमा छ
के कस्ता छन् भरतमणि को कामको सूचिमा छ ।
लेख्दै जाँदा युगपुरुषको धर्ममा दृष्टि लाएँ
जे-जे पाएँ टपटप टिपी भावनामा सजाएँ ॥

(अनुष्टुप छन्द)

शब्द-शब्द जुटे वाक्य, वाक्य नै पुग्छ सर्गमा
सर्गैसर्ग समावेश महाकाव्य सहर्षमा ।१।

लेख्ने काम भयो मेरो बुझ्ने-बुझाउने गरी
सातौँ सर्ग छ क्यै खल्लो भन्ने नहोस् कसै गरी ।२।

कर्ममा अडिने धर्म साधनासँग व्यक्तियो
धर्ममाथि हुँदा आस्था धर्मक्षेत्र उठाइयो ।३।

एक मात्र कहाँ हो र अनेकौँ ठाउँमा गयौ
मठमन्दिरका अग्र व्यक्ति मणि यता भयौ ।४।

कर्म नै गुरु हो मेरो कर्ममा मन लाउँछु
कर्मपात्र स्वयम् बन्ने सङ्कल्पमा हराउँछु ।५।

सङ्घर्ष जिन्दगी मेरो सङ्घर्ष गर्न जान्दछु
आस्थामा म पछारिन्नँ आफ्नो कर्तव्य चाल्दछु ।६।

जिज्ञासा उच्च राखेर जिज्ञासामा म डुब्दछु
सत्यमार्गीसँगै हुन्छु सत्यलाई अँगाल्दछु ।७।

उज्यालो प्राप्त गर्नेको उज्यालै चित्त बन्दछ
अन्धकार छिचोल्नेको आतिथ्यभित्र सन्त छ ।८।

संसारी मोहमायामा फस्ने जस्तै फसाउने
चिन्न गाह्रो परेको छ को हुन् कस्ता बनाउने ।९।

आनन्दमा छ आनन्द मानवता जगाउँदा
देवादिदेव आराध्य शिवशङ्कर छाउँदा ।१०।

स्थापना साथमा गर्छन् शिवलिङ्ग जतातते
शक्तिशाली नबन्ला के मणिको भक्तिमा अझै ।११।

आराध्यदेवको दृष्टि यिनै भरतमा जति
विश्वमा नाम राख्नेमा एक हुन् नभनून् कति ।१२।

भक्तिभाव बढाएर संरक्षकत्वमा रही
दुःखकष्ट सबैबाट उन्मुक्ति मुक्तमा भई ।१३।

सुख, शान्ति र समृद्धि परिपूर्ण लगावका
उनी मात्र कहाँ हो र धन्यमा छ उपत्यका ।१४।

धर्मको आडमा हुर्की धर्मगीत नगाउँदा
विश्व त्रसितमा हुन्छ विपत्तिले सताउँदा ।१५।

उत्तरी क्षेत्रमा हेर्दा शीतभूमि छ घेरिने
दक्षिणतर्फको भूमि उष्णवायु मडारिने ।१६।

भत्भती न त क्यै गर्मी न उच्च हिमपात छ
न असिना न भो सुख्खा न आँधीको हतास छ ।१७।

सदावहारको वायु स्वर्गजस्तै विमान छ
देश नेपाल यस्तो यो ऋतुभित्र समान छ ।१८।

दिव्यतामा धनी देश स्वर्गीय छ धरोहर
देवशक्ति समावेश यो नेपाल मनोहर ।१९।

देवतुल्य यता मान्छे देवभूमि अपार छ
पवित्रमा असाध्यै छ चारैतिर वहार छ ।२०।

विश्व खुल्ने यसैबाट पैलो किरणको घर
सनातन छ संस्कार लाग्छ भोग्दा मनोहर ।२१।

के छैनन् र यता जम्मै जीवन्तका धरोहर
यसभन्दा कुनै अर्को स्वर्गसंसार हुन्छ र ? ।२२।

(शार्दूलविक्रीडित छन्द)

आश्चर्यान्वितको कुरा हुन पुगोस् भेट्ने गरी चोटमा
लेख्ने शब्द टपक्क टिप्न म सकूँ झुल्ने गरी ओठमा ।
नौका तार्न र तर्न हिम्मत दिने देवादिदेवेश्वर
तिम्रो आसिक शुद्ध अर्प ममता चाहे नपुग्ने छ र ? ।२३।

बोलीका भरमा सराक भरका तारा खसालूँ सदा
निर्विघ्नेश्वरको कृपा हुन पुगोस् जीवन्त नै सर्वदा ।
आफ्नै लेखनमा सशक्त छु भनी जो बुर्कुसी मार्दछ
यात्रा गर्दछ काव्यको रसिकले पीडा कतै सर्दछ ।२४।

के बाघाम्बर के भुजङ्ग र जटा भोले विहारी तिमी
के कैलाश समानको भुवनमा होला उँचोको जिमि ?
आशीर्वाद दिने विराज छ यहीँ औँला सेलाए पनि
चाले चल्छ अवश्य भाव विषको प्याला पिलाए पनि ।२५।

अग्लो पर्वत उक्लिने हृदयको चापी स्वयम् बन्नुछ
भोलानाथ सशक्त छन् र मनमा सद्भावना भर्नुछ ।
चढ्दा पाउ चसक्क बन्नु नपरोस् टेक्दा जहाँ पर्दछ
उक्लेको पथको अगाडि नपरे यात्री कहाँ सर्दछ ।२६।

छन् मेरा करुणानिधान मनमा पढ्ने र लेख्ने बनूँ
जागून् सल्बल भावना हृदयका आवाज जे छन् भनूँ ।
जप्दै श्री शिव शारदा भगवती आऊ समाऊ कर
बग्ने काव्य नदी निदान नहुँदा आशा मरेको छ र ? ।२७।

छन् श्रीराम स्वयम् समग्र तहले चल्ने र चाल्ने पनि
ढ्याप्पै पर्दछ दिव्यता नजरको तानेर तान्ने बनी ।
बुझ्ने हो गरिमा कहाँ छ कतिको मार्गानुयायी हुँदा
रित्तिन्छन् दुखका घडा अवनिमा सम्पन्नताले छुँदा ।२८।

## आराध्यदेव पशुपतिनाथ

देवको छत्रछायामा देवकै गुणगान छ
पाशुपत छ यो दिव्य क्षेत्र नेपाल धाम छ ।२९।

आराध्यदेवमा पुज्दा राष्ट्रदेव म देख्दछु
राष्ट्रको हितका निम्ति उनैलाई पुकार्दछु ।३०।

छौ स्थापित यहाँ देव राष्ट्रिय अभिभावक
पालक दिव्य आफैँमा बन्छौ पालकपोषक ।३१।

संरक्षण हुँदा राम्रो राष्ट्रभाव सपर्पित
दृढ विश्वासका साथ भन्न सक्छु छु हर्षित ।३२।

देवतुल्य बसेका छन् समग्रमा स्वदेशमा
देवशक्ति मिलेको छ शान्तमयी स्वभावमा ।३३।

भोलेनाथ दयावान् छन् शक्तिस्वरूप पालक
संरक्षण उनैको छ राष्ट्रका अभिभावक ।३४।

बाल्यकाल अवस्था त्यो मठमन्दिर धाउने
कस्तो बालक भन्नेले सामुमा देख्न पाउने ।३५।

भाग्यमानी तिमी हौ नै स्वभाव अझ भिन्नको
प्रत्यक्ष दर्शनार्थी छौ शिवको शिवलिङ्गको ।३६।

महिना दिन हप्ताझैँ सात दशक दैनिक
दर्शन गर्न इच्छा हो बनेझैँ शिवसैनिक ।३७।

सङ्कल्पमा कुनै केही अर्थात् के बाध्यता थियो
यो महाकाव्य लेख्नेको विचारले सबै लियो ।३८।

जति दर्शनले धन्य भयौ भरत जङ्गम
उति आनन्दको दीप भयो सर्वत्र रम्झम ।३९।

अनुभूति हुने बेग्लै अचम्म शिवलिङ्गमा
त्यसैले त सबैभन्दा पहिलो भक्त जङ्गम ।४०।

प्रातः भ्रमण सामान्य शम्भु दर्शन खातिर
खिचेको छ मलाई नै दैनिक शिवमन्दिर ।३५।

दर्शन नित्य गर्दैछु, अभिलाषा नमेटिने
पाएको हुन्छु आशीष सबैथोक नदेखिने ।३६।

अनुभूति छ आनन्दी अर्कै संसार पाइने
दृश्य संसारका धोका ढोकाभित्र नपाइने ।३७।

जता हेऱ्यो त्यतै शान्ति त्रिकाल तीन लोकका
यसबाटै मिले मिल्ने छाना, नाना अबोधका ।३८।

विचार समका सच्चा जन्मिएर स्वभावमा
अन्यायमा भयौ न्याय जनका नव भावमा ।३९।

देखायौ सब सत्मार्ग बुझ्ने मानिसले कति
समाहित भए सारा बालबृद्धा थिए जति ।४०।

(चम्पकमाला छन्द)

नाग गलाको सुन्दर माला
लाग्छ उज्यालो झल्मल पाला ।
भाल सजाई चन्दन धन्य
विश्वजगत्मा छैन कि अन्य ।४१।

स्वर्गपुरीको आसन पाई
रश्मिसुधाको तेज समाई ।
भक्तप्रभाको भक्ति असाध्य
देवपुरीमा पुग्न छ बाध्य ।४२।

सुन्दर लाग्ने भाव सबैको
मन्दिर मेरो खास सधैँको ।
भाव चढाई यो मन भर्छु
दर्शन देऊ सामु म पर्छु ।४३।

सागर तर्दै तार्नुछ मित्र
मानव चोला चिन्तनभित्र ।
शङ्कर भोले शम्भु विशेष
आसिक तिम्रो बन्दछ वेश ।४४।

जीवन हाँस्दा होस् सुनगाभा
मानवका हुन् सार्थक आभा ।
निर्मलजस्तै निश्चल गङ्गा
बन्न सघाऊ हुन्छु म चङ्गा ।४५।

स्वप्न नदेखी मन्दिर पुग्छु
भाव झुकाई सम्मुख हुन्छु ।
साहस तिम्रो चिन्तन मेरो
योजन लाग्ने बन्धन घेरो ।४६।

बोट म उम्दा फुल्न हतार
बागबगैँचा शम्भु किनार ।
झुल्क न भोले भक्त अगाडि
विघ्न र बाधा पार पछाडि ।४७।

सुन्दरताको भाव खुलाई
चञ्चलताका नेत्र लुकाई ।
सङ्गम हाम्रो रोशन पारौँ
जीवन के हो जन्म सुधारौँ ।४८।

विश्वजगत्को योजन कस्तो
पूर्ण तिमी हौ मान्दछु यस्तो ।
देश नदुख्ने औषध देऊ
दिक्क सबैको कण्ठमा लेऊ ।४९।

स्वर्गपुरीको आसन पाई
रश्मिसुधाको तेज समाई ।
भक्तप्रभाको भक्ति जगाई
दर्शन देऊ देव मलाई ।५०।

उत्सुक मेरो यो अभिलाषा
पूर्ण गराऊ गर्दछु आशा ।
चिम्म छ आँखा दृष्टि तिमीमा
मन्दिर मेरो अन्तिम सीमा ।५१।

(नर्कुटक छन्द)

पशुपतिनाथको शरणमा जति पर्दछु म
स्तुतिसँग गानमा मन दिई त्यति सर्दछु म ।
पशुपतिनाथको अति कृपा सब बार यहाँ
दिन महिना र वर्ष शिवभक्ति बिरिन्छ कहाँ ।५२।

हिमगिरिमा विहङ्गम समिश्रण लोकसँगै
छ भरतको मुहार चमचम्म हिमालसँगै ।
मन शिवमा तरङ्गित हुने शुभभाव वर
तृषितविना कहाँ छ र प्रभाव किनार डर ।५३।

जुन महिना कि श्रावण प्रभात झलल्ल थियो
र त दिन भक्तको विषयमा कुन बार लियो ।
पशुपतिनाथको गजुरमा जब दृष्टि गयो
अनि शिव ॐ नै हृदयमा भरमार भयो ।५४।

(अनुष्टुप छन्द)

छन् नित्य दर्शनार्थी ती प्राङ्गणमा यताउति
म एक भक्तमध्येमा आनन्दमा भएँ कति ।५५।

तेईस वर्षको प्रातः चार बजे पुगैं जहाँ
स्वर्गानुभूति गर्ने म शिवसामु झुकेँ त्यहाँ ।५६।

मास श्रावणको बेला ती श्रद्धालु थिए जहाँ
पश्चिमी द्वारमा पुग्थैँ खुल्नासाथ म नै त्यहाँ ।५७।

पहिलो भक्त हुन्थैँ म आशीर्वाद शिरोपर
र लाग्दथ्यो मलाई छन् भोलेनाथ सधैँ वर ।५८।

मन्दिर एक देखिन्छ ढोका ती चार-चार छन्
दर्शनार्थी र श्रद्धालु सय लाख हजार छन् ।५९।

त्यो मन्दिर त्यता ढोका प्रवेश मध्यभागमा
परे गजुरमा टक्क आँखा दृष्टि र सारमा ।६०।

उच्चारण भयो ॐ को एकाग्रता अघिल्तिर
अनायास भयो आज्ञा शिवबाट बनी स्थिर ।६१।

विपत् पर्दैछ हे भक्त ! सतर्क रहने गर
यस्तो आज्ञा लगत्तै भो शिवोपासन सुन्दर ।६२।

जिज्ञासामा भए केही तुरुन्तै राख्नुपर्दछ
प्रश्नस्वरूपको वाणी यसै अगाडि सर्दछ ।६३।

कस्तो विपत् हुने होला ? त्यो कौतूहलमा परी
छन् अघिल्तिर जस्ता जे संवाद साथमा हरि ।६४।

प्रश्नानुसार पाएँ जे शिवबाट जवाफमा
राखेँ त्यो स्पष्ट मैले नै नआओस् छ सवालमा ।६५।

धर्म-संस्कृतिजस्तै नै परम्परा छ चिन्तन
सबै टुट्ने अवस्थाको सिर्जना नबनोस् मन ।६६।

आवश्यक छ जे त्यो नै चनाखोभित्र देख्दछु
त्यसैकारण तिम्रा ती अप्ठ्यारा पल छेक्दछु ।६७।

परिक्रमा गरेँ मैले मन्दिरको यसै यहीँ
छ शिरोपर आज्ञा त्यो भन्ने वाचा गरेँ त्यहीँ ।६८।

तर्कविहीन मस्तिष्क शिरोधार्य गरेँ सँगै
शिवशक्ति बुझेँ मैले आज्ञापालकमा अझै ।६९।

आजसम्म न ता यस्तो कुनै दिन सुनेँ कहीँ
अचम्ममा परेँ धेर ममा त्यस्तो भयो त्यहीँ ।७०।

कस्तो भक्त म हूँ भन्ने चिन्तनैमा खुबै परी
घरको नित्यपूजामा तिनै कुरा मनैभरि ।७१।

धर्ममा पाइला टेकी धर्मक्षेत्र सकाउन
कस्ता मान्छे सरेका छन् त्यस्तालाई सघाउन ।७२।

संवादका कुरा सारा सुनाउने गई कता ?
धर्मका क्षेत्रका व्यक्ति भएतर्फ कुदेँ म ता ।७३।

सुझावको अपेक्षामा भौँतारियो जसै मन
चारैतर्फ अँध्यारोको लपेटामा भयो तन ।७४।

श्री हरिभक्त न्यौपाने जस्तै कृष्णप्रसादमा
संवादका कुरा सारा भएको टेलिफोनमा ।७।

धर्मसंस्कृतिको रक्षा गर्न माहिर छन् मणि
खेमराज भए साम्ने त्यस्तै सन्तशिरोमणि ।७६।

संवादभित्र के-के छन् ती एकचित्तले गुनी
सन्त केशव जिज्ञासु हुनुभयो कुरा सुनी ।७७।

सरकार विधर्मी छ धर्मक्षेत्र धरापमा
अतिक्रमण गर्ने ती परे हुन्थ्यो सरापमा ।७८।

छ यो सर्कार कस्ताको लाग्दैन झैँ कुनै भर
शिवभण्डारमा आँखा नलागेको कहाँ छ र ।७९।

विश्वास र भरोसा झन् भक्तमाथि हुँदै गयो
देवसंवादपश्चात् नै आस्था त्यो दुगुना भयो ।८०।

अतिक्रमणवादी ती धर्मक्षेत्र हुँदै बढे
त्यो नै रहन्न भण्डार कुरा भरतले गरे ।८१।

सुनचाँदी हिरामोती नीलमणिलगायत
मणिमाणिक्य लुट्नेछन् जवाहरात यावत ।८२।

सबैसामु निकालेर शङ्कास्पद कुराहरू
जस्तो सम्भावना देखेँ गएँ थप्दै उता अरू ।८३।

पूर्वाग्रह नबुझ्ने को त्यो प्रश्नमाथि प्रश्न छ
शिवलिङ्ग त्यहीँ रम्ने आराध्यदेव चिह्न छ ।८४।

विदेशी ती पुजारी छन् पूजाविधि यथावत
लुट्पुट्याउन खोज्नेको चर्किएला बगावत ।८५।

हटाएर पुजारी ती भर्ना आफ्नै गराउन
पूर्वाग्रही बढेका छन् स्वदेश यो सुताउन ।८६।

उठे राष्ट्रिय नारामा पाशुपत्य विवादमा
हुन् माध्यम पुजारी नै मन्दिरै हुन्छ नाममा ।८७।

आफन्त हुन् पुजारीमा आफ्नै बाटो हिँडाउन
संरक्षण गरेजस्तो गर्दै बिलो लगाउन ।८८।

गर्ने-गराउने हुन्छन् स्वार्थनाद सुसाउँदा
हस्तक्षेप भएको छ वातावरण पाउँदा ।८९।

मौन संवादपश्चात् नै जन्मिए भाव अग्रणी
सामुन्नेमा थिए सुन्ने उनै सन्तशिरोमणि ।९०।

नित्य दर्शन सौभाग्य दिने उनै महेश्वर
मूल भट्ट बनी बस्ने धन्य महाबलेश्वर ।९१।

षड्यन्त्र नै थियो कस्तो हुन् मूल भट्ट बाहिर
थियो सम्भावना जस्तो त्यस्तै भएछ आखिर ।९२।

राजिनामा दिने काम भट्टबाट भयो जसै
त्यो षडयन्त्रको अंश नघटेर अहम् कसै ।९३।

राज्यबाट चलेका छन् पूर्वाग्रह जतातता
पक्का स्वीकृत त्यो भन्ने नलागेको भयो कता ।९४।

नेपाली भट्ट राखेर रित्तो भण्डार नै हुने
तल्लीन योजनामा ती मूल भट्ट हटाउने ।९५।

अझ विषाक्त भो राज्य व्यवस्था झन् अशक्तमा
नेपाली भट्टमा विष्णु हुने हो कि नियुक्तमा ।९६।

मौन संवादमा भाव जे छ त्यो दुःखको गम
यस्तो खबर सुन्नाले दुखी भरत जङ्गम ।९७।

सारा कुरा सुनेजस्ता भए वास्तवमा त्यही
बित्यो त्यो दिन यस्तैमा सारांशमा नहोस् यही ।९८।

मस्तिष्कमा छ नाचेको तरङ्गभित्र योजना
भन्छन् भरत जे हुन्छ त्यो नै हुने भयो घना ।९९।

होस् सरकारको जस्तो निर्णय छ विरूपमा
चर्किंदो लाग्छ धर्ना त्यो विरोधाभास कार्यमा ।१००।

सत्ताका भक्तले हारे जीत भो सत्ताभक्तको
राजिनामा दिनैपर्ने भयो प्रचण्ड चण्डको ।१०१।

धर्मसंस्कृति रक्षार्थ खडा भरत जङ्गम
देशविदेशका सामु उनको नाम के कम ।१०२।

शिवालय पुजारीको आत्मविश्वास मास्तिर
श्रद्धालु भक्तमा थप्ने विश्वासको उँचो शिर ।१०३।

यो राजनीति सीमाले पार्न कुण्ठित धर्ममा
धर्मक्षेत्र परेका छन् ती अधिकांश मर्ममा ।१०४।

काशीको नै कुरा गर्दा नेपाली देख्छु पण्डित
मन्दिरका चकाचौंध लुटेमा हुन्छ दण्डित ।१०५।

देश अमेरिकामा झैँ मन्दिर ती युरोपमा
नेपाली मात्र छैनन्, छन् पुजारी अन्य देशमा ।१०६।

स्वीकार गर्छ जो सारा धर्मसंस्कृति हुन् भने
ती राजनीतिका छाती के कारण उँचो बने ? ।१०७।

स्वीकारमा छ भन्दैछन् धर्मसंस्कृतिमा उता
संरक्षण छ कस्तो के मूल भट्ट बने कता ? ।१०८।

संस्कृति बुझ्न सक्तैनन् धर्ममा हात लाउँछन्
रीतिस्थिति कहाँनेर सशक्त छ नचाउँछन् ।१०९।

सम्मान देवताको होस्, अपमान सहोस् र को ?
सर्वोच्चमा गयो मुद्दा विरुद्ध सरकारको ।११०।

तालाबन्दी गरी साँचो नियन्त्रण दबाबमा
यथावत् नै चलोस् कुरा निर्णयका विरुद्धमा ।१११।

जसै ताला लगाएर विरोधाभास उम्लियो
आदेशको अवज्ञामा फुट्ने त्यो क्षण टक्रियो ।११२।

जहाँ प्रधानमन्त्री नै बनी विपक्ष उत्रिए
त्यहाँ भरत आफैँ नै मुद्दाका फाँटमा थिए ।११३।

सर्वोच्चभित्र सर्वोच्च हुन्छ भरतको भर
दन्किएको छ विद्रोह राष्ट्रदेव क्षमा गर ।११४।

आराध्यदेवको रक्षा भक्तबाट विनाधक
शक्तिशाली हुँदा भक्त धर्मरक्षा यहाँतक ।११५।

निद्राभोक सबै छोडी जसले गर्छ चिन्तन
उसैसाथ यहाँ प्रश्न उठिराख्दछ छिन्छिन ।११६।

तानाबाना अनेकौँ ती कस्तो भयो परिस्थिति
सकेसम्म भए हुन्थ्यो देवपूजा यथास्थिति ।११७।

मन्त्रीमा पुष्प दाहाल प्रचण्डमा प्रचण्डको
समाचार सुनेँ मैले चल्दो संसदवादको ।११८।

उनै प्रधानमन्त्रीले फिर्ता लिएर निर्णय
आराध्यदेवको मैले खुसीसाथ गरेँ जय ।११९।

रोकिएको थियो पूजा आराध्यदेवको जहाँ
सञ्चालन गराएर क्षमापूजा भयो त्यहाँ ।१२०।

इतिहास छ यो लामो शिवको राख्नुपर्दछ
योभन्दा नि ठूलो कष्ट परोस् व्यहोर्नुपर्दछ ।१२१।

सन् तेह्र सय साठीमा हिन्दू मन्दिरमाथिको
भयो विध्वंसकारीमा सामेल निम्न व्यक्तिको ।१२२।

गयाउद्दीन सुल्तान दिल्ली भारतका थिए
त्यस्तैमा समसुद्दीन बङ्गालबाट देखिए ।१२३।

भारतमा थिए हिन्दू मन्दिर ती जहाँ जुन
तोडफोड गरे सारा धर्ममाथि खरो हुन ।१२४।

भारत मात्रमा ह्वैन हो नेपालमा तिनै पुगे
शिवलिङ्ग फुटालेर तिनी विघ्न गरी कुदे ।१२५।

बङ्गालबाट आएका विध्वंसका ठुला गुरु
हिन्दू मन्दिरमा ध्वंस पार्ने काम भयो सुरु ।१२६।

शिवलिङ्ग सबै आँखा गाढिनेमा भयो मति
क्षत-विक्षत पारेर लिङ्गको नै गरे खती ।१२७।

तत्कालीन बनेपाका जयसिंह रामवर्धन
थिए राजा त्यसै बेला भयो वृत्तान्त मन्थन ।१२८।

आराध्य यिनका पुर्खा श्रीपति नाम देवले
अगुवाइ गरे राजा पुनः निर्माणले चले ।१२९।

क्षत-विक्षत त्यो लिङ्ग भयो नष्ट भयो क्षति
र वर्तमानको लिङ्ग निर्माणले लियो गति ।१३०।

जङ्गमका तिनै पुर्खा श्रीपति देवभक्तमा
धन्य भए त्यहाँ सारा पूजाको सुरुवातमा ।१३१।

त्यही मन्दिरको पूजा शताब्दी तीन माथिको
अठ्चालीस थियो वर्ष लगातार सुचारुको ।१३२।

समयको थियो माग भक्त जङ्गमको भर
अहिलेको अवस्थामा सन्तान उनकै वर ।१३३।

संरक्षक बने भक्त शिवालयतिरै सरी
सबैलाई कहाँ मिल्छ यस्तो मौका घरी-घरी ।१३४।

जुर्नुपर्दछ यो मौका मार्ग सच्चा लिएर नै
भक्तिका भावमा आस्था भित्रसम्म पिएर नै ।१३५।

इतिहास यता बन्छन् व्यक्तित्वमा भए कुनै
निरन्तर हुँदा आस्था फलिफाप हुने तिनै ।१३६।

एक व्यक्ति भए सच्चा करोडौं फल चाख्दछन्
कुर्सीमाथि भए कच्चा सारा स्वाहा बनाउँछन् ।१३७।

नष्ट गराउनेमाथि विरोधको चल्यो छुरी
घमण्डी दुष्ट नाथेका गले जम्मै चुरीफुरी ।१३८।

घुँडा टेक्नुपर्‍यो एक रहे साथ अनेकमा
दैवी शक्ति कहाँ ढल्थ्यो अन्यायी रोकतोकमा ।१३९।

राजिनामा दिए चण्ड प्रचण्डले त्यसै घरी
आए रक्षक यी सामु जङ्गम लामले भरी ।१४०।

अघि लाग्ने यता एक हुँदा लाग्छन् पछि अरू
सत्य साहसको हुन्छ नढल्ने कहीँ आबरु ।१४१।

कम्युनिस्टहरू लागे योजनाबद्ध काममा
धर्मक्षेत्र विधर्मीको आँखा बन्दछ दाममा ।१४२।

आराध्यदेवको आस्था गर्दैनन् राख्न सम्मति
सङ्कलित जहाँ देख्छन् निजी सम्झन्छ सम्पति ।१४३।

हजारौँ वर्ष लाएर त्यो भण्डार उचालियो
योजना मूल बन्नाले भागबन्डा नहोस् थियो ।१४४।

त्यो मूल ढुकुटी हात पार्ने दाउ बन्यो सियो
सत्ताईस भयो एक त्यहीँ समिति जन्मियो ।१४५।

उद्देश्यमा खटेका छन् स्याबास कसले भनोस्
ढुकुटीका सबै वस्तु छुट्याएर जहाँ रहोस् ।१४६।

योजनामा थियो के-के भनी प्रश्न उठे जहाँ
विस्तारमा सबै मैले राख्न सक्छु कुरा त्यहाँ ।१४७।

ढुकुटीमा भएका ती सम्पत्ति छन् कहाँ भनी
निर्णयमा लिएजस्तै विभाजित भयो पनि ।१४८।

दैनिक कामका वस्तु भण्डारण त्यहीँ हओस्
पवित्र पाशुपत् क्षेत्र यसै गरी पवित्र होस् ।१४९।

छन् पुराततत्व सम्बन्धी सङ्ग्रहालयमा रहून्
मूल्यवान् जति जे-जे छन् राष्ट्रबैङ्कतिरै सरून् ।१५०।

सारा गहकिला वस्तु मूल्यवान् ती अवश्य छन्
दाखिला राष्ट्रको बैङ्क राज्यको नै हुनेछ झन् ।१५१।

विधर्मीको छ यो कब्जा सम्पत्ति उसकै भयो
निवेदक तिमी आफैँ मुद्दा सर्वोच्चमा गयो ।१५२।

मुद्दाको दायरा सुन्दा अदालत अचम्ममा
राष्ट्रसेवक त्यो हुन्न पद कुर्सी छ रालमा ।१५३।

केही समयका लागि त्यो सम्पत्ति भो सुरक्षित
त्यो अन्तरिम आदेश प्राप्तले देश हर्षित ।१५४।

बुद्धि-विवेकका माउ बुद्धिमानी हुँदातक
फेर्‍यौ सन्तोषको श्वास भोक-निद्रा यहाँतक ।१५५।

व्यक्तिको तुलना गर्ने कर्मक्षेत्र विचारले
धर्म, आस्था र विश्वास कसको कति सारले ।१५६।

हँसाए सब हाँसेका भन्नेहरू तमाम छन्
यति मात्र कहाँ हो र हृदयमा विराज झन् ।१५७।

क्षेत्र मृगस्थलीजस्तो पुण्यभूमि स्वदेशको
एक-दुई कहाँ हो र क्षेत्रफल विशेषको ।१५८।

विधर्मीहरूका लास राख्ने उद्देश्य जन्मियो
रोपनीको भए हेक्का नौ हजार त्यहाँ थियो ।१५९।

जहाँ मृगस्थली क्षेत्र सौम्य शान्त मनोरम
त्यही क्षेत्र यिनी राख्ने अतिक्रमणको दम ।१६०।

विवादमा तिमीमाथि सकेसम्म चढे कति
राष्ट्र राष्ट्रियता लागि कर्मका उच्च आहुति ।१६१।

त्यो मृगस्थली भो एक लासलाई सजाउने
हुन् क्रिस्चियन या हिन्दू द्वन्द्व यस्तो चलाउने ।१६२।

यस्तो प्यारो थलो हाम्रो होला कि ग्रेभगार्डझैँ
देवभूमि पनि लाग्यो बन्ला मसानघाटझैँ ।१६३।

विवादका हुरी चल्दा अदालत पुगे सबै
कोलाहल भयो चर्को सुधारमा पुगे सबै ।१६४।

न्यायाधीश यता मान्छे मान्छेकै हुन् मनोगति
गरे निर्णय सच्चामा कसैको छ हुने खती ।१६५।

आफ्नै हात लिऊँ हुन्न छिमेकी हुन्छ रुष्टमा
शक्ति ठूलो भए रुष्ट ऊ नै बन्दछ दुष्टमा ।१६६।

व्यावहारिक छन् धेरै तथ्य हाम्रा समाजमा
पुजारी अझ छन् हाम्रै छिमेकी मठ माझमा ।१६७।

यता लिए उता घाटा लाग्न पुग्दछ सत्य हो
उता दिँदा यता घाटा सहनैपर्छ तथ्य हो ।१६८।

नापतौल गरी बीच भागमा छन् सबै थिति
नबुझी मिचिए मिच्छन् उल्टो बन्छ परिस्थिति ।१६९।

डाह, ईर्ष्या अझै अल्छे, बेकामेहरूका गढ
वामपन्थी बनी गर्छन् जे-जे ती सबले पढ ।१७०।

सर्वहारा दिई नारा बन्छन् सामन्तका पति
स्वार्थसाँढा भई पस्ने यिनै हुन् पशुका पति ।१७१।

यिनी बाँदर चालाका बनाउन्नन् कतै घर
बनेका घर अर्काका भत्काउँछन् सधैँ तर ।१७२।

यही जत्था थियो आई कब्जा गर्ने यतातिर
वाईसीएल नामको मस्तिष्कमा छ तस्बिर ।१७३।

गरे कब्जा बसे झुप्रा हाली यी बलका बल
बलमाथि अझै लूट झूटका बन्दछन् खल ।१७४।

थिए सामन्तका राजा सुकुम्बासी भए त्यता
बबन्डर गरे ज्यादा पाशुपत् क्षेत्रमा यता ।१७५।

सल्लाहकारमा मैले सूक्ष्म दृष्टि छरेँ जब
त्यो अदालतको न्याय तुलो त्यहाँ भयो तब ।१७६।

भएँ माध्यममा बोल्ने अकिञ्चन भए पनि
धर्मरक्षा भयो साँच्चै सन्तुष्ट यो छ जीवनी ।१७७।

(प्रमदा छन्द)

जति-जति साधना रहरले गरियो
उति इतिहासले मन चुमेर लियो ।
शुभ पलमा नयाँ सुविचार भयो
मगज धनी भई मनसँगै घुलियो ।१७८।

अनुपम मार्गमा गहन दर्द थियो
प्रतिफल राष्ट्रको प्रबल शान दियो ।
उठ बलिया गुणी नवजवानहरू
जगमग पार धरा हृदय बोध गरूँ ।१७९।

श्रम र पसिना कतै नहरझैँ नबगोस्
कलम छ हस्तमा सुजन शक्ति बढोस् ।
नव इतिहासमा अमर कर्म चढोस्
सफल हुने कला सफल हुँदै रहोस् ।१८०।

कुशल बने कला नयाँ मगजले जगमा
बहस कुनै नहोस् नबुझिने गणमा ।
पशुपतिनाथको जय हुँदैछ र त
दलदल भावमा नपुरियून् भरत ।१८१।

(अनुष्टुप छन्द)

धर्मसंस्कारको आस्था सर्वत्र फैलिँदै गयो
कता विघ्न गरेका छन् चेतनाको मियो भयो ।१८२।

●

# सातौँ सर्ग (धार्मिक पक्ष)
# (ख)

## डोलेश्वर महादेव

(अनुष्टुप छन्द)

मणि जङ्गमको ठूलो सङ्घर्षको कथा सुने
भक्तपुर सिपाडोल श्री डोलेश्वरमा हुने ।१।

काव्यनायकको यात्रा बढ्यो अर्को दिशातिर
त्यसैले लेखनी मेरो नहोला लाग्दछ स्थिर ।२।

तीनै सहरमध्येको पुरानो भक्तपुर यो
ढाडजस्तो छ ठाडोमा लाग्ने अचम्मकै छ यो ।३।

पुराना घर छन् धेरै पुराना पथका भर
अप्ठ्याराभित्र गल्छेडा काट्नलाई निकै डर ।४।

बर्खा मास हिलो चिप्लो धूलो हिउँदको अति
होसियारविना पाउ सरे हुन्छ अझै खती ।५।

खेतमा धानका बाला झुलेका छन् जतातातै
कोदाका कपना उस्तै फलेका छन् मकै कतै ।६।

प्रकृतिस्थ छ नै धेरै आँखा भुल्छन् त्यता पुगी
मजा प्रकृति मान्नेका झुल्दछन् शिर नै नुगी ।७।

उकाला पनि छन् ज्यादा ओराला भिन्न रूपका
डाँडाकाँडा अझै टाढा देखिने छन् स्वरूपका ।८।

गुडे गाडी धुलो वायु हिलो बर्खा अझै कति
पाङ्ग्रा चिप्ले लथालिङ्ग हुन्छन् क्षति भएजति ।९।

बल्लतल्ल लिई छोरा लागे लक्ष्य लिएतिर
तल गाडी बिसाएर उकालो उक्ले आखिर ।१०।

ठाडो नाक छ ठोक्किने दम बिमारमा हुने
खोकी चल्छ अझै ज्यादा श्वास-प्रश्वासमा छुने ।११।

सिँढी छन् तर टुप्पोमा हेरे टोपी हुने तल
छाम्नुपर्छ कता खै छ ? बन्न खोजेर अब्बल ।१२।

खिचूँ तस्बिर भो सोच पुत्र आदेशमा परे
क्यामेरा साथ राखेर लक्ष्यमा ती दुवै सरे ।१३।

सही कष्ट खिचौँ भन्दै क्यामेरा खिट्खिटाउने
मजा मान्दा भए कैद क्यामेरामा बिसाउने ।१४।

पूरा लक्ष्य हुने छाँट देखी बाबु भए खुसी
महादेव उनै देव ओर्लिएझैँ भयो शशी ।१५।

छ मन्दिर उकालोमा पुगी दुवै भए स्थिर
खुसीमा दृश्यको वर्षा हुँदै घुमे त्यतैतिर ।१६।

इच्छाशक्ति घटे मात्र हुन्छ नै दुःखकारक
भनाइमा बसेको छ मनमा मनको टक ।१७।

छ देवालयका छेउ उच्च सौन्दर्यको मन
क्यामेराले गऱ्यो सारा विश्वस्त अवलोकन ।१८।

भन्ने भित्र रहे मखख बाबुछोरा अचम्ममा
अझै मन अडाएर लिए तस्बिर टम्ममा ।१९।

घुम्दै रहे दुवैसाथ चित्र बादलुका पर
छहारी बृक्ष छन् उस्तै शीत छाया र सुन्दर ।२०।

गर्ने-गराउने उच्च डोलेश्वर कृपा हुँदा
मणि जङ्गम अग्लिन्छन् दिव्यका ध्येयले छुँदा ।२१।

छोरा अनुप झस्किन्छन् क्यामेरा लिई हातमा
बाबुछोरा दुवै जिल्ल भयो के यो प्रभातमा ।२२।

हुन्छन् अचम्म क्वै बेला आस्था शिविरमा कतै
नसोचेका हुने हुन्छन् अन्जानमा यता कतै ।२३।

आश्चर्यमा परे दोटै दोषारोपण बातमा
फोटो खिचेर के गर्नु लुके तस्बिर रातमा ।२४।

बिग्रेछ क्यामरा क्यारे त्यसैले पो खुलेन यो
क्यामेरा यसरी बन्द फेरि हुँदै नहोस् भयो ।२५।

डोलेश्वर यता यात्रा पुनः गर्ने कुरा अनि
बोकेर स्टिल क्यामेरा बाबुछोरा कुदे पनि ।२६।

दुवैचोटि समस्यामा हुने के बार के दिन
दोस्रोमा पनि त्यस्तै भो भ्कस्कायो यसरी किन ।२७।

पुरुषोत्तमका साथ मागेर जान मन्दिर
राख्दा प्रस्ताव स्वीकार्नुपऱ्यो सौभाग्य आखिर ।२८।

खिचिए बिम्बमा बिम्ब सङ्ख्या पच्चीस-तीस भो
खुल्यो भाग्य भनी मख्ख मनमा मन शान्त भो ।२९।

क्यामेरा छ नयाँ मान्छे छन् खिच्ने पनि तस्बिर
काम तमाम भो भन्ने लाग्यो आनन्द आखिर ।३०।

ओरालो छ भ्करे मात्र सम्ममा आइने तल
आनन्द मनले हेर्दा तस्बिर देखिने हल ।३१।

पुरुषोत्तमले लागे क्यामेरा खोल्न हातले
अहँ, छैन कतै छाँट कहाँ देखिन्छ बातले ।३२।

आँखा रित्ता उहीँ उस्तै सामग्री शून्य-शून्यमा
एकाग्र मनले सोचेँ होला केही रहस्यमा ।३३।

मनमा मनले बोल्यो ए जङ्गम ! तँ सोच् अरू
दैवी शक्ति कतै क्यै छन् लागेका नव आबरु ।३४।

निराशा नेत्रमा छायो छाडिए सब ती गति
नियाल्ने मन भो नित्य विमलेश्वरको मति ।३५।

यही अडानका साथ सोचमग्न भए उनी
निरन्तर यता यात्रा भयो अठोटमा पनि ।३६।

डोलेश्वर पुगी एक्लै युवासाथ रही-रही
जे भन्थे तिनले ह्वैन कुरा हुने कुनै सही ।३७।

महादेव पुगी सामु एकतमास ढङ्गले
टोलाएँ निदमा जस्तै स्वप्न आयो उमङ्गले ।३८।

एकाग्र चित्तमा एक जादु जन्मन्छ मास्तिर
मनोविज्ञानको सच्चा लाग्दैन लक्ष्य बाहिर ।३९।

यताउति कतै हुन्न कल्पना कल्पकेन्द्रित
हुँदा हुन्छ सही प्राप्ति चित्त एकाग्रमा हित ।४०।

केदारनाथको दिव्य उदायो मन तस्बिर
छिमेकी राष्ट्रको एक प्रसिद्ध देवको शिर ।४१।

पचास वर्ष पैले नै आमाको साथमा घर
थियो तस्बिरमा पाएँ आज सच्चा छ उत्तर ।४२।

यस्तो जङ्गममा आयो अठोटको अदृश्यमा
खुसी गद्‌गदका साथ लागे खोज रहस्यमा ।४३।

पुगी निर्णयमा नौलो व्यक्ति व्यक्तित्व साधना
घेराबेरा महादेव गरेर नित्य प्रार्थना ।४४।

बने मन्दिर मौलाए मूर्ति निर्मित टल्किए
पुजारी सत्यका आँखा यी डोलेश्वर झल्किए ।४५।

बस्ती अलग्गमा बस्ने देव देवलमा रहे
विमलेश्वर सानन्द आफैँ रक्षितमा भए ।४६।

ती इतिहासका पाना पुराणको सुसम्झना
होस्‌ सुसंस्कृति जगेर्ना शास्त्रज्ञान र कल्पना ।४७।

अंश केदारखण्डेको क्षेत्रे नेपाल शास्त्र र
हावा मिश्रित आवाज केदारनाथमा भर ।४८।

ध्वनि बनेर गुन्जेको शिव आदेशमा स्थिर
मणि जङ्गम आश्चर्य त्यो अर्धचेतनातिर ।४९।

खोजानुसारको प्राप्त काव्यनायक शोभन
चारैतिर छ सन्नाटा झलमल्ल छ यो मन ।५०।

केदारनाथमा श्रद्धा आस्था र भक्तका बल
स्थापित तीर्थमध्येको भारत उत्तराञ्चल ।५१।

डोलेश्वर महादेव अनुसन्धान मास्तिर
प्रस्ट पारेर भन्दैछन् केदारनाथको शिर ।५२।

केदारनाथको अंश शिरोभाग भई ठुलो
रुद्राभिषेकको काम प्रारम्भले छ खै लुलो ।५३।

त्यो खोप्रिङ नाम पत्र प्रकाशित हुने गरी
कामकुरा सँगै बढ्ने भयो बेला, दिने हरि ।५४।

विरोधाभासमा सारा उर्लिए स्वरमा स्वर
डोलेश्वर कहाँ हुन्छ केदारनाथको शिर ? ।५५।

जङ्गमका उठे शक्ति भक्ति मस्तिष्कमा गए
सम्पर्कमा थिए जो-जो व्यक्तिविशेषमा भए ।५६।

निस्के आवाज सर्वत्र पत्रिका पत्रमा पनि
थपे राग सबै उत्रे विरोधाभासका ध्वनि ।५७।

अपमान हुँदै ह्वैन यो पशुपतिनाथको
इतिहास छ यो सच्चा पछाडि लाग सत्यको ।५८।

गरेको छु यता ज्यादा काम पूजा र वन्दना
डोलेश्वर पुजेजस्तै आराध्यदेव अर्चना ।५९।

जोगाउन छु खोजेको विरोध जन्मियो किन ?
देवमन्दिर उस्तै हुन् बौलाए कसरी किन ? ।६०।

भन्दै भरतले ल्याए समन्वय गरी दिए
ऐतिहासिक यो सत्य कहाँ छोपिन सक्छ ए ? ।६१।

जग्गाको मूल्यबृद्धिमा कता लाग्छ र अर्थ यो
बढ्दियो धामको यात्रा बढ्यो विस्तार फैलियो ।६२।

दुवै केदारका सक्छन् हुन लायकका शिर
दसौँ शिर हुने हुन्छन् ईशका नव तस्बिर ।६३।

होलान् अन्तरमा गाँठा विवाद हुन्न ईशमा
ईश-ईश सबै ईश ईशको किन रीसमा ? ।६४।

अनुसन्धानको काम हुँदा क्रमानुसारको
सिपाडोल भयो भन्छन् धर्मक्षेत्र अपारको ।६५।

धार्मिक व्यक्तिका लागि महत्त्वमा छ यो जहाँ
मुट्ठी दान र चन्दाले स्थापित कोष त्यो त्यहाँ ।६६।

एफएम लगायत रेडियो पत्रपत्रिका
टीभी च्यानलले भन्छन् मणि जङ्गम शक्तिका ।६७।

केदारनाथको गाथा जो छ शिवपुराणमा
शिरोभाग त्यही नै हो प्रमाणित छ सारमा ।६८।

त्यतिका वर्ष ओझेल परेको मठमन्दिर
विश्वप्रसिद्धमा पार्ने भए जङ्गम आखिर ।६९।

लिपिमा सब छन् बद्ध गाथा यी शिव अर्पित
नयपाले शिरो भागे डोलेश्वर शिरस्थित ।७०।

काफी प्रमाण हो अर्को चाहिने हुन्न क्यै यता
स्थानमा पुग्न गाह्रोले खोजिएन पुगी त्यता ।७१।

विवाद पनि यो ह्वैन प्रतिस्पर्धा पनि कतै
अन्वेषण भई सच्चा देखिएको छ पो यतै ।७२।

झलमल्ल छ यो ऐले अनभिज्ञ न छन् कतै
खोजे हेरे सबै छ्याङ्ग घामजस्तै जताततै ।७३।

हटे बादल क्वै घाम चाहेर छेक्न सक्छ र ?
अँधेरी रातमा जून चस्माले देख्न सक्छ र ? ।७४।

सदावहारको बृक्ष फल्न छेकिन्न फल्दछ
शिवपुराणका पाना चाहना पूर्ण बन्दछ । ।७५।

अनेकौँ दुःखका साथ रहस्यभित्रको घर
स्वप्नको पनि हो सच्चा निस्केको स्वर्णमन्दिर ।७६।

विरोध स्वर नै हुन्नन् तथ्यसामु भएपछि
टकराव छ नै व्यर्थ सत्यसामु रहेपछि ।७७।

गर्जनाको हुँदै ह्वैन आस्थाको देवमन्दिर
अनेकौँ दुःखका साथ उत्रेको मनमास्तिर ।७८।

व्यवस्थित भएको छ भन्छन् नायक जङ्गम
केदारनाथको हो यो आएको शिरसङ्गम ।७९।

सजाउँछ सधैँ स्वाभिमानको वक्षमा लिई
पर्यटक छ यो धाम धैर्य सज्जनको भई ।८०।

सत्य छोपिनुको अर्थ हुन्छ ज्यादै अनादर
देखिँदा गर्नु नै पर्छ शिर झुकेर आदर ।८१।

देश नेपालकै निम्ति छ यो गौरव गायन
भन्ने आशयमा हाँस्छन् कृतिनायक जङ्गम ।८२।

अझ यो वक्षमा नाच्दा छ भक्तपुर गौरव
धर्मका भीडमा भीड यात्रा हुन्छन् यता सब ।८३।

यसमा छ र क्यै हानि-नोक्सानी छ र क्वै जन
धरोहर छ आस्थाको दिलको हुन्छ धड्कन ।८४।

नेपाली जन छन् सच्चा मनका धर्मधारक
आस्थामा अझ हुन् अग्ला हुन् अझै व्यक्ति साधक ।८५।

## सरस्वती स्थान (वागीश्वरी)

(अनुष्टुप छन्द)

टिपौँ प्राकृत सौन्दर्य भिन्न बोध गराउँछ
घामको पहिलो झुल्को लाली छर्न डराउँछ ।८६।

जुरुक्क हुन्छ धर्ती नै शृङ्गारमा सुशोभित
हरियाली स्वयं अग्ली बन्दछिन् प्रीतको हित ।८७।

जो यो सुन्दर जिल्लाको प्रकृतिमा रमाउँछ
युगयुगान्त बाँचेर आत्मसन्तुष्टि पाउँछ ।८८।

पुराना छन् यता बस्ती आदिमका सबै घर
जस्तो प्रकृतिमा हुन्छ देख्दै लाग्ने मनोहर ।८९।

झुरुप्प घर जोल्ठेका ढुङ्गाका ढाँडझैँ पर
रहस्यमा जुटेका छन् आफैँ बनेर सुन्दर ।९०।

अग्ला डाँडा उठेका छन् छोलान् गगनझैँ गरी
चुमेका नभका ओठजस्तै देख्छु घरी-घरी ।९१।

पैलो घाम यतै झुल्की हिँड्छन् किरण विश्वमा
अम्लानरूप सौन्दर्य खचाखच छ रोजमा ।९२।

बनेपा देखिने पूर्व बस्तीमा पनि एकता
ओरालो र उकालोमा दृश्य बन्दैन खै कता ।९३।

हनुमन्ते नदी बग्छिन् संरक्षकत्वमा खुली
प्रकृतिको नयाँ रङ्ग देख्दा मनै झिलीमिली ।९४।

चौतारा नामको ठाउँ पातला बास भीरमा
फाट्टफुट्ट रही बाँच्ने दोकान देख्छु तीरमा ।९५।

दृश्य ढल्ने नहोस् हाम्रो गरे कर्म हुने न हो
मनभन्दा अझै माथि सौन्दर्य दिव्यमा अहो ! ।९६।

अनेकानेक छन् उस्तै मूर्ति, गुम्बा र देवल
देवभक्त मनोज्ञानी पुरानै मन केवल ।९७।

सुरक्षित भएका छन् आस्था विचार गर्वले
विज्ञानमा छ आश्चर्य गरौँ खोज सहर्षले ।९८।

मान नगरको राख्ने नगरी भादगाउँ यो
जात्रापिच्छे हुने नृत्य एक-एक हुँदै गयो ।९९।

पर्यटक यतै रम्ने आधुनिक भए पनि
धर्मसंस्कृति हो आफ्नो त्यसैमा खुल्छ जीवनी ।१००।

पूर्व-पश्चिम जोडेर रमाएको सबै दिन
प्रणयी प्रेमका गाथा टिप्न पछाडि हुन् किन ? ।१०१।

अध्यात्मका सबै टीका मणि उचाल्दछन् यता
अपूर्णता छँदै छैन पार्न जङ्गमले त्यता ।१०२।

चन्द्रमाझैँ उज्याला छन् छैन कतै कुनै खत
अग्ला होचा भनेजस्ता ती आकर्षक पर्वत ।१०३।

त्यो भक्तपुर जिल्लामा खुसी मिल्दछ खोजमा
आहा ! पर्वत देखिन्छन् पुगेझैँ लाग्छ भोजमा ।१०४।

सबैतर्फ नियालेमा बन्छिन् उत्कृष्ट रोजमा
रत्नागिरी यसै मेरी पूर्व-उत्तर कोणमा ।१०५।

रत्नागिरी भनौं या त वागीश्वरी सरस्वती
हो महामञ्जुश्री नाम सस्वद्यौ एक भारती ।१०६।

त्यो भक्तपुर नेवार जाति बहुलता पनि
लासापा अनि सस्वद्यौ नेवार नाम जीवनी ।१०७।

ढुङ्गाका कति ओडार होलान् स्थापित नाममा
के ब्रह्मध्वनि निस्किन्छ सुसाई ओमकारमा ? ।१०८।

ल्हासाबाट झरे मञ्जुश्री यो ओडार मार्ग रे
बौद्धमार्गी र हिन्दूमा पवित्र स्थल लाग्छ रे ।१०९।

केन्द्रविन्दु बनाएर मञ्जुश्री स्थापना भयो
ॐ ध्वनि छ सुसाएको एक मन्दिर देखियो ।११०।

ब्रह्मध्वनि भयो बन्द त्यो ठाउँ मूर्तिले लियो
पूजापाठ हुने काम जातिमा शाक्य भैदियो ।१११।

त्यो ॐ ध्वनि सुसाउने ओडारमा अवस्थित
मञ्जुश्री नै सरस्वती भ्रमजालो सबैसित ।११२।

व्यक्तिभाव उठाएर गर्नुपर्दछ आदर
सबै उस्तै नहुन् या हुन् हुनु हुन्न अनादर ।११३।

पार्नु हुन्न त्यहाँ त्यस्तो ॐ ध्वनि अवरोधमा
सरस्वती सुसङ्केत सबै छन् अभ्र बोधमा ।११४।

ॐ ध्वनि त्यो दबेको छ सोचौँ बेठिक वा ठिक
केन्द्रविन्दु बनाएर उच्च छ एक सालिक ।११५।

समादर सबै साथ समका सममा भए
ध्वनि गुन्जिनुको अर्थ लगाउने कता गए ? ।११६।

गुप्त रूप छ नै गोप्य गोप्यका मार्गले छुने
धार्मिक स्थलको रक्षा आस्तिकमा भए हुने ।११७।

ज्ञानधारा पिलाउँथिन् ध्वनिबाट निरन्तर
ध्वनिमार्ग हुँदा बन्द मानवता गयो पर ।११८।

बिग्रिने छ र को केमा समायोजनमा गए
भत्किन्छन् देवका आस्था विभाजित हुने भए ।११९।

स्वार्थको साँध लाग्नाले देव आस्था हुने पर
फाले सङ्कीर्णका जाला कर्म बन्दछ सुन्दर ।१२०।

जस्तो प्रकृति देखिन्छ समन्वय सबैतिर
त्यस्तै आस्था उठाउने महादेव दिवाकर ।१२१।

अनुसन्धानका लामा कर्म बोकेर जङ्गम
केदारनाथको भव्य उदाए बनी सङ्गम ।१२२।

उठाए सभ्यता उठ्छन् हुन्छन् नवीनमा यता
विरोधी सामु सर्दैमा सत्य लुक्दैन है उता ।१२३।

उदार दिलका व्यक्ति वक्षभित्र समाहित
बुद्ध हिन्दू सँगै साथै समायोजनमा जित ।१२४।

जस्तो सौन्दर्यको पैलो झुल्को झुल्छ यतातिर
त्यस्तै देवत्वका स्थान मनले मान्छ सुन्दर ।१२५।

सरस्वतीसँगै बुद्ध मञ्जुश्रीका मुहारमा
रहे अझै हुने सच्चा ओडारका जुहारमा ।१२६।

एकको ह्वैन संसार अनेकको बहार छ
अदृश्य छैन संसार बुझेमा सर्वसार छ ।१२७।

एकमा हुन्न उल्लास उत्साह हुन्न एकमा
अनेक एकमा रम्दा साँच्चै हुन्छ उदेकमा ।१२८।

सनातनी छ यो जम्मै समाज परिवेशमा
तर मन्दिरमा उल्टा स्तम्भ छन् स्तम्भभेषमा ।१२९।

चेतना छैन मान्छेको जस्तो लाग्छ कताकता
चुपचाप बसेका छन् नहोस् काम भनी यता ।१३०।

मञ्जुका मनमा घुल्छन् महादेव मिठासले
सरस्वतीसँगै नित्य मञ्जुमोह छ खासले ।१३१।

नतर्सने भए हुन्छन् अर्को देखेर एक यो
सँगै सबै रमून् उठून् द्वन्द्वमा नपुगे भयो ।१३२।

यही सोच लिई खोज गरे जङ्गमले यता
हिन्दू बुद्ध दुवै उस्तै बुझ्ने सरे सबै यता ।१३३।

पर्यटक अझै बढ्छन् दुई नै पाउँदा त्यता
हुन्छन् ध्यानस्थमा मग्न आएका ती जताततता ।१३४।

अर्थपूर्ण बनोस् कर्म अर्थानुभूति होस् घर
सम्पूर्ण पूर्णमा हुन्छ पूर्णानुभूति होस् वर ।१३५।

बाँच्दछन् यी बचाएर धर्ती आकाश घुम्दछन्
अनर्थ अर्थ लागेको प्रस्ट जङ्गम बुझ्दछन् ।१३६।

सम्प्रदाय हुँदा एक अर्कोमा गर्न प्रश्न छ
के मानसिक भन्ने खै शरीरभर द्वन्द्व छ ।१३७।

देवी सरस्वती माता पुकार्नासाथ जङ्गम
गर्छन् चिन्तन मूर्तिको शक्तिबुद्धि नहोस् कम ।१३८।

सहिष्णु भावमा हुन्छन् हिन्दूका धर्मधारक
अक्षम्य क्षम्यमा हुन्छन् दिलका यी सुधारक ।१३९।

यही अग्लो उचालेर मनको दिव्य तस्बिर
भयो भरतको लक्ष्य पूरा यो पल आखिर ।१४०।

देखी यो चालमा झस्का जन्म्यो भरतको मन
देवी सरस्वती राख्ने धड्कियो भित्र धड्कन ।१४१।

मूर्ति बनाउने मित्र थिए भारतमा कतै
सम्पर्कमा पुगी चाह राखे यस्तो भनी उतै ।१४२।

योजनामा थियो जे यो काम त्यस्तै बनोस् भनी
वाराणसी कुरा पुग्थ्यो मूर्तिकार सही चुनी ।१४३।

शिला व्यापकको एक गाह्रो पाइन हुन्छ नै
असम्भव हुने बुझ्दा झस्किने मन रुन्छ नै ।१४४।

अलि सानै भए यस्तो पनि बन्न छ सम्भव
बनाउने लिए सोच हुन्न केही असम्भव ।१४५।

शिला पत्ता लगाएर सुम्पे निर्माण खातिर
बन्दैन कि थियो शङ्का बन्ने भो मन भो स्थिर ।१४६।

सीमा समयको भन्दा अगाडि सूचना भयो
नवनिर्मित त्यो मूर्ति सङ्केत आउने रह्यो ।१४७।

सुनी भरत मुस्काए मिलेझैँ पुष्प सौरभ
सरस्वती सजाउँदा अझै अग्लिन्छ गौरव ।१४८।

विपना सपना सारा जपना यसमै गए
लक्ष्यप्राप्ति महाप्राप्ति सबै उल्लासमा भए ।१४९।

अति गद्गदमा पर्दा नाचूँ उफ्रूँ हुने भयो
सन्तुष्टिमा सबै वस्तु शारदामयमा गयो ।१५०।

चौवन्न इन्चको मूर्ति कमलासन बैठकी
आऊन् बुद्धि र विद्याझैँ ज्ञानदाता समेतकी ।१५१।

चाहनानुरूपै पूरा गरेर मूर्तिकारले
डाके भरतलाई नै न केही प्रतिकारले ।१५२।

त्यो डेढ महिना बित्दा भई निर्माण सूचित
आश्चर्य नहुने को र ? हुँदा कार्य अचम्मित ।१५३।

श्रीमतीसाथ पुग्ने ती हुन्छन् मणि प्रभावित
एक कहाँ हजारौँको मनमन्दिर रक्षित ।१५४।

ध्यानाकर्षण गर्नेमा एक मूर्ति सयौँ पनि
मूर्ति दर्शन पाएर दम्पती धन्य छन् अनि ।१५५।

खोजी साधनमा ल्याए थप मूर्तिहरू अरू
त्यहाँ सजाउने निधो गर्छन् भरत आबरू ।१५६।

सजिएको छ यो फोटो मोबाइल भरी यता
हेर्छन् भन्छन् छिटो राखौँ लाग्छ स्वयम् छु भैँ कता ।१५७

टाटा वाहनमा ल्याए देवी सरस्वती जब
बानेश्वर घरै आई राखे भरतले तब ।१५८।

स-साना नौ भए मूर्ति सरस्वती सुरक्षित
निवासमा रहिन् माता बानेश्वर सहर्षित ।१५९।

जसै चिन्ता हट्यो एक अर्को चिन्ता हुने सुरु
जस्तो व्यक्ति उही काम गर्नेमध्ये तिमी गुरु ।१६०।

बरन्डामा दुई वर्ष बसेकी शारदा मुमा
छ्यौ जीवन्त तिमी देवी सधैं सर्वत्र ठाउँमा ।१६१।

प्रातः झुकेर गर्दैथ्यौं प्रणाम शारदा भजी
विद्याबुद्धि दिने देवी वस्त्रमा श्वेतले सजी ।१६२।

प्रत्यक्षमा भनौं भो या अप्रत्यक्ष भए कति
भक्तिभाव थियो जस्तो हुने नै छ अझै अति ।१६३।

सबै सदस्यमा तिम्रो कृपादृष्टि अथाहले
शिक्षाको क्षेत्रमा बढ्ने परिवार सबै चले ।१६४।

कल्पनाले त्यसै बेला बाह्र पास गरेसँगै
एम्फिलले भयो पूर्ण छोरा अनुप पो अझै ।१६५।

स्नातकोत्तर उत्तीर्ण ती बुहारी निशा भइन्
सरस्वती बसेकीले विद्या विस्तारिता कहिन् ।१६६।

कर्ममा पाउ चाल्नेको सौभाग्य चम्किँदै गयो
सबैभन्दा ठुलो प्राप्ति काव्यनायकमा भयो ।१६७।

भ्रष्टविरोधी विज्ञान आकाश चुलिँदै रह्यो
स्वयं भरतको आफ्नै ख्याति ख्यात भई रह्यो ।१६८।

सत्य आँत सही बाटो पवित्र मनको जन
सधैँ जीवन्तमा हुन्छ सार्वकालिक जीवन ।१६९।

चाहेर पनि क्वै डस्न सक्दैनन् तिनका मन
भए जङ्गम यी एक्लै धर्म आस्था सनातन ।१७०।

मूर्तिको स्थापना गर्ने विचारभित्रको मन
कस्तो भरत भो एक विवादका बुँदा गन ।१७१।

राजनीति गलगाँड धर्ममा किन प्रस्ट छ
लोकको हित नै तोड्ने त्यस्ताको चित्त भ्रष्ट छ ।१७२।

समस्याका समस्याले समस्या नै उँचो भयो
अभाव अर्थको हुन्छ अर्थ लाग्ने कुरो गयो ।१७३।

अलपत्र नहोस् आस्था धर्मरक्षक नै रुने
गन्तव्यमा पुगोस् मूर्ति स्थापनाले अहो ! हुने ।१७४।

मिटिङका कुरामाथि प्रस्तावका उठे कुरा
संरक्षण हुनैपर्छ बन्नु हुँदैन साँघुरा ।१७५।

होस् सरस्वतीको स्थान ज्ञान-विज्ञानको शिर
धर्म विकासमा लाग्ने हुन् ती भरत माहिर ।१७६।

बन्यो एक त्यहाँ टोली देवभक्त र रक्षक
समितिको छ नेतृत्व महापुराणको टक ।१७७।

अट्ठाइस उठ्यो लाख मन्दिर बन्नुपूर्व नै
धार्मिक त्यो अनुष्ठान भयो अर्थ अपूर्व नै ।१७८।

जे सञ्चित भयो पैसा नवनिर्मित कोषमा
राखियो ठाउँमा पूरा किन पर्नु र दोषमा ? ।१७९।

विरोधाभास यो साम्य हुन लाग्यो निकै दिन
तड्पिने मन भो साँच्चै पलाका पल छिन्छिन ।१८०।

निर्माणको भयो काम भए जङ्गम हर्षमा
सरस्वती खडा सामु गरे दक्षिणतर्फमा ।१८१।

जब मन्दिर निर्माण तयारमा भयो खडा
देवी भित्र लगी राख्ने भए जङ्गम यी बडा ।१८२।

तीन चार बिते मैना बल्ल साइत भेटियो
मञ्जु प्राङ्गणमा देवी सरस्वती सजाइयो ।१८३।

अखण्ड दीपको दिव्य ज्वाला जग्मगमा भए
यिनै ज्वालासँगै काव्यनायक यी सधैँ रहे ।१८४।

सहिष्णु भावमा हुन्छन् हिन्दूका धर्मधारक
अक्षम्य क्षम्यमा हुन्छन् दिलका यी सुधारक ।१८५।

यही अग्लो उचालेर मनको दिव्य तस्बिर
भयो भरतको लक्ष्य पूरा यो पल आखिर ।१८६।

पौषको पूर्णिमादेखि भई मेला सुरु त्यहाँ
पूर्णिमा माघकोसम्म मास एक हुने जहाँ ।१८७।

प्रत्येक वर्ष मेलाले धर्मक्षेत्र छ रक्षित
हिन्दू र बौद्ध भेलाले पार्न सक्तैन दूषित ।१८८।

देवी सरस्वतीस्थान श्रीपञ्चमी विशेषमा
भक्तिभाव बढी हुन्छ विश्वास छ अशेषमा ।१८९।

थाकलमाथको शोभा शारदाको सुसाइमा
श्रद्धालु भक्तको ध्यान केन्द्रित छ बुझाइमा ।१९०।

सौजन्य साथ ओर्लेर श्रद्धा सुम्पेर अञ्जुली
भक्तिको भाव एकाग्र सहस्रौं एकमा खुली ।१९१।

चुरीफुरी कतै छैन मात्र हो यो सनातन
आध्यात्मिक हुने देख्छु भरतको छुने मन ।१९२।

अन्तराबाट जन्मेकी ब्रह्मपुत्री सरस्वती
बुद्ध हिन्दू दुवैसाथ समन्वयकमा अति ।१९३।

अखण्ड दीप पूजाको खर्च जेजति होस् त्यहाँ
बन्दोवस्त गरेका छन् यिनै भरतले त्यहाँ ।१९४।

देवभक्तिसँगै शक्ति यिनमा पूर्ण प्राप्त छ
त्यसैले त सदाचारी देश-विदेश व्याप्त छ ।१९५।

धप्प-धप्प बलेको छ आत्मविश्वासको बल
अखण्ड दीपमा दीप छ अहोरात्र झल्मल ।१९६।

मन शान्ति भयो पक्कै आफैँभित्र रमूँ हुने
समर्पित भई सारा अध्यात्म आँतले छुने ।१९७।

## अनन्तलिङ्गेश्वर महादेव

(अनुष्टुप छन्द)

हो भक्तपुर जिल्लाको गुन्डू नामक गाउँमा
काव्यनायकको ध्यान पुग्दछ उक्त ठाउँमा ।१९८।

अनन्तलिङ्ग हो नाम दैवी शक्ति अथाहमा
डाँडो दक्षिणको भेक हुने सर्वत्र वाह ! मा ।१९९।

सौन्दर्यमा असाध्यै छ प्राकृतिक धरोहर
पूर्व-उत्तर फर्केको वन लाग्छ मनोहर ।२००।

बीचोबीच छ निर्माण एक सुन्दर मन्दिर
वनपाखा हुने दङ्ग महादेव हुँदा स्थिर ।२०१।

लिङ्गेश्वर महादेव जलकुण्ड र मन्दिर
सौन्दर्य नै झपक्कै छ गर्वले उठ्न यो शिर ।२०२।

मूलयुक्त कुवा राम्रो जलकुण्ड अझै त्यहाँ
चिनिएको छ ढुङ्गाले भक्तजन पुगून् जहाँ ।२०३।

थुप्रै ऋषिहरू आई तपस्या जो गरीकन
ज्ञान आर्जन गर्थे रे सिद्धिमा लाग्दथ्यो मन ।२०४।

पवित्रमा असाध्यै ती सबै मस्तिष्कका बल
ध्यान माध्यमले ज्ञान गर्थे हासिल त्यो पल ।२०५॥

सुन्दर शान्त आनन्द देवशक्ति ढपक्क छ
ऋषि आरण्य त्यो नाम क्षेत्रमा नै प्रसिद्ध छ ।२०६।

ऋषिहरू तपस्यामा बस्ने थलो भयो जसै
जल आपूर्तिका लागि कुवा खन्ने निधो त्यसै ।२०७।

कुवा खन्ने थियो काम दर्शन शिवलिङ्गको
खन्ने क्रम हुँदा जारी फेर्दछन् श्वास दङ्गको ।२०८।

चमत्कार भयो कस्तो बुझाउने बनून् हरि
लिङ्गको अन्त भेटिन्न पार्ने फेला कसो गरी ।२०९।

तीस हात भयो खाल्डो शिवलिङ्ग अझै तल
निस्किने र निकाल्नेमा हून् जोडतोडको बल ।२१०।

चिन्तन लिङ्गको गर्ने काम खाडलको भयो
जलमग्न भइन् गङ्गा पवित्र जलकुण्ड यो ।२११।

पूर्ण पक्कै थियो लिङ्ग पत्ता लाग्न नसक्नुले
लिङ्गेश्वर महादेव छन् प्रसिद्ध अनन्तले ।२१२।

समीपमा शिलापत्र सामुमा मूर्ति भैरव
र प्राचीन कलायुक्त पूर्वाभिमुख गौरव ।२१३।

प्राचीन मध्यकालीन इतिहास बुझिन्छ यो
पुरातात्त्विक अन्वेष गर्नाले तत्त्व भेटियो ।२१४।

धनवज्र गरे खोज शिलालेख मिल्यो त्यहाँ
पाए लिच्छविकालीन अभिलेख पनि त्यहाँ ।२१५।

बुझ्ने भरतको काम कुरा कहाँ र हालको
राजा नरेन्द्रको पत्र थियो लिच्छविकालको ।२१६।

लिङ्गेश्वर महादेव चर्चामा छन् सबैतिर
बोलेको छ सबैमाझ शिलापत्र सरासर ।२१७।

प्राचीनकालको चर्चा बनेको दिव्य मन्दिर
यद्यपि अहिले क्षेत्र उपेक्षित हुँदा पिर ।२१८।

गर्छु विकास भन्नेले स्वार्थको ताल पार्दछन्
चर्का भाषण चल्दिन्छन् कर्ममा पछि पर्दछन् ।२१९।

चिन्ताभित्र परेको छ अनन्तलिङ्ग यो पनि
काव्यनायकको काम अर्को विशेष होस् भनी ।२२०।

क्षेत्र विकास होस् राम्रो लिङ्गेश्वर अनन्तको
उद्देश्य एक राख्नेको बन्दैन काम भन्छ को ? ।२२१।

कसरी र कहाँ के-के गर्ने भरत छौ तिमी
गर्व गर्ने नहोला के भक्तपुर अझै ठिमी ।२२२।

बाटो होस् न त्यहाँ राम्रो यो काम पहिले गरौँ
मनसाय बन्यो यस्तो पुनर्निर्माणमा सरौँ ।२२३।

जनशक्ति भयो राम्रो युवासाथ समाजमा
हातेमालो भए यस्तै हुन्न कतै विवादमा ।२२४।

पुग्न मन्दिर अप्ठ्यारो त्यही काम छ खासको
खुट्किला टक्क सङ्ख्यामा दुई सय पचासको ।२२५।

भक्तपुर कटुन्जेमा आयको कार्य धार्मिक
धान्याञ्चल महायज्ञ लाग्नाले स्रोत आर्थिक ।२२६।

आम्दानी स्रोतको यज्ञ चलेको जन जोडले
अनुष्ठान सुसम्पन्न व्यासाचार्य किशोरले ।२२७।

गर्ने-गराउने देव महादेव भए पनि
अगुवाइ गरे राम्रो मणि जङ्गमले अनि ।२२८।

सुसङ्कल्प थियो जस्तो त्यस्तै हुँदै गयो मति
अनन्तेश्वरमा शीघ्र विकासले लियो गति ।२२९।

आध्यात्मिक थियो चेष्टा सबै केन्द्रित चिन्तन
लाग्दा मणि सुकार्यमा पर्ला र के पछारिन ।२३०।

डोलेश्वर महादेव नायकको विचारमा
शिवपुराण सम्पन्न योजनाबद्ध सारमा ।२३१।

वृन्दावन बने हुन्थ्यो नेपालमा कतैतिर
कुरा उठ्यो त्यसैसाथ उब्जियो मनमा पिर ।२३२।

उठेका छन् कुरा यस्ता पूर्ण गर्ने बढून् नित
लिङ्गेश्वर महादेव छन् मस्तिष्कमा केन्द्रित ।२३३।

कार्यमा हून् सबैतर्फ क्षेत्रलाई समेटिने
सामुन्नेमा वनक्षेत्र सौन्दर्यभित्र देखिने ।२३४।

डोलेश्वर कृपा हो कि अन्यको हो सरासर
उपलब्ध भयो जग्गा वृन्दावन बनोस् तर ।२३५।

जसै भरत जे बोल्छन् त्यसै देवले सुन्दछन्
प्रसादमा मिलेझैं छ वनक्षेत्र कि भन्दछन् ।२३६।

क्षेत्र विकासका लागि संस्था दर्ता कुरा सरी
रुद्राभिषेक प्रारम्भ व्यवस्थामा हुने गरी ।२३७।

पुजारी नित्य पूजामा लाग्ने काम छ दैनिक
अधिको यज्ञको लाभ अक्षयकोष मालिक ।२३८।

महाभूकम्पपश्चात् यो क्षतविक्षत भैदियो
पुनः निर्माणमा जुटी उस्तै मन्दिर बन्दियो ।२३९।

दुईतले बनेको छ उस्तै प्राचीन मन्दिर
अखण्ड दीपको दृश्य छ प्रज्ज्वलित सुन्दर ।२४०।

प्राचीन कालदेखि नै पुजारी मूल जङ्गम
पुर्खाको नाम राख्नेमा उनी भए र के कम ? ।२४१।

अनन्तलिङ्गको क्षेत्र वृन्दावन बनाउने
स्वप्न यो विपना पारी योजनामा छ छाउने ।२४२।

अनन्तलिङ्गमा एक पुजारी रही जङ्गम
नवराज छ जो नाम भक्तिको भाव हर्दम ।२४३।

आए विरोधका केही स्वर साम्य हुँदै गए
विभाग वनले रोक्न फेरि सामु खडा भए ।२४४।

सङ्कोच अनि सङ्कीर्ण देखापर्छन् सबैतिर
समाधान हुने काम गर्नुले उठ्छ जो शिर ।२४५।

बेमेल मेलमा आए आए सम्मतिका तिर
संरक्षकत्वमा आफैं भए भरत तस्बिर ।२४६।

अझ सहजमा ओल्र्यो योजनाको नयाँ ढक
कार्यारम्भ भयो राम्रो मान्नुपर्दैन है धक ।२४७।

छैनन् विरोध आवाज होलान् नदेखिने कतै
योजनाभित्र सम्पन्न होऊन् लाग्छ जताततै ।२४८।

रोकिन्नन् अब क्यै काम सरासर बढोस् त नि
वृन्दावन यहीँ बन्ने पक्का लाग्दछ होस् पनि ।२४९।

यसै विश्वासका साथ ढुक्क छन् अब जङ्गम
उत्साह सब सम्मिन्छन् भई उमङ्गमा दम ।२५०।

आस्था अन्तर उत्साह धार्मिकमा भए पनि
अपरिचितका ठाउँ भित्र गुम्सी रहे पनि ।२५१।

भरताकाश आकाश विकास पथका पथ
मर्करीझैँ उज्यालामा गुडेका छन् मनोरथ ।२५२।

उठ्ने गति छ चौतर्फी आहा ! बन्न स्वदेश यो
दृश्यमा प्रस्ट पारेर दिव्य पार्ने कुरा भयो ।२५३।

धार्मिक मनका जस्तै उस्तै ठाउँ छ सुन्दर
राष्ट्रकै निम्ति यो हुन्छ जङ्गम जग उर्वर ।२५४।

लुकेको स्थल चम्कन्छ चम्किने मन जङ्गम
कृतिनायक छौ सच्चा दृष्टिका हौ विहङ्गम ।२५५।

## वागेश्वर महादेव

(अनुष्टुप छन्द)

त्यो भक्तपुर जिल्लामा वागेश्वरी छ गाविस
वागेश्वर महादेव देऊन् न दिव्य आशिष ।२५६।

उही ठाउँ उनै देव नाम फरकमा त्यता
वाल्मीकेश्वर भन्दैछन् वर्ष पचासले यता ।२५७।

परिवर्तन गर्दा त्यो नाममा इतिहासको
म नै मात्र कुरा बुझ्ने लाग्छु कि आसपासको ।२५८।

छ वागेश्वरको स्थान वाल्मीकेश्वर सुन्दर
विद्यालय त्यही नाम कृपा गर महेश्वर ।२५९।

वागेश्वर महादेव त्यहाँको मूल मन्दिर
मूल लिङ्गविना पूजा हुने काम नहोस् चिर ।२६०।

अन्य लिङ्ग पुजेका छन् त्यहाँ प्रत्यक्ष देखियो
मणि चित्त त्यसैले त अचम्मित हुँदै थियो ।२६१।

यथाशीघ्र चलोस् पूजा देवीदेव र ईश्वर
राखेको छ त्यहीँनेर नारीको अर्ध तस्बिर ।२६२।

तला सत्तलको खिन्न अव्यवस्थित मूर्तिले
न्यायमा आउनैपर्छ काम गर्नुछ जुक्तिले ।२६३।

हेर्दा गणेशको मूर्ति छत भत्की विरूप छ
त्यस्तो मूर्ति सजाएर मन्दिर किन लुक्दछ ।२६४।

पश्चिमतर्फको स्थान पोखरी छ अवस्थित
राम्रा ढुङ्गा चिनेका छन् धारा छैन व्यवस्थित ।२६५।

त्यतैतिर छ भत्केको पाटी र एक सत्तल
दक्षिणतर्फको घाट त्रिवेणी स्वच्छ निर्मल ।२६६।

केही मन्दिरको जग्गा अतिक्रमित जोखिम
भूमिसुधारका लागि मोहीको हक कायम ।२६७।

होस् सञ्चालन त्यो पूजा गर्न सम्पूर्णको हित
पत्रिका त्यो त्यसै बेला खोपृङ छ प्रकाशित ।२६८।

जसै स्थानीयवासी ती जागरुक भए त्यहाँ
त्यो सप्ताह महायज्ञ धन्य तिमी भयौ जहाँ ।२६९।

पाटी सत्तल ती जीर्ण रहेमा भत्किने भयो
केही रकम जम्माले नवनिर्माणमा गयो ।२७०।

एक मात्र कहाँ बाटा तिनैतर्फ खुला भए
वागेश्वर महादेव अझ चर्चितमा गए ।२७१।

छन् सत्तल ठुला-साना तीनवटा गने त्यहाँ
भनेजस्तो भयो भन्दै ढुक्क मणि नहुन् कहाँ ? ।२७२।

वाल्मीकि तपमा बस्ने स्थान रम्य छ यो जहाँ
वाल्मीकेश्वरको लिङ्ग स्थापित नै भयो त्यहाँ ।२७३।

तपसी ऋषिमध्येका एकमा हुन् उनी चिन
साथमा ऋषिको मूर्ति स्थापनामा नहोस् किन ? ।२७४।

प्रेमप्रसाद काफ्लेले सुरक्षित हुने गरी
गरे स्थापित मूर्ति त्यो भावनामा सरोबरी ।२७५।

भ्रमजाल थियो जे त्यो लिङ्ग वागेश्वरै छ नै
वाल्मीकेश्वर बेग्लै हुन् प्रस्टमा त्यो त्यहीँ छ नै ।२७६।

शिवलिङ्गविना हुन्न जङ्गममा भयो जब
वागेश्वर महादेव साविक लिङ्ग होस् अब ।२७७।

काशीबाट झिकाएका केही मूर्ति निवासमा
अनावरण ती होऊन् इच्छा हो आसपासमा ।२७८।

स्थानीयले त्यहाँ केही चासो मात्र दिए भने
असम्भव कुनै हुन्न स्वप्न साकार नै हुने ।२७९।

प्रतिष्ठित थिए जो-जो स्थानीय जनतर्फमा
कार्य राम्रो भएकाले कुरा राखेर सर्तमा ।२८०।

हुँदा कार्य त्यहाँ सारा इच्छाशक्ति ठुलो भयो
शिलापत्र व्यहोरामा उल्लिखित कुरा रह्यो ।२८१।

होस् पूजा-अर्चना नित्य मेला-जात्रा व्यवस्थित
सरसल्लाह गर्नाले सम्पूर्णको हुने हित ।२८२।

स्थान विकटका गोप्य पहिले देवमन्दिर
कहाँ कता थिए थाहा नभएका अघिल्तिर ।२८३।

एकोहोरो त्यतै लागी भित्रसम्म पुगी पर
लामो समय खर्चेर अनुसन्धान तत्पर ।२८४।

कार्य कठिन यो हुन्छ जनमा छ विभाजन
बीचमै रोकिने हुन्छन् निकाली धेर क्रन्दन ।२८५।

आस्थाका मनले मात्र गर्छन् खोज निरन्तर
लक्ष्यप्राप्ति नभै यात्रा फर्किंदैन पछिल्तिर ।२८६।

व्यवधान अनेकौं छन् स्वार्थका खेल रोक्नमा
समाजमा नहुन् लाग्ने त्यस्ता कुरा बिथोल्नमा ।२८७।

बिघ्नबाधा हजारौंका बीचमा जिन्दगी हुली
एकतमासको सोच आयो जङ्गमका डुली ।२८८।

आज संसार नै पूजा गर्न आउँछ यो स्थल
पर्यटकीय आफैंमा आस्थाको अभ्र आँचल ।२८९।

सारा जीवन छन् ऐले लामबद्ध भई त्यता
धर्मका धारमा हारगुहार छन् जताततै ।२९०।

हल्लाखल्ला पनि हुन्छन् सकारात्मक सोचमा
छन् जे झलमल देखिन्छन् अँध्यारो छैन खोचमा ।२९१।

विश्वास देवदेवीमा जरो दरो बनी अझ
मन्त्रोच्चारणले मखख लाग्दछन् अझ दिग्गज ।२९२।

विरोध रोधमा छैनन् आँखा तर्ने कुनै जन
खुसीका ओठ मस्केर शङ्ख-घण्ट बने मन ।२९३।

भित्री सङ्कल्पका काम गरे नहुनु के छ र
अल्छी मस्तिष्कमा मात्र असम्भव हुने ज्वर ।२९४।

असम्भव सबै ठाउँ सम्भवका भए घर
देवालय सबै लाग्थे टल्केर दिव्य सुन्दर ।२९५।

नजाऊँ कि हुँदै हुन्न बनेका योजनास्थल
आस्थाका आरतीभित्र झल्किए सबका पल ।२९६।

•

# सातौं सर्ग (धार्मिक पक्ष)
# (ग)

## गोदावरी र शिखरेश्वर महादेव

(अनुष्टुप छन्द)

काठमाडौँ छ जो जिल्ला आहा ! गोदावरी त्यहाँ
दक्षिणतर्फको क्षेत्र मणि यी बस्दछन् जहाँ ।१।

अजीव दृश्य सौन्दर्य प्रकृतिको छ यो वन
फूल नै फूलकी रानी सजिँदा लाग्छ हो धन ।२।

बाह्रवर्षे यतै लाग्छ मेला वर्ष मनोहर
पला-पला थला सारा देखिने अझ सुन्दर ।३।

आहा ! गोदावरी पुग्न घुइँचो लाग्छ व्यक्तिको
कुण्ड सत्तलको मेला हो सयौँ वर्षदेखिको ।४।

बहत्तर थियो भाद्र दुई हजार सालको
ती खेम नामका व्यक्ति मिडियाभित्र कामको ।५।

महादेव कृपा हो या यो इच्छा नै सरासरी
अनुरोध गरे जान गोदावरी कसै गरी ।६।

इन्दिरा साथमा गर्ने यात्रा गोदावरी थियो
भूमिका सहयोगीको उत्सव मिडिया भयो ।७।

अप्ठ्यारा ती छिचोलेर खोचसम्म पुगीकन
गन्तव्यमा थियो जे-जे त्यतै केन्द्रित भो मन ।८।

ऐतिहासिक त्यो स्थान भेक यथेष्ट मूलले
अनुमान त्यही निस्क्यो पवित्र स्थल स्नानले ।९।

ज्योतिषशास्त्र आधार थियो त्यो पलको पल
बृहस्पति छ भ्कैँ सूर्य राशि त्यो सिंहमा बल ।१०।

सिंह योग र सिंहस्थ एकै अर्थ दुवै यहाँ
महत्त्वमा भयो स्नान महिना दिन त्यो त्यहाँ ।११।

यस्तो पवित्र मेलाले वर्ष बाह्र कुरीकन
प्रचलित बनाएको धर्मक्षेत्र भनीकन ।१२।

त्यसै दिन परेकाले विचार उच्चको गति
हिमालय टीभीद्वारा रिपोर्टमा लिएजति ।१३।

धार्मिक त्यो अनुष्ठान चलेको शुद्ध ठाउँले
आऊन् भन्ने भयो पक्कै यिनै भरत नाउँले ।१४।

त्यो व्यासासन सामुन्ने थिए जो धर्मरक्षक
नाम त्यहाँ नतोके नि बने धर्मविरोधक ।१५।

आरोपमाथि आरोप ती निन्दनीय शब्दले
बोल्ने गर्ने कहाँ केही चुपचाप स्वचित्तले ।१६।

एक मात्र कहाँ अर्को अनुष्ठान थियो जहाँ
विज्ञसामु कुरा खोले गुम्सिएका सबै त्यहाँ ।१७।

काठमाडौँ समानैको गोदावरी छ मन्दिर
ललितपुर हो अर्को लाग्छ मेला दुवैतिर ।१८।

अनुसन्धानमा जुट्न स्वयम् विज्ञ सशक्त हुन्
दुवै ठाउँ एकै काल स्थापना दिव्य तीर्थ हुन् ।१९।

यथार्थका कुरा आऊन् छिट्टै जनसमक्षमा
भन्दै भरत लाग्दैछन् चुन्न समिति दक्षमा ।२०।

नवौँ छन् हेरचाहैका समितिभित्र ती जन
दक्षिणी भागमा एक मूर्ति राख्ने भनीकन ।२१।

शिवलिङ्ग कुनै एक स्थापनामा सरे हुने
गोदावरी उदाएको धर्मरक्षकमा हुने ।२२।

साइतमा भयो निम्ता गयौ रमाउँदै त्यता
नामको काममा बाँकी के-के देख्यौ अझै त्यता ।२३।

थियौ प्रफुल्ल देखेर शिखरेश्वर नाम यो
शिखरापुर त्यो ठाउँ रहेछ पछि ज्ञान भो ।२४।

सयसम्म भई जम्मा देखिए खट सामुमा
सबै हर्षित भै पुग्दै राखियो त्यस ठाउँमा ।२५।

वर्ष नै बाह्र पर्खेर लाग्ने मेला महत्त्वको
बाटाघाटा बने राम्रा काम लाग्ने विशेषको ।२६।

स्थापना देवको पश्चात् भीड मानिसका कति
स्वर्गजस्तै छ आनन्द भन्ने त्यहाँ भए अति ।२७।

यसै कारणले चर्का विरोध उर्लिए पनि
धर्मविरोध हो भन्दै बौलाए दलका धनी ।२८।

कृतिनायक आफैँले बेइज्जत खपे जति
पछि मत्थर भो सारा बन्यो धार्मिक ओखती ।२९।

आँटे हुन्छन् सबै काम हिम्मतले गरेपछि
शिखरेश्वर चम्केको देख्छौँ त्यता गएपछि ।३०।

ऐले झल्मल देखिन्छ आँटिलो व्यक्ति जङ्गम
भयो जाँगरका साथ काममा छैन है कम ।३१।

भने जे जतिले पैले कान टट्टाउने गरी
पाखण्डी धर्म बेच्नेका थिएन मनमा हरि ।३२।

गालीका शब्द छन् जे-जे उद्दण्ड नीचमा झरी
दिए सक्ने त्यहीँ सारा बेइज्जत हुने गरी ।३३।

उस्तै कोही भए पर्थ्यो दङ्गा-फसाद उल्झन
हिंसाका धारले फाल्थ्यो भित्री गोदावरीपन ।३४।

मान्छे असलले राख्छ काबुमा मन त्यो पल
जहाँ गाली त्यहाँ ताली जस्तै तडागको बल ।३५।

यही शक्ति यही भक्ति सङ्कल्प साधु-सज्जन
इतिहास उहीँ बन्छ बन्यो भरतको मन ।३६।

कोपभाजन जो हुन्छ थाक्छ ऊ पलकै पल
कार्यसम्पन्न त्यो गर्छ धैर्यको छ जहाँ बल ।३७।

प्रशंसा सुन्न चाहन्न निन्दामा खुस हुन्छ जो
धराभित्र उहीँ ज्योतिझैँ लाग्छ साधुसन्त जो ।३८।

यिनै साधु यिनै सन्त यिनै गोदावरी सम
बनेर अहिले हाँस्छन् हेर्दै भरत जङ्गम ।३९।

तपस्वी नै भनौँ झैँ छन् धर्मरक्षकका मुनि
मान्छे नै हुन् छ त्यो भेष सामान्य जनको जुनी ।४०।

सच्चा कर्म सधैँ हुन्छ समाज पुज्न लायक
त्यस्तै व्यक्तित्व नै हुन्छन् धराका फलदायक ।४१।

न ईर्ष्या द्वेष देखिन्छ न फोस्रा गफ गर्दछन्
कर्म-कर्तव्यका प्याला कर्ममै अघि सर्दछन् ।४२।

## बानेश्वर महादेव

(अनुष्टुप छन्द)

काव्यनायकको इच्छा धर्मक्षेत्र व्यवस्थित
बानेश्वर महादेव मध्यबानेश्वरस्थित ।४३।

महानगरको मुख्य पालिकामा बयानको
मन्दिर एक प्राचीन त्यो महादेवस्थानको ।४४।

बानेश्वर भनून् या त वाणेश्वर सरासर
वाणगङ्गा बगेकी छन् पूर्वतर्फ हुँदै वर ।४५।

पूर्व-पश्चिम छन् धारा ती जहाँतक ख्यातिमा
विद्यालय त्यहीँ एक छ रत्नराज्य नाममा ।४६।

पुस्तकालयको साथ मन्दिर घर आँगन
निर्माणले उठेको छ पुजारीको स्वयं मन ।४७।

दुवै मन्दिर छन् साथ भक्तका भक्तिका बल
व्यवस्थित भए सारा पर्दैन स्थान त्यो तल ।४८।

बानेश्वर महादेव साथ अर्को छ मन्दिर
चित्रेश्वर महादेव शक्तिमा भक्त हाजिर ।४९।

स्थापित ललितादेवी छुट्टै मन्दिरमा त्यहाँ
दक्षिणतर्फको ठाउँ झलक्कमा नहोस् कहाँ ।५०।

उत्तरतर्फको भूमि जलाशयसमेतको
नारायण त्यहीँ स्थान पोखरीसाथ एकको ।५१।

विद्यालय छ घेरामा त्यो स्थान छ सुरक्षित
ठूला भवनका सामु होचा भन्ने हुनन् कि त ।५२।

बानेश्वर बसेदेखि पाएको देवदर्शन
मिथ्या कहाँ हुँदो होला भन्छ त्यो मणिको मन ।५३।

चारैतर्फ घुमाएर हेर्ने मान्छे नहोस् तल
जीर्ण सत्तल पाटीले दिक्क लाग्ने भयो पल ।५४।

वाणगङ्गा थियो क्षेत्र सारा जङ्गल त्यो क्षण
चारैतर्फ कतै बाँझो कतै झन् धूलका कण ।५५।

महिना त्यो थियो माघ द्वि हजार् एकहत्तर
स्थानमा नै पुगे उक्त काव्यनायक झन् वर ।५६।

विद्यालय स्वयंले नै राखेको छ नियन्त्रण
दर्शनार्थी भएकै हुन् वञ्चितमा त्यसै क्षण ।५७।

परीक्षाको थियो बेला गेट बन्द हुने भयो
धार्मिक क्षेत्रमा आँच लाग्ने त्यो काम देखियो ।५८।

छ समाधान खोजेको त्यो प्रवेश निषेधले
त्यहाँ भरतको खाँचो मान्दिए भक्तवृन्दले ।५९।

मन्दिर छ व्यवस्थामा भए काम विकासमा
भूमिका उच्च लाग्नाले खोजेको हो निकासमा ।६०।

जिम्मेवारी भयो बोध सुनेपछि सबै कुरा
गर्ने-गराउने देव के बनुन् र त साँघुरा ।६१।

दिने विश्वासका साथ भए भरत निश्चित
यस्तो कर्म गरेकामा नहुन् को र प्रभावित ? ।६२।

त्यो देवस्थलमा त्यस्तो रोकले दिन्छ के बल
कुठाराघात हो भन्ने भयो प्रस्ट त्यसै पल ।६३।

प्रार्थना भक्तिको भाव श्रद्धालु भक्त चाहना
बुझ्ने भरत नै हुन्छन् श्रद्धाभाव उपासना ।६४।

जिम्मेवारी लिए आफैँ संस्था दर्ता भयो पनि
होला संस्था र व्यक्तिको प्रश्नजस्तो नहोस् भनी ।६५।

संस्थागत भए काम पक्का प्रमाणको बल
सञ्चालन गरेकोमा लाग्यो उत्तम त्यो पल ।६६।

मिच्दा मन्दिरको जग्गा जति सन्तुष्ट छन् मन
त्यस्ता धिक्कार हुन् मान्छे देवस्व ठान्दछन् धन ।६७।

एक कहाँ हजारौँका स्वार्थघडा फुटे हुने
विवाद मच्चिने रोग चर्किएर नहुन् रुने ।६८।

सर्वसम्मत भो सल्ला विद्यालय सरे कतै
भक्तका मन निर्बाध भक्ति गर्थे जतातत्तै ।६९।

विद्यालय हुँदा हल्ला हुने स्वाभाविकै भयो
अभिभावक-आक्रोश गर्जना रहने छ यो ।७०।

भक्त मन्दिरका निम्ति त्यो नै अत्यन्त बाधक
मन एकाग्रमा हुन्नन् के होऊन् अझ साधक ।७१।

पुस्तकालयमा जाँदा मूर्ति मन्दिरका हुँदै
जाने विवश छन् पाउ तिनै मन्दिर टेकिँदै ।७२।

यो अझै घात हो धर्मपारखी रुनुपर्दछ
आस्था मन्दिर आफैँमा स्वतन्त्र हुनुपर्दछ ।७३।

यत्रो अगम्यको ठाउँ श्रद्धाका कति छन् मन
मनलाई मिचेको छ गर्ने भौतिक आर्जन ।७४।

सरकार छ लाचार किन यस्तो हुँदा पनि
आस्था गजुर छुट्टैमा सजिन्नन् किन जीवनी ।७५।

धर्म अङ्कुशका खेल जालझेल जतातत्तै
विदेशीका निशानामा परेको छ कि वा कतै ।७६।

होऊन् सतर्क बेलामै लागून् मिलाउनेतिर
सोच्दैन किन सर्कार प्रश्न उठ्छ यतातिर ।७७।

खरबौँ खेलमा खेल्ने अरबको मिलानमा
विद्यालय टँसाएर किन राख्छ सिरानमा ? ।७८।

छायाँमा नपरून् देव सहरको यतातिर
व्यवस्थापन होस् चाँडै विद्यालय कतैतिर ।७९।

थपी कलेजको भार अझै मार छ मन्दिर
भक्तिका भक्त लाचार किन बन्छन् यतातिर ।८०।

अझै सशक्त विद्रोह युगपौरुष ! ए, गर
काम फत्ते हुने जम्मा भई भक्त यतै झर ।८१।

कानमा नबजून् घन्टी विद्यार्थी रन्किने गरी
नझस्कून् भक्तका भक्ति चित्त नै सन्किने गरी ।८२।

दुवै बेग्लै छ अस्तित्व देख्न पाए यता हुने
एक अर्को भई पर्दा नहोस् विरोधले छुने ।८३।

नबोल्ने देवका पक्ष बोल्ने मुख भए खुला
देवभूमि कहाँ हुन्थ्यो लुटी खाने पसी दुला ।८४।

बोल्नेको स्वर सानोले अत्याचार मडारियो
रोपनी सय जग्गामा रोपनी तीन पारियो ।८५।

उत्तरतर्फको जग्गा आधा भवनले लियो
अठार लाख आम्दानी वार्षिक घरले दियो ।८६।

घरभाडा उठाएर लिँदा को हुन्न हर्षमा ?
त्यो विद्यालयले प्राप्त गर्छ हरेक वर्षमा ।८७।

अतिक्रमण गर्नेका हुन्छन् रे साथ लाममा
मात्र हजार साठी छ उक्त मन्दिर नाममा ।८८॥

शक्तिवर्धन गर्ने जो निस्के उपायका कुरा
बानेश्वर महादेव भक्तिले चुम्न टाकुरा ।८९।

कार्यक्रमहरू राम्रा गर्दा पूजा विशेषमा
भक्तको भक्ति झाङ्गियो उक्त रुद्राभिषेकमा ।९०।

आम्दानीको भयो स्रोत राम्रो मन्दिरतर्फको
ब्राह्मण र पुजारीमा खुल्छ खुसी विचारको ।९१।

दैनिक खर्चका लागि बाटो एक त्यही भयो
मन्दिरको व्यवस्थामा श्रद्धाभाव चढी रह्यो ।९२।

गुठी संस्थानका उनै पाण्डे सहप्रशासक
नाम दीपकका व्यक्ति कहाँ हुन् अपवाहक ।९३।

सहयोगी भए एक चुली हिम्मतले छुने
सबै कागज जम्माले काम फत्ते त्यसै हुने ।९४।

जहाँ राजेन्द्र छन् एक र आचार्य प्रकाश ती
त्यहीँ शङ्कर पौड्याल र छन् वैकुण्ठप्रसाद ती ।९५।

त्यो बेलामा यिनै चार संरक्षक थिए जहाँ
मणि जङ्गमको काम कमजोर कहाँ त्यहाँ ।९६।

भई कायम पुर्जा त्यो छ महादेव मन्दिर
राजगुठी बनेकोमा उठ्दछन् भक्तका शिर ।९७।

देवता देवता नै हुन् शक्ति-भक्ति हुँदा वर
गरेमा हुन्न के काम काव्यनायकका भर ।९८।

कागजाद बनून् पक्का कुरा त्यो मालमा गयो
लालपुर्जा छ बन्ने त्यो त्यहाँ निधो त्यही भयो ।९९।

मन्दिरप्रतिको मोह भक्तमा जब छाउँछ
होस् कठोर कुनै व्यक्ति वशमा तब आउँछ ।१००।

सहयोगी छ जो भाव जाग्रत व्यक्तिको मन
दबिएका सबै काम अकासिँदा त्यही धन ।१०१।

गर्नुपर्ने अझै धेरै बाँकी त्यहाँ रह्यो किन
काव्यनायकको चिन्ता भित्रभित्रै मडारिन ।१०२।

संरक्षक बनेका छौ श्रद्धाभक्ति छ साथमा
अर्पेर भावको गुच्छा थाप्छौ आशीष माथमा ।१०३।

धर्मक्षेत्र उठाएर उठेको नाम जङ्गम
व्यवस्थित हुँदा मूर्ति मान्दछौँ योग्य हर्दम ।१०४।

स्वाभिमान त चाहिन्छ दम्भ क्यै हुनु हुन्न यो
सबैभन्दा ठुलो शक्ति जिन्दगीभित्रको छ यो ।१०५।

नौनीजस्ता कतै बन्ने कहीँ पत्थर बन्दिने
न्याय खोजेर अन्यायी मुटुका सामु अग्लिने ।१०६।

(द्रुतविलम्वित छन्द)

समयले जुन काम दियो जहाँ
भरत जङ्गम पुग्छ त्यहाँ-त्यहाँ ।
युवकझैँ अघि लाग्न हतार छ
मुलुकको हिततर्फ विचार छ ।१०७।

●

भ्रष्टाचारविरोधी हुन् यसका काव्यनायक
आख्यानकार हुन् साथै कवि हुन्, गीतकार हुन्
टिप्पणीकार हुन्, पत्रकार हुन् र विवेचक
प्रकाशक उनी, संस्था सञ्चालक र सेवक
सेवा समाजको गर्छन् अनि कानुनविद् उनी
सम्पदाको गरी रक्षा इतिहास-समीक्षक

**– हरि मञ्जुश्री**

('भरतांशु' महाकाव्यको प्रकाशकीयबाट)

# आठौँ सर्ग (प्रकृति चिन्तन)

(द्रुतविलम्बित छन्द)

प्रकृतिमा जति दृश्य मनोहर
हृदयले खुब मान्दछ सुन्दर ।
भरतको मनमा रुचि देखियो
दिल हऱ्यो उनको कति लेखियो ?

(स्रग्धरा छन्द)

भाका हाल्दै रमाई कलकल बहँदै प्रेमका गीत गाई
वासन्ती यामजस्तै टहटह भवमा दिव्य सौन्दर्य छाई ।
कस्तो प्यारो धरा यो झलमल दुनियाँ लाग्छ मेरै निमित्त
हुन्छन् ऐश्वर्यशाली विटप र लहरा चाहनामा प्रशस्त ।१।

बन्दै आऊन् सुनामीसरह मन यहाँ ज्ञानको बोट चिन्न
हाम्रो विश्वास घेरो सबतिर नपुगे नादमा हुन्न चिह्न ।
बाटाघाटा पँधेरा मनमुटु सम छन् सम्झनामा रहन्न
बाली हाम्रा गरामा लहलह कति छन् अन्न नै ब्रह्म बन्न ।२।

डाँडा-पाखा पखेरा सबतिर नघुले भावमा हुन्न हर्ष
धर्ती आफ्नै कलामा अनुपम गहना बन्न पाओस् सहर्ष ।
हेर्ने आँखा तिखा हुन् कलुषित नबनून् सीप हुन् दिव्य भक्त
श्रद्धा राख्दै उज्यालो प्रकृतिसँग रमी बन्न पाऊँ सशक्त ।३।

स्रष्टाका सिर्जनाले मनुजवर भई बग्दछिन् ज्ञानगङ्गा
डाँडापाखा रसाई सबतिर जलझैँ फैलिए हुन्छु चङ्गा ।
जान्नेबुझ्नेहरू छन् अबुझ किन हुने कोप वा लोभ नापी
आस्थाको केन्द्र हाम्रो अब पर नपरोस् ध्वान्तको जाल थापी ।४।

शाखा सन्तान हाम्रा प्रकृतिसरह छन् पन्छिँदा हुन्न चैन
भोगेको कष्ट मेट्ने जति पनि सुख हुन् बिर्सिएको हुँदैन ।
देखेको हुन्छ भन्छन् सबतिर दुनियाँ दृश्य बन्दैन औँलो
संसारी मोहमाया जति-जति गहिरो जिन्दगी लाग्छ नौलो ।५।

सम्झौता बन्छ दोषी तलवितल बनी सोचमा पग्लिनाले
जिम्मेवारी बनेका फलयुत तरुको लोभमा झुम्मिनाले ।
पक्री राखेर इच्छा युगयुग भवमा बाँच्नुपर्ने बनाई
हुन् सारा सूर्यजस्तै धवल मुलुकमा दिव्यताका कमाइ ।६।

यस्तो धर्ती बनोस् है प्रियतर ! हरियो पृष्ठको भूमिजस्तो
देखूँ जो दृश्य मैले द्वय नयन लिई रङ्ग यौटै नखस्तो ।
होऊँ अग्लो म उस्तै नवकुसुम बनूँ ! दिव्य लालीगुराँस
मान्छे धर्ती मिलेमा भुवनभर जहीँ चल्छ मीठो सुवास ।७।

(सुवदना छन्द)

आफैँमा बग्न सक्ने छलकपटविना गङ्गाजल तिमी
टाढा होस् या जहाँ होस् थकित छु नभनी चुम्छ्यौ कति जिमी ।
वास्ता के होस् र आफ्नो न त अमरपुरी पुग्ने रहर छ
तिर्खा मेट्छ्यौ सबैको मनमगज भरी तिम्रै सहर छ ।८।

इन्द्रेणी दङ्ग पर्दा कतिपय पलमा लठ्ठिन्छ सगर
द्यौता मानेर पुज्दा कलकल धुनले लच्चिकन्छ बगर ।
पीडा सारेर के भो सुखपल नसरे वैलिन्छ रहर
यात्रा मेरो सधैँ जो परपर नभए चर्किन्छ कहर ।९।

माछापुच्छ्रे टलक्कै टलटल शिरमा सौन्दर्य छरिने
चौडा छाती बनाई रविकिरण टिपी संसार भरिने ।
आनन्दी ताप ओढ्छ्यौ दिनभर जतिको विस्तार जलले
डाँडापाखा उचाल्ने हिमकण डरले पग्लिन्छ बलले ।१०।

तिम्रो मेरो मिलेको मनमुटु भरिने विश्वास गहिरो
मौका पर्दा गरेको प्रकृति रमणमा जाँदैन पहिरो ।
आफ्नो बाटो नछोड्ने गहन प्रवृतिको मान्छे म जसरी
तिम्रो तारीफ गर्दा हरपल मन यो अग्लिन्छ यसरी ।११।

काला-गोरा जहाँ छन् जति पनि भवमा तिम्रै खटनमा
अग्ला-होचा सजिन्छन् हिमशिखरहरू स्वान्तस्पटलमा ।
देख्दादेख्दै हराए कतिपय सपना लाग्ने विरसको
आशा मेरो कहाँ होस् घरिघरि हरिने विश्वास समको ।१२।

केही भेट्दै र टिप्दै गुपचुप नबसी अन्यत्र नडुली
डाँडा-पाखा पखेरा रनवन सबका उत्साह बटुली ।
प्राणीको प्राण थाम्ने विषय विविधको आधार म बनूँ
चिन्ता गर्ने धराको श्रमरत म हुने सौभाग्य छ भनूँ ।१३।

लामा छोटा रहून् या किसिम-किसिमका यात्रा कति गनूँ
गाथा टिप्दै धराको अघि-अघि म हुने विश्वास छ भनूँ ।
खोला कान्ला नियाल्दै हृदयरत बनी नैराश्य पनको
छोप्दै जाऊँ अनेकौं प्रकृतिगुण सदा आराध्य तनको ।१४।

यो सारा विश्व रम्ने अमर प्रकृतिको आस्था गहन होस्
सर्वेसर्वा म नै हूँ कलछलबलको दृष्टान्त नरहोस् ।
सर्दै भर्ने भकारी सहज छ कसरी कस्तो विजयले
मेरो अल्पज्ञतामा सुमधुर सृजना हर्दैन भयले ।१५।

जस्तो शोभा दिनेले नियतिवश यसै कर्तव्य नबुझ्े
शङ्कैशङ्का बढाई अदबसँग बढी नेतृत्व नसुझ्े ।
सिङ्गै आकाश खस्ने जनमन भरिने त्यो भावुकपना
मारिन्छन् गर्भमै ती सुललित बहने साहित्य सपना ।१६।

आस्था घेरा ननाघ्ने कदम अघि सरे नेपाल धरणी
स्वर्गै खस्दा भएझैँ झलमल मनको उत्कृष्ट वरणी ।
आऊन् सारा सवारी श्रमिक दिवसझैँ उत्साह गतिमा
सोचेको लक्ष्य भेट्ने अवसर कतिको बन्नेछ जतिमा ।१७।

(इन्द्रवंशा छन्द)

गर्मी असाध्यै छ र लाग्छ दिक्क
श्री सूर्य धर्तीसँग छन् कि ठिक्क ।
आगो बलेझैँ घर खेत - बारी
चर्केर पोल्ने उपमा उघारी ।१८।

धाँजा परी खेत चिरा चिरा छन्
तातो धरामा बिचरा पला छन् ।
आलस्यले देह थला परेर
उठ्दैन हिँड्दैन कतै गलेर ।१९।

हावा छ तातो घरभित्र बास
खोला र नाला सब आसपास ।
पोथ्रा बुटा म्लान भएर थाके
पर्दैन पानी मन धेर पाके ।२०।

छन् प्राण सारा तर छैन चाल
देखिन्छ यस्तै सबतर्फ हाल ।
बाटो छ तातो हिँडिसक्नु छैन
भान्सा छ उस्तै पसिसक्नु छैन ।२१।

पर्दैन पानी किन आजसम्म ?
बन्दै छ हाम्रो मरुभूमि सम्म ।
हे ! इन्द्र वर्षा नगरी भएन
बोल्ने कुनै तागत नै रहेन ।२२।

सुक्दै गए तालु समस्त ओठ
उस्तै भए गेह र गोठ मोठ ।
हे इन्द्र पानी अब पार्न थाल
सद्बीज सारा नबनून् पराल ।२३।

बर्सिन्छ पानी कसरी धरामा
देखिन्छ चिन्ता मनु चेहरामा
सुक्दा अझै दुःख सबै मुहान
लागेन खै बादल शान्त राख्न ।२४।

उड्दा धुलो च्यादर पो बनेछ
चौतर्फको साहस नै हरेछ
के विघ्न यस्तो ऋतुले गरायो
खुट्टा नटेक्ने भय छम्छमायो ।२५।

तात्दा धरामा भय ढल्मलायो
बिच्छी कतै सर्प खुला बनायो
हावा नलागे खपिसक्नु छैन
चाहेर के होस् सुखशान्ति चैन ।२६।

आशा बटुल्ने जति प्राण हुन्छन्
बाँचून् र बाचौँ त्यति भावमा छन्
सन्ताप बढ्दा गह झन् भरिन्छ
यो ग्रीष्म यस्तो किन जर्खरिन्छ ।२७।

हो यामको दोष विरक्त लाग्दो
पाखा पखेरा पनि छैन जाग्दो
बाधा अनेकौँ मनरोग बन्छन्
छन् जे धरामा अति कष्टमा छन् ।२८।

हो श्राप कस्तो भय त्रास पाले
आक्रान्तमा छौँ ऋतुको प्रभाले
सुन्ने भएनन् दुख दर्द हाय
हे ग्रीष्म देखा न कुनै उपाय ।२९।

(द्रुतविलम्बित छन्द)

नयनझैँ मनमा मन बस्दछ
समय के कसरी किन मस्त छ ।
भरत जङ्गम विचार खातिर
सब नवीन र सुन्दर आखिर ।३०।

जब कुनै दुखमा दुख भर्दछ
नजर पुग्दछ जङ्गम सर्दछ ।
अतुल देश छ यो भव सृष्टिमा
कस बनी नबसून् शुभ दृष्टिमा ।३१।

सरल भाव छ सौम्य छ आँगन
मुलुकमा श्रमको घर दाँज न ।
जति जहाँ जसको सुविचार छ
त्यति सुशोभितमा भव पार छ ।३२।

प्रबल छन् मनुका कर बाहुली
किन चुके धनका मन हात ली ।
जब विरक्त हुने दिन सर्दछ
भरतको मन पाक्न तयार छ ।३३।

प्रकृति चिन्तनमा दिनरात नै
अधरको सुर उठ्छ कहाँ अझै ।
अधिक शोषणग्रस्त छ जीवन
छ सरकार लुलो बलियो बन ।३४।

असल कर्मठका श्रम भावमा
सरिक छन् जयगान प्रभावमा ।
प्रकृतिको कृतिकार सुभावमा
पवनझैँ वन छन् सुप्रभावमा ।३५।

शिखर उच्च स्वयम् बलबाहुले
कसर छर्दछ मानव साहुले ।
मनुजता मनुको दरकारमा
तरल बन्दछ दुर्व्यवहारमा ।३६।

कलुष पत्थर बाहिरिँदै गए
भुवन दिव्य हुनेछ यसै भए ।
अति टलक्क हिमाल सुशोभित
कपट उच्च हुँदा छ भयान्वित ।३७।

नदनदी नदनाद तनावमा
र लमतन्न भए चकमन्नमा ।
जनसवाल यहाँ यसरी उठोस्
प्रकृति मानव भिन्न कहाँ रहोस् ।३८।

विकृत होस् कृतको जयगानमा
अमृत होस् मृतको भय पारमा ।
सकसका कसमा नपरेर नै
विजयमा जयगान भरून् अझै ।३९।

(चम्पकमाला छन्द)

सुन्दर धर्ती दिव्य छ सार
भाव सपारी कर्म सखार ।
चित्त नबुझ्ने चिन्तन गर्दा
पालक को होस् हेर्न म सर्दा ।४०।

कर्मविनाको धर्म हुँदैन
धर्म गरेमा शान्ति र चैन ।
कामकुरामा लाग्नुअगाडि
लोभ र निन्दा सोख पछाडि ।४१।

व्यग्र छ चिन्ता चिन्तनजस्तो
देश सधैंको लाग्छ कि कस्तो ।
सम्म तराई उच्च हिमाल
देव पुजारी मन्दिर भाल ।४२।

पर्वत पाखा बृक्ष लगाई
पार्नु छ पानी सिञ्चनलाई ।
फोहर मैलो हुन्न थुपार्न
सुन्दर पार्ने साधन सार्न ।४३।

पुष्प चुँडाई बाग बिगार्ने
नाम ढलाई स्वार्थ सपार्ने ।
मानिस मान्छे मानव के हो
जङ्गमसाम्ने खोल न जे हो ।४४।

फोहर खेल्दा जीवन रुन्छन्
झेल नपच्ने जङ्गम हुन्छन् ।
चेत नखुल्दा दुःख सवार
मानव चोला भार नपार ।४५।

मालिक आफैँ बन्दछ केमा
बन्धन फुक्का पार्दछ जेमा ।
जीवन फुल्ने ज्ञान थुपारूँ
सङ्गत राम्रा दूर नसारूँ ।४६।

शब्द र वाणी पुग्न सबैमा
व्यर्थ छ चोला हुन्न कसैमा ।
बाँच र आफैँ बाँच्न सघाऊ
साधन टिक्ने कर्म समाऊ ।४७।

राष्ट्रियता हो तेल र बाती
फाल्नुछ सारा अन्तरघाती ।
त्यो लिपु हाम्रो लेक टकार
चिन्तन गर्ने हुन् न हजार ।४८।

बग्दछ खोला सागर चुम्न
लक्ष्य समाते के वर हुन्न ?
ज्ञान र ज्ञानी जुट्नु छ राम्रो
सार्थक पार्ने जीवन हाम्रो ।४९।

(विजया छन्द)

समयको गतिमा मन उच्च भए
प्रकृति सुन्दरमा युग लेख्न गए ।
कुसुमको बलमा भमरा पुतली
गहकिला रसका रचना चुबली ।५०।

मनुजका छल छन् मनुकै जितमा
सकसको कसले भव दूषितमा ।
जहरझैँ छ प्रदूषण बोध कहाँ
कहरमा कसको वनभोज यहाँ ।५१।

छ रिसराग बढी मन चञ्चलमा
कति घमण्ड बढ्यो बलकै छलमा ।
अभरका भर माथि चढेर गए
प्रकृतिप्रेम कताकतिमा भए ।५२।

न वन चौर हरा र उजाड यसै
दिनहुँ तस्करको छ बहार उसै ।
श्रमविना कुन हुन्छ धनी घरमा
गरिबको गरिबी रहने डरमा ।५३।

ऋतु विशेष उषा जति हुन्छ जहाँ
भरत नायकको मन हुन्न कहाँ ।
अभयमा भय लिप्त हुने कतिको
समयसामु छ जो जसरी जतिको ।५४।

अभरका भर यी असरल्ल किन ?
महलभित्र सुतेर तिरिन्न ऋण ।
नभन अन्नविना कति रात बिते
भुवन दिव्य छ सुन्दर भाव जिते ।५५।

अभरका भर ती जनका पगरी
कुसुमका वशमा भमरा कसरी ।
प्रकृति सिर्जनमा पल छन् मधुरा
जलविना नदनाद भए अधुरा ।५६।

छ सरकार कहाँ नसुनेर अति
प्रकृति दोहनले सबतर्फ खति ।
जन सचेतनको नव द्वार बन
भरत जङ्गम छ खुलेर भन ।५७।

(प्रमाणिका छन्द)

विचार उच्च राख्नुले
समाजमा कुरा घुले ।
हजार हातका बल
सुकर्ममा नहून् तल ।५८।

●

# नवौँ सर्ग
# (हेमन्त ऋतुसँगै थपिएको कहर)

(प्रमाणिका छन्द)

सधैँ सुखी कहाँ हुने
छ दर्द चेतना छुने ।
व्यहोर्नुपर्छ सङ्कट
अनेक हुन्छ झन्झट ।१।

(छन्द : शिखरिणी)

घुम्यो चर्खा राख्यो जब कदम हेमन्त ऋतुले
चिसो हावा चल्दा सब विहग न्यानातिर भुले ।
उता टम्मै पर्ने वन चहुरमा शीत लहर
गरीबीको चोला हर प्रहरमा कष्ट कहर ।२।

हजारौँझैँ लाखौँ पथिक मनमा चुम्न सफल
खुबै जिद्दी गर्ने अलिक वरको मित्र अचल ।
भयो कस्तो के-के मनन म गरूँ श्रव्यभरमा
हुँदा बढ्दो पीडा भरतमणिको अश्रु गहमा ।३।

जहाँ मेरो यात्रा युगपुरुषमा अर्पित थियो
त्यसै बेला घट्ने दुखद घटनाले दुख दियो ।
न ता जाँदा हुन्थ्यो न त दिनभरी शान्त मनको
छचल्किन्थे चिन्ता जति पनि धनी होस् न धनको ।४।

भए के-के कस्ता कठिन पलका भाव थलिने
दुखी मेरो माथा अतिशय भई औषध लिने ।
दुखाई ठन्डीको खटन बलियो हुन्छ तनको
गयो बढ्दै चढ्दै पलपल गरी कष्ट मनको ।५।

कडा यो ठन्डीमा नवरस खुदै सिर्जित भयो
बगे खोलाजस्तै सगर नछुने सर्ग छ र यो ?
कृपा वाग्देवीको छ प्रतिदिन जो सक्षम बनूँ
मनोकाङ्क्षा तिम्रो जुन जति थियो पूर्ण म भनूँ ।६।

ठुला साना नाना हर किसिम हेमन्त टहरी
बसेका छन् पर्खी मलिन ममता अर्पण गरी ।
भए कस्ता पीडा कुन दिन कहाँ के र कसरी
सबै पोख्ने इच्छा भरतमणिको हुन्छ यसरी ।७।

(झ्याउरे छन्द)

बिहानी पख दैनिक कर्म गर्ने के ? समाएँ
पूजा र पाठ योग र ध्यान चित्तमा लगाएँ ।
गर्दछु भक्ति सदैव मैले बिहान-बेलुका
त्यसैमा मैले मान्दछु पीडा भएको हलुका ।८।

त्यो कस्तो दिन रहेछ मेरो भाग्यमा लेखेको
खैँचेर बस्ने थिएन बानी त्यसैले भेटेको ।
हे शिव शम्भु अनादिदेव ईश्वर कहाँ छौ
परीक्षा मेरो लिएका हौ कि तिमी नै यहाँ छौ ।९।

बिहान खाना खाएर निस्कैँ अफिस बेलैमा
कामको चाप भएर होला परेझैँ जेलैमा ।
एक्कासि फोन घरको आयो तुरुन्तै उठाएँ
इन्दिरा मेरी लडेकी भन्ने खबर त्यो पाएँ ।१०।

के गरी लडिन् के कति चोट सोध्न नि सकिनँ
मोटर आफैँ हाँकेर जाने हिम्मत गरिनँ ।
बुढ्यौली जिउ पाइन्न भेउ भनेको सुनेथैँ
खबर त्यस्तो पाएर होला त्यै बेला गुनेथैँ ।११।

सिताङ्ग भएँ र मौन बसेँ टोलाएँ बेसरी
लडेको सुन्दा त्यो बेला मन आत्तियो त्यसरी ।
महिना मार्ग दिउँसो दुई बजेको के थियो
लप्सीको हाँगो तानेको हुँदा त्यो दिन देखियो ।१२।

ऐया नि बाबा भाँचियो खुट्टा दुखेर आत्तिएँ
ती शब्द त्यस्ता सुनेर म झन् त्यतै पो तानिएँ ।
भुइँमा थियो त्यो जिउ त्यहाँ सहारा खोजेझैँ
सान्त्वना दिन मुसारेँ शिर मनले रोजेझैँ ।१३।

स-सानो चोट थिएन सायद त्यसरी आत्तिने
समय आफ्नो हुँदैन पक्कै खोजेझैँ पाइने ।
हे दैव ! किन कसुर के हो यसरी पछ्चारिस्
गृहकी लक्ष्मी इन्दिरालाई चोटले लछ्चारिस् ।१४।

हात कि खुट्टा के चाल्नुपर्ने रोकिए ती किन ?
हिम्मत मेरो छ धेरै भन्थेँ भएन त्यो दिन ।
सकेको चाँडो औषध गर्न लैजाने के गरी
ऐयाका शब्द बढेर जाँदा चिन्तामा छु हरि ।१५।

खुट्टा त्यो बायाँ हातको सार भएन के गरूँ
छेवैमा बस्ने सिवाय मेरो उपाय के अरू ।
बुहारी छोरो म त्यहीँ थियौँ पीडामा श्रीमती
सहन गाह्रो चोटमा उनी आत्तिने म पति ।१६।

'सिभिल' भर्ना गरेर लियौँ विज्ञको सुझाव
आत्तिन हुन्न नराम्रो हुन्न लिएर त्यो भाव ।
घटना सानो भएर के भो खुट्टाको भरमा
नलड्ने ठाउँ भनेर हुन्न नजिक परमा ।१७।

बज्रिनुपर्ने टाउको थियो जोगियो त्यो हेर
खुट्टाको चोट चाँडै नै निको नहुने के छ र ?
कहिलेकाहीँ हुने हो यस्तो डाक्टर भन्दछन्
अप्रेसनको काममा जुट्ने त्यो दिन गम्दछन् ।१८।

समय लाग्छ भरिन घाउ भाँचियो यसरी
स्टिलको पातो राखेर दुःख हुन्छ कि बेसरी ।
शरीर हाम्रो समय राम्रो थिएन कसरी
नसोच्नुहोला हजुरहरू कहिल्यै त्यसरी ।१९।

शिक्षाको बल छ कस्तो हेर मनमा मन झन्
औषधि गर्न डाक्टर नर्स सबैका सधैं छन् ।
आ-आफ्नो व्यथा छ ठूलो भन्छन् मानिस सबैले
तर त्यो केही होइन रैछ नभन्ने कसैले ।२०।

खुट्टामा चोट उनको थियो दुख्दथ्यो मलाई
चिन्तनभन्दा छ चिन्ता त्यहाँ शरीर गलाई ।
बिरामी देख्दा आत्तिने मन होला कि भनेर
चिन्ताले छोरो बसेको देख्छु सरेर मनेर ।२१।

जे थियो पर्ने गराई जाँच त्यो दिन बितायौं
बुहारी छोरो बिरामीसँग राम्रो होस् चितायौं
बेलुकासम्म बसेर त्यहाँ म घर फर्किने
सल्लाह त्यस्तो भएको सुन्दा मन यो चर्किने ।२२।

**(अनुष्टुप छन्द)**

हावा हेमन्तको हाम्रो आँतमा पस्न थाल्दछ
उत्पात गर्न तम्सिन्छ तातो आउन्न भाग्दछ ।२३।

माथि पर्वत टल्किन्छ फाँटतर्फ चिसो सब
गाउँबस्ती सबै घेरी सताई ठान्छ गौरव ।२४।

हेमन्तमा चिसो हावा जब चल्दछ बाहिर
सिर्जना शीतको थोपो यो नै बन्दछ आखिर ।२५।

निस्की हेर्छु म बाटोमा चिसोले चस्स पार्दछ
फर्की आऊँ म कोठामा लाग्छ चिन्तन भाग्दछ ।२६।

सौता शिशिरकी हुन् वा शरद्की हुन् सखा यिनी
हिउँ झर्ने छ सङ्केत सेतै उद्योग वा चिनी ।२७।

हात कठ्याङ्ग्रिँदै जाँदा समातिन्न कुनै कुरा
दाँत कम्पनले भित्र मुटुमा हान्छ झैँ छुरा ।२८।

गरिबीमा यिनी काली धनीमा शिरपोस छिन्
हुस्सुका साथमा ओर्ली हुस्सुकै शीत छर्दछिन् ।२९।

छेउ सडकमा गिट्टी कुट्नेमा लात हान्दछिन्
अङ्कमाल गरी भ्रष्ट साथमा पल काट्दछिन् ।३०।

जसै हेमन्तको लाली हिउँमा छोपिँदै गयो
मसिना शूलझैँ काँडा जिउमा रोपिने भयो ।३१।

शक्तिशाली तुवाँलोले छोप्दा छप्प दिवाकर
सिरेटोको चिसो हावा बढ्न थाल्यो सबैतिर ।३२।

हेमन्तको चिसो आई च्याप्पै गला समाउँछ
खास्टो बादलुको दिन्छ सारा ओठ कपाउँछ ।३३।

ऋतुराज रिसाए कि अचम्म भान पर्दछ
भित्र जाँगर थन्क्याई मुख सम्मुख सर्दछ ।३४।

धरा उज्यालिने छाँट देखिँदैन कसै गरी
कठ्याङ्ग्रिने बनाएर राखेको छ यता झरी ।३५।

शरद्लाई बिदा गर्दै हेमन्ती आँट देखियो
बस्दा हिमालको घुम्टो तम चौतर्फ रेखियो ।३६।

बाटो यो कर्मको छेकी मखख पर्ने भए दिन
प्रचण्ड सूर्यको ताप छेकिने छिनका छिन ।३७।

धर्ती आकाश हम्केर महाशठ मडारियो
बसाइँ नै सरेजस्तो देखिन्छ शून्यझैँ छ यो ।३८।

वृद्धवृद्धा र बच्चाको सातोपुत्लो उड्यो उता
मारिहाल्छ कि झैँ आज लागेको छ जतातता ।३९।

अग्लिँदा हिमको थुप्रो सौन्दर्य उच्च देखियो
तर आँत दुखाएर शरद् सम्पूर्ण छेकियो ।४०।

ओढूँ सिरक लाग्दैछ नओढे हिउँ गढ्दछ
पाइलाको छ यो खील सारेमा घाउ मिल्दछ ।४१।

नसारे काम नै हुन्न सारे सिद्धिन्छु झैँ छु म
शक्ति हेमन्तको आई मडारिँदै छ झैँ यम ।४२।

(झ्याउरे छन्द)

मलाई पर्दा सकेको ख्याल राखेको सम्झिएँ
त्यसैले अझ नराम्रो मानी असाध्यै आत्तिएँ
जे परे पनि डाक्टर हुन्छन् के गर्नु पिल्सेर
भन्दथ्यो छोरो घरमा बस्न आराम गरेर ।४३।

बिरामी कुर्ने बुहारी छोरा नजिक गराए
रातको बास अप्ठ्यारो हुन्छ त्यो ममा भराए ।
घरमा गई आराम गर्ने सुझाव जे थियो
तदानुरूप निस्केर बाटो समात्ने देखियो ।४४।

निद्राले छोप्थ्यो योभन्दा अघि रातको आठमा
प्रतीक्षाविना कसैको एक्लै पल्टिएँ खाटमा ।
बाहिरफेरो कुकुर भुक्थ्यो मोटर गुड्दथ्यो
त्यो रात काट्न मुस्किल भई पसिना छुट्दथ्यो ।४५।

कोल्टेको जिउ थाकेर होला चल्न म सकिनँ
सुकेको मुख पानीको जोहो नगर्ने म किन ?
मिलिक्क आँखा लागेको रै'छ पत्तो नै पाइनँ
सपना के-के आए र गए मनमा छाइनँ ।४६।

कुखुरा बासे बिहानीपख झस्याङ्ग म भएँ
रातको तीन बजेको हुँदा सदाझैँ ब्युझिएँ ।
तालिका हाम्रो बनेको थियो बिरामी कुरुवा
छोडेर घर म बस्दा कसै नलागोस् भगुवा ।४७।

आलो र पालो गरेर बित्थे यसरी दैनिक
त्यो शल्यक्रिया सफल भयो म भएँ निर्भीक ।
सधैँ जो प्रातः भ्रमण गर्दै पुग्दथेँ म त्यहाँ
चिसोमा चिसो पसेर होला बेहालै छु जहाँ ।४८।

मङ्सिर तीन बिरामी घर ल्याएथ्यौँ ढुक्कले
हुनेछ निको अब ता सम्भ भन्दथे इष्टले ।
अँध्यारा दिन जेजति थिए रहेनन् अब ता
भलल्ल दियो बलेभैँ घर शान्ति र मित्रता ।४९।

बेलुका चाँडै खाएर खाना तातायौँ ओछ्यान
यतिका दिन तनाव हुँदा छँदैथ्यो थकान ।
कुप्लुक्क खाई घुट्क्क पल्टेँ इन्दिरा नजिक
भपक्क निद्रा लागेछ क्यारे सुतेछु अधिक ।५०।

दैनिक कर्म नगरी हुन्न त्यसैले उठेर
उज्यालो पार्न बालिनँ बत्ती बिरामी बुभेर ।
त्यो दिन कस्तो नराम्रो मेरो चिप्लेर लडेँ म
ठोक्कियो माथ भित्तामा त्यहीँ चिन्तामा परेँ म ।५१।

हात र खुट्टासमेत बज्रे आत्तिएँ म आफैँ
बुहारी छोरी त्यो पल त्यहाँ चिन्तित असाध्यै ।
चोटको माथि चोट नै थप्ने के भयो यस्तो खै
समाई च्याप्पै बाहिर ल्याए के शौच गर्नु खै ।५२।

रातो र कालो भएको मेरो मुहार त्यो बेला
विपत्तिमाथि विपत्ति थप्ने दैवको हो खेला ।
डाक्टरलाई नभनी हुन्न समस्या छ केमा
तुरुन्तै फोन गरेर सोधेँ घटना बारेमा ।५३।

बमन हुनु नराम्रो हुन्छ सुनियो त्यो बेला
टाउको भारी भएको हुँदा नतिजा के देला ।
डरले हो या चोटले भनौँ त्यो पनि भएछ
देखेर त्यहाँ सबैको त्यहीँ सातो पो गएछ ।५४।

लेखेको कुरा मेटिन्न भनी भन्दथे पुर्खाले
हो रै'छ जस्तो लागेर आयो बुझायो व्यथाले ।
पुरिने घाउ मनको भन्दा बल्झेर थलियो
एउटा थियो समस्या घर अर्को पो थपियो ।५५।

छ-छैन चोट पसेको भित्र के थाहा नजाँची
त्यसैले जाँच विधिले भयो बाँकी नै नराखी ।
डाक्टर नर्स सामुन्ने हुँदा ढुक्क छ यो मन
स्वास्थ्य र शिक्षा सदैव ठूलो सुखको जीवन ।५६।

गर्नु छ के-के नगर्ने के-के जानेझैँ लाग्दथ्यो
त्यसैले होला डरझैँ त्रास मदेखि भाग्दथ्यो ।
सुझाव दिन सजिलो हुने अरूको कुरामा
अहिले आफ्नो यो हाल हुँदा लाग्दछ छु कहाँ ।५७।

‘रिपोर्ट’ हेर्दा सामान्य सबै देखेर भएन
रुच्दैन खाना लाग्दैन निद्रा समय गएन ।
बमन बन्द भएन किन त्यो चिन्ता थपियो
चसक्क हुने त्यो सबै सम्झी के रोग बल्झियो ।५८।

समस्या मेरो स्वास्थ्यमा नहोस् भनेको मान्दथें
सल्लाह लिई घरमा जाँदा राम्रो नै ठान्दथें ।
मधुरो घाम सिर्सिरे हावा छिचोल्दै घरमा
ढुक्कले बस्न पाइने लाग्यो सबैको भरमा ।५९।

अलिक निको भएको मात्रै के थियो मलाई
सम्पूर्ण काम देखिन्थ्यो अघि चित्तले चलाई ।
न सँगी-साथी आफन्तहरू सम्पर्क मसित
लेखेको कुरा नभोगी हुन्न समयको जित ।६०।

एक्कासि श्वास-प्रश्वास मेरो अड्किएझैं भयो
आत्तिन हुन्न त्यो बेला भन्थे मलाई अत्यायो ।
बेलैमा गरे औषधिमुलो अवश्य छोला कि ?
डाक्टर राम्रा पारेमा फेला त्यो पनि होला कि ? ।६१।

हेमन्त ऋतु दैनिक हिँड्दा चिसोले छोएछ
निमोनियाको लक्षण थियो त्यही नै भएछ ।
कसेर छाती नराम्रो गरी खोकीले सतायो
अरुचि बढ्यो दिनानुदिन शिथिल बनायो ।६२।

कसरी बिते ती दुःखी दिन के भन्नु खै यहाँ
साह्रै नै गाह्रो बनाई छोड्दा थन्किएँ म कहाँ ?
निस्केन बोली खोकीले गर्दा चिरेझैं यो छाती
निमोनियाले थपेको पीडा दिन होस् या राति ।६३।

काठमाडौंको बसाइ मेरो खटाइ छ धेरै
त्योमाथि पनि बिहानीपख हिँडाइ त्यो मेरै ।
उमेरलाई जित्छु म भन्दा बिरामी परेको
त्यसैले आज यो स्थिति यस्तो अगाडि सरेको ।६४।

(भुजङ्गप्रयात छन्द)

हुँदा हैमवर्षा चिसोले समायो
दुवै हातखुट्टा कपाएर छाड्यो
तुषारो तुवाँलो खुलेआम नाच्दा
लुकेको छ तातो अझै मेघ चढ्दा ।६५।

भए बालवृद्धा सिरौटे धरामा
लुकाएर तातो ठिरेटो नसामा
जता घाम देख्यो उतै चित्त भाग्ने
नयाँ रोग लाग्यो चिसोदेखि जाग्ने ।६६।

न आगो छ तातो न खानेकुरा छन्
र खोकी रुघाले निकै राज गर्छन् ।
धरा व्योम भिज्ने छ कस्तो रुवाइ
चढेको छ यस्तो अचाक्ली गराई ।६७।

चिसोमा नतात्ने र खाना नरुच्ने
व्यथाभित्र गढ्दा व्यथाले समात्ने ।
दगुर्छन् कुरा ती पचाएर पीडा
उठायो सबै अङ्गमा पूर्ण काँडा ।६८।

भरी पेट खाने छ या छैन इच्छा
हिँडे टोल गल्ली उचाल्ने अनिच्छा ।
व्यथा देहमा चित्तमा बढ्दिनाले
भएँ खिन्न आफैँ म रोगी हुनाले ।६९।

सधैँ कर्म खोज्ने बनेको छ चोला
त्यसै खान तातो कहाँ पुग्छ होला ।
म गुम्सेँ असाध्यै चिसो गढ्दिनाले
र यो हाल मेरो सबै भन्न थाले ।७०।

चिसो स्याँठ छेक्ने नदेख्दा उपाय
भएको छ पक्कै दिएभैँ सजाय ।
सकेसम्म चाँडै निको होस् मलाई
र पो गर्न सक्थेँ सबैको भलाइ ।७१।

गरे ख्याल राम्रो निरोगी भइन्छ
सधैँ स्वस्थको दायरामा परिन्छ ।
बढे रोग घट्दो हुने शक्ति कस्तो
बिसन्चो छिचोल्दा पुनर्जन्म जस्तो ।७२।

(पञ्चचामर छन्द)

गरेर नव्य सिर्जना यसै तिमी प्रभा छर
सधैँ रहन्न जिन्दगी निरोग चाहमा भर ?
प्रफुल्ल पर्न पार्नु है स्वयं म मान शान हुँ
कला गला सबै भरी विशिष्टता अहो ! कहूँ ।७३।

म राख्छु चाहना खुदै अगाडि होस् महारथि
उनेर शब्दहारमा सुवाक्य होस् न सारथि ।
म कर्ममा र धर्ममा अगाडि सर्न के गरूँ
गरेर काव्य सिर्जना सहस्र बाँच्छु है बरू ।७४।

म नै हुँ शुद्ध सात्विकी विचार या त जाँगर
बुझेर कर्मगान त्यो हुँदैन के बराबर ।
छु शक्तिको र भक्तिको सदैव तर्न सागर
र शब्द वाक्य रच्दछौं बनेर पञ्चचामर ।७५।

बलिष्ठ साथ हुन्न झैं गरी छ दूर को भन
छ सम्झना कि छैन झैं नखोज दिव्य आँगन ।
सशक्त साथ सर्दछौं सगर्व बात मार्दछौं
पुगिन्छ उच्च सिन्धुमा मिलेर भाव खार्दछौं ।७६।

सुखी रहूँ स्वदेशको बनेर एक सादगी
हजार ओठ खुल्दछन् नहोस् उदास जिन्दगी
सबै बने सुवासिला सुरम्य हुन्छ जीवन
समाज पुग्छ सिन्धुमा छ पार एक साधन ।७७।

विचित्र सृष्टि देशमा असाध्य छन् रमाइला
छ सामु लक्ष्य सत्यको डटेर चाल्न पाइला ।
छ फूलभित्रको सुवासमा तिमी हराउन
र बागको मनोरमा चमक्क चम्चमाउन ।७८।

प्रकाश छर्छ चन्द्रले धरा विशेष लाग्दछ
बिहान-बेलुका कुनै सुकार्य गर् न भन्दछ ।
छ सिर्जना स्वभावमा म लेख्न सक्छु के कति
महान् विचार गर्छ जो हुँदैन बोझ या खती ।७९।

युगीन दीप हौ तिमी विचारमा छ चेतना
नहून् अशान्तिका पला प्रचण्ड पार्न वेदना ।
चुनी पला बिझाउने हुँदैन गर्न सिर्जना
उठान होस् अडान होस् सकिन्छ मेट्न तिर्सना ।८०।

प्रभाव पार्नुपर्छ है निकै भए ढिलो पनि
म मात्र के कहाँ भनी तिखार्न थाल्छु लेखनी
पगाल्नुपर्छ शब्दले जतासुकै छ पत्थर
खुलेर भन्न सक्छ को कि मर्छ जोस-जाँगर ।८१।

जगाउँदा छ जाँगर तरेर तार्न सागर
पगाल्नुपर्छ भावना जहाँ भरिन्छ गागर ।
उतार भाव बिम्बमा निखार शब्दका मन
जुरुक्क पर्छ जिन्दगी फुरुक्क हुन्छ जीवन ।८२।

सके त सोच राख्छु नै गरूँ सुकार्य दैनिक
र लोभ-कोपमा परी असभ्य बन्नु कोसित ?
सिकारु हूँ म के सकूँ तिमी त उच्च शैल हौ
धरासमान मखमा तथास्तुका सुशब्द हौ ।८३।

सदैव अग्रभावमा रही हिमाल चढ्दछौ
स्वभाव भावको कुरा धरा बनेर पढ्दछौ
भुजङ्ग जङ्ग हौ तिमी प्रसिद्ध एक जङ्गम
र सिद्धहस्तका धनी विचारमा कहाँ कम ।८४।

दिमाग दौडमा कतै हतास बन्छ मानिस
नहेर चिम्लिएर झन् बिछट्ट लाग्छ आरिस ।
प्रशस्त गर्छु कल्पना अभाव हुन्छ भावको
दबाबमा परेँ कि के प्रवीण छुन्छु रातको ।८५।

छ लक्ष्य भन्न लाजले नहोस् किनार सिर्जना
छ नाम सिर्ज सिर्जना हतारमा भयो घना ।
हिमाल चुम्न खोज्नु के पहाड मार पर्दछ
जहाँ छ सभ्यता त्यहीँ जुरुक्क नाम उठ्दछ ।८६।

अथाह जोसका धनी दिमाग काव्यमा अघि
र कर्मको कुरा हुँदा सदा हिमालको मुनि ।
कुनै छ शक्ति देवको सदैव लम्कियौ लिन
अशक्त छैन भावमा नियाल्न खोज्छु खै किन ! ।८७।

(प्रमदा छन्द)

जति-जति भावले मगज भर्दछु म
उति उति शब्दमा सयर गर्दछु म ।
मृदुल छ सिर्जना गहन बन्छु सदा
गहन छ सर्ग यो पठित छेउ छँदा ।८८।

(वसन्ततिलका छन्द)

पीडा बनेर थपिने ऋतुको प्रभाव
कस्तो थियो भरतमा दुख-दर्द भाव
सारा खुलस्त कतिको छ यहाँ भनाइ
छन् ज्योति जङ्गम यहाँ अझ प्रस्टलाई ।८९।

●

नेपाल देशमा हेर्दा भ्रष्टाचार सबैतिर
मौलाएर घुमेको छ हावाका सरि फिर्फिर
भ्रष्टाचारी भए नेता सचिव कर्मकार झन्
बढेर अग्रता पाए मन्त्रीले व्योम छुन्छ झन्

**– नीलकण्ठ भट्टराई**
(‘भरतांशु’ महाकाव्यबाट)

# दसौं सर्ग (हृदयतरङ्ग)

(वसन्ततिलका छन्द)

उठ्छन् तरङ्ग मनमा विषयी विचार
गाढ्रो छिचोल्नुछ सधैँ सब बुझ्न सार ।
संसार सृष्टि सब सुन्दर होस् भनेर
गुन्छन् कुरा गहकिला मसिनो बनेर ।१।

(पञ्चचामर छन्द)

झरेर पत्र बोटका, छरल्ल छन् धराभरि
छ वायु अन्धधुन्दले यहाँ कि जिस्किएसरि ।
नवीन पत्रका मुना परागसाथ मञ्जरी
सिँगार गर्न सृष्टि यो हतार गर्छ के गरी ।२।

प्रफुल्लता छ देहमा नवीनता छ बोटमा
र दृष्टिमा छ एकता भए नि उच्च चोटमा ।
बिदा भएर रातको नयाँ छ आशमा पल
फरक्क फेरिने भयो सुवास लुक्न आँचल ।३।

प्रशस्त कष्टका जरा समाप्त पार्न सक्दछ
रहस्यमा छ साहसी रहस्य सार बुझ्दछ ।
छ सृष्टि उच्च कर्ममा हुँदैन भावमा ढिला
नफक्रिँदै नहोस् कतै ! परक्क फूल कोपिला ।४।

अनन्तकालको कला सजीव चक्र बन्दछ
वसन्त याम दिव्य भै छ प्राणवायु भन्दछ ।
नियाल्दछे उषा कतै लुकेर पत्रका कुना
विचित्र लाग्छ सृष्टिको विचार मोहनी टुना ।५।

कथा समेट्नुपर्छ के विधा चरप्प हुन्छ के
धपक्क पार्छ कर्मले दियो निभेर हुन्छ के ।
अजस्र छाल देखिँदा समुद्र ओजमा भयो
धरा प्रदीप्त खोजको अखण्डता यसै रह्यो ।६।

प्रभात देखिने कला छ उच्च भाव छल्किने
हिमालझैँ टलक्कमा विचार हुन्छ टल्किने ।
कठोर मार्ग खोजले जुरुक्क पार्छ भावना
सरोज रोज फुल्छ नै प्रदीप्तमा छ चाहना ।७।

जताततै तरङ्गिने स्वतन्त्रझैँ छ नायक
फुरुङ्ग पार्छ दृश्यले बनूँ कि एक गायक ।
दलानझैँ रहूँ कतै निशान्त नाममा परूँ
मिठो सुगन्ध शब्दको युगोपहार अर्पिऊँ ।८।

धरा मनेर मख्ख छिन् जरा बनेर खट्दछिन्
अजस्र श्वेदविन्दुमा लगेर शब्द पढ्दछिन् ।
म खोलिदिन्छु कुन्जिका विधा अगाडि सर्दछिन्
मनग्य प्रेम गर्छु नै भनेर चित्त हर्दछिन् ।९।

रहस्यबाट पन्छिने नहोस् कसै कुनै कुरा
वसन्तको प्रभातमा चढून् विचार टाकुरा ।
हरेक अङ्ग बन्छ को बुझेर काव्यनायक ?
निशान्तमा छ को कहाँ चहार्न खोच पायक ।१०।

नशा-नशा सुसाउने नदीसमानका अरू
सुनेर मात्र हुन्न रे विवेकबाट के छरूँ ।
जवाफ छैन दिन्छ को छ बन्द नेत्र आँ गरूँ
अनेक सूक्ष्म सिर्जना टपक्क टिप्न के छरूँ ।११।

अनन्त दुःख बिर्सिने अनेक रोग तर्किने
बुझेर भाव सर्सरी नहोस् मनुष्य झर्किने ।
विचार शुद्ध होस् सदा लगाव दीप्त होस् ममा
हजार धारमा परी स्वभावमा नहोस् कमा ।१२।

अनादिदेव पुज्छु नै स्वयम् सुभाव खिँच्दछु
बिहान-बेलुका गरी प्रपञ्चभित्र लिप्त छु ।
महाकटाहभित्रको मुना बनेर एउटा
तनक्क तन्किने बनोस् सुभाव चित्तको छटा ।१३।

प्रभात शीतविन्दुमा लुकेर बस्छ चाँदनी
अनेक चेतका मुना बढेर साथमा पनि ।
तथापि खोज शक्तिको भए छ राष्ट्रमा बल
विशेषमा विशेषले टपक्क पार्छ यो पल ।१४।

पिएर शान्तिको सुधा अतीत हुन्छ मागमा
बिछट्ट सिद्धहस्तको छ भोक अग्रभागमा ।
अनन्त माधुरी छरे विचार जग्मगाउने
सुकीर्ति फैलिए यहाँ सुखेन्दु टिल्पिलाउने ।१५।

असङ्ख्य फूल फुल्दछन् छरेर बागमा मन
त्यसै गरी सुकाव्यमा प्रफुल्ल होस् सधैँ तन ।
सुरम्य लाग्छ लेखनी विशिष्ट छन् र सिर्जना
यसैसँगै गलो बनी खुलेर मेट्छु तिर्सना ।१६।

जसै गुलाब बोटमा ढपक्क हुन्छ कोपिला
त्यसैसमान शब्दमा भरूँ म भाव चोटिला ।
छ आत्मबोधको कुरा लिने-दिने समान छन्
र आदि-अन्त्य काव्यको प्रकाण्डभित्र पर्दछन् ।१७।

अचम्म मान्नु के छ खै तरङ्गयुक्त कर्ममा
विशिष्टमा विशिष्ट छन् र तार्न तर्न धर्ममा ।
महेश शारदा भजी अगाडि बढ्छ चाल यो
निमोठिने चिमोटिने सबै विराम खै भयो ।१८।

महामना तिमी स्वयम् महाविचारमा परी
लुकेर लुक्न सक्छ को अनन्त भावना छरी ।
त्रिनेत्र खुल्छ देवको त्यही प्रदीप्त चेतले
र काव्यस्रोतको कथा दुरुस्त हुन्छ लेखले ।१९।

विचार बोध गर्छ जो विवेकमा रहन्छ नै
र कर्म पालना गरी सुखानुभूति गर्छ नै ।
खुटेर भाव गर्भको प्रसूतमा उतार्दछौं
अनेक यामको खुसी नितान्त सामु सार्दछौं ।२०।

सवालमा छ के बुझूँ सरक्क राख्न काव्यमा
तिमी कृपामयी भए म एकलव्य शिष्यमा ।
जहाँ विमूढ लाग्छ जो त्यहीँ विवेक होस् पथ
विचित्रको कुरा गरे पुगोस् न यात्रुको रथ ।२१।

नदी कुनै बनूँ तथा कि खोच कन्दरा घुमूँ
भए किनार नादमा रमाउँदै म नै झुमूँ ।
लिएर ताल नाचको समीर के बहन्छ र ?
बितेर जान्छ जिन्दगी युवा कुनै रहन्छ र ? ।२२।

विचारविन्दु माथमा हुँदा शिवत्व चक्कर
युगौं ढपक्क छोपिने विकल्पमा छ ठक्कर ।
ढलक्क ढल्किने पला झपक्क पार्न आसन
बुझेर मात्र चल्नुले जुरुक्क उठ्छ आँगन ।२३।

बलिष्ठ हातको बलो कहाँ कता उँचो भयो ?
विचित्रता कुनै थियो विशाल योगमा गयो ।
भविष्य खोजले दियो कि भाग्यमा छँदै थियो ?
समानता र सौम्यता कुँदेर प्रस्ट देखियो ।२४।

कृपामयी सदा बनी गरीब छेउमा छ को ?
तमाम लोभका घडा थुतेर फोड्न सक्छ को ?
अशक्त शक्त बन्दछन् गरे हुँदैन के छ होस् ?
बनेर पूर्ण चन्द्रमा निशा सदैव दूर होस् ।२५।

नयाँ बनेर वर्ष यो हरेक साल आउँछ
उमङ्गले शरीर झन् ढपक्क ढाक्न पाउँछ ।
वसन्त नाच्छ पातमा सुवासको प्रवेगमा
मभित्रको 'म' देख्छ को पिरोलिएर रातमा ।२६।

नयाँ-नयाँ छ कल्पना नयाँ बनेर हिँड्नुछ
लुकेर हुन्न भावना समग्र शब्द भिड्नुछ ।
सुखी बनोस् भविष्य झन् लिएर लक्ष्य साथमा
विकास होस् समाजको बसोस् सगर्व माथमा ।२७।

जरा भए अभावका थुतेर फाल्नुपर्दछ
फुलाउँदै फलाउँदै कला अगाडि सर्दछ ।
नवीन वर्षमा फुले सधैं सुगन्ध आउँछ
वसन्तको प्रभातले ढपक्क राष्ट्र छाउँछ ।२८।

(अनुष्टुप छन्द)

स्वार्थी प्रवृत्ति बढ्दैछ चाप्लुसी हुन्छ माझमा
चाकरी झन् जमेको छ यो नेपाली समाजमा ।२९।

एकाएक हुँदा त्यस्तो जन्मिन्छ डरको डर
भए सतर्क राम्रो हो नत्र हुन्न कुनै भर ।३०।

श्रद्धासुमन अर्पिन्छु पिताजीसँग बोल्दछु
आमाको ममताभित्र आमाकै भाव घोल्दछु ।३१।

देवराज जिताएर हार्नै भए कि तत्पर
नदी स्वयम् बगेकी छन् साथ लागेर पत्थर ।३२।

काव्यमाला लगाएका छन् भरत जतातत‌ै
स्वर्गका अप्सरा नाचून् सदा छम्छममा यतै ।३३।

पुग्दछन् चुम्न आँखा यी पवित्र जन्मभूमिमा
हरेक वस्तु साँच्चै नै छैनन् जस्तो सुदूरमा ।३४।

ज्ञान हो तेज आत्माको पहिचान गरौँ न त
क्रोधले मन यो छाडोस् चेतनाको बनोस् छत ।३५।

बढ्दैन किन यो ज्ञान आत्मा शिथिल भो किन ?
के भयो यो मलाई खै के हो कारण जान्दिनँ ।३६।

धर्मको आडमा हुर्के कर्ममा मन लाग्दछ
अन्तस्करणको शुद्धि भएमा ज्ञान जाग्दछ ।३७।

जलतुल्य बनोस् भाव बिर्सिऊँ देखिने सुख
शब्दमाला उनौँ राम्रा औंला भोगून् सधैँ सुख ।३८।

हिमाली देशको माटो हिमले हुन्छ सिञ्चित
हेर्दैछ विश्वले सारा सद्भाव राख्न हो कि त ? ।३९।

सङ्कल्पित म हूँ आफ्नै सिर्जनाको धरोहर
खडा गर्न सकूँ मैले विश्व पारी मनोहर ।४०।

आत्मविश्वास अर्पेर आहा ! पार्नुछ जिन्दगी
भर्दै कलममा भाव काव्यले गर्छु बन्दगी ।४१।

स्वाभिमानी बनूँ नित्य स्वावलम्बन मन्त्र होस्
जागोस् सुकर्ममा आस्था राष्ट्रप्रेम सधैँ उठोस् ।४२।

सहयोग र सद्भाव गुण हुन् सद्विचार हुन्
आलस्य र खिचातानी खतराका धराप हुन् ।४३।

डुब्दै जाऊँ स्वयंमा नै त्यहीँ विशाल विश्व छ
मेरा लागि मिठो भाव अनन्त सिन्धु लाग्दछ ।४४।

स्वाभिमान र सद्भाव तिमीभित्र छँदै थियो
काव्यनायकको चिह्न त्यसैमा थपिने भयो ।४५।

ज्ञानी हुने छ जो नित्य ऊ नै मर्मज्ञ बन्दछ
दुःखकष्ट हुँदै हुन्न सौन्दर्य सान चुम्दछ ।४६।

बिरलै पाइने व्यक्तिमध्येमा एक हौ भनी
कर्तव्य पाइला तिम्रो लम्किँदैछ जता पनि ।४७।

धर्मका पारखी उठ्छन् उठेमा धर्मसंस्कृति
अशान्ति शान्तिका सामु बन्न सक्तैन बेथिति ।४८।

सिर्जनामा कतै चिन्ता कतै आनन्ददायक
कतै इच्छा अनेकौंले हुँदैछन् कर्म सार्थक ।४९।

खोलानाला बढेका छन् वर्षा लागेर हो कि त ?
अघि बढ्न हतारो छ खुट्टा गले सकिन्छ त ? ।५०।

भोको पेट भए मात्र आहार सामु जुट्दछ
ज्ञान-विज्ञानको देश शिक्षाले मात्र उठ्दछ ।५१।

देखाई मार्ग ज्ञानीको ज्ञानका निम्ति खट्दछौं
दैनिकी कर्मका लागि उद्देश्यसाथ अट्दछौं ।५२।

कसीमा सुन घोटेझैं घोटिँदा हर ठाउँमा
पाएँ के पाउने हो के होस् त्यो लाग्दैन नाउँमा ।५३।

खोज्नेको मनले रोज्छ कहाँ स्वच्छन्द भाव छ
मान्छेभित्र छ मान्छेको रूप देख्न हतार छ ।५४।

मेरो सम्पूर्ण भन्नेले झोली नथाप दामको
भाषा-संस्कृति हो हाम्रो माथि पर्दछ नामको ? ।५५।

बोलेमा शब्द निस्किन्छ नबोले दूर चित्तको
कोइली स्वर छोडेर पछ्याई काग जान्छ को ? ।५६।

लेखनीभित्र पस्नेको विद्याबुद्धि सवार छ
काव्यको भोकले होला एक एक हजार छ ।५७।

नदी नादसँगै ढुङ्गा बग्ने काम जसै गरे
केही मात्र तिनैमध्ये ती शालिग्राममा परे ।५८।

शब्द शब्द बनून् शैल चढ्ने आँट गरून् सब
भाव साथ तलै ओर्ले अज्ञान भाग्छ नै तब ।५९।

पहरामा फुलेका छन् अनेक वर्ण फूल रे
देखी सुन्दरता राम्रो घोरिई जून हेर्छ रे ।६०।

म यस्तै सोचमा पर्दा टिल्पिलाउन थाल्दछु
बनेर आफैँ चट्टान कामका लागि गाल्दछु ।६१।

प्रत्येक पदको यात्रा स्वभावभित्रको बल
पल्टिँदा मनका पाना भावना हुन्छ विह्वल ।६२।

(शार्दूलविक्रीडित छन्द)

साथीभाइ खुदै छु दूर नभनून् यो देश हाँक्नेसित
स्वर्गङ्गातटको मनोहर थलो चिम्रिक्क होला कि त ।
मेरो निर्णय शक्ति लुक्छ कसरी भन्दै उदाए जब
सारा विश्व झलल्ल पार्दछ भनी अस्तित्व हाँस्ला तब ।६३।

घन्के मादल भिन्न-भिन्न धुनमा लुट्नेहरू छन् अरू
थुन्नैपर्दछ मौनता अधि हुने गौँडा र गल्छीहरू ।
छन् पक्कै रिपुवर्ग तत्पर यहाँ नेपाल खौल्याउन
छोड्नैपर्दछ सिर्जना जहरिला सत्कर्म मौलाउन ।६४।

सोच्दैनन् महनीय कार्य छ कुनै उद्देश्यमा लक्षित
चौडा भाल तथापि दृष्टि नभए के अर्थ होस् जोसित ।
ब्रह्मा विष्णु उमा सफा हृदयमा बस्नेहरू शिक्षित
निष्ठाको धमिरो बढी हुन गए खोक्रो हुने निश्चित ।६५।

भर्दा शब्द भरिन्छ छन्द लयमा बन्ने भए कामझैं
निद्राका सँगमा टहर्छ मन यो यौटा कुनै धामझैं ।
यौटा हो मन यो समाहित भई पस्ने मनोद्वारमा
आफैंभित्र अथाह शक्ति नबुझी भेटिन्न संसारमा ।६६।

यौटा होस् अति हिम्मती यदि भए झुक्छन् बडाका बडा
धारे हात लगाउने अधि सरी बन्दैन पक्कै खडा ।
आफ्नै इज्जत हो सरौं अधि बढौं भन्ने तिमी जङ्गम
बन्दैछौ छहरा प्रसिद्ध पहरा जोड्ने गरी हर्दम ।६७।

हुर्के ती लहरा ममा हरितका विश्वासका हारमा
मेरो राष्ट्र कहाँ भयो हुन गयो सोच्ने बने सारमा ।
आँखासामु नहून् समाज घर ती निष्कामको भारमा
तिम्रा दर्शनका कुरा झलझली देखिन्छ आचारमा ।६८।

अन्तर्चेतनका चिराग नबले खोटिन्न दुष्कर्म कि ?
अग्ला आसनमा पुगेर नफिरून् तिम्रा दयाधर्म ती ।
जो-जो छन् सब सुन्न तत्पर भए ऐश्वर्य बढ्ने भयो
इच्छाभित्र सुकर्म छन् भरतका साहित्य उठ्दैछ यो ।६९।

हामी मानव धैर्य शान्त रहने आस्था र विश्वासले
सारा इन्द्रिय छन् सुचारु गतिमा कर्तव्यका खासले ।
देखिन्छन् जगमा अथाह प्रतिभा चिन्ने बने सागर
जन्मौंजन्म हजार-लाख मनले झुम्दै गरी गागर ।७०।

गर्दा कर्म कुनै युगौंयुग खुसी छर्ने भए खासमा
राम्रो लक्षणले सुशोभित छ ऊ भन्नेहरू पासमा ।
बुझ्नेले नबुझेर दिक्क नहुने प्यारो हुँदा नायक
मेरो काव्य युगान्तसम्म रहने पाऊँ अझै आसिक ।७१।

के हो दुःख कहाँ-कहाँ छ सुखको चाक्लो ठुलो आसन
होऊन् नाटक दिव्य भव्य थलमा रम्दै अघाऊन् मन ।
धर्मस्थापन एक मापन भए के लोकको हो धन
आफ्नै कीर्ति कमाउने कति भए औंला नभाँची भन ।७२।

के हो त्यो इतिहास पुग्नुछ कहाँ कालो अँध्यारो छली
काँडाको बिचमा हलक्क छु भनी थाम्दै गरे है कलि ।
आस्थामार्ग झलल्ल पार्नुछ यहाँ गन्तव्यको खोजमा
व्यर्थै जीवन गुम्न हुन्न पशुको जस्तो गरी भोजमा ।७३।

(पञ्चचामर छन्द)

म राष्ट्र हाँक्न सक्छु नै रहोस् विशिष्ट योजना
नपार तीक्ष्ण शब्द ती चसक्क घोच्छ चेतना ।
हिमाल हाँस्छ कर्ममा अभाव हुन्न सिर्जना
जुधे बनिन्छ दुर्दशा मिले विकास झन् घना ।७४।

(अनुष्टुप छन्द)

व्याप्त अज्ञान सर्वत्र देख्छ यो धनको मन
हर्ताकर्ता म हूँ भन्छ अविवेकी बनीकन ।७५।

अपेक्षा राख्दछन् आफैँ ठुला बडा भनाउन
भुइँफुट्टे बनी मान्छे खोज्छन् आकाश पो छुन ।७६।

(शिखरिणी छन्द)

नथाकी स्रष्टा या कविहृदयको चल्दछ मन
उडेको हावाझैँ श्रमसित उँभो चढ्दछ तन ।
भए ज्ञानी मान्छे गगनतलको दिव्य पथमा
अशिक्षाको कालो तब नरहला विश्वभरमा ।७७।

त्यसै बेला यौटा अनवरत खट्ने नजिकमा
तपस्वीजस्ता ती चरित सब बुझ्ने अधिकमा ।
तपस्या हो कस्तो कठिन तपको तत्त्वसहित
नझुक्ने झुक्दैछन् अधर मनले मानवसित ।७८।

झिकी कापी लेख्ने कलम रसमा डुब्दछ जति
निकै गम्ने पार्ने सरस रचना बन्दछ कति ।
हुँदा बाक्लो जालो नजर कविको पर्न नसके
फुकाएको कापी भन न कसरी लिन्छ कुन के ।७९।

सुधाको झर्नामा परम सुख चुम्दै रमिरहूँ
ठुलो भक्ति-श्रद्धा कविमनहरूमा गमिरहूँ ।
बढे मेरा इच्छा विहगवयका साधन बनी
उदाऊन् सारा ती कलमरसको मापन गनी ।८०।

छ को होला त्यस्तो अगम छविमा पर्न कसिने
बढेको तृष्णाले कद जमिनमा हुन्छ धसिने ।
अहा ! कस्तो प्यारो मिलन मनको भेट्दछ तन
फिका लाग्दा हुन्छन् हृदयबिच लुक्ने सब धन ।८१।

सफा नीलो चौडा जब गगन छानो बनिरहे
त्यहाँ यौटा आशा कमल मनभित्रै गरिरहे ।
बनून् लोभी आँखा हरतरहले विम्बित हुने
टपक्कै पार्ने हुन् धपधप उज्यालो मन छुने ।८२।

न ता भोको आत्मा छटपट गरी सामु रहला
न ता कोही आई हृदयतलमा हुन्छु कहला ।
बनायौ खै कस्तो स्मरण अति तिम्रो हुन गयो
जहाँ जस्तो देख्यो त्यस सरहको जीवन भयो ।८३।

जता हेऱ्यो उस्तै भुवनभरको आँचल बनी
शशीको आभाझैँ टहटह गरी चम्किनुछ नि ।
भए घोच्ने काँडा मन-वचनले दूर म गरूँ
हँसाई स्रष्टाका पठित मन अन्सार म सरूँ ।८४।

कुनै बेला हाँस्ने खुस पल खुदै बुझ्नु कसरी ?
निराशाका पर्दा असहज हुने रात जसरी ।
पुगे हुन्थ्यो सारा चमचम हुने ज्योति करमा
सके औला सारूँ हर किसिमका दृश्य भरमा ।८५।

समेटी आफैँमा सुललित मिठा भावलहरी
बनाऊँ हृत्स्पर्शी मधुर रसको काव्य कसरी ?
यसैमा भैजाऊँ हरसमय केन्द्रीकृत बनी
सँगाल्दै निष्ठामा कविहृदय लाग्दैछु म पनि ।८६।

उज्याला पैसाका मनुज सबका बाहन चढी
बसेको को होला त्यस अबुझको पुस्तक पढी ।
निकम्मा बन्नेको पछिपछि पुगी लस्कर छली
विधाताको साम्ने अति जटिल बन्दैछ नि कलि ।८७।

जथाभावी कुद्ने मनमगजमा शासन गरी
तमासा हेर्नेको तनमन चढूँ आश नगरी ।
धसी नङ्ग्रा लड्ने कुटिल कपटी लाग्दछ कति
निकै साह्रो ढुङ्गो नरम कसरी बन्दछ अति ।८८।

अहम् बस्ने खाल्डो दिनदिन जसै पुग्दछ तल
त्यसैका छातीमा नियति गतिको पर्दछ बल ।
हजारौंका धक्का सहन नगरे बन्छ कसरी
परीक्षा हो हाम्रो अघि बढ तिमी हुन्छ जसरी ।८९।

फुके घोडा-हात्ती अवधि भयको सिर्जन हुने
कहाँका बासिन्दा कुन तरहले घायल हुने ।
भयो कस्तो वाणी रसरङविनाको छ कसिलो
बलेको आगोमा घिउ थपिदिने हुन्छ गतिलो ।९०।

नहून् त्यस्ता बढ्दा विपतमय सन्देश डरका
भनी आए ती जङ्गम भरतको नाम थरका ।
कसैका छोरा हुन् अति नरमको मानिस पनि
हजारौं आँखामा हरपल हुने जङ्गम मणि ।९१।

कुनै बेला हाँस्ने खुसपल खुदै बुझ्नु कसरी
निराशाको पर्दा असहज हुने रात जसरी ।
बहन्छन् हावाझैँ चमचम सफा ज्योति जसरी
कहाँ भेटूँ जस्तो हरकिसिममा दृश्य कसरी ।९२।

फलेको हाँगामा नजर छरिने हुन्छ जसको
निशा चोर्ने आँखा वरपर गरी नाच्छ उसको ।
जवानीको घुम्टो प्रणयवशमा छैन कि जसो
जथाभावी हाँस्ने रहर पनि ता लुक्दछ कसो ! ।९३।

उज्यालोले गर्दा रविकिरणको ज्योति छरिने
चमत्कारी देख्दा छलकपटका रोम ठडिने ।
विधाता हो कस्तो अबुझ नबनी जङ्गम पनि
डुबेका देखिन्छन् हरतरहले बुझ्दछु भनी ।९४।

कुनाकाप्चा लुक्ने अजिर शठ हुन्छन् जब कतै
घिसार्दै लैजाने भरतमणिको सोच छ त्यतै ।
नजान्नेले जान्ने अवसर दिने मानिस उनी
उघारेको ढोका ढकढक गरेझैँ स्वर पनि ।९५।

हिँडाएझैँ हिँड्ने अबुझ बटुवा अन्य लतमा
छ झैँ आफ्नो लाग्ने युवक रसिलो कर्मपथमा ।
खनी-खोस्री माटो अमृत बिउ नै छर्दछु भनी
पुगेको त्यो मान्छे हर मगजमा सर्दछ पनि ।९६।

खुली तेस्रो आँखा शिव-शिव हरे गुञ्जित कहाँ
सुसाएको खोलो हृदयदहमा बिम्बित जहाँ ।
हुँदा एक्लै खाने कुनियत हुने मानिस भए
तिनै एक्लै बन्दै सबतिर अझै कोचिन गए ।९७।

ठुला साना जो छन् अति निकटमा राख्न मनको
अहो ! त्यस्तो आस्था दिनदिन कहाँ हुन्छ कसको ।
उज्यालोको खोजीतिर रुचि बढी लाग्छ जसरी
नदेख्ने त्यो भित्री नयन पनि देखिन्छ नसरी ।९८।

(शार्दूलविक्रीडित छन्द)

लेख्ने मानिसको अतृप्त रसको आभा भए आदर
बोलीमा अभिव्यक्त गर्न सकिने आचार के होस् पर ।
छन्दैछन्द रची रसायन जडी भाषा बने वाहन
यो साहित्य सधैं-सधैं बहकिने हुन्थ्यो र के साधन ? ।९९।

लाग्ने सुन्दर चित्रकारजतिको विस्तार हो चित्रण
त्यस्तै कल्पलतासँगै लहरिने विश्वास लाग्ने गण ।
हो सङ्केत धरा धरातल छली आकाश चुम्ने मन
मात्रा व्यञ्जन शब्दसार अथवा संयोग हो जीवन ।१००।

थप्दै चिह्न प्रचारतर्फ खिँचिने संसार कस्तो भन
कैयौं मानिसका यसै बनिसके आवाज सुन्ने मन ।
बोल्ने शब्द छरी सशक्त मनले उब्जाउँदा सज्जन
धन्दामा किन भिन्न-भिन्न रथका पाङ्ग्रा हुने त्यो धन ? ।१०१।

काला शब्द चिनेर बोल न सँगी धारा त्यहीँ बग्दछन्
आला घाउ दुखेर छट्पट भए जाँच्ने यता सर्दछन् ।
फुल्दा सिर्जनका कुनै सहरमा बेली र चम्पा अनि
आऊन् दिग्गजवर्ग सुन्न कविता हावा र झोक्का बनी ।१०२।

यौटा आउँछ चित्तमा छु म बनी अर्को कतै सर्दछ
सिङ्गो देश भए समाज रहने उद्देश्यमा पर्दछ ।
केही अन्धसमान युद्धपथमा उत्पात मच्चाउँछन्
केही शान्त बसेर शुद्ध मनले दुष्कर्म पन्छाउँछन् ।१०३।

कोही मित्र बनी सदा हृदयमा डेरा सरैं भन्दछन्
कोही दैनिक नै छरी जहरिला बिच्छी बनी डस्दछन् ।
पैसाको मदले रनक्क नभए हुन्नन् यहाँ झुम्मिने
को आफ्नो र छ को पराइ नचिने सङ्कष्टमा हुम्मिने ।१०४।

बाटोमा अथवा समाज घरमा साम्राज्य खोज्ने धनी
घेर्नेछन् तल माथि शोषक बनी प्राचार्य होस् तापनि ।
छेपारो जसरी नफेर रङ हे ! घट्ला कि झैँ त्यो धन
लाखौँ खर्च गरेर मिल्छ र कहाँ आनन्दको जीवन ।१०५।

मान्छे बन्न सकौँ भरी मनुजता विश्वासमा छन् बरा
धर्मै धर्मरमा रहे सब टुटी कस्तो हुने हो धरा ।
आफ्नै उच्च पवित्र भाव सजिए धर्ती हरा औ भरा
स्वर्गोद्यानसमान शोभित सबै लाग्छन् कलामा गरा ।१०६।

जोडी हात दुवै अबेर नगरी ध्यानस्थ भै बस्नुछ
वंशीका लयमा लठारिन पुगी केही कुरा माग्नुछ ।
सेवाभाव भरी उदारपनका धर्मावलम्बी गनी
जस्तो फुर्दछ टप्प-टप्प सृजना पारूँ म कण्ठै पनि ।१०७।

बन्लान् लेखक पक्ष-पक्ष खुटिने निष्पक्षका साधन
पाखा फोर्न तयार धेर रचना फुर्ने बनाऊँ मन ।
गल्ली-चोक जताततै नजरले भ्याएन भन्ने कि त
कालो बादल धुम्म हुन्छ कसरी सोच्दा स्वयम् चिन्तित ।१०८।

गौरीशङ्करको कृपा हुन पुगे ऐश्वर्य आकासिने
मैनासाथ मयूर मत्त नभए चर्चा कहाँ गाँसिने ।
मायाको रचना भयो र कसरी बुझ्नेहरू हो भन
जोडी ढुक्कुरका कथा हृदयमा राख्दा खुसीमा मन ।१०९।

बग्दा हैमनदी हिमाल तलमा हुन्छन् कला सिञ्चित
तारा झलमल चम्किँदा भुवनमा लाग्ने सबै दीक्षित ।
हावा चल्छ कुनै विचार नगरी त्योबाट बच्ने गरूँ
ऊर्जा पौरखका निमित्त शिवझैं श्रीकृष्णसाम्ने परूँ ।११०।

पुर्खाको मितिदेखि आजतकका सम्पूर्ण छन् दर्पण
सत्ता शासनदेखि नीति सबमा गर्नैछ शब्दार्पण ।
ढुङ्गाको युगदेखि आज कलिमा आधा कुरा मिल्दछ
हो पक्कै सपनासमान नहुने जो शास्त्रले खोल्दछ ।१११।

बिस्तारै सबथोक केन्द्रित हुँदा नौलो कुरा पस्किने
विद्या बुद्धि विवेकले मुलुकमा हुन्नन् कतै हच्किने ।
पुर्खाको इतिहासमा गजबको भेटिन्छ सग्लोपना
ढुङ्गाको युगमा थिए जुन कुरा त्यो व्यक्तमा होस् घना ।११२।

जस्तो चिन्तनले अगाध सपना बन्ने भयो सार्थक
त्यस्तै प्रस्ट विचार पस्किन सके आहा ! तिनै सर्जक ।
जस्तो लाग्छ सदा-सदा सुमनको लर्को बने देशमा
श्रद्धाभाव रहेन हुन्न गहिरो भाषा कला भेषमा ।११३।

द्यौता देख्न म पुग्छु पत्थरहरू आस्था हुँदा देवमा
छन् साँच्चै पथ चोक चौर सजिँदै मेरो हृदाकाशमा ।
धेरै बेर सुतेँ भने बिउँझिँदा आत्तिन्छ धेरै मन
खट्नैपर्दछ रातमा कि दिनमा कर्मण्य भै लम्किन ।११४।

पैताला रुनुपर्छ दिव्य पथमा छन् धेर बन्ने धनी
माग्नेले अधिकार पाउँछ भने पाऊँ न मैले पनि ।
छित्रिन्छन् पथमा अनन्त सपना बुझ्नेहरू छन् कम
त्यै झल्काइदिने महापुरुष हौ साँच्चै तिमी जङ्गम ।११५।

कस्ता छन् कुन राग रङ्ग निशिका पल्टेर बस्ला कि त ?
तर्किन्छन् मनमा नितान्त रहने उद्देश्य संशोधित ।
होला जीवन सिर्जना रहरको शब्दार्थ छर्ने गरी
मेरो दैनिक कार्य बन्दछ यही पल्टिन्छु पानाभरि ।११६।

गर्ने के र गराउने नजिकको चिन्दैन भित्री मन
आऊन् वाक्य कुनै कुनै प्रविधिले वर्षा बनी चेतन ।
जस्तो निर्झर बग्छ सौम्य छहरा पाखा पखालीकन
तैरिन्छन् त्यसरी विचार र कुरा आशा नराखीकन ।११७।

अन्योन्याश्रयमा भरिन्छ गहमा केही समस्या बनी
आफ्नै शब्द र वाक्य प्रस्फुट हुने टुङ्गो नलागे पनि ।
देखेँ श्रीगुरु सामुमा समयको ज्ञाता बनाई दिने
सारा तर्कहरू भए डुबिरहेँ आऊन् निकाली दिने ।११८।

आँखा उत्तर छन् उहीँ नजर छन् मान्छे जहाँको त्यहाँ
खुट्टा टेक्दछ दिव्य बन्दछु भनी पीडा जहाँको त्यहाँ ।
उन्ने गन्थन छन् उनेर सपना देख्नेहरू छन् दिन
वासन्ती वयझैँ बहार नबने मान्छे भएको किन ? ।११९।

दुष्टात्मासँग जोगिएर नहिँडे बढ्दैन पक्कै बल
बढ्ने चाप्लुस लोभ भोग जति हुन् तान्ने बनोस् त्यो भल ।
आफ्नै दुर्गुणमा खसी तलतलै नीचो बने मानव
सारा मानवता विशाल भवको बन्नेछ है दानव ।१२०।

मान्छे चुम्बकझैँ भए हुन गए र पैसाभरी फैलिए
जे खोजे पनि प्राप्त होस् न त भनी दुष्कर्मले मैलिए ।
धर्ती फाट्न तयार छिन् हरघडी त्यस्तो नहोस् सङ्गम
यौटै देख्छु यहाँ सतर्क रहने ती हुन् उनै जङ्गम ।१२१।

स्वार्थैस्वार्थ भरेर मानव कुनै होला कि झैँ अर्पण
आस्था राख्न अपारमा हरकुना सर्दै गरूँ रक्षण ।
भोको बाघ अगाडि पर्छ कसरी पाऊँ र खाऊँ गरी
तिम्रै आस गरी रहन्छ मन यो सारा गुनासाभरि ।१२२।

छोए स्पर्श हुँदैन कम्पित हुने बाटो नयाँ खुल्दछ
रोए अश्रुविना छ कोश सुनिने आँखा त्यसै दुख्दछ ।
छन् अग्ला हिमका पहाड शिरमा पग्लेर जाने कहाँ ?
सारा मर्म बुझी तिमी भरत नै उफ्रेर आऊ यहाँ ।१२३।

गाना छन् भवमा सुनेर नबुझे बाजा कहाँ बज्छ र ?
नाच्ने मानिस नाच्न सक्दछ भने हेर्ने कहाँ सर्छ र ?
नाना छन् सुकिला सपक्क नभए छोप्ने कहाँ हुन्छ र ?
सारा बुझ्न तिमी अझै अघि सरी आऊ अरू को छ र ? ।१२४।

थन्किन्छन् मनमा अनेकन कुरा निस्के हुने गौरव
को-को छन् पहिले बुझेर नहुने विश्वासमा छन् सब ।
के हो दर्शनशास्त्रको तलतली गाना-बजाना गर
फुक्दै शङ्ख पवित्र कान सबका पार्ने तयारी गर ।१२५।

पुग्छौ देश-विदेश ढुक्क मनले हुङ्कारका साथमा
आस्था, आस्तिकका विचार पनि ता अग्लिन्छ हुङ्कारमा ।
सारङ्गी लयभित्र लट्ठ नहुने हुन्छन् तिमीमा तर
तारैतार कहाँ छ जीवन भनी आफ्नो भरोसा गर ।१२६।

यौटै देश अगम्य प्राकृत कला देवी र देवालय
भाका बन्न तयार छन् नदनदी नाच्नेहरूको जय ।
आमातुल्य धरा बुझौँ अनि बसौँ काखा र पाखाविना
हुन् आकाश पिता सशक्त मनका के हेर्नु मैले चिना ।१२७

मेरो भन्न हतारिएँ कि त कतै उद्देश्य ढल्ने डर
हाम्रो भन्नुपरे खिया मनभरी जम्ला भनी छन् पर ।
के हो कर्म कहाँ छ के छ सुविधा खोज्दै गरेको पल
लाखौँलाख तिरेर जागिर दिने कस्तो अनौठो छल ।१२८।

शिक्षाका सँगमा नलम्किन सके धिक्कार होला मन
धेरै थोक त हो तथापि भवमा सारा नहोला धन ।
चोखो कर्मथलो कला झिलिमिली नाच्दै नचाऔँ अनि
सिङ्गो जीवन बाँच्नुपर्दछ सबै बाँच्दै बचाऔँ पनि ।१२९।

सच्चा मानवता हरिन्छ जगमा सच्चाइ बुझ्दै गरौँ
ज्ञानी ज्ञान दिने छ लायक यहाँ सक्दो दिलाई रहौँ ।
उठ्ने उठ्न सके अवश्य सजिलै उठ्ला यहाँको गति
पढ्नेले नपढे समाज घरको होला र के उन्नति ।१३०।

यौटा मात्र कहाँ छ देशभरका लाग्दै गरे पायक
पृथ्वी वायु जताततै जय छ होस् भन्छन् यिनै नायक ।
ढल्ने बृक्ष कुनै ढलोस् त नभनी टेको दिने छन् जहाँ
यौटै भाव अनन्तसम्म रहने हामी सबैको त्यहाँ ।१३१।

(जलोद्धतगति छन्द)

जसै हृदयमा तरङ्ग भरियो
प्रसङ्ग यसरी उठान गरियो ।
समस्त यिनका विचार बुझिने
विशिष्ट छविभित्र पार्न सकिने ।१३२।

# एघारौं सर्ग (भरत-हरि)

(जलोद्धतगति छन्द)

विचार हरिका बुझ्न् भरतले
भनी विषय नै लियो समयले ।
प्रभाव कसको कहाँ छ कतिको
अगाडि पथमा भइन्छ त्यतिको ।१।

(अनुष्टुप छन्द)

जस्तो विषयका व्यक्ति त्यस्तै विचार उच्च छ
जो विचार तिमीभित्र सदा सर्वत्र व्यक्त छ ।२।

हुन्छौ विषयका माथि या ती विषय माथि छन्
व्यक्तिको कर्मले जित्दा व्यक्तित्वमा अगाडि झन् ।३।

द्रष्टाको सामुमा छौ या छौ द्रष्टा दृश्यमाझमा
दाँज्न मिल्दैन दाँजिन्नौ तिमी व्यक्ति अनेकमा ।४।

अनुभूत गरूँ के-के अनुभूति अघिल्तिर
ऐना बन्नेछ उद्देश्य नपार्नू है पछिल्तिर ।५।

योगदान कहाँ के-के सविस्तार सबैतिर
विधा विविधका व्यक्ति लाग्दछौ तिमी आखिर ।६।

देशव्यापी छ कर्तव्य नाम तिम्रो प्रसिद्ध छ
भाषा-वाङ्मयका निम्ति योगदान विशिष्ट छ ।७।

भावनामा बगेको छु, भावमा छु समर्पित
व्यक्तिको मनमा बास बासस्थान छ गर्वित ।८।

दाजु हौ प्रियमा मेरा भाइ हुँ म सधैँ यता
गौरवान्वित यो नाता विश्वस्त छु सधैँ म ता ।९।

मेरा हाकिम हौ पैला, बन्यौ शिक्षक क्यै पल
अभिभावक हौ मेरा पार्दछौ मन उज्ज्वल ।१०।

यी पाँचका छहारीमा म छुँदैछु तिमीसँग
अन्य समाजका लागि तिमी देख्छु सबैसँग ।११।

न्यायालय रह्यो तिम्रो पैलो जागिरको घर
चोटाकोठा बुझी लाग्यौ अन्याय पार्न जर्जर ।१२।

निर्भीक न्यायका नेता विनासङ्कोचका धनी
निर्द्वन्द्वमा चलेको छ तिम्रो निःस्वार्थको जुनी ।१३।

नछोडेर कुनाकाप्चा समाजभित्र जङ्गम
पाँच व्यक्तित्व माथिका मेरा हौ तिमी सङ्गम ।१४।

वर्ष पैँतीसको साथ कसले बुझ्न सक्छ र
समाज-घरका निम्ति यस्तो यहाँ नहोस् छ र ? ।१५।

जति अस्पष्टमा हुन्छु तिमी छौ अझ जङ्गम
आश्चर्य पनि यो ह्वैन हो पक्कै गर्विलो गम ।१६।

विषयी खोजमा छैन तिम्रो म कहिल्यै यता
विषयी भावमा छैनौ तिमी घुल्दा जतातता ।१७।

निर्बन्ध व्यक्तिमा एक बाँधिने ती कुरा न हून्
खुला आकाश हौ पक्कै अनुसन्धानमा रहून् ।१८।

हौ अर्थपूर्ण क्यान्भास जस्तो रूप म देख्दछु
मूर्त-अमूर्त व्याख्याको सारा प्रसङ्ग भेट्दछु ।१९।

प्रसङ्ग जे उठाइन्छ व्यक्तित्व अघि लाग्दछ
एकाएक म रिङ्गिन्छु तीक्ष्ण विचार जाग्दछ ।२०।

विधा विषयका लागि अर्थात् विषय नै विधा
मनमस्तिष्क लम्किन्छ बाटो त्यहाँ खुलोस् सिधा ।२१।

पाछ्र्छ झनन्न केले खै के सक्छु के म खै दिन
प्रश्नैप्रश्न मडारिन्छन् निरन्तर ममा किन ? ।२२।

गर्नुको छ मजा अर्कै गर्दै जाऊँ निरन्तर
न बुझिन्छौ तिमी कैल्यै न छु म बुझिनेतिर ।२३।

नभएर दुवै साथै भएभन्दा मजा अझै
भएर नहुनेभन्दा नभई हुनुमा छ झैं ।२४।

अङ्ग-प्रत्यङ्ग बुझ्दैछु तिमीलाई तिमीसरि
तिमी सर्वाङ्गमा बुझ्छौ मलाई म छु जस्तरी ।२५।

के बुझ्छन् अन्यले कस्तो, कस्तो विचार गर्दछन्
तिमीभित्र छँदै छैन त्यसैले भर पर्दछन् ।२६।

जे बुझ्छन् दिनु नै पर्छ अधिकार छ यो पनि
यस्तै अस्पष्ट चल्नु नै सच्चा हो जनजीवनी ।२७।

भोगिएका थिए जे-जे भोगिने क्रममा तिनै
छु कृतार्थ बनेको म स्पर्श यस्ता हुँदा यिनै ।२८।

धेरै कर्म जहाँ जस्ता तिमीबाट हुँदै गए
लाग्दैन नगरेकोमा अर्को कोही थिए, भए ।२९।

म छु र पो तिमी भन्ने घमण्ड गर्नु कोसित
छु अनन्त म व्याख्यामा स्वयं स्वतः समाहित ।३०।

विषयातीत हौ मेरा व्याख्यातीत त्यसै गरी
प्रेरणापुञ्ज हौ भन्दै उचालिन्छु सरासरी ।३१।

व्यक्तित्व व्यक्तिले या त व्यक्तित्व अझ व्यक्तिमा
खै बनाउँछ केले के थियो प्रश्न अतीतमा ।३२।

छ नै व्यक्तित्व तिम्रो त्यो समाहित छ लेखियो
त्यसै व्यक्तित्वमा व्यक्ति समाहित छ देखियो ।३३।

व्याख्येय व्यक्ति हो बुझ्नू त्यो नै विषय हो तर
अव्याख्येय हुने हो त्यो व्यक्तित्व त्यसको पर ।३४।

चिनिन्छ व्यक्तिलाई नै व्यक्तित्व के बुझिन्छ जो
बुझिन्न व्यक्तिलाई नै व्यक्तित्व के चिनिन्न जो ।३५।

सम्मिश्रित दुवैका यी रूप भरत जङ्गम
घोलिने चाहना मेरो चिनीमा दूध हर्दम ।३६।

चिन्न-बुझ्न हुने गाह्रो घोल्तिऊँ कति के भनी
चाहना चाहना नै हुन् पुग्दैनन् ती सबै पनि ।३७।

व्यक्तित्वले छ तानेको मनमस्तिष्कले छुने
हात्ती छामेर अन्धाको त्यो अनुमानझैँ हुने ।३८।

परिचालित गर्दैछौ आफ्नो जीवन के गरी
निश्चित लक्ष्यका साथ साधनामा हुने गरी ।३९।

साहित्य अनुसन्धानजस्तै त्यो पत्रकारिता
बाध्यताले भयो अर्थात् हो नै त्यो अनुकारिता ।४०।

छ समुन्नत नेपाल तिमीभित्र अलङ्कृत
तिम्रो हृदयमा लाग्ने छाप नेपाल अङ्कित ।४१।

हृदयाङ्कितमा सारा निर्माण मात्र देखिने
तिम्रो अभीष्टलाई नै सत्यको मार्ग मानिने ।४२।

तिनै अभीष्टका पाना भई सार्थक छाइए
प्रशस्त मार्ग उत्पन्न विधा विषय पाइए ।४३।

परिवर्तित छन् के-के परिवर्द्धित के भए
विधा विषयका तर्फ जाज्वल्लित हुँदै गए ।४४।

जागरूक र कर्तव्य व्यक्ति व्यक्तित्व सिर्जना
होस् समुन्नत नेपाल गर्दछौ परिकल्पना ।४५।

एकीकृत र एकाग्र छौ कर्तव्यपरायण
रामगाथा बनेका छौ सामु पर्दैन रावण ।४६।

फलको छैन आसक्त यावत् कर्तव्य-कर्ममा
आदर्शभित्र आदर्श कर्मयोग छ माथमा ।४७।

कर्मयोगी अविश्रान्त अभीष्टप्रति लक्षित
कर्म सकाम देखिन्छ स्वाभाविक स्वयंसित ।४८।

निरन्तर बढेका छौ चाहन्नौ हुन निष्क्रिय
कर्म जीवन बुझ्नेको सक्रिय चक्षु केन्द्रिय ।४९।

छ कर्मप्रतिको मोह छौ एकोहोरिँदै तिमी
निष्काम कर्मयोगी हौ देखिने मलिलो जिमी ।५०।

कहाँ विषय बाँधूँ म विवेचना कहाँ गरूँ
अनुभूत छ व्याख्यामा अर्थानुभूतले सरूँ ।५१।

ममा जे जसरी छायौ छाप असल कर्मले
नेपाली सबका सामु छौ त्यस्तै तिमी धर्मले ।५२।

निरङ्कुश विरोधी छौ तिमी अङ्कुशका पल
थिचिने-मिचिनेमा छौ उज्याला ज्योतिका बल । ५३।

दु:खीका मर्म हौ देख्छौ लिई मलमको कर
पीडितका तिमी मुक्तिदाता नै छौ निरन्तर ।५४।

मेरा भरत हौ दाजै नेपाली भित्र जङ्गम
नौनी बनेर पस्नू है नहोऊन् दु:खका गम ।५५।

परे सङ्कट सम्झन्छ दाजुका नामले दिल
नेपाली सबले सम्झून् छन् जङ्गम भनी बल ।५६।

तिनले मात्र सम्झन्नन् जो छन् अन्यायमा रत
श्रमशोषणका भक्त भ्रष्टका रूप आगत ।५७।

तिमीलाई यही बुझ्छु तिमी बुझ्छौ छु जे अनि
तिमी बुझ्छौ मलाई जे त्यस्तै देखाइमा पनि ।५८।

सामान्य जनता बुझ्छन् विरोधी भ्रष्टका मन
मध्यम स्तरमा तिम्रो छापजस्तो छ यो तन ।५९।

बाँकी जे छन् सबैभित्र जम्काभेट बनोस् कसी
उक्ल माथि अझै फैल सीमाका स्तम्भमा बसी ।६०।

करोडौँका तिमी छौ हौ कर्मपुरुषका धन
अझै अग्लोस् उचाकाश तिम्रो उदार त्यो मन ।६१।

शुभाशीष सधैँ देऊ ठान बालक मञ्जुश्री
अञ्जुलीमा सधैँ पाऊँ तिमीमा न्यायमाथश्री ।६२।

भन्दै बिसाउने इच्छा गरेँ यो मनको मसी
मूल्याङ्कन ममा तिम्रो यही बनोस् सधैँ दसी ।६३।

(भुजङ्गप्रयात छन्द)

दुवै व्यक्तिका भाव घुल्छन् दुवैमा
त्यसैसाथ उठ्छन् सदा ती सबैमा ।
पुरानो नयाँ या कुनै काम अर्को
मिलाएर गर्छन् नमानेर झर्को ।६४।

शिक्षा सन्मार्गले गर्छ भ्रष्टाचार नियन्त्रण
त्यो शिक्षा धर्ममा जोडी गर्दै जान्छ प्रबोधन
सदाचारी हुनैपर्छ पहिलो ज्ञानमार्गमा
सद्विचार सँगै हुन्छ विद्यार्थी वर्गवर्गमा
इमान्दारी मनोभाव शिक्षाले दिनुपर्दछ
अनुशासित भै तत्त्व शिक्षाको लिनुपर्दछ
– नीलकण्ठ भट्टराई
('भरतांशु' महाकाव्यबाट)

# बाह्रौं सर्ग (विचार र दृष्टिकोण)

(भुजङ्गप्रयात छन्द)

तिमी व्यक्ति नै चित्तमा बास बस्ने
कहाँ एक मात्रै भए बुझ्न सक्ने ।
लगातार बढ्दा भयौ चारतर्फ
त्यसैले अझै उच्चतामा सहर्ष ।१।

(जलोद्धतगति छन्द)

दुखी भरत छन् अगाडि पथमा
उठे सब कुरा परे क-कसमा ।
कहाँ छ सरकार भन्नु नपरोस्
छ चिन्तन बडा सुझाव नमरोस् ।२।

(अनुष्टुप छन्द)

मनमा देशको चिन्ता मडारिन्छ सधैँभरि
निद्राबाहेकको काल कुरा खेल्दा घरीघरी ।३।

दृष्टिका लहरी आए विसङ्गति अनेकन
सतर्क रहँदै बढ्न गरे केन्द्रित त्यो मन ।४।

हुँदै हुन्न भनेकाको अनुमान कहाँ गयो ?
परिवर्तन खोजेर गणतन्त्र खडा भयो ।५।

कर्मचारी जहाँ हुन्छन् देशलाई उकास्दछन्
सर्वाधिकार आफैँमा हुने कुरा निकास्दछन् ।६।

कर्मचारी उठाएर बनाए राजनीतिका
भ्रष्टाचार गरी फस्छन् स्वार्थभित्र अनीतिका ।७।

नियन्त्रण कतै हुन्नन् हुने मात्र कुरा भए
सेलाएर चबाएको भान बुझ्ने ठुला भए ।८।

जनता चाहना राख्छन् भ्रष्टाचार नियन्त्रण
स्वेच्छाचारी नहून् काम भए गरून् निवारण ।९।

नागरिक उकास्नेका पछि लाग्ने भए जता
अनुशासन देखिन्न राष्ट्रोन्नति कता-कता ! ।१०।

सामाजिक यिनै मान्छे असामाजिक काममा
संस्था हुन्छन् नचाहेका संस्थापक हिनामिना ।११।

नाम मात्र विचारेर जो ठूलो हुन्छ भोजले
भ्रष्टाचार बढेको छ उसकै मस्तमोजले ।१२।

भ्रष्ट हुन्छन् कता कस्ता कस्तो हुन्छ निवारण
मणि जङ्गम भन्दैछन् धेरै छन् भित्र कारण ।१३।

इतिहास सबै बुझ्दा पर्लान् भरतका भर
ढिलो-चाँडो उतै हुन्छन् तिनकै यी शिरोपर ।१४।

सामाजिक बहिष्कार गरौँ भ्रष्ट भए बढी
नीतिनियम च्यात्दैछन् रवाफ शानमा चढी ।१५।

सर्वाधिकारको नारा भित्रभित्रै सडी रह्यो
चुनावको सबै खर्च जनतामाथि लादियो ।१६।

परिवर्तन सोच्नेका पराक्रम गए कता
खोजेनन् अझ छन् कैयौँ दबेका सब योग्यता ।१७।

सुशासन परै सारी भ्रष्टाचार अँगाल्नुले
विकासमा तगारा छन् बेरोजगार फाल्तुले ।१८।

दुवै खुट्टा उचालेर भारी कहाँ छ बोकिने ?
आन्दोलन गरी हिँड्दा अत्याचार छ रोकिने ।१९।

दायित्वबाट पन्छिन्छन् व्यक्तित्व नहुनेहरू
त्यो दलीय व्यवस्थाले गर्ला उन्नति के अरू ? ।२०।

माथिमाथि मिलेका छन् हजुरी छ मिलापमा
भ्रष्टाचार खिचातानी पार्नुपर्छ धरापमा ।२१।

जो दलीय व्यवस्थाका अगाडि लागिपर्दछन्
भ्रष्टमा छन् तिनै व्यक्ति सुशासन गुहार्दछन् ।२२।

मुखपत्र स्वयं बन्ने मान्छे यी किन आखिर ?
दायित्वबाट पन्छेर उठ्न सक्दैन मास्तिर ।२३।

छन् सार्वभौमसत्तामा दलहरू स्वतन्त्र छन्
नीतिमा हुन्छ बेवास्ता, स्वार्थमा सब मस्त छन् ।२४।

नागरिक हुँदा चेत सुशासन समाज हो
सबैका निम्तिको न्याय सत्ता हो सार्वभौम हो ।२५।

नीतिमा त्यो ठूलो हुन्छ अर्थ थप्ने हिसाबमा
छ भ्रष्टाचारको अंश छापिएको किताबमा ? ।२६।

खातैखात लुटेका छन् राजनीति छ नाउँमा
हुँदा दलहरू दोषी घात हरेक ठाउँमा ।२७।

छन् प्रतिनिधिका जाल जो राजनीतिमा गए
संसदीय व्यवस्थाका अग्रगामी तिनै भए ।२८।

देश चलाउने काम मुख बोल छ सारमा
नीतिगत कुरा गर्छन् लागू खै व्यवहारमा ? ।२९।

छन् व्यवस्थापिकाभित्र सदस्य दलभित्रका
नीतिनिर्माणका काम देखिँदैछन् विचित्रका ।३०।

ती सांसद बनेका छन् चुनावमा सरी अघि
बौद्धिक क्षमताभित्र बढे हुन्थ्यो यिनै अघि ।३१।

सुनेका छौँ समाचार ठुला दिवालियापन
राष्ट्रकर्म हटाएर भ्रष्टाचारी हुने मन ।३२।

कर्तव्यको अदेखामा कर्म बाहिर सर्दछन्
व्यक्तिको हितका लागि यी आत्मसात गर्दछन् ।३३।

जनताका कुरा सारा अलपत्र दबाबमा
प्रशासन दिशाहीन अहिलेको समाजमा ।३४।

प्रजातन्त्र भएको छ अविश्वासी यताउता
सामन्तपुत्र छन् सत्ता चढेका यी जतातता ।३५।

गणतन्त्र भनी कुर्ली मुखमा उर्लिने सब
अन्यायका महासेठ सत्ताका स्वाँठ रौरव ।३६।

विचार बलमा साक्षी नबनी भाग्दछन् पर
स्वार्थका सिउँदा आफ्ना भर्न छन् सब तत्पर ।३७।

घुसका झुस चेपेर झुसिल्किरा समाजमा
उपकारी भनी आफू तान्दैछन् अझ विघ्नमा ।३८।

अझ सामन्त छन् ज्यादा यी साम्यवादका शिर
काम छन् दामका दास ओठ छन् छल्न माहिर ।३९।

आफ्नै देश विनासेर गर्नेझैँ अघि सर्दछन्
अहङ्कार गरी ज्यादा सत्ता साम्राज्य भर्दछन् ।४०।

पुगी सत्ता यिनै भत्ता भारले ढाड भाँच्दछन्
भिखारी भाग खोसेर भोजका चाड नाच्दछन् ।४१।

गर्जना मुखका मीठा चाप्लुसे दिल स्वार्थका
विनाश दानवीजस्तो राज्य पारे अझै फिका ।४२।

चिप्ला शब्द छरी जित्छन् चुनाव चाड बन्छन्
लोलोपोतो घसी सारा जनका मन छल्दछन् ।४३।

मन्त्र मिठासका नारा मोहनीतुल्य छर्दछन्
सत्तामाथि चढी आफ्ना नाताकुटुम्ब भर्दछन् ।४४।

को होला खै बफादार देशलाई उठाउन
जनको छैन विश्वास दिशाहीन प्रशासन ।४५।

लिने काम छ जिम्मामा को जिम्मेवार बन्दछ
घुस खाने सबैलाई कारागार छ भन्दछ ।४६।

जनता छन् अँध्यारामा उज्यालो खै छ शक्तिमा
लुटी खाए चपाएर सत्ता पारेर हातमा ।४७।

बागडोर छ पाएको राज्य पार्छ धरापमा
हात्ती बनेर निस्केका सियो हुन्छन् सरापमा ।४८।

कर्मचारी बफादारी रहे उठ्नेछ देश यो
घात विश्वासमा गर्दा भूमि नै पछि पर्दियो ।४९।

देशद्रोही छ को भन्दा औंलो पुग्छ अरूतिर
आफ्नो दोष बताएमा जाने डर कतातिर ।५०।

सर्वोपरि हुनेले नै राष्ट्रको हित रोज्दछन्
राष्ट्रियता उचालेमा राज्यका पक्ष उठ्दछन् ।५१।

हो काम-कारवाही के आवाजमा उठाउने
व्यक्तिवाद हुनेलाई पाता कसी कुटाउने ।५२।

महत्त्वको कुरा गर्दा राष्ट्र अघि बुझाउने
राज्यप्रति बफादारी गर्नेजति जुटाउने ।५३।

राष्ट्रले हुन्छ मागेको एक आवाजका जन
माग पूरा भएदेखि सुसम्पन्न सबै मन ।५४।

चले हुन्थ्यो कुराकानी तुच्छ काम भए किन ?
छन् कारण यता धेरै भ्रष्टाचार हुँदा चिन ।५५।

एउटा मात्र छैनन् रे अनगन्ती हुँदै गए
कारबाही गरे हुन्थ्यो भन्ने जङ्गम नै भए ।५६।

अशिक्षा गरिबी बढ्नु भ्रष्टको मुख्य कारण
खोजी गर्दा बुझेका छौँ तत्त्व गर्दैन धारण ।५७।

अन्यायमा परेका छन् सोझासिधा र सज्जन
जमाना फेरिँदै आयो बढ्दो देखिन्छ दुर्जन ।५८।

केको सुधार गर्ने हो, के प्रशासनमा हुने
कुनै चासो नदेखाई अर्कामाथि कराउने ।५९।

को हो दायित्वमा बोल्ने व्यक्ति छन् र समेटिने
यो कप्टी चालले छैन राजनीति उकासिने ।६०।

स्वार्थीपन अँगालेका छन् प्रशासनमा कुरा
भुइँ छोड्न नसक्ने छन् चढ्ने इच्छा छ टाकुरा ।६१।

भए स्थापित ती नेता राष्ट्रभाव बुझ्ने कहाँ
आखिरीमा उठे हात स्वार्थ पूर्ति जहाँ-जहाँ ।६२।

बढी कारणमा हुन्छन् भ्रष्टाचार बढाउने
जो-जो छन् खिच्नुपर्नेमा तिनै अघि लगाइने ।६३।

सम्मिश्रण भए धेरै तत्त्व बन्छ ठुलो जुरो
तत्त्वको खोज गर्नेले भित्री पक्रन्छ त्यो चुरो ।६४।

जता हुन्छन् लथालिङ्ग भत्केका घरका चर
त्यहीँ नै बल्छ आक्रोश आगो भएर भर्भर ।६५।

घातीका मुटु खुर्केर पार्न पाए सबै सफा
उत्थानका सिँढी हुन्थे विकासका नयाँ दफा ।६६।

कहाँ के-के हुँदै जान्छन् पार्छन् उद्योग भानमा
छन् भ्रष्टाचारमा लिप्त खुल्छन् यी पहिचानमा ।६७।

जता धेरै भएका छन् ठाडा कान त्यतै बनून्
नियन्त्रण गरी सारा सुस्त-सुस्त सबै हटून् ।६८।

सानाठुला बुझ्केका छौँ त्यसैले त विभेद छ
मिलीजुली गरौँ हामी सबै सामु विशेष छ ।६९।

निर्मूल गर्न सक्नेछौँ शब्दभित्र छ सम्भव
नियन्त्रण सकेसम्म गरौँ जुटेर बान्धव ।७०।

अवस्थाको व्यवस्थाले भ्रष्टाचार हुँदै गयो
अशान्तिले जरा गाड्ने मेसो मिल्दा यसो भयो ।७१।

कुर्सीमोह हुँदा यस्तो ती चुम्बक फलामझैँ
प्रशासनिक पानामा शुद्धीकरण माग्छ नै ।७२।

मुलुकमा प्रजातन्त्र भए हुने सरोबर
प्रजातान्त्रिक फाप्नेमा व्यवहार धरोहर ।७३।

विकसित भए मात्र सुप्रशासनतन्त्र यो
नभए हुन्न क्यै आस्था पछि पर्छ स्वदेश यो ।७४।

वर्गानुसार के गर्ने अवस्था हुनुपर्दछ
नवीन गुणको आशा मनमा अनि सर्दछ ।७५।

अजम्बरी म नै जस्तो ढुङ्गोमाटो चपाउन
भ्रष्ट बन्दै गएका छन् सक्तैनन् यी अटाउन ।७६।

कस्तो विषम बेला हो के हो उल्झन यो ठुलो
एक-एक गरी चढ्ने सिँढी भयो कि साँघुरो ।७७।

बढ्दै आएछ आशङ्का घट्ने लाग्दैन व्यक्तमा
चतुऱ्याइँ छ बोलीमा भ्रष्टाचार छ काममा ।७८।

प्रशासन चलेका ती छन् संवेदनशीलमा
तन्त्रमन्त्र महायोग सबै कुरा विवेकमा ।७९।

धेरै व्यक्तिहरूका छन् कामभन्दा कुरा बढी
कागजी रूपमा शक्त हुनु मात्र भयो पढी ।८०।

चेतना व्यक्तिमा खोजून् गर्नेजस्तै गराउने
जिम्मेवार नबन्नेले के संयन्त्र चलाउने ? ।८१।

को-को औसरवादी छन् उठ्नुपर्छ कुरा त्यहीँ
बोलवाला हुने जो छन् चुट्नुपर्छ जहाँतहीँ ।८२।

चलखेल छ कुर्सीको प्रतिष्ठा-नामखातिर
अस्तव्यस्त बनेको छ देश हेर्दा सबैतिर ।८३।

कारक तत्त्वका पत्ता एकाएक कता उडे
अवस्था छ उही आज मात्र नौला कुरा गुडे ।८४।

कुरा मात्र उठाएर तातेको हुन्छ भक्तिले
नियन्त्रण गरे हुन्थ्यो राजनीतिक शक्तिले ।८५।

स्वार्थको ओइरो हाल्दै त्यसैभित्र हराउने
चौतर्फी छ यही चाला थोत्रा गाला बजाउने ।८६।

हुने असल नै बन्छन् खराब मनका कति
सुध्रेमा मात्र ती त्यस्ता बन्ने हो दिव्य ओखती ।८७।

यिनै सुधारका मान्छे सत्तामाथि पुऱ्याउन
चुनाव नै बनोस् सच्चा त्यस्तो घडी जुराउन ।८८।

जनता नै भई चङ्ख फुकौँ शङ्ख सुधारका
अनि यो देशका छट्टु बन्छन् आफैँ जुहारका ।८९।

फेरिए राज्यका व्यक्ति देशभक्त चुन्यौँ भने
यसरी देश यो बन्छ देख्छौँ अन्यत्रका बने ।९०।

बन्न सम्पूर्ण संयन्त्र निकै नै सोच्नुपर्दछ
बिगार्न खोज्दछन् को-को भ्कीरले घोच्नुपर्दछ ।९१।

भताभुङ्ग बनाएभ्कैँ बिग्रेको छ प्रशासन
जवाफदेही बन्नेले मात्र गर्छ सुशासन ।९२।

कमाएको नजोगाई भए को-को रमाउने
अनावश्यक छन् धेरै सङ्घसंस्था घुमाउने ।९३।

हातेमालो गरी सर्ने निधो हुन्छ यहाँ जब
लोभलालचले गर्दा तुहुन्छन् योजना सब ।९४।

लोलोपोतो घसाएर रूख चढ्न लगाउँछन्
स्वार्थ पूरा हुनासाथ फेदबाटै गिँडाउँछन् ।९५।

झोलाभित्र छ सर्जाम काम के हो कहाँ गयो
भ्रष्टाचार खुलेआम बेग्लै किसिमले भयो ।९६।

कार्यान्वयन गर्ने के निर्देशन दिने परी
कानुनको कुरामाथि बेवास्ता फितलो गरी ।९७।

समन्वय बनोस् राम्रो नहोस् कतै कुनै कमी
दोषमुक्त हुने काम राज्यमा होस् निकै गमी ।९८।

बुझ्नुपर्छ सबैले नै यो संवेदनशीलता
सबै सही बने मात्र देश हुन्न कसो कता ? ।९९।

सुध्रिन्नन् जहिलेसम्म नीतिकार हुनेहरू
अपाङ्ग हुन्छ यो देश अङ्ग पूर्ण गरौँ अरू ।१००।

कस्ताका हातमा सुम्प्यौँ कार्यपद विशेष छन्
चलेका छन् जथाभावी गल्ती गर्न तयार छन् ।१०१।

कस्तो ऐन बनायौ खै व्यवस्थामा चलाउन
दण्डहीन अवस्था छ सकेनौ नि हटाउन ।१०२।

राम्रो काम गरेकाले छ पुरस्कार पाउन
त्यही काम बिगारेमा सकोस् कानुन दाउन ।१०३।

मैदानमा छ निष्कर्ष व्यक्तिवाद नहून् कतै
को हो भरत खोज्छन् नै न्याय पाऊँ जतातत‍ै ।१०४।

देश उठ्ने अवस्थामा देखिँदैन अझै पनि
न्याय-कानुनको त्रास सर्वत्र हुनुपर्छ नि ।१०५।

जस्तो कर्म छ उस्तै होस् कर्मको फल बोटमा
निर्दोष ती मिसाएर पार्न हुन्न नि चोटमा ।१०६।

सभ्यतामा नहोस् ध्वंस हाम्रो संस्कार जेजति
राम्रो पूर्वीय संस्कार फुलोस्-फलोस् सकेजति ।१०७।

विश्वासमा नहोस् शङ्का देशद्रोह नहोस् कतै
राष्ट्रवाद सुतेको छ ब्युँझाऊ न जताततै ।१०८।

चोरडाका भए जम्मा सन्त होस गुमाउँछन्
एकातिर भए नाच अर्कोतिर रुवाउँछन् ।१०९।

नाममा राष्ट्रप्रेमी रे देशद्रोही छ कार्यमा
त्यस्ता घाती नहून् कोही भन्छन् मणि प्रचार्यमा ।११०।

सुझी-बुझी कमै लाग्छ विकासका कुरा ठुला
बेवास्तामा पुगी माथि लुकेका छन् पसी दुला ।१११।

त्यागको सोच नै छैन खोजेका छन् कमाउन
पुर्खाका देन बिर्सेर लागे मस्त रमाउन ।११२।

इमान्दार बनौं हामी सम्मान उच्च छाउँछ
बेइमान अघाएमा समाज लर्खराउँछ ।११३।

राष्ट्रभक्ति जगाएर राष्ट्रलाई उठाउन
अभियान छ जे मेरो गर्नबाट नरोक न ।११४।

कामले दिन्छ सम्मान किन मान गुमाउने
पत्रकार भए लोभी के पत्रकारिता हुने ।११५।

त्यो पत्रकार साथीले पत्रमार्फत जे भनोस्
जो पत्रकारिता गर्छ स्वयं कर्तव्यमा रहोस् ।११६।

पत्रकार भए सच्चा उठ्ने हो पत्रकारिता
इमानको उज्यालोमा बढ्छ विश्वास मित्रता ।११७।

व्यक्तिपछाडि लागेर पेसा पछारिने नहोस्
चौथो अङ्ग बनेको छ बुझ्ने व्यक्ति यता सरोस् ।११८।

अङ्ग-अङ्ग छुटाउने गर्ला कि शब्दहारले
प्रकाशमा नआएमा के बुझून् पत्रकारले ? ।११९।

सही के छ विचारेर कर्ममा सर्नुपर्दछ
आफ्नो अस्तित्व राखेर गाएमा चित्त भर्दछ ।१२०।

अधिकार हुँदै हुन्न हत्या गर्न चरित्रको
सयचोटि नसोचेमा नाम होला दरिद्रको ।१२१।

व्यक्तित्वले चले औँला होस् पत्रकार बन्धुमा
तरङ्गित हुँदै चुम्न स्वच्छ निर्मल सिन्धुमा ।१२२।

पेसा इमानको गर्दा छ राम्रो पत्रकारिता
स्वार्थ कत्ति नराखून् है बन्दैमा दूरदर्शिता ।१२३।

नारा बनोस् सधैँ राम्रो ऊ पत्रकार नै नहोस्
खान-लाउन जस्तो होस् पेसा पछारिने नहोस् ।१२४।

बिचल्लीमा हुने काम कसैबाट हुँदै नहून्
जिम्मेवारी सकेसम्म पूरा गर्न वरै रहून् ।१२५।

उच्च होस् गरिमा आफ्नो भन्नेमा जानुपर्दछ
सत्य-तथ्य बुझी सारा होस् कस्तो छान्नुपर्दछ ।१२६।

कामले नै अघाएका छन् पत्रकारिता कति
सम्झनामा नआएको कहाँ हो र भनेजति ।१२७।

गरून् उत्पात जे-जस्ता सुध्रियून् राष्ट्रखातिर
बोल्ने जङ्गमजस्तो होस् हुने छैन कुनै पिर ।१२८।

जानेर या नजानेर आहा ! यो हुन्न काममा
जवाफ दिन सक्नेछौँ नबिके हुन्छ दाममा ।१२९।

पेसाप्रति बफादार पेसावाल बनी रहून्
गल्ती औँल्याउनैपर्छ नाइँनास्ती कतै नहून् ।१३०।

धान्ने जीवनको मात्र पैसा हुन् यी विचारमा
हो जागिर लगाएको व्यक्ति कस्तो छ प्रश्नमा ? ।१३१।

दिने-लिने दुवै हुन्छन् सहयोगी बनोस् मन
बफादार ठुलो हुन्छ व्यक्तिको दिल धड्कन ।१३२।

चोखो-चोखो बनौँ भन्ने मन जन्मिदिएपछि
रोकिन्छन् त्रुटिका काम ती औँला ठडिएपछि ।१३३।

सम भाका सबै खाका मान्छेभित्र रहे स्थिर
स्वच्छ समाजका ढोका खुल्दै जान्छन् सबैतिर ।१३४।

पैसा र पदका लागि काम गर्ने भए सुर
जान्नुपर्दछ त्यो मान्छे हो सच्चा महिषासुर ।१३५।

पैसापछाडि लाग्ने को ? सोच्दा हाम्रो विचारमा
नीति-न्याय कुनै हुन्न अरू पार्छन् प्रभावमा ।१३६।

एकापट्टि छ यो स्वार्थ अर्कोपट्टि छ जागिर
लुट्न खोज्दा नसक्नेले मान्दैछन् त्यसकै पिर ।१३७।

राष्ट्रवादी छ सोचाइ गराइमा छ के हुने
चित्तमा बस्न सक्दैन बस्नेजस्तो बने हुने ।१३८।

पेसागत छ आफैँ नै त्यसकै घात गर्दछ
सफाइ दिनुपर्दामा सोध्नेलाई हकार्दछ ।१३९।

छन् ती प्रेरित कोबाट छुट्टिन्छन् है स्वभावले
साथ पाउन्न जित्दिन्छ अविश्वासी प्रभावले ।१४०।

अहङ्कारी बढी हुन्छन् बन्दा यी धनका पति
चाकरी-चाप्लुसी खोज्छन् यिनकै हुन्छ ज्यादती ।१४१।

कर्मचारी सबै खोज्छन् संस्था क्यै हुनुपर्दछ
नजानेर नहून् काम विचार उठ्नुपर्दछ ।१४२।

एक-एक खुलेका छन् सङ्गठन जताततै
अधीनमा हुनै हुन्न स्वयम् संस्था कुनै कतै ।१४३।

बाहिर खोलिऊन् सङ्घ हुन् कार्यालय काममा
कार्यालय नहून् त्यस्ता नीतिका छलछाममा ।१४४।

काम देखिन्छ अड्डाको टेबलमा छ बोर्ड जे
कर्तव्य कर्मचारी के ? त्यो सङ्गठन बुझ्छ के ? ।१४५।

कर्मचारी सबै लागून् कार्यालय प्रबन्धमा
छन् सङ्गठन जे-जस्ता नबगून् निसरङ्गमा ।१४६।

जनको मन जित्ने को ? प्रश्न यो लाजमा रहोस्
खोल्ने ठाउँ विचारेर सङ्घलाई जगाइयोस् ।१४७।

होओस् काम जरैदेखि कर्मचारी तिमी भन
सेवाग्राही पुगेका छन् सेवा दिने बनोस् मन ।१४८।

सकेसम्म खुलेआम गल्ती काम कतै नहोस्
रोक्ने कर्तव्य हो हाम्रो चेतना यसतर्फ होस् ।१४९।

चसक्क मुटुमा बिभ्भने नहोऊन् सबका मति
भ्रष्टाचार भएको छ ठाउँ-ठाउँ कहाँ कति ? ।१५०।

बेजवाफ भएको छु भिन्न-भिन्न सुने हुने
भ्रष्टाचार कहाँ हुन्छ भनी प्रश्न उठे हुने ।१५१।

काम-कर्तव्यको खात असरल्ल छ देशमा
कर्मयोगी भए व्यक्ति दाग लाग्दैन भेषमा ।१५२।

हानथाप गरेका छन् पछि पर्छु कि सानमा
नारा व्यापक छन् उठ्ने स्वार्थका अभियानमा ।१५३।

सत्ताभित्र बसी आफैं दोष देख्नु भयो बढी
कारबाही गरे हुन्छ नीतिसाथ कडाकडी ।१५४।

बुद्धिमान् छन् सबै कर्म बुद्धिले अघि सार्दछन्
काम गर्दछ पैसाले आफूकै तर्फ पार्दछन् ।१५५।

सम्मान विद्वत्ताको होस् सबैको चाहना हुने
व्यवहार छ अर्कैको पैसाभित्र नचाउने ।१५६।

सङ्घसंस्था कहाँ बोल्छन् बोल्ने मानिस मौन छन्
प्रलोभन छ पैसाको रित्ता झोली घुमाउँछन् ।१५७।

विधान खोज्नमा लागौं के-के छ त्यो विधानमा
त्यो सामाजिक संस्था नै विशुद्ध छैन काममा ।१५८।

चल्नु छ गैरनाफामा त्यो चलाइन्छ दाममा
छन् व्यवसाय त्यस्तै नै व्यवसायी छ नाममा ।१५९।

सङ्घसंस्था भए कस्ता धन्दा त्यस्तै भएसरि
विशुद्धपनमा ल्याए सुखशान्ति घरैभरि ।१६०।

भन्दछन् जनतासामु देशको आय बढ्दछ
मूल्याङ्कन गरी हेर्दा धुरीमा व्यक्ति चढ्दछ ।१६१।

गन्तव्यमा नपुग्नेले कार्य रोज्छन् बडा-बडा
विदेशीको इसारामा नाचेर भर्दछन् घडा ।१६२।

खेती डलरको गर्ने काम होस् हडतालको
भ्रष्टाचार अविच्छिन्न यात्रा छ अविरामको ।१६३।

चल्यो व्यापार शिक्षामा लिइन्छ शुल्क जेजति
त्यो उत्पादन देखिन्न गुणस्तर घट्यो अति ।१६४।

दिशाहीन नहोस् यात्रा शिक्षाविना धमाधम
काला अक्षर पैसाले सेता पार्ने बढ्यो क्रम ।१६५।

काम गर्ने भए बीस हाजिरमा पचास छन्
यस्तै कारणले गर्दा विद्यार्थी यी हतास छन् ।१६६।

आवाज एक होस् हाम्रो जो नै सर्कारमा पुगोस्
सार्वजनिक शिक्षामा छल्ने काम हुँदै नहोस् ।१६७।

पेवा होइन यो देश अधिकार जमाउन
बन्नुपर्छ इमान्दार आफूभित्र रमाउन ।१६८।

निजी हून् या त हून् सारा सार्वजनिक उद्यम
कर्मक्षेत्र भए हुन्थ्यो सर्वव्यापी हुने दम ।१६९।

देशवासी सबै एक भन्न ओठ कँपाउने
कति छन् राष्ट्रमा मान्छे रोग-शोक जगाउने ।१७०।

आशाभित्र मरेका छन् धेरैतर्फ स्वदेशमा
निःशुल्क नै भए हुन्थ्यो शिक्षा सर्वत्र देशमा ।१७१।

अन्धतुल्य हुँदा सत्ता स्वयं को हो चिनिन्न नै
जन्म-मृत्यु ढिलो-चाँडो हुने गर्छ रहन्न नै ।१७२।

छौँ सुनिश्चित घेरामा अनुशासनमा बसौँ
भ्रष्टाचार गरी हिँड्ने सबै मास्न घुँडा धसौँ ।१७३।

अघिल्ला दिनमा होऊन् काम जत्ति भए पनि
भोलिपल्ट कहाँ जानु कार्यालय भनी-भनी ।१७४।

ठोक्छन् हाजिर आजै ती भोलिपल्ट बसे भयो
यस्तो चाला रहेदेखि देशको स्थिति बिग्रियो ।१७५।

कामभन्दा ठूलो दाम भन्ने कोही भए सुनौँ
फेर्ने आदत कस्तो छ सक्छौ फेर्न यसै गुनौँ ? ।१७६।

महिनौंतक पर्दैन श्रमीको श्रम हातमा
के विकास यता खोज्छौं हुन्नन् भास्कर रातमा ।१७७।

व्यभिचार दुराचार भ्रष्टाचार चराचर
हो कि झैँ लाग्न थाल्दैछ के बन्छन् दीनका घर ।१७८।

सत्ता सामन्तका साथ भत्तामा लुट्पुटाउने
अनि के बन्छ यो देश व्यक्ति छन् छट्पटाउने ।१७९।

राष्ट्रको हित चाहेर लड्ने हो राष्ट्रखातिर
कर्तव्यमा नलागेमा राष्ट्र लम्किन्न मास्तिर ।१८०।

चाहेमा वस्तु जुट्नेछ जुटाउने बनौं अब
हाम्रो नेपाल राम्रो होस् हून् काम सबका सब ।१८१।

आहा ! नेपाल बन्नेछ काम राम्रो भएपछि
अघि हुन्छ सदाचार अन्तर्मन सरेपछि ।१८२।

भिड्ने भिडाउने हुन्छ यस्तो कुरा परै रहोस्
अन्यायका कुरामाथि बेला छँदै विचार होस् ।१८३।

महत्त्वभित्र अर्को छ बाझिँदैछन् कुरा अनि
देशले थाम्न सक्दैन जाओस् सङ्घीयता पनि ।१८४।

सत्यवादी बनून् पूर्ण न्यायाधीश जहाँतहाँ
सत्यतथ्य बुझे हुन्थ्यो मिल्न सक्ला र त्यो यहाँ ? ।१८५।

अदालत बुझोस् मुद्दा पक्ष-विपक्षमा किन
जस्ता वकिल बस्दैछौँ त्यस्तैमा गुज्रिए दिन ।१८६।

न्यायाधीश हुँदा दक्ष विश्वासमा बढोस् मन
योग्य व्यक्ति टिकाएर स्तर माथि उठून् जन ।१८७।

आचारको कुरा गर्ने विचार त्यो समान होस्
नीतिशास्त्र बनेजस्तै आचारसंहिता बनोस् ।१८८।

हून् स्थापित सकेसम्म लागू गर्ने कुराहरू
सुधार गर्न खोज्नेमा थपियून् है अझै अरू ।१८९।

प्रदूषण बढेकाले रोगव्याध यसैसँगै
ध्यानाकर्षण होस् भन्दै मणि कुद्छन् घडीसँगै ।१९०।

भोक निद्रा र पीडामा ग्रस्त देखिन्छ जिन्दगी
अभिभारा जता हुन्छ त्यो नै पर्दैन खै अगि ।१९१।

छन् जे मुहान पानीका प्रदूषित भए भने
त्यस्तो सेवन गर्नेमा स्वस्थ खै को कता बने ? ।१९२।

एकताले बने माला जनभाव विकासको
हुने पक्का धरा हाम्रो छ प्रदूषणमुक्तको ।१९३।

जताततै कुरा चल्छ विधेयक र नीतिको
कर्मचारी हुँदा दोषी हुँदैन काम रीतिको ।१९४।

राजनीतिक नेताको झैं प्रशासनतन्त्र यो
शिरपाउ सबै पार्टी भाषा बुझाउने भयो ।१९५।

लोकतन्त्र जसै आयो जनविश्वास घातमा
संरचना गयो भन्छन् नेताको हातहातमा ।१९६।

कार्यविधि छ कस्तो के सबैसामु पछारियो
नेतामुखी हुँदा काम उद्देश्यमा लछारियो ।१९७।

भताभुङ्ग भए काम लथालिङ्ग छ शासन
वैचारिक व्यवस्थाको फल खाने छ भाषण ।१९८।

निर्दोषका अपेक्षामा दोषीहरू नचाउँदा
बिथोलिँदैछ निर्माण थोत्रो गाला बजाउँदा ।१९९।

सरकार सबै अङ्ग काम गर्न अनेकन
लक्ष्यमा पूर्ण देखिन्नन् असन्तुष्ट बने जन ।२००।

मुख्य अङ्ग हुनेमध्ये जनप्रतिनिधित्व हो
नीतिनिर्माण गर्नेमा शुद्ध एक विचार हो ।२०१।

सरकार गरोस् आफैं नीतिनियम सिर्जना
प्रयोगात्मक होस् सारा हेरोस् ती सबै योजना ।२०२।

सञ्चालक स्वयं हुन् ती सञ्चालनसँगै जुटून्
निर्वाचित भएका छन् नीतिनिर्माणमा खटून् ।२०३।

हाम्रो मुलुक राम्रो होस् अन्य देश सराबर
सच्चा सेवक पाएको अनुभूति बराबर ।२०४।

सरकार बनी अङ्ग नीतिनिर्माण गर्दछ
राजनीति ठुलो शक्ति तहल्का पिट्न सक्दछ ।२०५।

नीतिलाई चलाएका विचार छन् विमर्शमा
प्रशासनिक संयन्त्र नहोस् स्वार्थ सहस्रमा ।२०६।

निर्वाचन गराएर आए जो अधिकारले
तिनैसामु अविश्वास जाग्दछन् ती निराशले ।२०७।

प्रतिनिधिसभा चल्छ प्रतिनिधित्व खर्चमा
फेरिँदै गर्दछन् नेता हरेक पाँच वर्षमा ।२०८।

गरे राम्रो कुनै काम आउने हो प्रकाशमा
विकासोन्मुख यात्राले आभा छरोस् न खासमा ।२०९।

हो सरोकारवाला को चिनिने काम के गरे
पाँच वर्ष गरे के-के ? चुनावी सूचीमा परे ।२१०।

निर्माणकार्य देखेमा पर्यावरण हाँस्दथ्यो
जालको झेलको काम सदैव दूर सर्दथ्यो ।२११।

चुनाव हुन्छ के कस्तो प्रतिनिधि भए ठुला
सरकार बदल्नैछ सुझावका कता कुरा ? ।२१२।

सक्षमसाथमा उठ्दा स्वयंभित्र भिडिन्छ र ?
प्रशासनिक संयन्त्र वर्ष पाँच तुरिन्छ र ? ।२१३।

मूल्याङ्कन गरी दोषी कर्मचारी जिलाउने
कार्यान्वयन होस् पूरा भरोसा नै दिलाउने ।२१४।

साझा देश रहोस् हाम्रो काम खोज्ने भयो मिति
बदलेर स्वयंलाई बदल्नुपर्छ बेथिति ।२१५।

बेग्लाबेग्लै गरून् काम छ कार्ययोजना भनी
पैसा मात्र नहोस् खर्च कर्मचारी गनी-गनी ।२१६।

एकको नाम बेचेर अर्को हुन्छ प्रभावित
खाओवादी बढेकाले आइलाग्दैछ सङ्कट ।२१७।

त्यो भ्रष्टाचारको चक्र फेर्ने समयचक्रले
गल्ती नहोस् कतै केही जे गर्छन् देशभक्तले ।२१८।

नवीन रूपका काम नवीनता हुँदै गए
प्रभावकारिता बढ्छ ती कार्ययोजना भए ।२१९।

घुससंस्कार छाडौँ न प्रलोभन नहोस् पनि
जनउत्थानका निम्ति लड्नै परे लडौँ पनि ।२२०।

जत्था यी सब फालेर निष्कलङ्की चुनावमा
उठाए उठ्छ यो देश अति उच्च स्वभावमा ।२२१।

हावभाव नचाइन्छन् प्रतिस्पर्धा सफा भए
दक्षका मनमा देश पार्दिने खै कता गए ? ।२२२।

न चाहिन्छन् कुनै नारा न तामझाममा धन
विश्वमानवले गर्छन् यसकै दिलगुञ्जन ।२२३।

पार्टीहरू लगाएर खेदो खन्छन् विधानमा
दुरुपयोग धेरै छन् प्रस्ट्याऊन् संविधानमा ।२२४।

हेलचेक्र्याइँ गर्दैछन् खाओवादी भनाउँदा
मौकाको फाइदा लुट्ने पार्टी नै मुखमा हुँदा ।२२५।

प्रतिनिधिसभा फ्याट्टै गरी रद्द उकासिने
गर्छौं प्रयोग हामीले भन्दै विध्वंस छाइने ।२२६।

तत्कालीन बनी आए सरकार छ बाहिर
यो संविधानको धारा उपेक्षा गर्न हाजिर ।२२७।

संवैधानिक धारामा सङ्कष्ट भो जताततै
काँधमा काँध राख्दैनन् सुन्दर देश हुन्छ खै ? ।२२८।

उपेक्षित थिए नेता संविधान कता गयो
उचालेर सबै नारा पछारिन्छ बुझाइयो ।२२९।

पार्टी हुन्छ उँधोपट्टि नेता राखी उँभोतिर
कमजोर अवस्थाले पार्टीभित्र ठूलो पिर ।२३०।

नीति-नियम हो हाम्रो तेरो-मेरो हुँदैन है ?
एकातिर छ यो भाषा अर्कोतिर छुँदैन फैँ ।२३१।

संविधान यता धारा दुरुपयोग ती किन
छन् संविधानका धारा निर्देशन गरून् दिन ।२३२।

दलहरू कुनै बेला सत्ताभित्र र बाहिर
आफ्ना विचारमा खेल्थे देखिन्थ्यो द्वैध तस्बिर ।२३३।

त्यस्तो बेला हुँदा भन्थे यिनै भरत जङ्गम
संविधान बनोस् देश सुधार्ने मुख्य माध्यम ।२३४।

अगाडि पर्दछन् जान्ने ठूलो सदुपयोग हो
दुरुपयोगमा धारा सर्दछन् कमजोरको ।२३५।

राष्ट्र-उत्थानका नारा सर्वत्र मुखले दिने
छ कार्यालयको लक्ष्य कर्मचारी उकासिने ? ।२३६।

भ्रष्टाचार जगाएर व्यक्ति बन्दछ वाहक
चुक्ली सुन्ने कुरै हुन्न सबै मान्छन् अनाहक ।२३७।

देख्न सक्तैन आँखाले भावनाका कुराहरू
भ्रष्टाचार उठेका छन् मुखमा छन् भुराहरू ।२३८।

अनुहार भए ग्रस्त पोसाक खै त भावुक
व्यवहार हुँदै हुन्नन् भ्रष्टाचार निवारक ।२३९।

सुनेर काम तर्सिन्छ उत्पात गर्न माहिर
सफा काम गरी आफू उठेको हुन्न मास्तिर ।२४०।

धक्का-धम्की भए हुन्छन् घम्साघम्सी यता कति
जे भए पनि सुध्रिन्नन् थपिन्छन् अझ ज्यादती ।२४१।

नीति औं काममा हेरौं व्यक्ति नैतिक हो कति ?
बुझ्नेभन्दा नबुझ्ने छन् सुध्रियून् तिनका मति ।२४२।

अविश्वासी व्यहोराका सय हजार लाख छन्
गर्न लायक विश्वास छन् त असाध्य न्यून छन् ।२४३।

अत्याचार बढाएर अन्याय उठ्न सक्दछ
उखेलेर नफालेमा विश्वास लुक्न सक्दछ ।२४४।

राष्ट्रियता सबैको हो बन्नुपर्दछ साधक
हराउनुपरेको छ बेइमान विचारक ।२४५।

चन्दाको दाउ पार्नेले धन्दा गर्न सकेजति
बायाँतिर लुकी आफू रित्तो गोजी भरे त्यति ।२४६।

कति आइसकेका छन् नाम माथि गराउने
लौरो माथि उठाएर चाहना नभमा छुने ।२४७।

औंलो उठ्दछ निर्धोमा बलिया शक्ति बच्दछन्
एकान्तमा बसालेर स्वार्थी भाव रचाउँछन् ।२४८।

निधारमा चिनो हुन्न छ को सज्जन-दुर्जन
सबै भ्रष्ट छँदै छैनन् हुन्नन् ती मानमर्दन ।२४९।

शक्तिको नाप नापेर जो भ्रष्टाचार गर्दछन्
अन्याय र अविश्वास सजिलै हात पार्दछन् ।२५०।

जहाँ खेलो छ पैसाको तारा गन्दछ रातको
थुकेको थुक चाटेर त्यही निस्किन्छ घातको ।२५१।

शासक व्यक्ति को हुन्छ ? जसले गर्छ शासन
शक्ति प्राप्त हुनेले नै भ्रष्टको ताक्छ आसन ।२५२।

जसले रोक्नुपर्ने हो दुराचारी छ ऊ बढी
गर्जन्छन् सिंहझैँ स्वाँठ अग्ला आसनमा चढी ।२५३।

माथिबाट बगेको छ बाढ दुर्भावको झरी
कमाए कतिले पैसा तिनकै आडमा परी ।२५४।

हुन्न नक्कल सानाको ठुलाले जे गरे पनि
त्यस्तो प्रभाव पर्दिन्छ व्यर्थ हो भ्रष्टको जुनी ।२५५।

तहमा हुन्छ माथिल्लो कुम्ल्याउनेछ दाउ त्यो
कस्तो व्यक्ति कहाँको हो भ्रष्टाचारी चिनिन्छ जो ।२५६।

राम्रो प्रवृत्ति होस् हाम्रो राम्रै हुन् सबका मति
त्यस्तो चाह सबैभित्र भए हुन्थ्यो कि उन्नति ।२५७।

हुन्छन् हाकिम कुर्सीमा बाँकी सबै गए कता
काममा नभए त्यस्तो गुनासा हुन्नथे यता ? ।२५८।

गरे हाकिमले काम सुध्रन्छन् तलका पनि
सबै सुध्रे कहाँ हुन्थे चिन्तामा जनजीवनी ? ।२५९।

शिक्षाको शक्तिले जित्दा व्यापार जुर्मुराउँछ
स्वदेशी उपभोक्ता छन् व्यापारी जग्मगाउँछ ।२६०।

स्वच्छ समाज नारा हो भ्रष्टाचार हटे उता
जिन्दगानी सबै हुन्थे आहा ! ओहो ! जतातता ।२६१।

स्वभावभित्र दुर्भाव राज गर्न सरे भने
छन् जो नैतिकवान् व्यक्ति अनभिज्ञ त्यसै बने ।२६२।

कर्मचारी भए शक्ति भक्ति जुट्छ समग्रमा
स्वार्थको काँध थापेर नपरून् मतिभ्रष्टमा ।२६३।

कुर्सीको खेलमा हुन्छ मन्त्री हतार बन्नमा
भित्रैदेखि कडा हुन्छ घाती स्वभाव छान्नमा ।२६४।

राष्ट्रियता खसेको छ राष्ट्रभक्त विचारमा
भ्रष्टाचार छ संस्थामा देखिन्छन् व्यवहारमा ।२६५।

कडा मन्त्री खडा अस्त्र झन्डा आफैँ किनार छ
निद्रा भोक भयो पैसा देश लुट्नै हतार छ ।२६६।

मन्त्री चलाखमा एक कर्मचारी समान छ
मन्त्रालय पुगी बुझ्दा चौतर्फी स्वार्थ सान छ ।२६७।

परी सामु चरी बन्दै भ्रष्टका लाम-लाममा
कर्मचारी बिकेका छन् मदिरा मासु भातमा ।२६८।

राष्ट्रसेवकका चित्त झाडिए भ्रष्ट चालमा
दुराचारी खुराफाती मच्चिन्छन् जालझेलमा ।२६९।

न्याय विरोधका भ्रष्ट जिब्रा जवान चल्दछन्
सारा भ्रष्ट भई प्रस्ट उज्याला धार छल्दछन् ।२७०।

योजना बन्छ-बन्दैन कल्पनाले झुलाउँछन्
छन् संस्थागत नै जात्रा गल्ली-चोक कुदाउँछन् ।२७१।

सामूहिक गरे काम कुम्ल्याउने भए जति
यस्तै रूप बनाएर अन्धकार बढ्यो अति ।२७२।

चाल आर्थिकको हुन्छ चलाउने पछाडि छन्
हुन्न विकासको काम विनाशमा अगाडि झन् ।२७३।

भ्रष्टाचार बढेको छ कर्तव्यमा खसालिए
विकास पर्छ छायाँमा विनाश झन् उचालिए ।२७४।

कैयौँ सम्भावना हुन्छन् जुट्छन् सम्भव के कति
अभावका बुटा सिँच्ने सामर्थ्यमा जुटोस् मति ।२७५।

हुन्छन् आकाशमा तारा गन्तीमा छन् कुनै-कुनै
त्यस्तै जङ्गम उत्रेको नमुना छ पलासँगै ।२७६।

मानापाथी उचालेर मुठ्ठी कस्न म सर्दिनँ
मणितुल्य बनेका छौं सुनको लोभ गर्दिनँ ।२७७।

स्वार्थको खोइरो खन्छौं भिड्छौं बनी सुधारक
भ्रष्टाचार पछार्ने छ उद्देश्यमा लियौं हक ।२७८।

आर्थिक रूपमा लम्के भ्रष्टाचार गराउने
रोकथाम हवस् भन्दा भयो सर्वत्र छाउने ।२७९।

बाटो छिचोल्न धेरै छ काँडाघारी जतातै
कान खुलून् सुनून् केही भ्रष्टाचार नहोस् कतै ।२८०।

सम्भावना यता हुन्छन् कार्यकर्ता गए कता
छैन विकासको काम खै त भन्ने बढे यता ।२८१।

खिइएका सबै डुङ्गा तार्दा आफैं हराइयो
चढ्ने बनेर जो आए माझी नाम चलाइयो ।२८२।

जिज्ञासा छन् यता केही कुरा उठ्छन् दबाबमा
नगर्ने के र गर्ने के मानिसैका स्वभावमा ।२८३।

कुशील चेतका व्यक्ति स्वार्थीपन अँगाल्दछन्
खै मान्छे छ र को लाग्ने नियुक्तिमा अगाडि छन् ।२८४।

नक्कलै यी गरे हुन्थ्यो जो छन् असलमा कतै
चुम्ने खराबका चित्त हुँदै नहून् जतातत्तै ।२८५।

आकर्षक हुने हुन्छन् खराबी खल खाडल
तिनै टिप्छन् यता सत्ता कुर्सी बनेर पागल ।२८६।

माथिबाटै झरेको छ स्वार्थको विष छप्छपी
खाए स्वार्थ सुते स्वार्थ निद्रामा स्वार्थ झप्झपी ।२८७।

सत्ता श्रीमान् भए स्वार्थी पत्नीका काँध चर्किए
स्वार्थका डाडुमा गाँस स्वार्थकै भाग पस्किए ।२८८।

चिन्ता चिन्ता सधैँ चिन्ता गर्ने चिन्तन हो बढी
कुनाकाप्चा समेटेको उन्नतिको कथा पढी ।२८९।

मानौँ माटो बन्यो स्वार्थी स्वार्थमाथि छ पत्थर
बढ्दा संसारमा स्वार्थी के होला र दिवाकर ? ।२९०।

सत्ता कुर्सी अझै भ्रष्ट थुप्रन्छन् तिनमा धन
नहुने सबमा हुन्छन् दिलका दिल क्रन्दन ।२९१।

हुने नहुनुका बीच साँध अग्ला भए मन
धनी पहाड अग्लन्छ खिइन्छन् गरिबी तन ।२९२।

असमान भए खाल्डा भरौँ भोक यसै जुनी
सङ्घर्ष मुखका ज्वाला पर्छन् दमनका मुनि ।२९३।

हच्के होलान् कतै कोही हच्किने क्रममा हुने ?
खपेर दर्दका ज्वाला छन् व्याप्त शक्तिमा रुने ।२९४।

तिमी आफैँ अझै छौ नै यति कञ्चन तापनि
नदेखिने कतै छौ कि शङ्का लाग्छ अझै पनि ।२९५।

जम्मै ब्वाँसा हुँदा कोही मृग के बँच्न सक्छ र
यसैकारण यो शङ्का ममा के हुनु हुन्न र ? ।२९६।

लोभमोह बढेकाले अनेक प्रश्न सर्दछन्
अपाच्य छन् कुरा आफैँ 'मणि' हुङ्कार गर्दछन् ।२९७।

उतापट्टि अँध्यारो छ बत्ती बल्छन् सधैँ यता
संसार घुम्न आँट्नेले बुझ्दैनन् म गएँ कता ।२९८।

शब्दमा भाव देख्नेले दुर्भाव छर्न थाल्दछन्
धर्मको गान गाएर कुधर्म यी अँगाल्दछन् ।२९९।

परिवेश सबैको छ मनोभाव छुमन्तर
विधाता दृष्टिमा हुन्छ सृष्टिमा हुन्न अन्तर ।३००।

राम्रो सङ्गत गर्ने हो राम्रै कर्म समात न
होस् सोधखोजमा भन्दै स्वयं जालो नथाप न ।३०१।

कुम्ल्याई धनका थैला छोरानाति भरी-भरी
घैँटोभित्र भरी सत्ता लात हान्छन् घरीघरी ।३०२।

कर्मको फल खानेले मर्म-चोट सहन्छ नै
लोभमा लिप्त जो हुन्छ लिप्लिपे ऊ रहन्छ नै ।३०३।

छली कानुनको आँखा पुग्दछन् अख्तियारमा
साला-भान्जा ठडिन्छन् यी सम्बन्धित निकायमा ।३०४।

पैसाको मोह घन्किन्छ पैसाकै मच्चिने पिङ
पैसाको भोक कस्तो हो खाएर उम्रिने सिङ ।३०५।

प्रस्टवक्ता बने हुन्छ बदल्छौ भेष यी किन
सरकार छ यो तिम्रो घोच्ने जङ्गमका मन ।३०६।

गर्जना हुन्छ आफ्नो जे पर्याप्त हुन्छ भागमा
लुट्नसम्म लुटेका छन् न्यायको म छु मागमा ।३०७।

पैसाको खेल खेलेर पैसा बनेर चल्दछौ
त्यागनुपर्ने थियो लोभ छौ आकर्षक ढल्दछौ ।३०८।

म नै गर्दछु हुङ्कार नुनको साथमा गुन
ओहदामा भए मात्र लुक्दो रहेछ कानुन ।३०९।

चोरको पथमा लागे साधु सम्झिन्न त्यो जन
राष्ट्रको धन खाएर डुक्रिने कति छन् मन ? ।३१०।

हात पार्न छ खोजेको नपाओस् लात त्यो तन
कर्ममा चिप्लिने मान्छे स्वयं पर्दछ बन्धन ।३११।

अपराध जहाँ जस्तो मिलाएपछि मिल्दछ
यता पुलिस छन् हाम्रा भन्दा औचित्य जिल्ल छ ।३१२।

नीति सिद्धान्त राम्रा छन् अपराध अनेक छन्
पैसाको तेज आँखामा परे लाग्ने अशेष छन् ।३१३।

उम्रिन्न बीउ राम्राको बेला छ लुटतन्त्रको
जुटाउने-फुटाउने पालो छ मूल मन्त्रको ।३१४।

बिराला भित्र छिर्दैछन् बाघ बनेर निस्किन
सरकार भयो हात ठूलो भाग छ पस्किन ।३१५।

अन्याय र अनाचार देशभित्र मडारिँदा
शान्त बस्दैन आत्मा त्यो राष्ट्रियता पछारिँदा ।३१६।

यो मेरो मन दुख्दैछ जङ्गमसाथ भैदियौ
तिम्रै हुङ्कारले गर्दा आत्मा सन्तप्त पार्दियौ ।३१७।

छक्कापन्जा भए काम पैसा प्रशस्त जुट्दछ
मिची कानुनका ठेली धनसम्पत्ति लुट्दछ ।३१८।

प्रजातन्त्र जसै आयो हर्ष-उल्लास झल्कियो
होला मुलुक के-कस्तो, यो नै सर्वत्र सल्कियो ।३१९।

राजनीतिक छायाँमा उँचो अस्थिरता थियो
त्यो भ्रष्टाचारले खायो स्थिरता नै निचोरियो ।३२०।

विकासको थियो मेसो एकाएक गयो कता
व्यवस्थाका सबै पाना छैनन् लागू जतातता ।३२१।

जस्तो अस्थिर सम्बन्ध राजनीतिसँगै भयो
छ भ्रष्टाचारको खेला देश झन् भासिँदै गयो ।३२२।

गर्छ अस्थिरताले नै भ्रष्टाचार उठाउने
बढावा दिन सर्दैछन् विकास शून्यमा हुने ।३२३।

बहुदलीय होस् हुन्थ्यो जनको माग यो बढी
आहा ! देश छुँदै छैन भ्रष्टाचार उँभो चढी ।३२४।

अविश्वास बढेको छ संयमित भने पनि
व्यवस्थाप्रति विश्वास त्यसैले त घटे अनि ।३२५।

सबका साथमा साथ सबै उद्देश्यमा जुटौँ
यो अस्थिरपनादेखि हामी दूर बनौँ, छुटौँ ।३२६।

एकमा एक जोडे पो दुई हुन्छ कुनै कण
जङ्गमभित्र सङ्ग्राम छ हुङ्कार हुने क्षण ।३२७।

चुनावका सबै बाचा जिते खाए कपाकप
दिउँसै यी हुने नेता भट्टीभित्र झपाझप ।३२८।

नालनाता लगी प्याई रिसोर्टमा भई झुम
यस्ता नेता हुँदा हुन्छन् ठप्प राष्ट्रिय उद्यम ।३२९।

झोला बोकेर हिँड्दैछन् नेताको बलमा कति
नजागी जनता हुन्न अनाचार भयो अति ।३३०।

अपराध अनेकौं छन् भोग्दछन् जन दैनिक
औंलो ठड्याउने मान्छे भए जङ्गम नैतिक ।३३१।

विश्वासका सबै अङ्ग सच्चाइका धरोहर
बेइमानी गरेकाले मानिन्नन् ती मनोहर ।३३२।

खाली खुट्टा हिजो हिँड्थे बग्थ्यो रगत तर्तर
चिल्ला कार घुसे आज यिनका यी सबै घर ।३३३।

तितेपाती थिए झुप्रा आज महलका पति
खल्ती रित्ता थिए अस्ति अरबौं आज सम्पति ।३३४।

यिनै खराबमा जङ्गी उफ्रे जङ्गमका जङ
सुन्ने झस्केर छल्दैछन् फेर्दैछन् यिनले रङ ।३३५।

जनता मार खाँदैछन् व्यक्तिवाद हुँदा वर
चुनावमा यिनैलाई नलागोस् लालमोहर ।३३६।

दबाबभित्र घोटाला गर्ने ठूलो बजार छ
छ प्रलोभन भाषामा मौका खोज्न हतार छ ।३३७।

बुद्धिको क्षमता खोज्दा बुद्धिजीवी फरार छ
अकल्पनीय संयन्त्र स्वेच्छामा सरकार छ ।३३८।

योजना बस्छ कापीमा आवाज चोक-चोकमा
चुनाव हुन्छ पैसामा जनता पर्छ भोकमा ।३३९।

तन्त्र तान्त्रिक बन्दैछ सशक्त भ्रष्ट लाग्दछ
यो प्रथा फेर्नुपर्ने भो भन्दै जङ्गम जाग्दछ ।३४०।

चढ्न शिखर सत्ता होस् पैसा गनेर भक्ति होस्
चाहन्नन् जनता यस्तो नेताको मात्र शक्ति होस् ।३४१।

चुन्ने काम छ सुन्नेको गर्ने जालो बुनेसरि
भ्रष्टाचार छ सत्तामा ताजा-ताजा हुने गरी ।३४२।

खैलाबैला असाध्यै छ प्रतिनिधि चुनावको
गर्नुपर्ने छ के गर्छन् नारा बन्दछ मोजको ।३४३।

उद्देश्यमा छ सम्पत्ति आतुर लुट्नका सुर
गल्ली चोक यी बुझ्दैनन् बन्दैछन् कति निष्ठुर ।३४४।

जितिन्छ कसरी भन्दै पुग्छन् भोटरका मन
हेर्छन् कुद्छन् निकै घुम्छन् गाडी बनेर इन्जिन ।३४५।

जनता-जनताबीच उल्का आक्रोश उठ्दछ
बलियाको सधैं राज निर्धामा मृत्यु जुट्दछ ।३४६।

चल्छन् बारुदका ताता धूवाँ बन्दछ जिन्दगी
चुनाव हो कि हो हिंसा मृत्युको देख्छु गन्दगी ।३४७।

निर्धाले न्याय पाउन्न बलियो घुम्छ मोजले
आँखा राता मिठा जिब्रा मात्तिए सब भोजले ।३४८।

चुनाव नामको मेला शक्तिको पगरी बनी
जुक्ति-बुद्धि निकै कुद्छन् हेर्दै जाँदा जता पनि ।३४९।

बलियो हाँस्छ हल्लाले निर्धो काँप्दछ थर्थर
सामु देखिरहेका छौं चुनाव नाम भर्खर ।३५०।

चुनिन्छन् जनताबाट प्रतिनिधि सभासद
हुन्नन् शासनसत्तामा इमानका तिनी हद ।३५१।

केको जनमुखी बन्नु घ्याम्पे भुँडी अघिल्तिर
छताछुल्ल बनाएर भ्रष्टाचार सबैतिर ।३५२।

जनताका कतै छैनन् नेता देखिन्न पक्षमा
आआफ्नै भाग सोझ्याई रहेका छन् विपक्षमा ।३५३।

काम गर्नुछ के पर्ने सरेका खै त्यतातिर
कुरा खोतल्न थाल्नेको झिटीझाम्टो सबैतिर ।३५४।

अरिँगाल उठाएर राष्ट्रप्रेम भगाउँछन्
मार्ने धम्की दिई आफैँ अभियोग लगाउँछन् ।३५५।

गुण्डाराज चलेको छ भ्रष्टका भाँड भावको
नेता जम्मै भएका छन् अराजक स्वभावको ।३५६।

अपराध गरी छोप्न धर्मका लेप लाउँछन्
साम्यवादी भनेका छन् अर्चनामा रमाउँछन् ।३५७।

क्रान्तिकारी बनेका छन् त्यस्तै भाषण गर्दछन्
नवसामन्त निस्केर स्वार्थका पेट भर्दछन् ।३५८।

गुण्डानायक छन् आफै गुण्डाराज चलाउँछन्
बिचौलिया लिई साथ योजना हात पार्दछन् ।३५९।

नाताप्रिय बनेका छन् मुटुका सब धड्कन
छोरी ज्वाइँ उता छोरा बुहारी दिलका धन ।३६०।

आफूतर्फ व्युँझाएर लाम हाम सबैतिर
यस्ता चलनका धूर्त मिलेका छन् त्यतैतिर ।३६१।

अपवाद कुनै सच्चा भए छेउ लगाउँछन्
सुने विरोधका बोली लाठा लिई भगाउँछन् ।३६२।

सामन्त साम्यवादी छन् अनौठा छन् सबै कुरा
माओ ओठ बनेका छन् खाओ छन् दिलका छुरा ।३६३।

खोज्नु रावण पर्दैन सत्ता हेरे हुने यता
कर्मभित्र अधर्मी छन् सच्चा सांसद खै कता ? ।३६४।

यो राज्य राज्य के होला छलभित्र हुने खुनी
चुनिनेछन् सबै यस्ता चुनावमा जुनी-जुनी ।३६५।

भेडाको मासु सम्झन्छन् सिमाना लुटिँदै गयो
साहसी नहुँदा नेता नेपाली भूमि खुम्चियो ।३६६।

खुनखराबको खेल पैसा ठेल भएजति
छैन इज्जतको अंश बेइज्जती यता कति ।३६७।

जो रक्षक उही सच्चा बनेको देख्छु भक्षक
राजनीति नीति छैन छन् जम्मै नाग तक्षक ।३६८।

संविधान छ यो एक लागू गर्दैन नायक
देखिन्छन् कार्य मौकामा अति नै दुःखदायक ।३६९।

नमिले मोलका तोल गर्दछन् भङ्ग संसद
लथालिङ्ग बनाएर सीमा नाघ्छन् बनी हद ।३७०।

खेल यस्ता रहुन्जेल कुकर्म कर्म बन्दछन्
निजी दल छ इच्छामा संविधान सच्याउँछन् ।३७१।

पाना प्रमाणका च्याती टुक्रा-टुक्रा बनाउँछन्
शब्दका अर्थ बङ्ग्याई स्वार्थी अर्थ सजाउँछन् ।३७२।

भालुभुत्ते भए नेता आफ्नै नियमका छत
भताभुङ्ग बनाएर पार्दछन् क्षतविक्षत ।३७३।

चल्न सक्ला र के यस्तो चालमा गणतन्त्र यो
जनताका सबै ढाड भाँचिने मनतन्त्र यो ।३७४।

छन् जो जनमुखी भन्ने सूचीमा ती सरे हुने
गर्दै जनमुखी काम छर्लङ्ग भैदिए हुने ।३७५।

कामले जित्न सक्दैनन् भयो शासनमा छली
गरी संसदमा राज भ्रष्टाचार ढलीमली ।३७६।

एकातर्फ गरे काम छ अर्कोतर्फ लत्पत
खबर्दार बनेका छौ जनको मन राख त ।३७७।

नाना छाना छुटाएर बाटोको भरमा किन ?
जनताका विरोधी को सत्तामा छन् तिमी चिन ।३७८।

हो कि दुर्भाग्य जस्तो छ विश्वासमा गए दिन
स्वार्थका न्याल काढ्दैछन् सकेसम्म सबै लिन ।३७९।

नेतामुखी भयो देश जागेन जनचेतना
हो यो भरत भन्नेले यता गर्दैछ प्रार्थना ।३८०।

रातारात हुने काम दिनको गर्नु के कुरो
भ्रष्टाचार गरे लाभ भन्ने सोच छ साँघुरो ।३८१।

मुड्कीका बल गर्जिन्छन् देखिन्छन् आसपासमा
महत्त्वपूर्ण आफ्ना नै ठानिन्छन् ती विकासमा ।३८२।

छ सभासदको नाम आँखा पर्दछ दाममा
जहाँ रकम मोटो छ त्यहीँ छन् सब काममा ।३८३।

राष्ट्र राष्ट्रियता लुट्छन् आफ्नो उन्नतिमा सरी
सभासद हुने मौका आउँदैन घरी-घरी ।३८४।

हिनामिना छ सर्वत्र यस्ता काम हुँदै नहून्
खोज्छन् जङ्गमले साथ मेची-काली सँगै बगून् ।३८५।

घुसखोर पसून् खोर, त्यो नारा उर्लियोस् अब
त्यस्तो हुन सके मान्थ्यौँ हामी सम्पूर्ण गौरव ।३८६।

कारवाही हुनैपर्छ राष्ट्रघाती नछोडियून्
मीठा नारा जता हुन्छन् त्यता चित्त नसल्कियून् ।३८७

जनविश्वास हो यस्तो चाहन्छन् झुम्न हर्षमा
पाए जो जसले सत्ता त्यो ल्याऊन् न विमर्शमा ।३८८।

स्वीकार्य नहुने काम भित्रभित्रै हुँदै रहे
खबर्दार तिमी भन्ने व्यक्ति जङ्गमका भए ।३८९।

फोन प्रधानमन्त्रीका आउँछन् अन्य व्यक्तिझैँ
धम्कीका वाण तेर्सेर छाती ताकेर छिर्छ झैँ ।३९०।

छन् भ्रष्टाचार गर्दै जो बन्यो 'ग्र्यान्ड डिजाइन'
त्यो भत्काउनुपर्नेछ त्यसमा लिप्त छन् किन ? ।३९१।

मिलेर तोड्नुपर्नेछ एक ढिक्का बनौँ भनी
मणि जङ्गिन थाल्छन् नै औँला एक दुई गनी ।३९२।

विष खाँदै नखाएमा डरले आत्म रुन्छ र ?
हामी विरोधमा उत्रे के असम्भव हुन्छ र ? ।३९३।

हातमाथि दुवै हात राखे सुझाव सर्दछ
योग्य आसनमा योग्य योग्यता साम्‌ पर्दछ ।३९४।

सक्दो प्रयास गर्नेको प्रयास खेर जान्न कि ?
हात-हात छ उद्देश्य भ्रष्टले दूर लान्न कि ? ।३९५।

झूटको खेत झुल्दैन बाँझियोस् न यसै ठिक
लामो समय टिक्दैन सिद्धान्त आपराधिक ।३९६।

मनोवृत्ति नराम्रो छ उचालेर पछार्दछन्
होस् यो भन्नेहरूलाई ढुङ्गा नै दाँत लाग्दछन् ।३९७।

एक-एक गरी देख्ने चक्षु सत्न्यायमा भए
हेरी फेरि उता बढ्ने मनोविज्ञान बन्दिए ।३९८।

सानो देश हुने रानो आँखो विश्वबिहानको
सम्पूर्णको यही छानो आफ्नै शान र मानको ।३९९।

म नहूँ तर होस् अर्को भन्ने मात्र भए मन
जम्मै सम्भाव्यता अग्ली नाच्ने बन्थ्यो नि नन्दन ।४००।

दीनका मनको दीप दीपमा सीप खिल्दथे
आँसु-आँसु बनी हाँस्दा मनमा मन मिल्दथे ।४०१।

सत्ता शासकमा स्वार्थ हटे मात्र हुने सफा
सानो नेपालको छानो रानो बन्थ्यो दफा-दफा ।४०२।

भव्य सम्पन्नता छाई मनमा मनका खुसी
छचल्की हर्ष बाँडिन्थ्यो नसाभित्र घुसी-घुसी ।४०३।

मभन्दा ऊ छ भन्ने होस् सत्ता शासकको मति
मेरोभन्दा सबै हामी भन्ने होस् मनको गति ।४०४।

सुखीमाथि सुखीभन्दा दुःखीसँग झरौँ तल
यति मात्र भए हुन्थ्यो नेपाल कति झल्मल ।४०५।

प्रजातन्त्र हट्यो शब्द गणतन्त्र विधानमा
राखियो तर पाइन्न व्यक्ति छैन इमानमा ।४०६।

कौतूहल छ फैलेको बाटो छैन निकासको
भ्रष्टाचार ठुलो शत्रु हो आर्थिक विकासको ।४०७।

चिन्ताको तेजिलो अग्नि चेतनाभित्र सल्कियो
राखियो कण्ठमा शब्द नेपाल निम्ति कल्पियो ।४०८।

मान्छेका रूपमा जन्म लिने देवसमानको
व्यक्तित्व हौ जरा थुत्ने अनैतिक समाजको ।४०९।

महाआतङ्क मच्चाए मिल्दो रहेछ झैँ हक
अट्टहास गरी हाँस्ने नेता बन्दछ बाधक ।४१०।

द्वन्द्व नै द्वन्द्वले गर्दा देशमा अझ ताप छ
प्रजातन्त्र गएजस्तै गणतन्त्र धराप छ ।४११।

छन् दुवै हातमा लड्डु कर्म छैन स्वभावमा
झुम्मिन्छन् यी अरिङ्गाल तिनकै आसपासमा ।४१२।

राजनीति सुधारेर राम्रो बने छ दक्षमा
धमिलो किन पार्दैछन् समाजभित्र पक्षमा ।४१३।

फैले आतङ्कका हाँगा भ्रष्टाचार बढेसँगै
विश्वास टाढिने हुन्छ दूर पुग्छ कता अझै ।४१४।

हो भ्रष्टाचार कस्तो के न ता सकिन्छ यो छुन
प्रायः प्रमाण पाइन्नन् दह्रो बन्दिन्छ कानुन ।४१५।

शक्तिको धनको सेखी सन्तोष छैन क्यै पनि
यस्तो स्थिति बढाएर नहून् कार्य कतै पनि ।४१६।

सम्झौता हुन्छ पैसाको विकासको पछिल्तिर
धारणा लाममा हुन्छन् खै छ सोच अघिल्तिर ।४१७।

शक्ति चुम्बकशाली छ जस्तो लोहा समाउन
त्यो भ्रष्टाचार त्यस्तै छ संस्थागत जनाउन ।४१८।

कसैलाई कुनै बेला च्याप्प पार्न छ आतुर
त्यसैले राख्छ खैँचेर आफ्नै बनाउने सुर ।४१९।

स्तब्धता फैलिने गर्छ देखेर क्षुद्र नीतिमा
अनुदान छ स्वीकार गोप्यको राजनीतिमा ।४२०।

शक्तिका पछि दौडिन्छन् स्वयंलाई उठाउन
अस्तित्वहीन देखिन्छन् व्यक्तित्व माथि ल्याउन ।४२१।

के गोपनीय राख्ने हो खुलेआम हुनेछ के ?
खुल्न नै नसकी स्रोत पार्टीगत हुनेछ के ? ।४२२।

आवश्यक छ पैसाको सङ्कलन छ शानले
पार्टीलाई उठाएको आर्थिक अनुदानले ।४२३।

जनमाझ छ आशङ्का भ्रष्टाचार धराप हो
अर्थ माग्दछ पार्टीले खान मात्र मिलाप हो ।४२४।

बालुवा नै उठाएर पुल बन्दछ कल्पित
राष्ट्रको धनसम्पत्ति यसरी हुन्छ अल्पित ।४२५।

हुँदैछन् गोप्यमा अर्थ सङ्कलन जता पनि
पर्दा स्वीकार गर्दैनन् यस्तो जाल रचिन्छ नि ।४२६।

चन्दाको नाम पारेर धन्दा मच्चिन्छ नै अति
बहिष्कार गरे हुन्थ्यो गोप्यका अनुदान ती ।४२७।

लिएका छन् र लिन्छन् के त्यो भेटिन्न प्रमाणमा
यस्तोसम्म गरेका छन् पार्टीको अनुसारमा ।४२८।

लिने-दिने दुवै पक्ष छन् यहीँ आसपासमा
भर्पाई गर्नुपर्ने हो तर चल्दिन्छ गुप्तमा ।४२९।

बोल्न सक्तैन बोलेमा पैसाले थुन्छ त्यो मुख
लौ न जङ्गम आऊ न कुरो पुग्छ मुखामुख ।४३०।

हुङ्कार अझ थामिन्न यस्तो देखेर दुर्गति
छन् यी भरत चिन्तामा सुधार्नुछ सबै मति ।४३१।

अधिकार दिएको छ व्यक्तिमा संविधानले
गर्ने प्रयोग गर्दैन जन सूक्ष्म हिसाबले ।४३२।

व्याख्या किटानका साथ गर्दै पुग्नुछ टाकुरा
छ अदालत अड्डामा खै त्यस्ता नीतिका कुरा ।४३३।

वर्तमान अवस्थामा भ्रष्टाचारी उकासिए
सजाय-दण्ड तोकिन्नन् हक मौलिक नासिए ।४३४।

दण्डहीन अवस्थाले सधैँ प्रश्रय पाउँदा
अन्धकार बढेको छ धूर्तता नव आउँदा ।४३५।

विचारणीय छन् जे-जे न्यायको परिप्रेक्ष्यमा
बनी गम्भीर सत्ताले राख्नुपर्दछ ध्यानमा ।४३६।

सेवा गरेर मेवाको आस गर्नु भने पनि
आओस् सीमित मान्छेको धारणा संयमी बनी ।४३७।

राजनीतिज्ञ बन्दैछन् राजनीति विवाद छ
घोषणापत्र छापिन्छन् कामको झन् पसार छ ।४३८।

उद्देश्यभित्र पर्दैन पार्टीको अभियान छ
भ्रष्टाचार समावेश विषय सुनसान छ ।४३९।

राजनीतिक पार्टीका सुधारका कुराहरू
ती लागू भैदियून् सारा नयाँ मार्ग लिऊन् अरू ।४४०।

होस् पार्टीको कुरा आफ्नो विवादित नहून् जन
निवारण गरी छोड्ने भ्रष्टाचार बुझून् मन ।४४१।

विश्वासहीन सङ्घर्ष विश्वासयोग्यमा रहोस्
नेता र कार्यकर्तामा बल नैतिक प्राप्त होस् ।४४२।

व्यक्तिनिष्ठ प्रभा खोजी उचालिन्छ मझैं कवि
देख्न पाऊन् सबैले नै पार्टीको गतिलो छवि ।४४३।

भ्रष्टाचार अनाचार चारैतर्फ छ व्यापक
यो परिस्थितिले झट्टै खोजेको छ नियामक ।४४४॥

बढ्दै आएछ आशङ्का चल्दैन पाउ होशमा
छन् जनस्तरबाटै ती व्यवहार विरोधमा ।४४५।

बाधा-अड्चन आउन्नन् भए नियम पालना
भन्ने हामी बनौं सारा खेप्नुपर्दैन यातना ।४४६।

सार्वजनिक सामग्री पेवासमान गर्दछन्
छ पार्न स्पष्ट ती सारा काव्यनायक सक्दछन् ।४४७।

नेता र कार्यकर्तामा यौटै बन्नुछ चिन्तन
त्यस्तो फुल्न सके मात्र हाँस्नेछन् सबका मन ।४४८।

सामाजिक भए प्राणी समाज बन्नुपर्दछ
योजनाबद्ध हून् कार्य देशले रङ्ग फेर्दछ ।४४९।

नीतिशास्त्र बुझाएर नीतिगत कुरा छुने
जति हुन्छन् कुरा सारा पारदर्शी भए हुने ।४५०।

ध्यान जान सकेदेखि सम्बन्धित निकायको
बल नैतिक मिल्थ्यो नै दुःख-पीडासिवायको ।४५१।

घृणा गर्ने रहे धेरै घृणाले नै तिखार्दछ
छ अख्तियारको साथ त्यो अख्तियार प्राप्त छ ।४५२।

वातावरण जस्तो होस् कार्यान्वयन उच्च होस्
कर्ममा कर्मचारीको लगाव झन् प्रदीप्त होस् ।४५३।

जस्तो जमातको झण्डा कुर्सी सदुपयोग होस्
देश स्वर्ग अझै माथि उठेको स्थितिमा रहोस् ।४५४।

संरक्षक हुने व्यक्ति हो सच्चा यदि रक्षक
पदस्थापन होस् पूर्ण ती बन्छन् राष्ट्रसेवक ।४५५।

रविको उपमा मिल्दा छविको भाव भर्दछ
भ्रष्टाचार भयो केमा त्यो निवारण गर्दछ ।४५६।

भ्रष्टाचार हवस् चाहे एक या त हजारमा
माथि हुन्न कुनै पक्ष गरोस् जे नै हतारमा ।४५७।

दुवै पक्ष भए दोषी गर्ने-गराउनेहरू
सबै कानुनका धारा सजायमा जुटून् अरू ।४५८।

राजनीतिकको भाव हेय तुच्छ कतै नहोस्
व्यक्ति कानुनले बाँध्ने पूरा त्यो पदमा जमोस् ।४५९।

तरबार जुधेजस्तो अनेकौँका जुधे मत
कार्यमा स्वच्छता हुन्छ उति नै बढ्छ इज्जत ।४६०।

स्थायी होस् यो प्रजातन्त्र देश बाँच्ने हिसाबको
आडमा उभिएको छ त्यो आर्थिक विकासको ।४६१।

भ्रष्टाचारविरोधी हौ सक्छौ पस्किन कारण
व्यवस्थामा बनोस् माथि भ्रष्टाचार नियन्त्रण ।४६२।

लेनदेन गरेका छन् संस्थागत प्रबन्धमा
विरोधाभासले रोक्ने शक्ति तिम्रो अनन्तमा ।४६३।

चढ्नासाथ तिनै सत्ता भ्रष्टका बनी नायक
स्वाँस्वाँ-फ्वाँफ्वाँ गरी खान्छन् जम्मै हाम्रा विधायक ।४६४।

सही कानुन नै छैन नामका दण्डदायक
यसैले यो प्रथा ज्यादै मौलाएको अचानक ।४६५।

साक्षी प्रमाण राखेर भ्रष्ट को बन्छ सोच त
सजिलो आयको स्रोत यसैमा बस्दियो लत ।४६६।

गुप्तचर न छन् सच्चा अनुसन्धानखातिर
लावालस्कर त्यो निम्ति चाहिएको छ आखिर ।४६७।

धेरै चुनावमा उठ्छन् जितेमा ढुक्क जागिर
छोटो समयमा नेता ऐश्वर्य भर्दछन् घर ।४६८।

आशामा जन अल्भाई छद्मभेषी बनीकन
राज्यका तहमा छिर्दा कमाइन्छ छिटो धन ।४६९।

प्रलोभन दिने ज्यादा कर्मशून्य भए जन
भ्रष्टाचार गरी खाने त्यसैमा लिप्त छन् मन ।४७०।

विकासगतिका कर्म चलाए चल्न सक्दछन्
योजनामा रहून् जे-जे निर्मूल पार्न युक्त छन् ।४७१।

राज्यमा स्थिरता आओस् खतरामुक्त बन्नुछ
राजनीतिक विश्वास पक्कै गुम्दैन भन्नुछ ।४७२।

जाग्नुपर्छ जता हुन्छ भ्रष्टाचार त्यतैतिर
मस्तिष्कमा छ यो चोट जता गयो उतै पिर ।४७३।

उठ्न सक्ने बनाऔँ न राष्ट्रव्यापी सबै शिर
मणि जङ्गम डुक्रिन्छन् राष्ट्रको हितखातिर ।४७४।

शक्तिको साधना गर्दा भक्ति झन् छ किनारमा
जान्छ आँखा कता केमा विदेशको दबाबमा ।४७५।

धतुङ्गे तालमा चल्दा नेपाल सुनसान छ
भ्रष्टाचार बढावामा विकास मात्र भान छ ।४७६।

व्यक्तिनिष्ठ बने हाम्रो कर्मको तौल घट्दछ
अर्थको हेतु हो कर्म श्रमशोषण उच्च छ ।४७७।

काम कागजले गर्छ कागजै मात्र बोल्दछ
कैयौँ वर्ष लगाएर नङ्ग्रा सुरुङ खोल्दछ ।४७८।

देशविकासका निम्ति गति आर्थिक भ्रष्ट छ
साक्षी छ झैँ ठुलो चोर बिरालो मात्र पोस्दछ ।४७९।

तलातला बढाएर स्वार्थको टम्म खाडल
शक्तिको आडमा उफ्रे शक्तिकै बज्छ मादल ।४८०।

छ अर्थतन्त्रमा शक्ति विकास नै विकास छ
उत्थान क्रम यो रोक्दा भूमि पूर्ण उदास छ ।४८१।

बोल्छ देश प्रजा बोले प्रजातन्त्र भनी-भनी
प्रजातन्त्र हुनु हुन्न खतरामा कतै पनि ।४८२।

चोर-डाका उचालिन्छन् भुक्तमान यता जन
दीनका दर्द छन् ज्यादा उठेका देख्छु क्रन्दन ।४८३।

झुप्रालाई नआएको प्रजातन्त्र बुझे कतै
ठाँटबाँट मिलाएर गुण्डाराज जताततै ।४८४।

भोको पेट अझै भोको नाङ्गो आङ अझै चिसो
अभावका सबै बस्ती बन्छ अभाव नै लिसो ।४८५।

रोएका आँसुमा आँसु अझै भेल बनी बहे
प्रजातन्त्र यसै रुन्छ यिनै चाल चली रहे ।४८६।

उठ ए झोपडी ! सारा ज्वाला छुटेर दन्दन
भयभाव सबै खोल साम्ने छन् मणि जङ्गम ।४८७।

नज्वालिए तिमी आफैँ भुसझैँ निभ्दछौ अनि
अन्याय रोकिने गर्छ अग्लिएर जता पनि ।४८८।

हो पत्रकारिता पेसा समर्पित भए जन
हवस् इमानको फेरी व्यक्तित्वभित्र गुञ्जन ।४८९।

आफू असाध्य सामान्य सधैँ जो जन ठान्दछ
सबैको मिल्छ विश्वास सर्वत्र शुद्ध मान्दछ ।४९०।

बेइमान समातिन्छन् इमान फुस्किएपछि
साधु-सज्जन को कस्तो चिन्छन् पर्गेलिएपछि ।४९१।

अन्यको तुलना आफू जो जिम्मेवार बन्दछ
आफैँ लक्ष्यदिशा उड्दै सही मार्ग ऊ छान्दछ ।४९२।

जो समाज छ उत्थान एवम् पतनमा पनि
पूर्ण जवाफदेहीमा त्यहाँको पर्छ जीवनी ।४९३।

सोच्ने गर्ने सबैजस्ता तरिका बुझ्न पाइयो
सोचाइमा रहे हेक्का गर्वलायकमा भयो ।४९४।

उठे मुलुक उठ्ने हो सम्हाल्नेमा नहोस् छल
होऊन् राज्यव्यवस्थाका पाखुरामा बलैबल ।४९५।

जो पेसागत सच्चा छ अन्धकार पछाडि छ
हाम्रो विश्वासको अर्थ पत्रकार अगाडि छ ।४९६।

पत्रकार भए सच्चा हुने हो ऊ सधैँ दरो
मूल आधार बन्ने हो समाजभित्र निख्खरो ।४९७।

नाट्यशाला भयो देश हौँ हामी सब दर्शक
राजनीतिज्ञका लागि सबै पथप्रदर्शक ।४९८।

जता मिल्छ उतै राखोस् कर्मका निम्ति अक्षर
देशको हित सोच्नेको मनमा हुन्न अन्तर ।४९९।

पत्रकार बनून् सच्चा पक्का होस् पत्रकारिता
काव्यनायकको भाव विचारमा छ स्वच्छता ।५००।

दिन्न कानुनले केही प्रदत्त अधिकारमा
काम-कर्तव्य आ-आफ्नो बुझ्नुपर्दछ सारमा ।५०१।

पग्ल आफैँ तिमी नित्य लिई नेपाल काखमा
आफ्नो भन्नु यही नै हो लेखनी हातहातमा ।५०२।

नहोस् यो धनको तृष्णा र शून्यमा कुनै घर
छन् अधिकारसम्पन्न पत्रकार परौँ भर ।५०३।

असामाजिक मान्छे छन् निहुरिन्छु यसै-यसै
समाजमा सही बन्न विनाकाम नहून् कसै ।५०४।

सूचना प्राप्तिमा हाम्रो जता आहा ! अहो ! भने
पत्रकार त्यहाँ पक्कै खुब विश्वासिला बने ।५०५।

जहाँ गहन बन्ने छन् त्यहाँ विचार उठ्दछ
लक्ष्यमा अघि बढ्नेको सुबाटो शीघ्र खुल्दछ ।५०६।

अँगालो छ अशिक्षाको अज्ञानाकाश उठ्दछ
अविद्याभास जेमा छ त्यो पत्रकार बुझ्दछ ।५०७।

लडेमा उठ्न सक्दैन लडी क्यै हुन्न उन्नति
सबै कलमले बोल्छन् पत्रकार नहोस् खति ।५०८।

अरुणोदयको साथ सुभावना फिँजारिने
साहित्यभित्र साराका मुहार पढ्न पाइने ।५०९।

अलङ्कार प्रतिस्पर्धा यात्राभित्र समर्पण
समाजका कुनाकाप्चा समेटी बन्छ दर्पण ।५१०।

भाषायुक्त विधा बन्छ सम्पन्नता छ यो स्तर
मापन गर्न सक्नेको पदोन्नति सबैतिर ।५११।

परिस्थिति नहोस् कस्तो पर्यावरणले डसी
प्रतिनिधित्व होस् राम्रो देख्न पाऊन् घरै बसी ।५१२।

व्यवसाय लथालिङ्ग भएमा देश दुख्दछ
नीतिगत भए काम गर्ने झन् ढुक्क बन्दछ ।५१३।

सबै मिली सदा टिक्ने परिपक्व घडा भरौँ
फस्टाउँदैन उद्योग लापर्वाह कतै नहौँ ।५१४।

व्यवसाय गरेका छन् व्यवसायी बनी रहे
नीति छ सरकारीको निर्माणमा कता सरे ? ।५१५।

राष्ट्रहित छ नारामा पक्ष-विपक्ष भावमा
उद्योग कारखानाको व्यापार छ तनावमा ।५१६।

भोक-तिर्खा छँदै छैन निद्रा लाग्दैन के गरूँ
छाती चर्किन्छ चिन्ताले उपाय छैन झैँ अरू ।५१७।

बलियो छ रहोस् नीति व्यवसाय छ सर्सरी
आड कानुनको पाई उद्योग फस्टिने गरी ।५१८।

स्वदेशी श्रम औ सीप छातीभरि सजाउन
मुख्य कुरा पुँजीको छ अझै माथि उठाउन ।५१९।

व्यवसाय प्रतिस्पर्धा गर्दै यहाँ सधैँ चले
उत्थान राष्ट्रको हुन्थ्यो सुव्यवस्थित ढङ्गले ।५२०।

होस् संरक्षणको काम संरक्षित बनाउन
पक्कै सकिन्छ उद्योग जताततै फिँजाउन ।५२१।

उत्साहले खुसी हाम्रो उफ्रिने मृगमा परोस्
प्रशासनिक संयन्त्र सेवामुखी सशक्त होस् ।५२२।

प्रशासन जता लाग्यो उतै जाने नहून् जन
हाम्रो राज्यव्यवस्थाको मेरुदण्ड छ कानुन ।५२३।

सञ्चालन सही गर्न सञ्चालक सही बनून्
नीति-नियम कस्तो के कानुनी प्रश्नले गरून् ।५२४।

दोषीलाई लुकाएर निर्दोषी दोषमा गए
दण्डहीन व्यवस्थाले सबै खिन्न हुने भए ।५२५।

भए हुन्थ्यो सबैतर्फ आवश्यक निरीक्षण
मूल्याङ्कन गरून् आफैँ सशक्त भै परीक्षण ।५२६।

भोगून् सजाय दोषीले कर्मनिष्ठ पुरस्कृत
चारैतर्फ भए यस्तो हुन्छौँ हामी सुरक्षित ।५२७।

सेवामुखी छ संयन्त्र प्रशासनिक फाँटमा
नबुझेझैँ कहाँ गर्छन् काव्यनायक काममा ।५२८।

आफैँ जङ्गम छौ कस्ता छर्लङ्ग पर्छ देखिनु
स्फटिकझैँ सबैभित्र बाहिरैसम्म लेखिनु ।५२९।

जे लेखिन्छ उहीँ उस्तै व्यापार हुनुपर्दछ
नेपाली जनको आत्मा दलले छुनुपर्दछ ।५३०।

बोली बोलिन्छ जे त्यस्तै गतिमा हिँड्नुपर्दछ
हिँडिन्छन् गति जे जस्ता बोल बोलिनुपर्दछ ।५३१।

लुकेका ठाउँमा पुग्दै द्वार खोलिनुपर्दछ
लुक्ने अन्यायका खाता यसरी तब जल्दछ ।५३२।

सबै उल्टा हुने काम सत्तामा गई बिर्सिंदा
अन्यायका गरा फैले विरोधाभासले छुँदा ।५३३।

खोज्ने सुधारका व्यक्ति यस्तै छर्लङ्गमा भए
सुध्रिन्छन् सब ती काम कसिलो न्याय बन्दिए ।५३४।

सामाजिक सबै संस्था सर्वत्र जुट्नुपर्दछ
अधीनको कुरामा त्यो कानुनी बन्नुपर्दछ ।५३५।

निकाय छन् विदेशी रे सम्पर्कमा भएजति
अनुदान दिने संस्था मुलुकभित्र छन् कति ।५३६।

लागेका छन् कहाँ संस्था ती सेवा वा विकासमा
खोजी गर्न जुटौँ हामी गाँस-बास-कपासमा ।५३७।

सञ्चालित गराऔँ न जस्तो कानुन माग्दछ
होऊन् अधीनमा सारा अन्यथा राष्ट्रघात छ ।५३८।

योजनामा छँदै छैन पैसाको न्याय-कानुन
गरून् न न्याय निष्पक्ष जनता मान्दछन् गुन ।५३९।

छन् सञ्चालित ती संस्था एक-एक गरीकन
परोस् कानुनको आँखा संस्थाभित्र सबै भन ।५४०।

आर्थिक रूपमा फैले यी अराजकता जहाँ
को नियन्त्रण गर्ने हो गुनासा छन् यिनै यहाँ ।५४१।

आँच पुर्‍याउने काम फैलाउँदै गए यसै
फितलो न्याय बन्दिन्छ सुधार हुन्न है कसै ।५४२।

अन्यायमा कसौँ ज्यादा न्यायमा खुकुलो गरी
सबै असलका पाउ छम्छमाउन् सधैँभरि ।५४३।

सारा शासक सत्ताका सुध्रिनेमा गरून् बल
अपराध सबै भागून् मच्चिन हुन्न खल्बल ।५४४।

खानु-लाउनुको सीमा छैन अर्थ गरे व्यय
नीतिचेतनका चस्का हुनेछन् दिलमा लय ।५४५।

दुराचार सबै हट्छन् राम्रोभित्र परेपछि
देश अग्लिन्छ नै हाम्रो सही काम गरेपछि ।५४६।

समाचार समेटिन्छन् हतारमा जता-जता
त्यही दिन पढे मात्र उपलब्धि कता-कता ।५४७।

दिनैपिच्छे छपाइन्छन् पत्रिका यी बजारमा
कुनै पनि रहेनन् या रहँदैनन् हजारमा ।५४८।

छन् जे मासिक निस्केका या त्रैमासिक हून् सब
पढ्ने-बुझ्ने कता छन् झैँ थन्किन्छन् ती कता कब ।५४९।

लेख लेख्ने कुरा कस्तो लेखकै बोल्न सक्दछ
हो यो दैनिकको या त या साप्ताहिक भन्दछ ।५५०।

प्रकाशित हुने के छन् कस्ता विचार झर्दछन्
प्रायः मासिक वा मैने तीन किनार पर्दछन् ।५५१।

जस्तो देखिन्छ सामग्री उस्तै काम हुने त हो
स्तरीय छन् त सन्देश बल्ल चित्त छुने न हो ।५५२।

हुन् कागजी कुरा सारा मनभित्र रुँदै गयो
समयावधि सक्किने त्यही दिन हुँदै गयो ।५५३।

ती साप्ताहिक त्यस्तै छन् पाक्षिक खै कता गए
त्यस्तैमा जम्छ साहित्य विषयैमा परी रहे ।५५४।

पत्रिका जसरी आऊन् जस्ता रूप प्रकाश हुन्
लक्ष्यका सब नै हुन्छन् सङ्केत नहुने न हुन् ।५५५।

साहित्यभित्र घुल्नेको जन्मिन्छ काव्य भावको
कथा या त उपन्यास लेखे हुन्छ प्रभावको ।५५६।

वर्ष मात्र कहाँ हुन्छ शताब्दी बित्नुपर्दछ
हुन्छ प्रस्तुत आफैँमा भई प्रस्फुट सर्दछ ।५५७।

पुगेको छ कहाँसम्म पुग्नुपर्ने छ खै कहाँ
मर्यादित गरी राख्ने शास्त्र नैतिक होस् त्यहाँ ।५५८।

केलाएर सबै हेर्ने राष्ट्रमा हून् सुरक्षित
खुलून् अचेतका चेत व्यक्ति व्यक्तित्व लक्षित ।५५९।

चाहिने चेतना नै हो पत्रकार भए पनि
किनी सजाउने अर्को पाठक नै रहे पनि ।५६०।

दुवै पक्ष मिले हुन्छन् लक्ष्यमा सर्वसम्मत
सचेत चेतना खुल्दा बन्न सक्छ दिगो छत ।५६१।

यात्रा कठोर नै हुन्छ पर्छ आफू सम्हालिन
लक्ष्यका विन्दुमा सिन्धु स्वच्छतामा अँगालिन ।५६२।

छन् सामाजिक संस्था ती व्यावसायिक चम्किने
होऊन् सेवामुखी सारा सेवाको भाव तन्किने ।५६३।

संस्था होऊन् क्रियाशील क्रियाकलाप साथमा
जूनभैँ चम्किने होला जाला उद्देश्य माथमा ।५६४।

जन्मिनासाथ संस्थाको उद्देश्य परिपूर्तिमा
लापर्वाह बनेका छन् उचालिएर शक्तिमा ।५६५।

यस्तो राज्यव्यवस्थामा पुगे क्षति भयानक
आमा नेपाल रुन्छिन् नै नहोस् यस्तो जहाँतक ।५६६।

छन् क्रियाशील संस्था ती आय-व्यय नदेखिने
खातापाता लुकेका छन् खोजे केही नभेटिने ।५६७।

सामाजिक विरोधीको मुद्दा दर्ता छ निश्चित
छन् गैरसरकारी ती काम हुन्न सुनिश्चित ।५६८।

किन नालिस दर्ता छन् दुई हजार चौँतिस
छन् गैरसरकारी ती असामाजिक आरिस ।५६९।

संस्था त्यस्ता भताभुङ्ग कानुनमा कहाँ छ र ?
फैलाई वनमारा ती त्यो उत्पादन बढ्छ र ? ।५७०।

चर्का आवाज छन् उड्ने हाम्रा यी उच्च ठाउँमा
ती सामाजिक संस्थाका कर्तव्ययुक्त काममा ।५७१।

कानुन ख्याल राखेर निर्दिष्ट भै चली रहे
बुझ्ने थिए नि साराले मूल दायित्वमा बहे ।५७२।

समाजहितमा आए आऊन् चल्न सकेजति
नआएमा सबै स्वाहा बलून् बल्न सकेजति ।५७३।

स्वार्थ दुना टिपी खुल्ने बन्द हुन् यी त्यसै दिन
देश विरुद्धका काला पोलिऊन् सब छिन्छिन ।५७४।

म खाऊँका नखाँदैमा बरबाद भई ढलून्
ऊ खाओस् मनका संस्था जीवन्त भै रही चलून् ।५७५।

यस्तो जङ्गमको स्वप्ना बन्नुपर्दछ सार्थक
राष्ट्रको हितमा वाणी कुनै छैनन् निरर्थक ।५७६।

भए यत्ति छ यो बन्ने मेरो राष्ट्र समुन्नत
जनता सबका द्वार हुनेछन् अझ उन्नत ।५७७।

बैङ्कमा जब छाए ती लेनदेन हुने कुरा
राजनीतिक सिद्धान्त बनेझैँ ऋण टाकुरा ।५७८।

देखिने राष्ट्रव्यापीमा बढ्ने विषमता ठिक
मानेमा घात गर्नेछ हुन्न उन्नति आर्थिक ।५७९।

हतियार बनेका छौ किन बन्दुक बोक्दछौ
बन्दुकैमा छ जे गोली छुटेझैँ किन खोक्दछौ ? ।५८०।

अपाङ्ग हुन्छ आत्मा त्यो भए स्वार्थ दबाबमा
छैन विश्वास बोलीमा फेरिन्छन् ती बहावमा ।५८१।

अशिक्षा गरिबी चोट चित्तमा गड्गडाउँछन्
विदेशी भूमिको ज्वाला छातीभित्र लुकाउँछन् ।५८२।

यस्तो सङ्कट सङ्केत उखेलीकन फाल्नुछ
हजार हातका साथ प्रदीप्त दीप बाल्नुछ ।५८३।

जिल्ला-नगरव्यापी छ आन्दोलन घरी-घरी
राजनीतिक यो चाला न्याय लिन्छ कसो गरी ।५८४।

जिल्ला गाउँ दुखेका छन् चोटमा चोट बल्झिँदा
निको पार्ने व्यवस्थामा आगो दन्दन सल्किँदा ।५८५।

अस्तित्वको सिँढी चढ्न खुट्टा काँप्दछ बेसरी
नेतृत्व राष्ट्रको गर्ने व्यक्ति अफाप के गरी ।५८६।

घरैपिच्छे बनेका छन् विभिन्न दलका दल
उन्नतिको कुनै काम गर्नुभन्दा छ खल्बल ।५८७।

राम्रो भान परेको छ, नहुने के छ अब्बल ?
टुप्पोबाट पलाएको बृक्षले पाउँछ शीतल ? ।५८८।

ती नागरिकका न्याय निष्पक्ष बेन्चमा सरून्
स्थानीय होस् तथा विज्ञ निरूपण सबै गरून् ।५८९।

व्यवस्थित व्यवस्था हो जिम्मेवारी समान होस्
औँलो चाट्ने छ दुष्कर्म त्यसको अवसान होस् ।५९०।

हुँदै हुन्न कुनै व्यक्ति सर्वज्ञ बन्न लायक
बुझी त्यो सत्यतालाई वर्गीकरण होस् न त ।५९१।

अधिवक्ता छ स्वयम् गर्छ गरीबमाथि शोषण
न्यायाधीश हुनैपर्छ गर्ने न्यायनिरूपण ।५९२।

जब निःशुल्क शिक्षाको व्यवस्था यदि आउँछ
प्रत्येक मनका पीडा ज्ञानले बुझ्न पाउँछ ।५९३।

भए शिक्षित उठ्नेछ आवाजभित्र सिर्जना
होस् स्वास्थ्य न्याय निःशुल्क बन्ने गरोस् न योजना ।५९४।

संस्कृति सभ्यता हाम्रो छ प्राकृतिक वैभव
धनी प्रकृतिमा हामी छौँ भन्नु अति गौरव ।५९५।

निःशुल्क प्राप्त शिक्षाले न्याय-अन्याय बोल्दछ
भ्रष्टाचार भयो केमा जान्नेले पोल खोल्दछ ।५९६।

चोखा पवित्र मान्छेका मन मात्र रहे भयो
अपवित्र हुने जम्मै लाखापाखा गए भयो ।५९७।

बीज विकृति छर्नेका हात बन्द भए भयो
सुकृति कृतिका आँखा खुल्दै छ्याङ्ग भए भयो ।५९८।

हिमाल हाँस्छ अग्लेर विश्वमा दृष्टि पुग्दछ
बने सम्पन्न यो राष्ट्र गर्वले शिर उठ्दछ ।५९९।

राष्ट्रव्यापी उठौँ हामी अधिकार प्रयोग होस्
शान्त सुन्दर नेपाल नारा सदैव गुन्जियोस् ।६००।

(उपजाति छन्द)

मान्छौ न झर्को न त कान थुन्छौ
न मौन बस्छौ न त दम्भ चुन्छौ ।
बोली र गोली कति के विचार्छौं
आवाजमा जे छ त्यही उतार्छौं ।६०१।

●

भ्रष्टाचारविहीन शासन चलोस् सत्कर्म होस् सुन्दर
शिष्टाचार सुशीलता सबतिरै छाओस् भनी सादर
राख्छन् नित्य विचार जो भरतका साम्ने पुगी अर्पिएँ
केही जाँगरले मिलाइ उनका आफ्नै कुरा कल्पिएँ
राम्रो संस्कृतिको धनी नगर यो सानो भए तापनि
जङ्गमका कुलरत्न श्री भरतजी अन्तै बसे तापनि
जन्मस्थलप्रति प्रेम नै छ जसको जे-जे भने तापनि
नेताको इतिहास छैन कहीँ लौ यो भक्तपुरमा कहीँ

– पं. याज्ञवल्क्य
('भरतेन्दु' महाकाव्यबाट)

# तेह्रौं सर्ग (उपसंहार)

(उपजाति छन्द)

कस्ता थिए जङ्गम बुझ्नलाई
टिपेर भाका मनले चलाई ।
सारांशमा के कति खुल्न सक्छ
सुझावबाटै मन तृप्त हुन्छ ।१।

(अनुष्टुप छन्द)

सरस्वती, महादेव, विष्णु, राम र कृष्णको
आराधना सदा गर्ने व्यक्ति समान पुष्पको ।२।

काव्यनायक राखेर कल्पनाको अघिल्तिर
पाएझैँ सिन्धुमा मोती भएको छ ममा स्थिर ।३।

शुभ बार र त्यो मास काव्य थालेर व्यक्तिको
यथार्थको थियो बाटो भक्ति विश्वास शक्तिको ।४।

शब्दैपिच्छे पुकारेर देवादिदेव ईश्वर
उर्लिंदा भावको छाल बन्लाजस्तो छ सुन्दर ।५।

धाराप्रवाह हो कस्तो लाग्दै लागेन त्यो कम
सदा निर्मल कर्णाली वाग्मती गण्डकी सम ।६।

पठायो कसले लेख्न कस्तो के मनसाय हो
हो कि आदेश धर्तीको या स्रष्टा अनुमान हो ।७।

बाँधिएका थिए हात खुलेर लेख्न तम्सिए
कृपा हो शारदाको नै भनेर मणि चम्किए ।८।

प्रतिभा क्षमता कस्तो दृश्यमा हुन्न सत्य हो
शब्द खोज्दछ जे-जस्तो भेटेमा लाग्छ धन्य हो ।९।

धर्मराएर विश्वास गुड्दैन काव्यको रथ
काव्यलेखकका लागि धर्ती आकाश हुन् पथ ।१०।

प्रार्थनामा उनै देव सामुन्ने जब देखिए
सङ्कल्प त्यो लिएजस्तै विचार भाव भेटिए ।११।

जन्मको मिति क्यै ह्वैन कर्मको हुन्छ तस्बिर
चौडा वक्ष अझै कक्ष उठी गौरवले शिर ।१२।

देखी अचम्ममा पर्दै चोबैँ कलममा मसी
भावका झरना झर्ने चित्तका दहमा पसी ।१३।

जे छ यो मन-आकाश तारा सूर्य बनी सरे
झलमल्ल भए सारा सेता कागजमा परे ।१४।

छैन कल्मषको भाव जे थियो जल निर्मल
खोजेँ समेट्न जे सक्छु भन्ने भो सर्गको पल ।१५।

जस्तो छ टौमढी टोल भक्तपुर बनोटमा
मणि जङ्गम जन्मेको ठाउँ एक विशेषमा ।१६।

दिदीभाइ पितामाता साथमा मठ जङ्गम
जो संस्कार र शिक्षाले अग्लिन्छ मणिको मन ।१७।

शिक्षादीक्षा थियो कस्तो विद्यालय तथा घर
सकेसम्म सरेको छ काव्यलेखकको वर ।१८।

बाल्यकाल थियो कस्तो साथीसँगी अघिल्तिर
जिज्ञासुमा असाध्यै ती नपरेर पछिल्तिर ।१९।

बुद्धिविवेक सर्वत्र कर्ममा छैन सञ्चय
इच्छाशक्ति उचाल्नाले के सङ्कोच कहाँ भय ? ।२०।

चनाखोमा चनाखा यी आइलाग्ने पछारिए
भद्रमा अति छन् भद्र सर्गमार्फत छाइए ।२१।

प्रसङ्ग प्रेम साक्षात् छ प्रेमकै सर्गमार्फत
युवावस्था बुझाएको अवस्था छ जहाँतक ।२२।

हुँदा समयसापेक्ष सबै कुरा विचार हुन्
पशुपन्छी हऊन् या त मान्छे सामु कतै परून् ।२३।

नरनारी दुवैसाथ प्रेमालाप भए जहाँ
यौवनैका मुनापात हराभरा हुने त्यहाँ ।२४।

चेतनाको बज्यो घण्टी जगायो भित्रको मन
प्रेमप्रसङ्ग झाङ्गेर गिज्यायो द्वेषको तन ।२५।

यात्रा नै जिन्दगी हाम्रो यात्रुकै सामुमा पथ
सम्हालेर हिँडे मात्र चल्छ जीवनको रथ ।२६।

खुसीसाथ चले हुन्थ्यो दुवैमा समको प्रित
कस्तो अग्निपरीक्षा हो अचम्ममा परे कि त ? ।२७।

जे होस् यो भन्छ मान्छेले हुँदै हुन्न यहाँ किन
भेट्टाएर बिहानीमा छुट्याउने बन्यो दिन ।२८।

जोतिन्छन् नेत्रका ज्योति कल्पनामा भए पनि
झझल्कोमा दुवै हुन्छन् जताजता गए पनि ।२९।

कसको को भएझैँले डोऱ्याएर लग्यो जता
सम्पर्कमा दुवै हुन्नन् गन्तव्य नै भयो कता ? ।३०।

शक्ति-सामर्थ्यका साथ हातेमालो गरे भयो
प्रेमप्रसङ्ग यो होला अनुमान कसो रह्यो ? ।३१।

शिक्षादीक्षा थियो राम्रो माहोलमा घरायसी
कुलका दीप हुन् पक्कै भन्ने थियो उठी-बसी ।३२।

पितामाता भए साम्ने नउम्ली पोखिए दुवै
कर्तव्य हो कहाँ कस्तो भित्रैदेखि दिने दुवै ।३३।

विवाहको चल्यो वार्ता समयमै भयो पनि
इन्दिरा साथ पाएर गुडेको रथ जीवनी ।३४।

हात बाँध्न नसक्नाले कामसाथै बढे उनी
पूजापाठ सदा नित्य सार्थकमा हुने जुनी ।३५।

अल्भिएनन् कतै कैल्यै गृहस्थ व्यवहारमा
राष्ट्र-राष्ट्रियता मन्त्र जन्मी हुर्केर सारमा ।३६।

इमान्दार असाध्यै यी अति विश्वासिला पनि
नेपालीपनले होला विलासिन्नन् कतै यिनी ।३७।

फुल्दछन् मनका फूल फक्रेर सब चाहना
जमाई हिउँका टापु वनपाखा भए घना ।३८।

पहिलो घामको झुल्को पर्थ्यो शिखरमा जब
सिँगारिन्थ्यो मनोकाङ्क्षा लाग्दथे काममा तब ।३९।

पारिवारिक आधार जुरुक्क काँध-काँधमा
बनेर गण्डकी सेती बग्दछन् पुग्न लक्ष्यमा ।४०।

चाहे जागिर खाँदा हून् यथार्थमा अघाउन
के सक्थे र यिनी कैल्यै पैसा गनी रमाउन ।४१।

बढ्दा यो देशको चिन्ता दृष्टि नै तिर्मिराउने
समस्याको समाधान विचारमा छ छाउने ।४२।

जस्तो स्थिति जहाँ हुन्छ त्यस्तै बन्छ मनस्थिति
काव्य निष्कर्ष खोज्नेले नियाल्ने हो परिस्थिति ।४३।

राष्ट्रप्रेम हुँदा गाढा दृष्टि खर्लप्प घोप्टियो
पोलेको घाउ चर्किन्छ पीडा क्यै यिनमा थियो ।४४।

शक्तिशाली थिए कोही शक्तिमा ती अकासिने
परिणाम हुने कस्तो चिन्ताले मन आत्तिने ।४५।

समस्या देशको मात्र यस्तो सोच भए कतै
धर्तीपुत्र तिमीजस्ता जन्मी आऊन् जताततै ।४६।

सृष्टिको फूल फक्रेको देख्दछन् दृष्टिमार्फत
ढकमक्क फुले हुन्थ्यो फुलेका छन् जहाँतक ।४७।

सत्यका साथमा घुल्दै सत्यमा नै हराउँछन्
नेपाली जनका निम्ति देश-विदेश धाउँछन् ।४८।

समाजको समस्यामा लमक्क लम्किने यिनी
समाधान जहाँ जेमा भेटिँदा त्यो त्यहाँ चिनी ।४९।

सामान्यमा सदा एकै बोली र व्यवहारले
न स्वार्थ धनको लाग्ने थिचे थिचोस् न भारले ।५०।

ऐनाजस्तै छ छर्लङ्ग सर्गमार्फत काव्यमा
गर्व गर्ने यिनी एक नहोलान् र असाध्यमा ।५१।

देखे अन्याय दौडेर भन्न सन्जाल धाउँछन्
सुसूचित गरी सुत्ने निद्रा यी बिउँझाउँछन् ।५२।

अदालत पुगी गर्छन् फिराद एक-एकमा
छिटो न्याय दिलाएर चिनिने यी अनेकमा ।५३।

न्यायालय सुते घोच्छन् शब्दमा जुर्मुराउँछन्
दीनका दर्दमा नित्य सच्चा मलम लाउँछन् ।५४।

शक्ति क्षीण हुनेलाई आफ्नै शक्ति समर्पित
न्यायसामु यिनै पर्छन् स्वयम् भएर अर्पित ।५५।

सर्वत्र युगका आँखा कर्मले नै डुलाउँछन्
गुन्डा रबाफमा आए खबर्दारी गराउँछन् ।५६।

विनाकपटका यस्ता उदार दिल जङ्गम
रुने आँसु सधैँ हाँस्छन् सदा बनेर सङ्गम ।५७।

सत्ता शासनको चासो राख्ने भरत जङ्गम
दृष्टिकोण सदा उस्तै पार्ने छैनन् कतै कम ।५८।

जिम्मेवार हुने व्यक्ति खोज्नलाई छ गर्जन
झिकी प्रमाण आफैँ छन् सामुन्नेमा हुने जन ।५९।

देश यो देशजस्तो होस् गुलामीमा सधैँ पर
खेल मूसा-बिरालाको खेल्नेहरू नहून् वर ।६०।

चाहना चाहनाभित्र धुलोपिठो हुने गरी
नआऊन् क्षुद्रका छाँट राष्ट्रियता रुने गरी ।६१।

अव्यवस्थित छन् कार्य अलपत्र हुने जन
आत्तिएको असाध्यै छ काव्यनायकको मन ।६२।

एकाग्रता लिई साथ जन्मिने हुन् सबै कृति
समर्थन कतै होलान् कतै विरोध आकृति ।६३।

खुल्दछन् लक्ष्यका ढोका जो केही काम गर्दछ
समाज देशका निम्ति पग्लेर व्यक्ति सर्दछ ।६४।

विरोध तिनका हुन्नन् जन्मँदै मृत्यु मर्दछन्
खाना नाना र छानाका सोखमा नित्य झर्दछन् ।६५।

कैयौँ घाती परे सामु डगेनन् कहिल्यै कतै
मृत्युका सामुमा पड्के नडराई जतातते ।६६।

सत्यको विजयी झन्डा सधैँ गरेर फर्फर
साहसी वीर ढुङ्गोमा निकाल्न सक्छ निर्झर ।६७।

यही निर्झरको झोक्का हुन् यी भरत जङ्गम
यसैबाट विनिर्माण बनोस् कृति विहङ्गम ।६८।

व्यवस्थामा छ छाएको मनचिन्ते विचारक
त्यसैले त उठेका छन् सर्ग यस्ता जहाँतक ।६९।

काव्यप्रसङ्ग ठोक्किन्छन् विचार-दृष्टिकोणमा
काव्यनायक भेटिन्छन् अन्तर्वार्ता किताबमा ।७०।

प्रसाद हरिको ठान्छु मञ्जुश्री उपमा अनि
जन्मियौ शब्दयात्रामा प्रकाशक भयौ पनि ।७१।

दाता ज्ञाता पुगेका छन् सन्जालमा म भेट्दछु
साहित्यतीर्थ यात्रामा स्रष्टा अनेक देख्दछु ।७२।

तथ्य रोचक ल्याएर यात्रा अनेक गर्दछौ
साहित्यको जगेर्ना होस् त्यसैका निम्ति सर्दछौ ।७३।

स्रष्टा-दाता बढाएर हरिको हरि हाँस्दछ
त्यसैमा शब्दयात्राले गाढा सम्बन्ध गाँस्दछ ।७४।

योगदान छ कस्तो के साहित्यतर्फ आखिर
औपन्यासिक ती शास्त्र लेखभित्र र बाहिर ।७५।

काम-कर्तव्य छोडेर कर्मचारी बरालिए
'कालो सूर्य' निकाल्ने यी काव्यनायक छाइए ।७६।

भाषा भिन्न भए चौध र 'कालो सूर्य' एक छ
देश-विदेशको चासो बनेको उक्त लाग्दछ ।७७।

कस्तो पुस्तक होला त्यो भाषा अनेक जन्मिने
भाषा मात्र कहाँ हो र चित्रमा काव्य झल्किने ।७८।

छन् क्यानभासमा चित्र त्यो उपन्यास सारमा
सङ्ख्या चौबीस सम्पन्न चट्ट आयातकारमा ।७९।

इन्दु पन्त तिमी बेग्लै विचारक बनीकन
नौलो काम गरेकी छ्यौ जित्ने गरी सबै मन ।८०।

नारी शक्ति नयाँ खोज साहित्यको उचाइमा
गरे के हुन्न होला र आ-आफ्नै गहिराइमा ।८१।

ऐतिहासिक छन् काव्य चर्चा चल्छन् जताततै
अनुशासनको डोरो खुकुलोमा कहाँ कतै ।८२।

शास्त्र भ्रष्टविरोधीका स्रष्टा भरत जङ्गम
अनुवाद भएपिच्छे बढेको हृदयङ्गम ।८३।

उठेका छन् निकै प्रश्न गर्न खोजेर सूचित
कस्तो पुस्तक होला यो भाषा आठ अनूदित ।८४।

बहु आयामले युक्त सदा उच्च विचारक
जन्म सार्थक होस् ठान्दा भ्रष्टाचार निवारक ।८५।

'स्वपदेश' उपन्यास जन्मभूमि छ झल्किने
प्रस्टवक्ता तिमी स्रष्टा राष्ट्रप्रेम छ तन्किने ।८६।

अभियन्ता तिमीमाथि जिम्मेवारी अथाह छ
अन्तर्वार्ता अनेकौंमा राष्ट्रप्रेम प्रवाह छ ।८७।

प्रशंसाका तिमी पात्र तल हुन्नौ कसै गरी
एक-एक गरी जन्मे महाकाव्य यसै गरी ।८८।

एक यो व्यक्तिको चर्चा अनेक काव्यमार्फत
मेरो भन्न रुचाउन्नौ हाम्रो राम्रो गरेर त ।८९।

काव्यनायक छौ एक व्यक्तित्व कति हो कति
त्यो कालजयी व्यक्तित्व समीक्षामा प्रजापति ।९०।

महिनौँ दिन खर्चेर समीक्षा गर्न यावत
शिरोवर्ती सबैसामु छ प्रजापतिमार्फत ।९१।

काव्य एक शिरोवर्ती व्याख्या हरेक पक्षमा
दार्शनिक स्वयं एक दर्शनको नवीनमा ।९२।

चिनिन्छौ नामले एक अनेक काम गर्दछौ
कालजयित्व व्यक्तित्व बर्सेनी सामु सार्दछौ ।९३।

धर्मसंस्कृतिको रक्षा आस्तिकमाथिको बल
धार्मिक पक्षको यात्रा छैनौ तिमी कतै तल ।९४।

मठमन्दिर धाएर धर्मक्षेत्र उठाउने
अभिलाषा निकै राम्रा काव्यपौरुषले लिने ।९५।

'वाईसीएल्' चुनौतीमा तीनैचोटि सुरक्षित
त्यो आक्रमणमा पर्दा मनोबल उँचो नित ।९६।

धर्मक्षेत्र अधर्मीले चलाउने भनी जुटे
अतिक्रमण गर्नेका अत्याचार कहाँ टिके ? ।९७।

पौरुष युगको देख्ने आँखा यहाँ छरौँ कति
थोरै समुद्रको होला तिम्रो साँच्चै छ नै अति ।९८।

छैन फुर्सदको बेला ऐना टाढिन्छ भन्नैं पर
सारा इच्छा दबाएर राष्ट्र-राष्ट्रियता वर ।९९।

सरस्वती महादेव प्रार्थनामा पुकार्दछौं
विधिवत् नित्यपूजाले दिनचर्या खुलाउँछौं ।१००।

जस्तो प्रकृति सौन्दर्य उस्तै छौ सोचका धनी
प्रकृतिमा हराएर प्रज्ज्वलित जता पनि ।१०१।

वनपाखा नदीनाला तराई र हिमालको
संरक्षण गरे मात्र जन्मभूमि अपारको ।१०२।

प्रातः होस् या हवस् सन्ध्या दिवा या रातको पल
आनन्दमा छ आनन्द सुन्दरता कहाँ तल ।१०३।

ऋतु हेमन्तले गर्दा बिरामी थपिने क्रम
अस्पताल हुँदा भर्ना मणि चिन्तित हर्दम ।१०४।

फोनसम्पर्क होस् छैन चुपचाप सबैतिर
दिनरात बितेका छन् कामकुरा सबै स्थिर ।१०५।

घटेका घटना सारा उल्लेखमा हुने गरी
स्रष्टामार्फत पोखिन्छन् भावनामा सरासरी ।१०६।

तरङ्गित हुँदा धेरै हृदयी भाव वैरिने
कस्तो मस्तिष्क संसार यत्रतत्र मडारिने ।१०७।

दृश्यमार्फत तानिन्छन्, अदृश्यमा हराउँछन्
काव्यपौरुष चौतर्फी बन्नलाई रुचाउँछन् ।१०८।

यात्रा सम्पूर्ण गर्दैछन् हृदयका तरङ्गमा
प्रत्येक अङ्ग साक्षी छन् छन् यी प्रफुल्ल दङ्गमा ।१०९।

विचारदृष्टिको कोण हरेकतर्फको बल
पढून् बुझून् गरून् लागू काम बन्नेछ अब्बल ।११०।

सत्य-तथ्य पहिल्याई मिडियासामु हाजिर
राष्ट्रको धन जोगाई राष्ट्रभाव सबैतिर ।१११।

भाषा अनेक जान्ने छौ भविष्य लेख्न थाल्दछौ
कुर्सीको मोह गर्नेको आन्द्राभुँडी निकाल्दछौ ।११२।

चाहना उच्चको राखी अग्रगामी तिमी बन
कामनारूप चल्दैछौ युगद्रष्टा बनीकन ।११३।

छोडी विद्रोहको ज्वाला भ्रष्ट शासक हुन् तल
खराबीबाट तर्सेर बेहोसीमा चुमून् भल ।११४।

नजन्मून् घातका घाती अन्तर्मन चियाउने
व्यक्तित्वका सिकारी ती अझ माथि उठाउने ।११५।

तिम्रो थर्कान सम्झेर कामून् खराबका मन
गर्भाधान नहून् कोही कोखमा दुष्ट दुर्जन ।११६।

तिमी असल आस्थाका प्रेरणाका हुनू पला
तिम्रै विचारले ढाकून् नेपालका सबै थला ।११७।

नफेरून् घुसका सास नअग्लून् धनका धनी
सारा हिमालझैँ पग्लून् उदार मनका मुनि ।११८।

उकालामा भएजस्ता खुड्किला पाउका मुनि
होऊन् असल आस्थाका चम्किन्छन् भव्य जीवनी ।११९।

जिन्दगीका सबै यात्रा पैलो पाउ तिमी बन
स्वच्छ सौन्दर्यको सच्चा मार्ग सारा बनीकन ।१२०।

उच्च-उच्च सधैँ उच्च लक्ष्य अग्लिनुपर्दछ
गरून् सलाम श्रद्धाले उच्च विचार सर्दछ ।१२१।

एकाङ्गी धर्ममा मात्र रहन्नौ तिमी जङ्गम
विराट् विश्व सबै धर्मी ब्युँझाउने छ जो दम ।१२२।

नरमोस् धर्मको धार सीमा सानो छ यो अति
अग्ला व्यक्तित्वमा गर्छ निकै नै यसले खती ।१२३।

अपराध अझै हुन्छन् मान्छे मान्छे अलगिँगदा
युद्ध हुन्छन् यसैभित्र अनावश्यकले छुँदा ।१२४।

(शार्दूलविक्रीडित छन्द)

थोत्रा गन्थनले थपक्क रहने आफ्नै भकारी भरी
सत्ताखेल समान मान मनका छोएर अग्ला धुरी ।
निर्धोमाथि चढी रजाइँ अति नै गर्ने महा दुश्चर
यस्ता शासकका समाउन गला जल्ले उचाल्यो शिर ।१२५।

छौ सच्चा युगको अगाडि रहने सम्मानको लायक
यस्ता व्यक्ति सधैँ भएर रहने हुन् पौरूषी नायक ।
हो यो कारण हुन् यता भरत यी यो काव्यको शीर्षक
अन्यायीसँग जुध्न लायक हुँदा यो जन्म भो सार्थक ।१२६।

स्वार्थी खेल हुने छुने शिखर यी व्यक्तित्व बन्ने पल
चिन्दै भित्र पुगी सशक्त स्वरले बन्ने अझै झलमल ।
अन्धाधुन्ध हुँदा समाज गतिमा सामन्त फाली उता
निःस्वार्थी जन ती भए उदयमा डाक्छन् यता वा उता ।१२७

त्यो नै हुन्छ समाज सामु उभिने गर्दै व्यवस्था खडा
चल्छन् नाम तिनै तिनै जन हुने हुन्छन् सदाका बडा ।
बिग्रेको घर जो समाल्छ सजिलै साझा बनाई दिल
जन्मिन्छन् यसरी हरेक युगमा व्यक्तित्वमा झिलमिल ।१२८।

भ्रष्टाचार बढे बढे अभ्र यता यी क्षुद्र नालायक
निन्दाका घरका मुटु बनी उठे बन्दै खला नायक ।
यो बाटो जरिलो जुरुक्क जब यी जागी उठे जङ्गम
यस्तै हुन् युगका सदा पुरुष यी यो काव्यका धड्कन ।१२९।

(मन्दाक्रान्ता छन्द)

हक्की साह्रै निडरपनले दम्भ केही नराखी
उठ्ने औंला दिनदिन गनी च्याप्न पर्दैन काखी ।
देख्दै गर्दा गुट र फुटमा रक्त उम्लेर आई
उठ्छन् जुट्छन् सबतिर यिनी काम-कर्तव्यलाई ।१३०।

गाथा गाएँ युगपुरुषको नाम चम्केर आओस्
पौडी खेल्दै हृदयदहमा काव्य औंधी रमाओस् ।
लेख्दालेख्दै कलम यसरी भावमा सल्बलाए
भन्दै आऊन् सब जन यहाँ काव्य पढ्दै रमाए ।१३१।

(अनुष्टुप छन्द)

काव्यनायकको गाथा भयो टपक्क के कसो
प्रतिक्रिया दिने व्यक्ति सामु आए भनेजसो ।१३२।

**॥ समाप्त ॥**

प्रिय पाठक !
यो पुस्तक तपाईंलाई कस्तो लाग्यो,
कृपया प्रतिक्रिया व्यक्त गर्न नभुल्नुहोला ।

**शब्दयात्रा प्रकाशन**
बनेपा, काभ्रेपलान्चोक
sypublication@gmail.com

अथवा

**सिर्जना खनाल**
बैङ्क कलोनी, भैरहवा
९८४७३४२९७६
khanalsrijana307@gmail.com

# भरतेन्दु

(महाकाव्य)



पं. याज्ञवल्क्य

# भरतांशु


## महाकाव्य



महाकाव्यकार

**नीलकण्ठ भट्टराई**

| | | | |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ५ | ६ | ७ | ८ |
| ९ | १० | ११ | १२ |
| १३ | १४ | १५ | १६ |
| १७ | १८ | १९ | २० |


भरत महाकाव्य
मनिराज जोशी
महाकाव्यकार



भ्रष्टविरोधी शास्त्रका प्रवर्तक
नवीन दर्शनका दार्शनिक

# कालजयी व्यक्तित्व


## भरत जङ्गम




भाग २

भरत जङ्गम हीरक महोत्सव समारोह समिति


कालोसूर्य
-भरत जङ्गम


स्वपदेश
भरत जङ्गम

# नेपालको इतिहासमा रहेका
## भ्रम तथा निराकरण
### प्राचीन, मध्य र आधुनिक काल



भरतमणि जङ्गम